# नेपाल बौद्ध परियत्ति शिक्षा

प्रधान कार्यालय:

**विश्व शान्ति विहार**

नयाँ बानेश्वर, मीनभवन, काठमाडौं
फोन: ४१०६९४१, ४१०६९३६
E-mail: pariyatti2556@gmail.com
Website : www.nepalpariyatti.com

## बौद्ध परियत्ति शिक्षा स्तर

१. परियत्ति सद्धम्म पालकको प्रारम्भिक प्रथम वर्ष
२. परियत्ति सद्धम्म पालकको प्रारम्भिक द्वितीय वर्ष
३. परियत्ति सद्धम्म पालकको प्रारम्भिक तृतीय वर्ष
४. परियत्ति सद्धम्म पालकको प्रवेश प्रथम वर्ष
५. परियत्ति सद्धम्म पालकको प्रवेश द्वितीय वर्ष
६. परियत्ति सद्धम्म पालकको प्रवेश तृतीय वर्ष
७. परियत्ति सद्धम्म पालकको उपाधि वर्ष
८. परियत्ति सद्धम्म कोविद प्रथम वर्ष
९. परियत्ति सद्धम्म कोविद मध्यम वर्ष
१०. परियत्ति सद्धम्म कोविद अन्तिम वर्ष

परियत्ति सद्धम्म कोविद प्रथम वर्ष (कक्षा ८, तृतीय पत्र)

Dhamma.Digital

"पञ्ञा नरानं रतनं"

# परियत्ति शिक्षा

## परियत्ति सद्धम्म कोविद प्रथम वर्ष

(कक्षा ८, तृतीय पत्र)

सम्पादक
भिक्षु धर्मगुप्त महास्थविर
भिक्षु बोधिज्ञान महास्थविर
भिक्षु निग्रोध
अमिता धाख्वा

https://dhamma.digital

"पञ्ञा नरानं रतनं"

# परियत्ति शिक्षा

## परियत्ति सद्धम्म कोविद प्रथम वर्ष

(तृतीय पत्र)

प्रकाशक

अखिल नेपाल भिक्षु महासंघ

नेपाल बौद्ध परियत्ति शिक्षा

https://dhamma.digital

प्रकाशकः अखिल नेपाल भिक्षु महासंघ
नेपाल बौद्ध परियत्ति शिक्षा
पाठ्यक्रम तथा पाठ्यपुस्तक समिति

प्रकाशन सहयोगीः काठमाडौं महानगरपालिका

© प्रकाशक

प्रथम संस्करणः ५०० प्रति

Dhamma.Digital

बुद्ध संवत् २५६६
नेपाल संवत् ११४२
विक्रम संवत् २०७९
ईस्वी संवत् २०२२

https://dhamma.digital

# साधुवाद

प्रस्तुत पुस्तक परियत्ति शिक्षा कोविद प्रथम वर्ष (कक्षा ८) को तृतीय पत्रको पाठ्यक्रमानुसार तयार पारिएको हो ।

तृतीय पत्रमा बुद्धबंश अनुवादक अनागारिका अग्गञाणी, बौद्ध संगायनहरू लेखक डा. भिक्षु अमृतानन्द महास्थविर र सबिता धाख्वा, बौद्ध कला लेखक डा. महेन्द्र रत्न शाक्य, बौद्ध विश्वविद्यालयहरु लेखक डा. रश्मि राजकर्णिकार, उष्नीशतारा तुलाधर, थेरवाद बौद्ध संस्कृतिमा क) बौद्ध संस्कार पद्धति लेखक धर्मरत्न शाक्य, ख) नेपालमा थेरवाद बौद्ध संस्कृति बुद्धपूजा, कथिन, महापरित्राण, संघभोजन, अष्टपरिष्कार दान लेखक डा. त्रिरत्न मान्धर हुनुहुन्छ ।

परियत्ति शिक्षाको प्रसार र विस्तारका लागि उपयुक्त भएको यस पुस्तकका मूल लेखक, मूल अनुवादक, सम्पादक र पुनः अनुवादक तथा पुस्तक प्रकाशक दाताहरू सबैजना साधुवादका पात्र हुनुहुन्छ । टाइप गरी सहयोग गर्नुहुने तथा प्रत्यक्ष अप्रत्यक्ष रूपमा सहयोग गर्नुहुने सबैलाई साधुवाद दिन चाहन्छौं ।

अन्तमा, परियत्ति कोविद तहको पाठ्यपुस्तकहरू श्रोत सामाग्रीको रूपमा छरिएर रहेका पुस्तक तथा फोटोकपीमा भर पर्नुपर्ने अवस्था थियो साथै पुराना प्रकाशनहरू अप्राप्य भैसकेको सन्दर्भमा विद्यार्थीहरूलाई सर्वसुलभ हुनेगरी एउटै पुस्तकका रूपमा प्रकाशन गर्न आर्थिक सहयोग गर्नु भएकोमा काठमाडौं महानगरपालिकालाई हार्दिक साधुवाद दिन चाहन्छौं ।

**– सम्पादन मण्डल**

नेपाल बौद्ध परियत्ति शिक्षा

२०७९ भाद्र २६

https://dhamma.digital

Dhamma.Digital

https://dhamma.digital

# विषय सूची

**बुद्धवंस**

क) विपश्वी बुद्ध .... २
ख) शिखी बुद्ध .... ४
ग) विश्वभू बुद्ध .... ६
घ) ककुच्छन्द बुद्ध .... ८
ङ) कोणागमन बुद्ध .... १०
च) काश्यप बुद्ध .... १२
छ) गौतम बुद्ध .... १६

**बौद्ध संगायनहरू**

बुद्धशासनको सङ्क्षिप्त इतिहास .... १९
प्रथम सङ्गीति .... १९
द्वितीय सङ्गीति .... ३२
(राजावली) .... ३२
द्वितीय सङ्गीतिपछि .... ४३
तृतीय सङ्गीति .... ४७
राजावली .... ४७
बिन्दुसारका छोराहरु .... ४७
महेन्द्रको जन्म .... ४७
अशोकको हिंसा .... ४८
अशोकको राज्याभिषेक .... ४८
अशोकको समय .... ४९
अशोक र निग्रोध श्रामणेर .... ४९
अशोकको बुद्ध धर्ममा दीक्षा .... ५०
अशोकको परित्याग .... ५२
महेन्द्र र सङ्घमित्राको प्रव्रज्या .... ५४
शासनमा अर्बुद (कलंक-भेद) .... ५५
तृतीय सङ्गीति .... ५६

https://dhamma.digital

धर्म सङ्गीति .... ५९
चतुर्थ संगायन .... ६१
पाँचौं संगायन .... ६१
छैठौ संगायन .... ६१
सर्वास्तिवाद अन्तर्गतको चौठौं संगायन .... ६२

## बौद्ध कला र वास्तुकलाको छोटो परिचय

परिचय .... ६५
कलाको अवधारणा .... ६५
ललितकला .... ६६
कला मानव जीवनको अभिन्न अङ्ग .... ६६
कलाको महत्व .... ६७
बौद्ध कला .... ६७
पालि बौद्धसाहित्यमा सिप्पको प्रकार .... ६८
सेनि (शिल्पकारहरूको संगठन) .... ६८
बुद्धकालीन समाजमा कलाको महत्व .... ६८
कलाको विषयमा बुद्धको विचार .... ६९
बुद्धकालमा चित्रकला .... ७१
सिद्धार्थको दरबारमा भित्तेचित्रहरू .... ७२
विहारमा भित्तेचित्र .... ७२
प्रसेनजित महाराजको चित्रागार .... ७३
बुद्धकालमा मूर्तिकला .... ७३
जातक कालमा बोधिसत्व पनि मूर्तिकार .... ७४
बौद्ध वास्तुकला .... ७५
विहार वास्तुकला .... ७५
पााच प्रकारका लेनहरू **(Five Types of Lenas)** .... ७५
विहार .... ७६
अड्ढयोग .... ७६
पासाद (प्रासाद) .... ७६
हम्मिय (हर्मिय) .... ७६
गुहा (गुफा) .... ७७
चैत्य वास्तुकला **(Caitya Architecture)** .... ७७
चार प्रकारका चैत्यहरू .... ७८

https://dhamma.digital

## बौद्ध विश्वविद्यालयहरू

बुद्धधर्ममा शैक्षिक संस्थाहरूको विकास .... ८१
क) तक्षशीला .... ८१
ख) नालान्दा .... ८२
ग) विक्रमशीला .... ८३
घ) बल्लभी .... ८५
ङ) ओदान्तपुरी .... ८६
च) जगद्दल्ला महाविहार .... ८७

## बौद्ध संस्कार पद्धति

नेपालमा थेरवाद बौद्ध संस्कृति .... १०६

Dhamma.Digital

https://dhamma.digital

# बुद्धवंस

## पालि भाषाको नेपालीमा अनुवाद

## अनागारिका अग्गञाणी 'धम्माचरिय'

**एकाइ १ : बुद्ध वंस** **शिक्षण अवधि** २०

क) विपश्विी बुद्ध

ख) शिखी बुद्ध

ग) विश्वभु बुद्ध

घ) ककुच्छन्द बुद्ध

ङ) कनकमुनि बुद्ध

च) काश्यप बुद्ध

छ) गौतम बुद्ध



https://dhamma.digital

# बुद्धवंस

## क) विपस्सी (विपश्वी) बुद्धवंस

१. फुस्स तथागत पछि दुइ-खुट्टे प्राणीहरूमध्ये उत्तम चक्षुमान (पाँच वटा चक्षु भएका) सम्बुद्ध विपश्वी नामले लोकमा उत्पन्न हुनुभयो ।

२. उहाँ तथागतले सबै अविद्या विनाश गरेर उत्तम सम्यक्बोधि प्राप्त गरी बन्धुमती नगरमा धर्मचक्र प्रवर्तन गर्नजानुभयो ।

३. तथागतले धर्मचक्र प्रवर्तन गरी(खन्ध र तिष्य) दुई जनालाई (चार सत्यधर्म) बोध गराउनुभयो । पहिलो देशना हुँदा (चार सत्यधर्म) अवबोध हुनेहरू गणना गर्न नसकिने गरी अनगीन्ति थिए ।

४. फेरी अर्को असीम यशस्वी तथागतले त्यहाँ सत्य प्रकाश पार्नुभएको बेलामा चौरासी हजार मनुष्य देव ब्रह्माहरूलाई चारसत्य अवबोध भयो, यो दोस्रो अवबोध भयो ।

५. चौरासि हजार मानिसहरू सम्बुद्धको अनुयायी बनी प्रव्रजित भए । चक्षुमान तथागतले आराममा पुगेका तिनीहरूलाई धर्मदेशना गर्नुभयो ।

६. तिनीहरूले पनि सर्व प्रकारले देशना गर्नुभएका तथागतको आश्रय लिई उत्तम धर्म सुन्दा चार सत्य अवबोध गरे, यो तेस्रो अवबोध भयो ।

७. विपश्वी महर्षिका मलरहित, शान्त चित्त, तादि गुणले सम्पन्न भएका क्षीणाश्रव अरहन्तहरूको तीन वटा सम्मेलन भए ।

८. अठसट्ठी लाख अरहन्तहरू भिक्षुहरूको पहिलो सम्मेलन र एक लाख अरहन्त भिक्षुहरूको दोस्रो सम्मेलन भयो ।

९. असी हजार भिक्षुहरूको तेस्रो सम्मेलन भयो । ती भिक्षुगणको बीचमा सम्बुद्ध अति शोभायमान हुनुहुन्छ ।

१०. त्यसबेला म महान ऋद्धिवान्, प्रकाशधारी पुण्यवान् अतुल नामको नागराजा थिएँ ।



https://dhamma.digital

११. त्यसबेला म अनेक करोड (करोडौं) नागहरूले घेराएर दिव्य बाजाहरू बजाएर लोकका जेष्ठ तथागतकहाँ गएँ।

१२. म लोकनायक विपश्वी सम्बुद्ध नजिक गई उहाँलाई निमन्त्रणा गरेर मैले मणि मोतिरत्न जडिराखेको सबै आभरणले सजाइराखेको सुवर्ण पिर्का(आसन) दान दिएँ।

१३. उहाँ बुद्धले पनि मलाई संघको बीचमा बस्नुभएर भविष्यवाणी गर्नुभयो – "(यस सारकल्पबाट) एकानब्बे कल्प पछि यो नागराज बुद्ध हुनेछ।

१४. त्यसबेला बोधिसत्त्व रमाइलो कपिल नामक नगरबाट निस्केर धेरै नै कोशिस गरेर, गर्न गाह्रो आचरण 'दुष्करचर्या' गरिसकेपछि (बुद्ध हुनेछ)।

१५. बोधिसत्त्वले अजपाल रूखमुनि बसेर त्यहाँ खीर ग्रहण गरी नेरञ्जरा नदीमा जानेछ।

१६. ती जिनले नेरञ्जरा नदीको किनारामा खीर खाइसकेपछि (देवताहरूले) व्यवस्था गरिएको उत्तम मार्गबाट बोधिवृक्षमुनि जानेछ।

१७. त्यसपछि बेजोड रूपले सर्वोत्तम भएका महान यशस्वी यिनले बोधिमण्डपलाई प्रदक्षिणा गरी पिप्पलबोट मुनि सम्बोधिज्ञानलाई बुज्झनेछ।

१८. यिनका जन्मदाता आमा माया नामकी महारानी हुनेछ, बुबा शुद्धोदन नामको राजा हुनेछ। यी बुद्धको नाम गौतम हुनेछ।

१९. आश्रवरहित, रागरहित, शान्त चित्त, स्थिर मन भएका कोलित र उपतिष्य अग्रश्रावकहरू हुनेछन्। यिनी बुद्धलाई आनन्द नामको उपस्थापकले सेवा गर्नेछ।

२०. आश्रवरहित, रागरहित, शान्त चित्त, स्थिर मन भएका खेमा (क्षेमा) र उत्पलवर्णा अग्रश्राविकाहरू हुनेछन्। यी बुद्धको बोधिवृक्ष पिप्पलबोट भनी कहलिनेछ।

२१. अग्र-उपस्थापकहरू चित्त र हस्तालवक, अग्र-उपस्थापिकाहरू उत्तरा र नन्दमाता हुनेछन्। यशस्वी यी गौतमको आयु एक सय वर्ष हुनेछ" भनी भविष्यवाणी गर्नुभयो।



https://dhamma.digital

२२. यो वचन सुनेर ....... पूर्ववत् .......... यिनैको सन्मुख हुनेछौं ।"

२३. उहाँ तथागतको वचन सुनेर मैले मनलाई अति प्रशन्न पारें । दश पारमिता पूर्ण गर्नका लागि उत्कृष्ट व्रत अधिष्ठान गरें ।

२४. विपश्वी महर्षिको शहरको नाम बन्धुमती थियो । उहाँका बुबा राजा बन्धुमा र आमा महारानी बन्धुमती थिए ।

२५. उहाँ आठ हजार वर्षसम्म दरवारमा बस्नुभयो । उहाँका उत्तम तीन वटा प्रासादहरू थिए – नन्द, सुनन्द र सिरिमा ।

२६. उहाँका राम्ररी श्रृङ्गारिएका त्रिचालीस हजार परिचारिकाहरू थिए । उहाँका श्रीमती सुदर्शना र छोरा समवत्तस्कन्ध थिए ।

२७. उहाँले चार वटा निमित्तहरू देखेर रथयानद्वारा अभिनिष्क्रमण गर्नुभयो । उहाँ जिनले आठ महिनासम्म दुष्करचर्या गर्नुभयो ।

२८. महावीर लोकनायक नरश्रेष्ठ विपश्वी तथागतले ब्रह्माद्वारा याचना गरिँदा मृगदाय वनमा धर्मचक्र प्रवर्तन गर्नुभयो ।

२९. विपश्वी महर्षिका अग्रश्रावकहरू खण्ड र तिष्य, उपस्थापक चाहिँ अशोक थिए ।

३०. अग्रश्राविकाहरू चन्द्रा र चन्द्रमित्रा थिए । उहाँ भगवानको बोधिवृक्षलाई पातली भनिन्छ ।

३१. अग्र–उपस्थापकहरू पुनर्वसुमित्र र नाग थिए । अग्र–उपस्थापिकाहरू सिरिमा र उत्तरा थिए ।

३२. असी हात उचाइका लोकनायक विपश्वी तथागतको प्रभा(रश्मी) सात योजनसम्म चारैतिर फैलिरहन्थ्यो ।

३३. त्यसबेला बुद्धको आयु असी हजार वर्ष थियो । त्यतिन्जेलसम्म उहाँ तथागत जीवित भएर धेरै जनसमूहलाई पार लगाउनुभयो ।

३४. उहाँले धेरै देवमनुष्यहरूलाई बन्धनबाट मुक्त गराउनुभयो । मुक्त हुन बाँकी पृथग्जनहरूलाई सही मार्ग र गलत मार्ग पनि देशना गर्नुभयो ।



https://dhamma.digital

३५. उहाँ तथागतले (धर्मरूपी) प्रकाश देखाएर अमृत निर्वाण देशना गरी आगोको ज्वालाभैंं जलेर उहाँ शिष्य श्रावकहरूसँग निर्वाण हुनुभयो ।

३६. उत्तम ऋद्धि, उत्तम पुण्य र फक्रेका लक्षण – ती सबै अन्तर्धान भए । सबै संस्कारहरू रित्तिने होइनन् र ?

३७. जिनवर विपश्वी बुद्ध सुमित्ताराम विहारमा परिनिर्वाण हुनुभयो । त्यहिँ नै उहाँको सात योजन अग्लो उत्तम स्तूप बनाइएको थियो ।

उन्नाइसौं 'विपस्सी बुद्धवंस' समाप्त भयो ।

## ख). सिखी (शिखी) बुद्धवंस

१. विपश्वी तथागत पछि सम्पूर्ण धर्मलाई आफैले जान्नु बुझ्नु भएका द्विपदमध्ये उत्तम, असमान, अप्रतिद्वन्दी शिखी नामको बुद्ध उत्पन्न हुनुभयो ।

२. (उहाँ तथागतले) मारसेनालाई दमन गरेर उत्तम सम्बोधिमा पुग्नुभई प्राणीहरूलाई करुणा राखी धर्मचक्र प्रवर्तन गर्नुभयो ।

३. (पञ्चमार जितेर) अग्रगामी हुनुभएका शिखी बुद्धले धर्मचक्र प्रवर्तन गर्नुहुँदा एक लाख करोड प्राणीहरूलाई चार सत्यधर्म अवबोध भयो, यो पहिलो धर्मावबोध भयो ।

४. त्यसपछि श्रेष्ठ संघगण भएका मनुष्यहरूमध्ये उत्तम तथागतले धर्मदेशना गर्नुहुँदा नब्बे हजार करोड प्राणीहरूलाई चार सत्यधर्म अवबोध भयो, यो दोस्रो धर्मावबोध भयो ।

५. (तथागतले) देव सहित लोकमा यमक प्रातिहार्य देखाउनु हुँदा असी हजार करोड प्राणीहरूलाई चार सत्यधर्म अवबोध भयो, यो तेस्रो धर्मावबोध भयो ।

६. शिखी महर्षिका मलरहित, शान्त चित्त, तादि गुणले सम्पन्न भएका क्षीणाश्रव अरहन्तहरूका तीन वटा सम्मेलन भए ।

७. एक लाख क्षीणाश्रव भिक्षुहरूको पहिलो सम्मेलन र असी हजार क्षीणाश्रव भिक्षुहरूको दोस्रो सम्मेलन भयो ।



https://dhamma.digital

८. सत्तरी हजार क्षीणाश्रव भिक्षुहरूको तेस्रो सम्मेलन भयो । त्यस सम्मेलन पानीमा बढ्ने कमलको फूलझैं लिप्त नभएको भयो ।

९. त्यसबेलामा म अरिन्दम नामक राजा थिएँ । मैले सम्बुद्ध प्रमुख संघलाई भोजन सर्वत (अन्नपान)द्वारा तर्पण गरें ।

१०. मैले उत्तम वस्त्र(चीवर सिउने कपडा) करोडौं दान दिइसके पछि श्रृङ्गारिएको हस्तियान पनि सम्बुद्धलाई दान दिएँ ।

११. मैले हस्तियान(प्रमाण)लाई जोखेर अनुकूल हुने सामान दान दिएँ । दह्रो स्थिर भएको मेरो चित्तलाई प्रीतिले पूर्ण गरें ।

१२. लोक अग्रनायक उहाँ शिखी बुद्धले पनि मलाई देखाई भविष्यवाणी गर्नुभयो “यो राजा यस कल्पबाट एकतीस कल्पपछि बुद्ध हुनेछ” ।

१३. “रमाइलो कपिल नामको शहरबाट निस्केर ...... पूर्ववत् ...... यिनको सन्मुखमा हुनेछौं” ।

१४. उहाँ तथागतको वचन सुनेर मैले मनलाई अति प्रशन्न पारें । दश पारमिता पूर्ण गर्नका लागि उत्कृष्ट व्रत अधिष्ठान गरें ।

१५. शिखी महर्षिको शहरको नाम अरूणवती, (बुबा) राजा अरूण र आमा महारानी प्रभावती थिए ।

१६. उहाँ सात हजार वर्षसम्म दरवारमा बस्नुभयो । उहाँको तीन वटा उत्तम प्रासाद थिए – सुचन्दक, गिरि र वसभ ।

१७. उहाँका राम्ररी सजिएका चौबीस हजार परिचारिकाहरू थिए । उहाँकी श्रीमती सर्वकामा र छोरा अतुल थिए ।

१८. उत्तम पुरूष उहाँले चार वटा निमित्त देखेर हस्तियानद्वारा अभिनिष्क्रमण गर्नुभयो । ठीक आठ महिनासम्म उहाँले दुष्करचर्या आचरण गर्नुभयो ।

१९. लोक अग्रनायक, मनुष्यहरूमध्ये उत्तम, महावीर शिखी तथागतले ब्रह्माद्वारा याचना गरिँदा मृगदाय वनमा धर्मचक्र प्रवर्तन गर्नुभयो ।



https://dhamma.digital

२०. शिखी महर्षिका अग्रश्रावकहरू अभिभू र सम्भव, उपस्थापक चाहिं खेमङ्कर थिए ।

२१. अग्रश्राविकाहरू सखिला र पद्मा थिए। उहाँ भगवानको बोधिवृक्षलाई पुण्डरीक भनिन्छ ।

२२. अग्र-उपस्थापकहरू सिरिवड्ढ र नन्द थिए । अग्र-उपस्थापिकाहरू चित्ता र सुगुत्ता (सुगुप्ता) थिइन् ।

२३. उत्तम बत्तिस लक्षण भएका, उचाइको हिसाबले सत्तरी हात अग्लो उहाँ बुद्ध सुवर्ण तोरण समान हुनुहुन्थ्यो ।

२४. उहाँ तथागतको शरीरबाट दिन रात निरन्तररूपले प्रत्येक दिशा दिशामा तीन योजनसम्म रश्मीमण्डल निस्कन्थे ।

२५. उहाँ महर्षिको आयु सत्तरी हजार वर्ष थियो । उहाँ त्यतिन्जेल जीवित भएर धेरै जनसमूहलाई पार लगाउनु भयो ।

२६. उहाँ तथागतले धर्मवर्षा वर्षाएर (वृष्टि गरेर) देव सहित प्राणीहरूलाई भिजाउँदै भय रहित निर्वाणमा पुचाएर शिष्य श्रावकसँग उहाँ परिनिर्वाण हुनुभयो ।

२७. (उहाँ तथागतको) सम्पन्न अनुव्यञ्जन, बत्तीस लक्षण – ती सबै अन्तर्धान भए । सबै संस्कारहरू रित्तिने होइनन् र ?

२८. उत्तम मुनि शिखी बुद्ध अस्सारामामा परिनिर्वाण हुनुभयो । त्यही नै उहाँको तीन योजन अग्लो उत्तम स्तूप बनाइयो ।

बीसौं 'सिखी बुद्धवंस' समाप्त भयो ।

## ग). वेस्सभू (विश्वभू) बुद्धवंस

१. त्यहीं मण्डकल्पमा नै असमान, अप्रतिद्वन्दी वेस्सभू नामको नायक(बुद्ध) लोकमा उत्पन्न हुनुभयो ।

२. त्यसबेला उहाँ तथागतले बन्धनलाई ताडेर गएको हात्ती जस्तै



https://dhamma.digital

रागरूपी आगोले बलिरहेको तृष्णालाई तोडेर उत्तम सम्बोधि ज्ञान प्राप्त गर्नुभयो ।

३. लोकनायक वेस्सभू तथागतले धर्मचक्र प्रवर्तन गर्नुहुँदा असी हजार करोड प्राणीहरूलाई (चार सत्यधर्म) अवबोध भयो, यो पहिलो धर्मावबोध भयो ।

४. लोकमा जेष्ठ मनुष्यहरूमध्ये उत्तम तथागतले देश(प्रदेश)मा चारिका गर्नुहुँदा सत्तरी हजार करोड प्राणीहरूलाई (चार सत्यधर्म) अवबोध भयो, यो दोस्रो अवबोध भयो ।

५. उहाँले भिषम मिथ्यादृष्टिलाई हटाउँदै प्रातिहार देखाउनु भएको बेलामा देवसहित दश हजार लोकधातुमा मनुष्य देवताहरू भेला भएका थिए ।

६. लोम हर्ष गरिदिने, अद्भूत, महान् आश्चर्यलाई देखी साठी करोड देवताहरू र मनुष्यहरूले (चार सत्यधर्मलाई) अवबोध गरे, यो तेस्रो अवबोध भयो ।

७. वेस्सभू महर्षिका तीनवटा सम्मेलन भए, जसमा मलरहित, शान्त चित्त, तादिगुणले सम्पन्न क्षीणाश्रव अरहन्तहरू भेला भएका थिए ।

८. असी हजार क्षीणाश्रव अरहन्त भिक्षुहरूको पहिलो सम्मेलन र सत्तरी हजार क्षीणाश्रव अरहन्त भिक्षुहरूको दोस्रो सम्मेलन भयो ।

९. महर्षिका जरा इत्यादिको भयदेखि डराएका साठी हजार शिष्यपुत्र भिक्षुहरूको तेस्रो सम्मेलन भयो ।

१०. त्यसबेलामा म सुदर्शन नामक राजा थिएँ । मैले महावीर तथागतलाई निमन्त्रणा गरी बहुमूल्य (विहार) दान दिएर संघसहित जिनलाई खाद्य पेØय र वस्त्र चीवरद्वारा पूजा गरें ।

११. असमान उहाँ बुद्धले उत्तम धर्मचक्र प्रवर्तन गर्नुभयो । त्यहीँ उपदेश सुनेर प्रव्रज्या ग्रहण गर्न मन लाग्यो ।

१२. मैले रात दिन सधैं नै अलसी नमानिकन महादान गरिसकेपछि प्रव्रज्या भनेको गुणले सम्पन्न छ (भन्ने कुरा थाहापाई) जिनकहाँ प्रव्रज्या ग्रहण गरें ।



https://dhamma.digital

१३. सर्वज्ञता ज्ञान खोज्दै जाँदा आचरण गुणले सम्पन्न भई व्रत, शील समादान गर्दै तथागतको शासनमा म रमाइरहें ।

१४. श्रद्धा प्रीति उत्पन्न भई शास्ता बुद्धलाई वन्दना गरें, बोधिको कारणले नै मलाई प्रीति उत्पन्न भइरहन्थ्यो ।

१५.उहाँ सम्बुद्धले (मेरो) पछि नहट्ने मनलाई बुझेर आज्ञा हुनुभयो "यो राजा यस कल्पबाट एकतीस कल्प पछि बुद्ध हुनेछ" ।

१६. "रमाइलो कपिल नामको शहरबाट निस्केर ...... पूर्ववत् ...... यिनको सन्मुखमा हुनेछौं" ।

१७. उहाँ तथागतको वचन सुनेर मैले मनलाई अति प्रशन्न पारें । दश पारमिता पूर्ण गर्नका लागि उत्कृष्ट व्रत अधिष्ठान गरें ।

१८. वेस्सभू महर्षिको शहरको नाम अनोम, बुबा सुप्रतीत नामको क्षेत्रिय (राजा) र आमा महारानी यशवती थिए ।

१९. उहाँ छ हजार वर्षसम्म दरवारमा बस्नुभयो । उहाँका तीन वटा उत्तम प्रासाद थिए – रुचि, सुरुचि र रतिवर्धन ।

२०. उहाँका राम्ररी सजिएका ठीक तीस हजार परिचारिकाहरू थिए । उहाँकी श्रीमती सुचित्ता र छोरा सुप्रबुद्ध थिए ।

२१. उहाँ उत्तम पुरूषले चार वटा निमित्त देखेर पालकीद्वारा अभिनिष्क्रमण गर्नुभयो । ठीक छ महिनासम्म जिनले दुष्करचर्या आचरण गर्नुभयो ।

२२. महावीर नरश्रेष्ठ वेस्सभू लोकनायकले ब्रह्माद्वारा याचना गरिँदा धर्मचक्र प्रवर्तन गर्नुभयो ।

२३. वेस्सभू महर्षिका अग्रश्रावकहरू सोण र उत्तर, उपस्थापक चाहिँ उपशान्त थिए ।

२४. रामा र समाला अग्रश्राविकाहरू थिए । उहाँ भगवानको बोधिवृक्षलाई महासाल(महाशाल) भनिन्छ ।



https://dhamma.digital

२५. स्वतिक र रम्भ अग्र-उपस्थापकहरू थिए, अग्र-उपस्थापिकाहरू गौतमी र सिरिमा थिइन् ।

२६. साठी हात अग्लो उहाँ तथागत सुनको लट्ठा जस्तो हुनुहुन्थ्यो। रातीको समयमा पर्वतमा आगोको ज्वालाझैं उहाँको शरीरबाट रश्मी निस्कन्थ्यो ।

२७. उहाँ महर्षिको आयु साठी हजार वर्ष थियो । उहाँले त्यतिन्जेल नै जीवित भएर धेरै जनसमूहलाई पार लगाउनुभयो ।

२८. उहाँ तथागतले धर्म विस्तार(प्रचार) गरी धेरै जनसमूहलाई विभाजन गरेर धर्मरूपी डुङ्गामा राखी श्रावकशिष्यसँग उहाँ परिनिर्वाण हुनुभयो ।

२९. दर्शनीय तथागत र शिष्यश्रावक (उहाँ तथागतको) इर्यापथक्षेत्र विहार – ती सबै अन्तर्धान भए । सबै संस्कारहरू रित्तिने होइनन् र ?

३०. उत्तम जिन वेस्सभू शास्ता खेमाराममा परिनिर्वाण हुनुभयो । उहाँको धातु ती ती प्रदेशमा फैलिएको थियो ।

एकाइसौं 'वेस्सभू बुद्धवंस' समाप्त भयो ।

## घ). ककुसन्ध(क्रकुच्छन्द) बुद्धवंस

१. वेस्सभू तथागत पछि दुई खुट्टे प्राणीहरूमध्ये श्रेष्ठ, अप्रमाण गुण भएका, अरूद्वारा दुस्साहस गर्न नसकिने क्रकुच्छन्द नामको बुद्ध उत्पन्न हुनुभयो ।

२. पञ्जर बिगारेर(नष्ट गरेर) गएको सिंह जस्तै उहाँ तथागतले पनि सबै भव छुटाई नष्ट गरी पारमिता आचरण पूरा गरेर उत्तम सम्बोधि प्राप्त गर्नुभयो ।

३. लोकनायक क्रकुच्छन्द तथागतले धर्मचक्र प्रवर्तन गर्नुहुँदा चालीस हजार करोड प्राणीहरूलाई (चार सत्यधर्म) अवबोध भयो, यो पहिलो धर्मावबोध भयो ।



https://dhamma.digital

४. अन्तरिक्ष आकाशमा यमक प्रातिहार प्रदर्शन गर्दा तीस हजार करोड देवमनुष्यहरूलाई (चार सत्यधर्म) अवबोध भयो, यो दोस्रो धर्मावबोध भयो ।

५. तथागतले नरदेव यक्षलाई चार सत्य प्रकाशन गर्नुभएको बेलामा उहाँको (धर्मदेशनाबाट) धर्मावबोध हुनेको संख्या अनगिन्ति थियो ।

६. ककुच्छन्द भगवानको मलरहित, शान्त चित्त, तादिगुणले सम्पन्न भएका क्षीणाश्रव अरहन्तहरूको एउटा सम्मेलन भएको थियो ।

७. त्यसबेला आस्रवरूपी शत्रुसमूह क्षय भएका, दान्त(सभ्य,) (आर्य)भूमिमा पुगेका चालीस हजार अरहन्तहरूको सम्मेलन भयो ।

८. त्यस समयमा म क्षेम नामक क्षेत्रिय(राजा) थिएँ । तथागत र जिनपुत्र (शिष्य श्रावक)लाई धेरै दान दिएँ ।

९. मैले इच्छानुसार पात्र, चीवर, गाजल, इस्तमि – यी अति उत्तम दातव्यवस्तु सबै व्यवस्था गरी दान दिएँ ।

१०. प्राणीहरूलाई दमन गर्नुभएका उहाँ ककुच्छन्द बुद्धले पनि मलाई देखाएर भविष्यवाणी गर्नुभयो "यस भद्रकल्पमा यो राजा बुद्ध हुनेछ" ।

११. "रमाइलो कपिल नामको शहरबाट निस्केर ...... पूर्ववत् ...... यिनको सन्मुखमा हुनेछौं" ।

१२. उहाँ तथागतको पनि वचन सुनेर मैले मनलाई अति प्रशन्न पारें । दश पारमिता पूर्ण गर्नका लागि उत्कृष्ट व्रत अधिष्ठान गरें ।

१३. (उहाँ तथागतको) शहरको नाम क्षेमावती थियो । त्यसबेला म क्षेम नाम भएको हुँ । म सर्वज्ञता ज्ञान खोज्दै उहाँकहाँ प्रव्रजित भएँ ।

१४. शास्ता ककुच्छन्द बुद्धको बुबाको नाम अग्निदत्त ब्राह्मण थियो । आमा विशाखा नामकी थिइन् ।

१५. त्यस क्षम शहरमा सम्बुद्धका (जातिको हिसाबले) सबै मानिसहरूमध्ये श्रेष्ठ, प्रवर, असल जातका महान् यशस्वी महान् कूल( आफन्त समूह) बस्थ्यो ।



https://dhamma.digital

१६. उहाँ चार हजार वर्षसम्म घरमा बस्नुभयो । उहाँका तीनवटा प्रासाद थिए – काम, कामवर्ण र कामशुद्धि ।

१७. उहाँका राम्ररी श्रृङ्गारिएका ठीक तीस हजार परिचारिकाहरू थिए । उहाँकी श्रीमती रोचिनी र छोरा उत्तर थिए ।

१८. चार वटा निमित्त देखेर रथयानद्वारा अभिनिष्क्रमण गर्नुभयो । जिनले ठीक आठ महिनासम्म दुष्करचर्या आचरण गर्नुभयो ।

१९. महावीर, नरोत्तम ककुच्छन्द विनायकले ब्रह्माद्वारा याचना गरिँदा मृगदाय वनमा धर्मचक्र प्रवर्तन गर्नुभयो ।

२०. ककुच्छन्द शास्ताका अग्रश्रावकहरू विधुर र सञ्जीव, उपस्थापक चाहिँ बुद्धिज थिए ।

२१. सामा र चम्पा अग्रश्राविकाहरू थिए । उहाँ भगवानको बोधिवृक्षलाई सिरीष भनिन्छ ।

२२. अग्र-उपस्थापकहरू अच्युत र सुमन थिए । नन्दा र सुनन्दा अग्र-उपस्थापिकाहरू थिइन् ।

२३. चालीस हात अग्लो उहाँ महामुनिको सुवर्ण वर्णको प्रभा दश योजनसम्म चारैतिर(वरपर) फैलिरहन्थ्यो ।

२४. उहाँ महर्षिको आयु चालीस हजार वर्ष थियो । उहाँ त्यतिन्जेल जीवित भएर धेरै जनसमूहलाई पार लगाउनुभयो ।

२५. तथागतले देवसहित लोकमा नरनारीहरूको लागि धर्मरूपी पसल थापेर सिंहराज गर्जेझैं उहाँ गर्जे पछि श्रावकसँग परिनिर्वाण हुनुभयो ।

२६. आठ वटा अङ्गले युक्त स्वरले सम्पन्न उहाँ बुद्ध र अखण्ड, अटुट शील सम्पन्न श्रावकयुगलहरू – ती सबै अन्तर्धान भए, सबै संस्कारहरू रित्तिने होइनन् र ?

२७. उत्तम जिन ककुच्छन्द तथागत खेमाराम विहारमा परिनिर्वाण हुनुभयो। त्यहीँ नै एक गाउतसम्म आकाशिएको उहाँको उत्तम स्तूप रहेको छ ।

बाइसौं ‘ककुसन्ध बुद्धवंस’ समाप्त भयो ।



https://dhamma.digital

## ङ.) कोणागमन बुद्धवंस

१. ककुच्छन्द तथागत पछि सम्पूर्ण धर्मलाई स्वयं जान्नु बुझ्नु भएका, दुई खुट्टे सत्वप्राणीहरूमध्ये उत्तम, लोकका जेष्ठ, नरश्रेष्ठ कोणागमन नामको जिन उत्पन्न हुनुभयो ।

२. उहाँ तथागतले दशवटा (पारमिता) धर्म पूर्ण गर्नुभएर कठिन भव यात्रा (कन्तार)लाई पार गर्नुभयो । सबै क्लेश मल बगाएर उत्तम सम्बोधि ज्ञान प्राप्त गर्नुभयो ।

३. कोणागमन तथागतले धर्मचक्र प्रवर्तन गर्नुहुँदा तीस हजार करोड प्राणीहरूलाई (चार सत्यधर्म) अवबोध भयो, यो पहिलो अवबोध भयो ।

४. अर्काको वादलाई दमन गर्दै ऋद्धि प्रातिहार्य प्रदर्शन गर्दा बीस हजार करोड प्राणीहरूलाई (चार सत्यधर्म) अवबोध भयो, यो दोस्रो अवबोध भयो ।

५. त्यसपछि जिन विभिन्न प्रकारका ऋद्धि प्रातिहार्य प्रदर्शन गरेपछि देवलोकमा जानुभयो । त्यहाँ सम्बुद्ध पण्डुकम्बल शिलासनमा बस्नुभयो ।

६. (अभिधर्म) सात वटा प्रकरण देशना गर्नुहुँदै उहाँ मुनि त्यहाँ वर्षावास बस्नुभयो । त्यसबेला दश हजार करोड देव ब्रह्माहरूलाई (चार सत्यधर्म) अवबोध भयो, यो तेस्रो अवबोध भयो ।

७. देवातिदेव उहाँ तथागतको पनि एक चोटि सम्मेलन भयो । जसमा क्लेशमल रहित भएका, शान्त चित्त, तादि गुणले सम्पन्न भएका क्षीणाश्रव अरहन्तहरू भेला भएका थिए ।

८. त्यसबेला चारवटा ओघ नाघिसकेका, मृत्युलाई नष्ट गरिसकेका तीस हजार क्षीणाश्रव अरहन्त भिक्षुहरूको सम्मेलन भयो ।

९. त्यसबेला म मित्र, अमात्यहरू, अनन्त सेना बल बाहनसम्पन्न पर्वत नामको राजा थिएँ ।

१०. मैले बुद्ध दर्शन गर्न जाँदा बेजोड सर्वोत्तम भएको धर्म सुनेर बुद्ध सहित संघलाई निमन्त्रणा गरी इच्छानुसार दान दिइसकेपछि –



https://dhamma.digital

११. शास्ता र श्रावकहरूलाई पट्टुण्ण, चीनमा उत्पादित कपडा, काशीमा उत्पादित कम्बल र सुवर्ण खडाउ दान दिएँ ।

१२. उहाँ बुद्धले पनि मलाई संघको बीचमा बस्नुभएर भविष्णवाणी गर्नुभयो – “यी राजा यस भद्र कल्पमा नै बुद्ध हुनेछ” ।

१३. रमाइलो कपिल नामको शहरबाट निस्केर ...... पूर्ववत् ...... यिनको सन्मुखमा हुनेछौं” ।

१४. उहाँ तथागतको पनि वचन सुनेर मैले मनलाई अति प्रशन्न पारें । दश पारमिता पूर्ण गर्नका लागि उत्कृष्ट व्रत अधिष्ठान गरें ।

१५. मैले सर्वज्ञता ज्ञान खोजिरहँदा मनुष्यहरूमध्ये उत्तम तथागतलाई दान दिएँ, महान् राज्य त्याग गरी म जिनकहाँ प्रव्रजित भएँ ।

१६. उहाँ तथागतको शहरको नाम शोभावती, राजा शोभ नामको थियो । त्यस शहरमा सम्बुद्धका महान् कुल बस्थ्यो ।

१७. कोणगमन शास्ता बुद्धका बुबा यज्ञदत्त ब्राह्मण र आमाको नाम उत्तरा थिए ।

१८. उहाँले तीन हजार वर्षसम्म गृहस्थी जीवन बिताउनुभयो । उहाँका तीन वटा उत्तम प्रासाद थिए – तुषित, सन्तुषित र सन्तुष्ट ।

१९. उहाँका राम्ररी सजिएका परिचारिकाहरू सोह्र हजार भन्दा कम छैन । उहाँकी श्रीमती रुचिगता र छोराको नाम सार्थवाह थिए ।

२०. उहाँ पुरूषोत्तमले चार वटा निमित्त देखेर हस्तियानद्वारा(हात्ती चढेर) अभिनिष्क्रमण  गर्नुभयो । छ महिनासम्म उहाँले दुष्करचर्या आचरण गर्नुभयो ।

२१. मनुष्यहरूमध्ये उत्तम महावीर कोणागमन लोकनायकले ब्रह्माको याचना गरिँदा मृगदाय वनमा धर्मचक्र प्रवर्तन गर्नुभयो ।

२२. कोणागमन शास्ताका अग्रश्रावकहरू भिøयस र उत्तर, उपस्थापक चाहिं स्वस्तिज थिए ।



https://dhamma.digital

२३. समुद्रा र उत्तरा अग्रश्राविकाहरू थिए। उहाँ भगवान्‌को बोधिवृक्षलाई उदुम्बर (डुम्री) भनिन्छ।

२४. उग्र र सोमदेव अग्र-उपस्थापकहरू थिए, अग्र-उपस्थापिकाहरू सीलवा र साम थिइन्।

२५. तीस हात अग्लो उहाँ बुद्ध सुन पगाल्ने भाँडोको मुखमा टाँसिएको सुनझैं रश्मीद्वारा सुसज्जित हुनुहुन्थ्यो।

२६. त्यसबेला बुद्धको आयु तीस हजार वर्ष थियो। उहाँले त्यतिन्जेल जीवित भएर धेरै जनसमूहलाई पार लगाउनुभयो।

२७. उहाँ तथागतले (चार आर्य सत्य) धर्मरूपी पटाकाबाट विभूषित (बोधिपक्षिय) धर्मरूपी चैत्य स्थापना गरी (शील, समाधि र प्रज्ञा) धर्मरूपी फूल उनेर उहाँ श्रावकहरूसँग परिनिर्वाण हुनुभयो।

२८. उहाँका महान् गौरवशाली शिष्य समूह र श्रीशोभा युक्त धर्म प्रदर्शक भगवान् बुद्ध – ती सबै नै अन्तर्धान भए। सबै संस्कारहरू रित्तिने होइनन् र ?

२९. कोणगमन सम्बुद्ध पर्वताराम विहारमा परिनिर्वाण हुनुभयो। उहाँको धातु(अस्थि) ती ती प्रदेशमा फैलिएको थियो।

तेइसौं 'कोणगमन बुद्धवंस' समाप्त भयो।

Dhamma.Digital

## च). कस्सप (काश्यप) बुद्धवंस

१. कोणगमन बुद्ध पछि दुई खुट्टे सत्वप्राणीहरूमध्ये उत्तम, धर्मराजा, प्रभाकर, गोत्रको हिसाबले काश्यप नामको सम्बुद्ध उत्पन्न हुनुभयो।

२. उहाँ तथागतले याचकहरूलाई धेरै अन्न, पान, भोजन दान दिएर मनोकामना पूरा गरे। गोठ त्यागेर गएको उत्सव गोरूझैं उहाँले कुलगृहलाई त्याग गरेर सम्बोधिज्ञान प्राप्त गर्नुभयो।

३. काश्यप लोकनायकले धर्मचक्र प्रवर्तन गर्नुहुँदा बीस हजार करोड प्राणीहरूलाई चार सत्यधर्म अवबोध भयो, यो पहिलो धर्मावबोध भयो।



https://dhamma.digital

४. उहाँ बुद्धले चार महिनासम्म लोकमा चारिका गर्नुभएको बेलामा दश हजार करोड प्राणीहरूलाई (चार सत्यधर्म) अवबोध भयो, यो दोस्रो धर्मावबोध भयो ।

५. उहाँले विभिन्न प्रकारका यमक प्रातिहार्य देखाई (सर्वज्ञता) ज्ञानको स्वभाव बारे व्याख्या गर्नुभएको बेलामा पाँच हजार करोड प्राणीहरूलाई (चार सत्यधर्म) अवबोध भयो, यो तेस्रो धर्मावबोध भयो ।

६. रमाइलो त्रयशित्रंश देवनगरमा सुधर्मा भन्ने धर्मशालामा तथागतले अभिधर्म देशना गर्नुहुँदा तीन हजार करोड देव(ब्रह्मा)हरूलाई (चार सत्यधर्म) अवबोध भयो ।

७. उहाँले फेरि यक्ष नरदेवलाई धर्मदेशना गर्नुभएको बेलामा अनगिन्ती प्राणीहरूलाई (चार सत्यधर्म) अवबोध भयो ।

८. देवातिदेव उहाँका पनि मलरहित, शान्त चित्त, तादिगुणले सम्पन्न भएका क्षीणाश्रव अरहन्तहरूको एकचोटि सम्मेलन भयो ।

९. त्यसबेला हिरी(लाज) शील(आचरण)का हिसाबले समान नभएका (पृथग्जन स्रोतापन्न आदि) भवलाई नाघिसकेका बीस हजार अरहन्तहरूको सम्मेलन भयो ।

१०. त्यसबेला म ख्याति प्राप्त अध्यापक, मन्त्रधर, तीन वटा वेदमा पारङ्गत ज्योतिपाल नामको माणवक थिएँ ।

११. म लक्षण शास्त्र, इतिहास शास्त्र, स्वधर्म(ब्राह्मणहरूको आचरण धर्म)मा पारङ्गत, पृथ्वी र अन्तरिक्ष शिल्पमा दक्ष, विद्या अध्ययन गरिसकेको पूर्णरूपले अनुभवी थिएँ ।

१२. भगवान् काश्यपको गौरव राख्ने गुणले सम्पन्न, विनम्र, तेस्रो फलको कारणले तृष्णारूपी आगो निभिसकेको घटिकार नामको उपस्थापक थियो ।

१३. घटिकारले मलाई काश्यप जिनकहाँ लगे । उहाँको धर्मदेशना सुनेर म उहाँको समिपमा प्रव्रजित भएँ ।



https://dhamma.digital

१४. मैले लगनशील, ठूला साना वर्तमा दक्ष भएर कुनैमा पनि पछि नहटिकन जिन शासन पूरा गरें।

१५. बुद्धले आज्ञा हुनु भएजतिको सबै नवाङ्ग जिनशासन सिकेर जिनशासनलाई शोभायमान गरें।

१६. उहाँ तथागतले पनि मेरो आश्चर्यजनकको आचरण देखेर भविष्यवाणी गर्नुभयो "यस भद्रकल्पमा यो भिक्षु बुद्ध हुनेछ।

१७. त्यसबेला बोधिसत्त्व रमाइलो कपिल नामको सहरबाट निस्केर धेरै नै कोशिस गरेर, गर्न गाह्रो आचरण 'दुष्करचर्या' गरिसकेपछि (बुद्ध हुनेछ)।

१८. बोधिसत्त्वले अजपाल रूखमुनि बसेर त्यहाँ खीर ग्रहण गरी नेरञ्जरा नदीमा जानेछ।

१९. ती जिनले नेरञ्जरा नदीको किनारामा खीर खाइसकेपछि (देवताहरूले) व्यवस्था गरिएको उत्तम मार्गबाट बोधिवृक्षमुनि जानेछ।

२०. त्यसपछि मनुष्यहरूमध्ये बेजोड रूपले सर्वोत्तम, महान् यशस्वी बोधिसत्वले बोधिमण्डप प्रदक्षिणा गरेपछि कसैले जित्न नसक्ने स्थान उत्तम बोधिपल्लङ्कमा पलेटि मारेर बसी बोधिज्ञान प्राप्त गर्नेछ।

२१. यिनका जन्मदाता आमा माया नामकी महारानी हुनेछ, बुबा शुद्धोदन नामको राजा हुनेछ। यी बुद्धको नाम गौतम हुनेछ।

२२. आश्रवरहित, रागरहित, शान्त चित्त, स्थिर मन भएका कोलित र उपतिष्य अग्रश्रावकहरू हुनेछन्। यिनी बुद्धलाई आनन्द नामको उपस्थापकले सेवा गर्नेछ।

२३. आश्रवरहित, रागरहित, शान्त चित्त, स्थिर मन भएका खेमा (क्षेमा) र उत्पलवर्णा अग्रश्राविकाहरू हुनेछन्। यी बुद्धको बोधिवृक्ष पिप्पलबोट भनी कहलिनेछ।

२४. अग्र-उपस्थापकहरू चित्त र हस्तालवक हुनेछन्। अग्र-उपस्थापिकाहरू नन्दमाता र उत्तरा हुनेछन्।



https://dhamma.digital

२५. देवमनुष्यहरूसँग अतुलनीय उहाँ महर्षिको यो वचन सुनेर "यी बुद्धबीज (बोधिसत्व) हुन्" भनी खुशी भएर उद्घोष गरेको आवाज उत्पन्न गरे ।

२६. तालि बजाए, हाँसे । दश हजार लोकधातुमा रहेका देवताहरूले हात जोडी नमस्कार गरे ।

२७. देवमनुष्यहरूले भने "यदि हामीले उहाँ लोकनाथको शासन केही गरी चुक्यौं भने भविष्यमा हामी यिनको सन्मुख हुनेछौं ।

२८-२९. जसरी मानिसहरूले नदी तर्दा गाह्रो (प्रतिकूल) घाटलाई छोडेर (अनुकूल) घाटतिरबाट महानदी तर्छन्, त्यसरी नै हामी सबैले उहाँ बुद्धलाई साक्षात्कार गर्न यदि चुक्यौं भने पनि भविष्यमा यिनैको सन्मुख हुनेछौं ।"

३०. उहाँ तथागतको पनि वचन सुनेर मैले मनलाई अति प्रशन्न पारें । दश पारमिता पूर्ण गर्नका लागि उत्कृष्ट व्रत अधिष्ठान गरें ।

३१. मैले यसरी(संसारमा) विचरण गर्दा नराम्रो आचरणबाट विरत हुँदै सम्बोधि ज्ञानको कारणले मात्र गर्न गाह्रो चर्या गरें ।

३२. काश्यप बुद्धको नगरको नाम बाराणसी, किकी नामको राजा थियो । सम्बुद्धका महान् कुल (ज्ञातिवर्ग) यस नगरमा बस्दथ्यो ।

३३. काश्यप बुद्ध महर्षिको बुबा ब्रह्मदत्त ब्राह्मण थियो । आमाको नाम धनवती थिइन् ।

३४. उहाँ दुई हजार वर्षसम्म घरमा बस्नुभयो । उहाँका तीनवटा उत्तम प्रासाद थिए – हंस, यश र श्रीनन्द ।

३५. उहाँका राम्ररी सजिएका अठचालीस हजार परिचारिकाहरू थिए । उहाँकी श्रीमती सुनन्दा र छोरोको नाम विजितसेन थिए ।

३६. उहाँ पुरूषोत्तमले चारवटा निमित्त देखी प्रासादद्वारा अभिनिष्क्रमण गर्नुभयो । उहाँले सात दिनसम्म दुष्करचर्या आचरण गर्नुभयो ।

३७. मनुष्यहरूमध्ये उत्तम महावीर काश्यप लोकनायकले ब्रह्माले



https://dhamma.digital

याचना गरिँदा मृगदाय वनमा धर्मचक्र प्रवर्तन गर्नुभयो ।

३८. काश्यप महर्षिको अग्रश्रावकहरू तिष्य र भारद्वाज, उपस्थापक चाहिँ सर्वमित्र थिए ।

३९. अग्रश्राविकाहरू अनुला र उरुवेला थिए । उहाँ भगवानको बोधिवृक्षलाई निग्रोध(पिप्पलिबोट) भनिन्छ ।

४०. सुमङ्गल र घटिकार अग्र-उपस्थापकहरू थिए। अग्र-उपस्थापिकाहरू विचितसेना र भद्रा थिइन् ।

४१. बीस हात अग्लो उहाँ बुद्ध आकाशमा बिजुलीको तरङ्ग जस्तै, ग्रहहरूले घेरिएको चन्द्रमा जस्तै (शोभायमान) हुनुहुन्थ्यो ।

४२. उहाँ महर्षिको आयु बीस हजार वर्ष थियो । उहाँले त्यतिन्जेल नै जीवित भएर धेरै जनसमूहलाई पार लगाउनुभयो ।

४३. (परियत्ति) धर्मरूपी तलाउ बनाएर, शीलरूपी लेप लगाई, (हिरी ओतप्प) धर्मरूपी वस्त्र लाउन दिएर, (बोधिपक्षीय) धर्मरूपी फूलमाला बाँडिसकेपछि –

४४. धेरै मानिसहरूका लागि मलरहित धर्म ऐना राखेर निर्वाण प्रार्थना गर्ने केही व्यक्तिहरूले मेरो(शील इत्यादि) गहना हेर (भनी प्रेरणा दिइसकेपछि) –

४५. शीलरूपी जङ्गी पोशाक दिएर, ध्यानरूपी कवच लगाउन दिई, (मार्गाङ्ग) धर्मरूपी चर्म ओड्न लगाई, उद्योगरूपी उत्तम कवचलाई –

४६. स्मृतिरूपी ढाल दिएर तीक्ष्ण विपश्यनाज्ञानरूपी तीर, क्लेशसंसर्ग कुल्चन सक्ने शील, उत्तम (अरहन्तमार्गज्ञान) धर्मरूपी खड्ग दिएर –

४७. त्रिविद्यारूपी आभूषण दिइसकेपछि चार वटा फलहरूको पगरि( बेटालि), छ वटा अभिज्ञारूपी आभरण र धर्म फुलरूपी गहना दिएर –

४८. पाप रोक्ने सद्धर्मरूपी स्वेतछत्र दिएर भय रहित स्थानमा पुऱ्याइदिने (आर्यअष्टाङ्गिक) मार्गरूपी पुल निर्माण गरेर, उहाँ तथागत श्रावकशिष्य सहित परिनिर्वाण हुनुभयो ।



https://dhamma.digital

४९. अप्रमाण गुण भएका, अरूद्वारा दुस्साहस गर्न नसकिने उहाँ सम्यक्सम्बुद्ध, राम्ररी देशना गरिराखेको 'आऊ, यहाँ आई हेर' भनी भन्न लायकको यो धर्मरत्न –

५०. राम्ररी आचरण गर्ने उहाँ सर्वोत्तम संघरत्न, ती सबै अन्तर्धान भए । सबै संस्कारहरू रित्तिने होइनन् र ?

५१. पञ्चमार जित्नुभएको महाकाश्यप शास्ता सेतब्यारामा परिनिर्वाण हुनुभयो । त्यहीँ नै उहाँ तथागतको एक योजन अग्लो स्तूप थियो ।

चौबीसौं 'कस्सप बुद्धवंस' समाप्त भयो ।

## छ). गोतम (गौतम) बुद्धवंश

१. अहिले मैले दुष्करचर्या आचरण गरेर शाक्यहरूको गौरव बढाई दिने गौतम सम्बुद्ध भएर उत्तम बोधिज्ञान प्राप्त गरें ।

२. (मैले) ब्रह्माद्वरा याचना गरिँदा धर्मचक्र प्रवर्तन गरें । त्यसबेला अठार करोड प्राणीहरूलाई (चार सत्यधर्म) अवबोध भयो, यो पहिलो अवबोध भयो ।

३. त्यसपछि पनि मनुष्यदेवहरूको भेलामा धर्म देशना गर्दा अनगीन्ति देवमनुष्यहरूलाई (चार सत्यधर्म) अवबोध भयो, यो दोस्रो अवबोध भयो ।

४. अहिले यस कपिलवस्तु शहरमा नै मेरो पुत्रलाई उपदेश दिएको बेलामा अनगीन्ति देवमनुष्यहरूलाई (चार सत्यधर्म) अवबोध भयो, यो तेस्रो अवबोध भयो ।

५. मेरा महर्षि श्रावकहरूको सम्मेलन एकचोटि मात्र भयो । जसमा एक हजार दुई सय पचास जना अरहन्तहरू भेला भएका थिए ।

६. भिक्षुसंघको बीचमा क्लेशमलरहित भई शोभायमान भएको मैले इच्छाएको सबै दिनसक्ने (चिन्तामणि) मणि जस्तै इच्छा गरेको जति सबै दिनसक्छु ।



https://dhamma.digital

७. मैले फलको इच्छा गरेका भवतृष्णा त्याग गर्ने इच्छा भएका प्राणीहरूलाई अनुकम्पा(दया) राखेर चार सत्य प्रकाश गरिरहेको छु ।

८. (त्यसबेला) तीस हजार प्राणीहरूलाई चार सत्य अवबोध भएको छ । एक दुईजना गरी सत्वहरूलाई चार सत्य अवबोध भएको संख्याको हिसाबले गणना गर्न सकिन्दैन ।

९. अहिले शाक्यमुनि मेरो राम्ररी शुद्ध भएको शासन फैलिरहेको छ । धेरै मानिसहरूले बुझेका छन् । समृद्ध भएर शासन राम्रोसँग फुलिरहेको छ ।

१०. आश्रवरहित, रागरहित, शान्त चित्त, स्थिर मन भएका सयौं भिक्षुहरूले मलाई सदा घेरिरहेका छन् ।

११. अहिलेको यस समयमा जुन शैक्षभिक्षुहरूले अरहत्तफलमा नपुगी (नपुगिकन) मनुष्य जन्म त्याग गर्छन् (मरेर जान्छन्), ती शैक्ष भिक्षुहरू प्रज्ञावान्हरूद्वारा निन्दित हुन्छन् ।

१२. आर्य (अष्टाङ्गिक) मार्गलाई प्रशंसा गरेका सदा धर्ममा रमाइरहेका स्मृतिमान् भएर संसार समुद्र तरेका सत्वहरूले (चार सत्यलाई) बुझ्नेछन् ।

१३. मेरो नगर कपिलवस्तु, बुबा राजा शुद्धोदन, मेरो जन्मदाता आमालाई मायादेवी भनेर भनिन्छ ।

१४. मैले उन्नानतीस वर्षसम्म गृहस्थी जीवन बिताएँ । मेरा तीनवटा उत्तम प्रासाद छन् – रम्य, सुरम्य र शुभ ।

१५. राम्ररी सजिएका चालिस हजार परिचारिकाहरू छन् । भद्रकञ्चना नामकी नारी श्रीमती र छोरा राहुल हुन् ।

१६. मैले चारवटा निमित्त देखेर घोडाद्वारा अभिनिष्क्रमण गरें । छ वर्षसम्म मैले दुष्करचर्या आचरण गरें ।

१७. बाराणसीको ऋषिपतनमा मद्वारा धर्मचक्र प्रवर्तन गरियो । म सबै प्राणीहरूको शरण गौतम सम्बुद्ध भएँ ।

१८. मेरा कोलित र उपतिष्य दुई जना भिक्षुहरू अग्रश्रावकहरू हुन् ।



https://dhamma.digital

मेरो नजिक अवचरण गर्ने आनन्द उपस्थापक, खेमा र उत्पलण्णा भिक्षुणीहरू अग्रश्राविकाहरू हुन् ।

१९. चित्त र हस्तावलक उपासकहरू अग्र-उपस्थापकहरू, नन्दमाता र उत्तरा उपासिकाहरू अग्र-उपस्थापिकाहरू हुन् ।

२०. मैले पिप्पलबोट मुनि उत्तम सम्बोधिज्ञान प्राप्त गरें । मेरो ब्यामप्रभा(शरीरजत्रो प्रभा) सधैं छ । म सोह्र हात लामो छु ।

२१. अहिले यस समयमा मानिसहरूको आयु अल्प(कम) एक सय वर्ष मात्र छ । म त्यतिन्जेल जीवित रहेर धेरै जनसमूहलाई पार लगाउँछु ।

२२. मैले पछि उत्पन्न हुने सत्वसमूहलाई बोध गराउने धर्म चिराग स्थापना गरिसकेपछि इन्धन क्षय भएर निभेको आगो जस्तै धेरै समय नबित्दै म श्रावक शिष्य संघसँगै यस लोकमा नै परिनिर्वाण हुनेछु ।

२३. ती अतुलनीय तेजहरू, यी दशवटा बलहरू, बत्तिस वटा उत्तम महापुरूष लक्षणद्वारा विचित्र भएको गुण धारण गर्ने यो शरीर पनि –

२४. सय प्रकारको रश्मी भएको सूर्यजस्तै दशवटा दिशालाई जाज्वल्यमान गर्ने छ प्रकारका प्रभाहरू – यी सबै नै अन्तर्धान हुनेछन्, सबै संस्कारहरू रित्तिने होइनन् र ?

Dhamma.Digital



https://dhamma.digital

# बौद्ध संगायनहरू

- डा. भिक्षु अमृतानन्द महास्थविर

- संकलन : सबिता धाख्वा

**एकाइ २ : बौद्ध संगायनहरू** **५० शिक्षणअवधि**

**थेरवाद परम्पराका छ वटा संगायन र त्यसका उपलब्धीहरू,**
**सर्वास्तिवाद अन्तर्गतको चौथो संगायन र त्यसका उपलब्धीहरू**



https://dhamma.digital

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स

**उनी भगवान् अर्हत् सम्यक् सम्बुद्धलाई नमस्कार**

# बौद्ध संगायनहरू

## बुद्धशासनको सङ्क्षिप्त इतिहास

## प्रथम सङ्गीति

पैतालीस वर्षसम्म धर्म-उपदेश गरी देव मनुष्यहरूलाई कल्याण-मार्गमा राख्दै भगवान् शाक्यमुनीन्द्र विक्रमपूर्व ४८७ वैशाख पूर्णिमा मङ्गलबारका दिन पञ्चस्कन्धलाई संधैंका निम्ति त्याग गरी केवल शान्त अमृत महानिर्वाण-धातुमा अनुपादिशेष महापरिनिर्वाण हुनुभयो । भगवान् परिनिर्वाण हुनेबित्तिकै समस्त कुशीनगरमा रुवाबासी चल्यो । आकाश गुञ्जायमान भयो । विरह नगर्ने केही रहेन । आस्रव (चित्त मल) क्षय नभएका भिक्षुहरू "तथागत कति चाँडै परिनिर्वाण हुनु भएको" भन्दै छटपटिदै रुन थाले, विरह गरे, शोक गरे । आस्रव क्षय भइसकेका अर्हत् भिक्षुहरूले "संस्कार कसरी नित्य होला, सबै संस्कार अनित्य छ" भनी स्वभाव-धर्मलाई सम्झी धैर्य गरे । यतातिर मल्ल राजकुमारहरू सबै जना भगवान्प्रति अन्तिम गौरव दर्साउन तत्पर भएर कुनै कता कुनै कता कुदी रहे । उतातिर आनन्दस्थविर अधीर भई एक्लै थाप्लोमा हात राखी भगवान्को पाउमुनि बसेर "भगवान्, तपाईंले मलाई यति चाँडो किन छाडेर तपाईं किन जानुभयो भन्दै रोई रहे ।

सात दिनसम्म तथागतको पञ्चकन्ध देहलाई पुष्प, धुप, प्रदीपद्वारा पूजा गरी महोत्सव गरे । सुदूर देशदेखि भगवान्को अन्तिम दर्शन गर्न जनताहरू भेला भए । उता महाकाश्यप महास्थविर पाँच सय भिक्षु परिवार (परिषद्) का साथ पावाबाट कुशीनगरतर्फ आइरहेका थिए । बाटोमा थकाई लागेर एक ठाँउमा रूखको छाँयामा विश्राम गरे । कुशीनगरतिरबाट एक जना आजीवक आइरहेको देखेपछि महाकाश्यप स्थविरले उनीसँग सोधे:-



https://dhamma.digital

"आवुसो, तिमीले हाम्रा शास्तालाई चिनेका छौं" ?

"चिनेको छु, तपाईंहरूको शास्तालाई मैले राम्रोसँग चिनेको छु । तर खेदको कुरो यो हो कि उहाँ गौतम बुद्ध कुशीनगरमा मल्लहरूको सालवनमा संधैंका लागि महापरिनिर्वाण हुनु भएको आज सात दिन भयो । यो मैले लिइराखेको मन्दारपुष्प त्यहाँबाट लिएर आएको हुँ ।

आजीवकको यस्तो कुरा सुन्नेबित्तिकै आस्रव क्षय नभएका भिक्षुहरूले रूखका हाँगा ढलेझैं ढली लडीबुडी गर्दै विलाप गरे । आस्रव क्षय भइसकेको भिक्षुहरूले अनित्य सम्झेर संवेग प्रकट गरे । भिक्षुहरूको त्यस्तो क्रन्दन सुनेपछि सुभद्र नाउँका एकजना बृद्ध भिक्षुले यसो भनेः-

"आवुसो, तपाईंहरू किन अधैर्य भएर विलाप गर्दै हुनुहुन्छ ? तथागत भएसम्म हामीलाई निकै गाहारो पो थियो । जहिले पनि यसो गर्नु हुँदैन उसो गर्नु हुँदैन भनी हामीहरूलाई बन्धनमा राख्नुहुन्थ्यो । अब भने हामी उहाँको बन्धनबाट बल्ल मुक्त भयौं । अब हामीलाई त्यस्तो आज्ञा दिने कोही छैन । अब हामीहरू सजिला नियमहरू मात्र पालना गरौंला । गाहारा नियमहरू छाडी दिनेछौं । रोई कराई गर्नु परेन, नरुनु नकराउनु । हामीलाई रोक्ने कोही छैन ! उहाँको बन्धनबाट हामीहरू राम्रैसँग मुक्त भयौं ।"

सुभद्र भिक्षुले भिक्षुहरूलाई यसरी सम्झाईं रहेको देखी सङ्घका नायक हुनु भएका महाकाश्यप महास्थविरको मनमा यस्तो विचार उत्पन्न भयो –

"अहो, संसार ! भगवान् परिनिर्वाण हुनु भएको केही दिनमा नै यस्तो भन्ने भिक्षुहरू भइसके भने पछि झन् के के भन्नेहरू पनि आउलान् । यदि मैले उहाँ तथागतको उपदेशलाई राम्ररी एउटै सूत्रमा सङ्कलित गरिन भने उहाँको धर्म चिरस्थायी हुन सक्तैन । धर्मप्रेमीहरूलाई धर्मका कुरा जान्न बुझ्न दुर्लभ हुनेछ । समय झन्-झन् बिग्रँदै जानेछ, धर्मलाई भन्दा अधर्मलाई प्राथमिकता राख्नेछ, विनयलाई भन्दा अविनयलाई गौरब तुल्याउनेछन् यस्तो भएमा लोक हितको ठाँउमा लोक अहित हुनेछ । त्यसकारण चतुप्रतिसम्भिदालाभी पाँच सय अर्हत् भेला भएर तथागतको विविध धर्मस्कन्धलाई एकत्रित गरेर राखेमा अवश्यमेव लोकको उपकार हुनेछ र कर्तव्यपालन पनि हुनेछ । भगवान् परिनिर्वाण हुनेबित्तिकै उहाँको शासन नष्ट गराउनु कदापि ठीक छैन । अहिले



https://dhamma.digital

नै त्यसको उपाय नसोचे पछि झन् धेरै कष्ट हुनेछ" ।

यस्तो विचार आइपुगेपछि महाकाश्यप महास्थविर त्यहाँबाट कुशीनगर जानुभयो । कुशीनगर आई पुगेपछि भगवान्को शरीर अग्निसंस्कार गर्ने ठाउँमा पुग्नुभयो । उहाँ चित्तामा बिसाइएको भगवान्को शरीरलाई अन्तिम वन्दना गर्दै उहाँले तीन पटक परिक्रमा गरी श्रीचरणमा तीन पटक ढोगिरिनु भयो । त्यो कार्य सम्पन्न हुनेबित्तिकै चित्तामा स्वयमेव अग्नी प्रज्वलित भयो । अन्तिम संस्कारको काम समाप्त भएपछि महाकाश्यप महास्थविरले सबै भिक्षुहरूलाई भेला गरी बाटोमा भएको घटनाको बृतान्त बताई आफ्नो विचार प्रकट गर्नुभयो । ती सबैको विचार उहाँको विचारसित सहमत भयो । अनि महाकाश्यप महास्थविरले ती सङ्घसभामा एक कम पाँच सय भिक्षुहरू सङ्गायना गर्न निमित्त छान्नुभयो । आनन्द भिक्षु एक जना मात्र अर्हत् हुन बाँकी रहेको हुँदा उहाँलाई रोज्नु भएन । त्यसपछि सम्पूर्ण भिक्षुहरूले उहाँलाई नरोजी हुँदैन भन्ने प्रस्ताव राखे । कसैले त "आनन्द भिक्षु यद्यपि अर्हन्त नभएतापनि उहाँ एक असाधारण धर्मभण्डागारिक हुनुहुन्छ । उहाँ त तथागतको छायाँ समान हुनु भएको छ । उहाँ बेगर धर्मसङ्गायनाको काम पूर्ण हुनै सक्दैन" भनी भन्यो । त्यसो सबैले भनेपछि महाकाश्यप महास्थविरले आनन्दलाई पनि रोज्नुभयो । त्यो निश्चित भएपछि सङ्गायना कहाँ गर्ने भन्ने विषयमा छलफल भयो । राजगृहमा राजा अजातशत्रु रहनु भएको र देश समृद्ध भएकोले चाहिने जति आवश्यक व्यवस्था रहेकोले त्यसको प्रबन्ध गर्न सुविधा हुने बुझी सर्वसम्मतिबाट सङ्गायना गर्ने स्थान राजगृह नै हो भन्ने भयो । सङ्गायना गर्न रोजिएका पाँच सय भिक्षुबाहेक अन्य एक जना भिक्षुले पनि राजगृहमा वर्षावास गर्न नपाउने भन्ने सल्लाह भयो । यस्तो सल्लाहमा सहमत भएपछि बैधानिक रूपले त्यो सल्लाह पारित गर्दै यसरी प्रस्ताव प्रस्तुत गरियो –

**ज्ञप्ति-** प्रस्ताव (Resolution) "आवुसो सङ्घहरू, तपाईंहरू प्रसन्न हुनुहुन्छ भने फलानाफलाना पाँच सय भिक्षुहरूले राजगृहमा वर्षावास गरेर धर्मसङ्गायना गर्नुपर्‍यो, थप एक जना भिक्षुमात्रले पनि त्यस ठाँउमा वर्षावास नगर्ने ।" - यो सूचना भयो ।

महाकाश्यप महास्थविरले यो प्रस्ताव सङ्घसभामा राखेपछि अर्को एक जना भिक्षुले उभिएर सो प्रस्ताव पास गर्न यसो भन्नुभयो --



https://dhamma.digital

**अनुश्रावण––** "भन्ते सङ्घहरू, यदि तपाईं सङ्घहरू सङ्गायनाको निम्ति छानिएका पाँचसय भिक्षुहरू सबै राजगृहमा वर्षावास गरी धर्म सङ्गायना गर्नुको निम्ति प्रसन्न हुनुहुन्छ भने तथा त्यहाँ अन्य कुनै एकजना भिक्षुले पनि वर्षावास नगर्नुमा अप्रसन्न हुनुहुन्न भने कृपया चुप लाग्नु होला; अन्यथा बोल्नु होला" । – यो अनुश्रावण भयो ।

"दोस्रो पटक भन्ते सङ्घहरू ... तेस्रो पटक पनि भन्ते सङ्घहरू, यदि तपाईं सङ्घहरू धर्म सङ्गायना गर्न प्रसन्न हुनुहुन्छ भने, अप्रसन्न हुनु हुन्न भने कृपया चुप लाग्नु होला; अन्यथा बोल्नु हवस्" ।

यसरी प्रस्तावलाई तीन पटकसम्म दोहोऱ्याई सुनाइसकेपछि पनि कसैले कही नबोलेमा पछि फेरि प्रस्तावमा स्वीकृति जनाएमा –

**धारणा–** "राजगृहमा पाँच सय भिक्षुहरूले मात्र वर्षावास गरी धर्म सगायना गर्नुमा र थप एक जना भिक्षुले मात्र वर्षावास नगर्नुमा सङ्घहरूको प्रसन्नता छ, सहमति छ भने सबैजना चुप लाग्नुभयो । अतएव यो प्रस्ताव सर्वसम्मतिबाट पास (स्वीकृत) भयो । यसमा सबैको चित्त बुझेको छ भनी विश्वास गर्दछु" ।

यसरी बैधानिक तबरले प्रस्ताव पास भएपछि भिक्षुहरू कोही राजगृह गए भने कोही अन्यत्र । राजगृहमा जाने स्थविरहरूको मनमा यस्तो विचार उत्पन्न भयो –

"भगवान्ले जीर्ण अवस्थामा रहेको विहारको पुनरुद्धार गर्नु बेस छ भनेर भन्नु भएको छ । अतः हामीले जीर्ण अवस्थामा रहेको विहारलाई सच्याउनु पऱ्यो" ।

यति विचार गरी उहाँहरूले भत्की बिग्रिरहेको विहार सच्याउनुभयो । यसरी उहाँहरूले एक महिना बिताउनुभयो ।

उता आनन्द स्थविर भगवान्को चीवर र पात्र बोकेर आफ्नो परिवारसहित श्रावस्ती जानुभयो । उनी श्रावस्तीमा आउनु भएको समाचार पाएर नगरवासी थुप्रै उपासक र उपासिकाहरू धैरै उहाँको अगवानी गर्न आए । भेट भएका सबैले आनन्द स्थविरसँग सोधे :- "भन्ते, पहिलेपहिले तपाईं भगवान्का साथ लाग्नु भई यहाँका साथ फर्कनुहुन्थ्यो । अहिले भने



https://dhamma.digital

तपाईंले भगवान्लाई कहाँ छाडेर आउनु भयो ? उहाँको पात्र-चीवर मात्र तपाईंले ल्याउनुभयो । आजभोलि उहाँ तथागत महाकारुणिक भगवान् कहाँ हुनुहुन्छ ?"

महाजनहरूको मायालु प्रश्नले गर्दा आनन्द स्थविरका आँखामा आँसु उम्लेर आयो । उहाँका आँखाबाट आँसु बगेर आएको देखी सबै जना सुँक्कसुँक्क गर्दै रोए । क्रमसः रोएको शब्द फैलिदै सम्पूर्ण श्रावस्ती नगर विरह-ध्वनिले गुञ्जियो । फेरी एक पटक भगवान् परिनिर्वान हुनु भएको दिनभए जस्तै महारोदन भयो । यसरी जनताहरूको अधीरता देखेर रूखमा बसेको चराचुरुङ्गीहरू पनि कुकुक्क पार्दै शोक गर्न थाले । अन्तमा, आनन्द स्थविरले सबै महाजनहरूलाई थरथराएका वीचमा ओठहरूमा अड्केको तर नम्र नरम स्वरबाट धर्मोपदेश दिदैं धैर्य धारण गराउनुभयो –

"उपासक हो, शास्ताले हामीलाई बारम्बार भन्नु भएको छ कि प्रिय वस्तुबाट वियोग हुनु दुःख, अप्रिय वस्तुसँग संयोग हुनु दुःख हो । सम्पूर्ण संस्कार अनित्य छ एउटा निर्वाणबाहेक अरू कुनै पनि नित्य छैन । जन्म पाएका जति प्राणीहरू छन्, मरणबाट उनीहरूको अन्त नभइ हुँदैन । त्यसकारण, उहाँको स्थूल देह पनि आफूले उपदेश दिनु भएको वचनको प्रमाणझैं सुखमय निर्वाण धातुमा सधैंको लागि परिनिर्वाण हुनुभयो" ।

यसरी अनित्य वर्णन गरी जनसमूहको चित्तलाई शान्त गराई उनी भगवान्को गन्धकुटी गई पहिले भगवान् विराजमान हुँदा जसरी उहाँको सेवा-टहल गर्ने हो, उनी त्यस्तै नै पानी तताई दतिवन राखी पङ्खा हम्की भगवान्को पलङ्मुनि बसेर सेवा टहल गरिरहे । यसरी आनन्द स्थविरले भगवान् नरहनु भएको गन्धकुटीमा भगवान् भएको बेलामा जस्तै सेवाटहल गर्दै एक सप्ताह बिताउनुभयो । पछि एक जना ब्रह्मचारी भिक्षुले धर्म सङ् गायानाका निम्ति राजगृह जानुपर्ने कुरा चढाए । त्यो सुनेपछि उहाँको मनमा यस्तो विचार उत्पन्न भयो : –

"अहो ! बर्षावासको समय नजिक आयो । म भने अर्हत् हुन सकेको छैन । म एक जना मात्र अर्हत् नभई कसरी सङ्गायनामा जाने ! जे होस्, अब शोक मात्र गरेर के गर्नु ! वीर्य बढाउने काममा ध्यान दिनुपऱ्यो" ।

यति मनमा राखी उहाँले स्वास्थ्यको विचारले दूधको बिरेचन लिनु

भई राजगृह जानुभयो । अनि त्यहाँ क्रमशः ध्यान गर्नुभयो । एक दिन उहाँले चक्रमण मात्र गरी ध्यान गर्नुभयो । उत्सन्नवीर्यले गर्दा शरीर क्लान्त भयो । थकाई मार्ने बिचारले उहाँ आफ्नो कोठाभित्र गई पल्टन भनी खाटमा बस्नुभयो । पल्टिन भनी भुइँमा रहेको गोडा उचाली जीउलाई ढल्काउदै शिर तकियातिर पार्नुभयो । शिर तकियामा रहनु अगावै गोडा जमिनबाट उठी सक्यो । यस्तो अवस्थामा उहाँको आस्रव सबै क्षय भई अर्हत् हुनुभयो ।

राजगृहमा राजा अजातशत्रुको संरक्षणमा वेब्भार पर्वतको सप्तपर्णी गुफामा सङ्गायनाका निम्ति सबै जना भेला भए । एकमात्र आनन्दको ठाउँ खाली थियो । उहाँको अनुपस्थितिले गर्दा काम थाल्न बाधा परेको थियो । भिक्षुसङ्घको माझमा उहाँबारे चर्चा चल्यो । ठीक त्यही बेलामा आनन्द स्थविर ऋद्धिबलले "सप्तपर्णी" गुफामा आइपुग्नुभयो । सभामा बसेका सबैको चित्त प्रसन्न भयो । सङ्गायना कार्य प्रारम्भ भयो ।

त्यस सङ्घसभामा सबभन्दा पाको भिक्षु महाकाश्यप महास्थविर हुनुभएकोले उहाँले नै सर्वप्रथम सङ्घसभालाई यस्तो मन्तव्य दिनुभयो–

"आवुसो सङ्घहरू ! यदि तपाईंहरूका चित्त प्रसन्न हुनुहुन्छ भने, तथागत शासनका आयु समान भएको विनयलाई नै हामीले पहिले सङ्गायना गर्नुपर्छ । अतएव म विनयसम्बन्धी प्रश्न सर्वप्रथम उपालि महास्थविरसँग गर्दछु ।

उपालि महास्थविरले पनि सङ्घसभालाई यस्तो सूचना दिनुभयो :–

"भन्ते सङ्घहरू ! यदि तपाईं सङ्घहरूको चित्त प्रसन्न भए महाकाश्यप महास्थविरले सोध्नु हुने विनयसम्बन्धी प्रश्नको उत्तर म दिन्छु" ।

दुबै महास्थविरले परस्पर सङ्घका सम्मुख प्रस्ताव राखेर सङ्घसभाको स्वीकृत लिएपछि क्रमशः यसरी प्रश्न गर्नुभयोः-

"आवुसो उपालि । पाराजिका शिक्षा भगवान्ले कुन ठाउँमा आज्ञा गर्नुभएको हो ?"

"भन्ते ! राजगृहमा" ।

"कसको कारणमा" ?

"सुदिन्न कलन्दक पुत्रको कारणमा" ।

कुन सम्बन्ध विषयपछि ?"



https://dhamma.digital

“मैथुनधर्म सम्बन्धमा” ।

यसरी महाकाश्यप महास्थविरले उपालि महास्थविरसँग पाराजिकाको कुरा सोध्नुभयो, निदान सोध्नुभयो, निदान, व्यक्ति, स्थान, आपत्ति, अनापत्ति हुने कुरा सोध्नुभयो । एउटा नियमको विषयमा सोध्नुपर्ने ठाँउ रहेसम्मका कुरा सोध्नुभयो । उहाँले सोधिएका सबै प्रश्नको उत्तर उपालि महास्थविरले दिनुभयो । यसरी सोधिसकेपछि सबै भिक्षुहरूले त्यसको आवृत्ति गर्नुभयो । यसैप्रकारले महाकाश्यप महास्थविरले सारा भिक्षुहरूका नियम सोध्नुभयो । विनयसम्बन्धी सबै कुरा सोधिसकेपछि महाकाश्यप महास्थविरले आनन्द स्थविरसँग धर्मसूत्रसम्बन्धी प्रश्न गर्न सङ्घसभाका सामु यस्तो प्रस्ताव राख्नुभयो ।

“आवुसो सङ्घहरू, यदि तपाईंहरूको चित्त प्रसन्न छ भने म आनन्द स्थविरसँग धर्मसूत्रसम्बन्धी प्रश्न गर्दछु” ।

आनन्द स्थविरले पनि यस्तो प्रस्ताव राख्नुभयो : –

“भन्ते सङ्घहरू, यदि तपाईं सङ्घहरूको चित्त प्रसन्न छ भने महाकाश्यप महास्थविरले सोध्नु हुने धर्मसूत्रको उत्तर दिन्छु ।

परस्पर यति प्रस्ताव राखिसकेपछि सङ्घको सम्मति लिएर महाकाश्यप महास्थविरले आनन्द स्थविरसँग सबभन्दा पहिले ब्रह्मजालसूत्रको विषयमा यस्तो प्रस्ताव सोध्नुभयो :

“आवुसो आनन्द, ब्रह्मजालसूत्र शास्ताले कुन ठाउँमा उपदेश दिनुभयो ?

“भन्ते ! राजगृह र नालन्दाको वीच अम्बलट्ठिकाको राजागारमा ।”

“के-कसको कारणमा ?”

“सुप्रिय परिब्राजक र ब्रह्मदत्त माणवकको कारणमा” ।

यसरी महाकाश्यप महास्थविरले आनन्द स्थविरसँग निदान, व्यक्ति, स्थान सोध्नुभयो । त्यसपछि सबै सङ्घहरूले आवृत्ति गर्नुभयो ।

यसरी नै उहाँले पाँचै निकायका सूत्रहरू सोध्नुभयो ।

यसरी प्रत्येक सूत्रको विषयमा माथि भनेझैं सोधिसकेपछि हरेक



https://dhamma.digital

सूत्रादिको आशयअनुसार सूत्रको नामकरण गर्नुभयो । उस्तैउस्तै जस्तै समान रूपको सूत्रहरू छुट्टाई वर्ग पनि छुट्याउनुभयो । लामो-लामो सूत्रहरू सबै एकै ठाँउमा राखी निकायको नामकरण गर्नुभयो । यसरी पछिका विद्वान्हरूलाई धर्मसूत्र खोज्न सजिलो तवरले सम्झन सक्ने गरि वर्ग, खण्ड, सूत्र र निकाय छुट्टाई नामकरण गर्नुभयो । यति गरिसकेपछि सम्पूर्ण विनय र धर्म-सूत्र आवृत्ति गर्नुभयो । त्यस बेलादेखि कसैले विशेष रूपले विनय सिक्ने जान्ने बुझ्न विशेष इच्छा जनायो । स्वयम् रीतले पछि-पछिसम्म धर्म र विनयको परम्परा चल्दै आयो ।

तथागत परिनिर्वाण भइसकेपछि उहाँले पैंतालिस वर्षसम्म विभिन्न स्थानहरूमा उपदेश दिनुभएका धर्मस्कन्धहरूमा सर्वप्रथम सङ्ग्रह (सङ्गायना) गरिएको यही नै हो । पाँच सय प्रतिसम्भिदालाभ गरेका अर्हत्हरू बसेर धर्म सङ्ग्रह गर्नुभएको हुँदा यस प्रथम सङ्गीतिलाई पञ्चसतिक पनि भन्दछन । भगवान् बुद्धको मूल धर्मको जरो यही नै हो । यही सङ्गायनाको परम्परा चलिआएकोलाई स्थविरवाद भन्दछन् । यसको वादबाट नै बुद्धधर्मको विभिन्न शाखा प्रशाखा उत्पन्न भएको हो । यसरी शाखा प्रशाखा उत्पन्न भएको पनि भगवान् परिनिर्वाणको एक सय वर्ष जति पछिदेखि हो । बुद्धधर्मको प्राचीन, अर्थात् मूल इतिहास यही हो । यही प्रकारले धर्मको शाखा प्रशाखा प्रकट भएको कुरोलाई **शासनवंसको कथा** भनिन्छ ।

महाकाश्यप महास्थविर आदि पाँच सय प्रतिसम्भिदालाभी अरहन्त महास्थविरहरूले बुद्धशासनलाई चिरस्थायी तुल्याउन चौरासी हजार धर्मस्कन्ध सबै सङ्ग्रह गरिसकेपछि आनन्द स्थविरले सङ्घसभामा यसरी निवेदन गर्नुभयो –

"भन्ते सङ्घहरू, परिनिर्वाणको समयमा भगवान्बाट मलाई आज्ञा भएको छ कि- यदि आनन्द, सङ्घको इच्छा भयो भने मेरो परिनिर्वाणपछि क्षुद्रानुक्षुद्र शिक्षापद म्हास्नु" ।[१]

"आनन्द, तिमीले तथागतसँग क्षुद्रानुक्षुद्र शिक्षापद भनेको के के हुन् भनी साध्यौ कि सोधेन" ?

---

१ आकंखमानो आनन्द संघो ममच्चयेन खुद्दानुखुद्दकानि सिक्खापदानि समूहनेय्य : महापरिनिर्वाण सूत्र ।



https://dhamma.digital

"सोधिन, भन्ते" ।

त्यसपछि यस विषयमा सङ्घसभामा गहन छलफल भयो । कसैले चार पाराजिका शिक्षा छाडी अरू सबै शिक्षापद क्षुद्रानिक्षुद्र शिक्षापद हुनुपर्छ भने । कसैले चाहिं चार पाराजिका र तेऱ्ह सङ्घादिशेष छाडी अन्य सबै शिक्षापद क्षुद्रानुक्षुद्र हुनुपर्छ भने । फेरि कसैले पाराजिका, सङ्घादिशेष तथा दुई अनियत शिक्षा छाडी अरू सबै शिक्षापद क्षुद्रानुक्षुद्र शिक्षापद हुनुपर्छ भने । यसरी विविध विचार प्रकट गरियो । अन्तमा, चार पाराजिका, तेऱ्ह संधाविषेश, दुई अनियत, तीस निसग्गिय पाचित्तिय, बयानब्बे पाचित्तिय र चार पाटिदेशनीय छाडी अन्य सबै शिक्षापद क्षुद्रानुक्षुद्र शिक्षापद हुनुपर्छ भनेर भने । यसरी क्षुद्रानुक्षुद्र शिक्षापदसम्बन्धी अनेक छलफल भइसक्दा पनि क्षुद्रानुक्षुद्र शिक्षापदको विषयमा तथागतको धारणा यही हो भन्ने निश्चित गर्न नसकेपछि सङ्घसभाका नायक हुनुभएका महाकाश्यप महास्थविरले यस विषयको निर्णय यसरी गर्नुमा बुद्धिमानी हुनेछ भन्ने सम्झी सङ्घसभालाई यसरी निवेदन गर्नुभयो : –

**ज्ञप्ति (Proposal) प्रस्ताब** : "आयुष्मान् सङ्घ, हाम्रा शिक्षापदहरू गृहीगत पनि छन् र गृहस्थहरूलाई यो कुरो पनि थाहा छ कि श्रमण शाक्यपुत्रहरूलाई यो योग्य यो अयोग्य भनेर । यदि हामीले क्षुद्रानुक्षुद्र शिक्षापद यही हो भनेर त्यसलाई मास्यौं भने लोकले हामीलाई यो पनि भन्न सक्छ : श्रमण गौतमले श्रावकहरूका निम्ति धूम्रकालिक शिक्षापद बनाइदियो, गौतम रहुन्ज्याल मात्र उनीहरूले गौतमका शिक्षा पालन गरे, गौतम परिनिर्वाण हुनेबित्तिकै पालन गर्न छाडे ।[२]

अतएव मेरो विचारमा यदि सङ्घसभाको एउटै राय, एउटै विचार भए सङ्घहरूले भगवान्ले प्रज्ञप्त नगर्नुभएको शिक्षापद नबनाउने, प्रज्ञप्त गरिराख्नु भएको शिक्षापद नबिगार्ने बरू भगवान्ले बनाईराख्नु भएको शिक्षापदहरूको

---

२ सन्तम्हाकं सिक्खापदानि गिहीगतानि । गिहिनोपि जानन्ति इदं वो समणानं सक्यपुत्तियानं कप्पति इदं वो नकप्पति । सचेमयं खुद्दानुखुद्दकानि सिक्खापदानि समूहनिस्साम भविस्सन्ति वत्तारो धुमकालिकं समणेन गोतमेन सावकानं सिक्खापदं पञ्ञत्तं याविमेसं सत्था आसि ताविमे सिक्खापदेसु सिक्खिसु, यतो इमेसं सत्था परिनिब्बुतो नदानिमे सिक्खापदेसु सिक्खन्तीति । चूलवग्ग ।



https://dhamma.digital

पालन गर्नु नै बेस भैँ लाग्छ ।[३]

यति भन्नु भई पुनः महाकाश्यप महास्थविरले यस प्रस्तावमा सबैको सहमति छ कि छैन भन्ने निश्चित रूपले जान्न निम्न प्रस्ताव पेश गर्नुभयो –

“आवुसो सङ्घ, यो अवस्थामा आफ्नो स्वीकृति दिने अवस्था हो । यसर्थ जसलाई भगवान्‌ले नबनाएका शिक्षापद नबनाउने, बनाइसकेको शिक्षापद नबिगार्ने बाँकी बनाइराखेको शिक्षापदमा अवनत भई ती शिक्षा पालन गर्नुमा राजी भएमा ऊ चुप लाग्नु, राजी वा सहगत छैन त्यसैले बोल्नू ।” – यो अनुश्रावण भयो ।

अनुश्रावण गरिसकेपछि प्रस्तावको विपक्षमा कसैले केही नबोलेमा पछि महाकाश्यप महास्थविरले यो प्रस्तावलाई सर्वसम्मतिबाट पारित गरेको ठान्नु भई यसो भन्नुभयो –

“सङ्घको तथागतले नबनाएको शिक्षापद नबनाउने र बनाई राखेको त्यो शिक्षापद नबिगारी भए जति शिक्षाको पालन गर्न सबैजना राजी छन्, र सहमत स्वीकृति छ, यसर्थ सङ्घहरू सबै चुप लाग्नुभयो अतएव यो प्रस्ताव सर्वसम्मत रूपमा पारित भयो भन्ने निश्चय गऱ्याैं ।” यस्तो धारणा भयो –

यसरी बुद्धद्वारा प्रज्ञप्त गर्नुभएको सम्पूर्ण शिक्षापद जस्ताको तस्तै रक्षा गर्ने विषयमा निश्चय गरिसकेपछि स्थविर भिक्षुहरूले आनन्द भिक्षुलाई यस्तो भन्नुभयो : –

१ - आवुसो आनन्द, यो तिम्रो दुष्कृत्य हो; किनभने तिमीले भगवान् को उपस्थितिमा क्षुद्रानुक्षुद्र शिक्षा के हो भनी सोधेनौ । अतएव यस विषयमा तिमी क्षमाप्रार्थना (देशना) गर” ।

“भन्ते, बिस्मृति भएर मैले त्यो कुरो भगवान्‌सँग सोध्न सकिन । यसमा मैले दुष्कृत्य देखिन । तथापि तपाईंहरूको वचनलाई शिरोपर गरेर क्षमाप्रार्थना गर्छु ।[४]

२ - “यो पनि तिम्रो दुष्कृत्य हो, आनन्द, जो तिमीले तथागतको वर्षाण-वस्त्र पाउले टेकेर सियौ । यस विषयमा पनि क्षमा प्रार्थना गर” ।

[३] यदि संघस्स पत्तकल्लं संघो अप्पञ्ञत्तं न पञ्ञपेय्य, पञ्ञत्तं न समुच्छिन्देय्य यथा पञ्ञत्तेसु सिक्खापदेसु समादाय वत्तेय्य -चूलवग्ग

[४] अपिचायस्मन्तानं सद्धाय देसेमि तं दुक्कटन्ति । -चूलवग्ग



https://dhamma.digital

"भन्ते, त्यो वस्त्र मैले न त अनादर गरी कुल्चेको हुँ; न म यसमा दुष्कृत्य देख्छु" तथापि तपाईंहरूको वचनलाई शिरोपर गरी क्षमा प्रार्थना गर्दछु" ।

३ - "आनन्द, यो पनि तिम्रो दुष्कृत्य हो, जो तिमीले तथागतको शरीरलाई आँसुले भिज्ने गरी सबभन्दा पहिले रोइरहेकी नारीहरूबाट प्रणाम गरायौ । यस पनि तिमीले क्षमा प्रार्थना गर" ।

"भन्ते, मैले ती नारीहरूलाई ढिलो नहोस् भन्ने विचारले तथागतको शरीर सबभन्दा पहिले प्रणाम गर्न दिएको हुँ । यसमा पनि म दुष्कृत्य देख्दिन । तथापि, तपाईंहरूको वचनलाई शिरोपर गरी क्षमा प्रार्थना गर्दछु" ।

४ - आनन्द, यो पनि तिम्रो दुष्कृत्य हो; किनभने भगवान्ले त्यस्तो स्पष्ट रूपमा आज्ञा दिँदा पनि भगवान्सँग एक कल्पसम्म जीवित हुनु हवस् भनी प्रार्थना गरेनौ । यस बारे पनि तिमी क्षमाप्रार्थना गर ।

"भन्ते, मलाई मारले छोपेको हुँदा मैले भगवान्सँग त्यसरी प्रार्थना गर्न सकिन । यसमा पनि मैले दुष्कृत्य देखिन । तथापि तपाईंहरूको वचन शिरोपर गरी क्षमा याचना गर्दछु ।

५ - आनन्द, यो पनि तिम्रो दुष्कृत्य हो; किनकि तिमीले तथागतको धर्म-विनय (शासन) मा नारीहरूलाई प्रव्रजित गराउने काममा प्रोत्साहन दियौ । यस विषयमा पनि तिमी क्षमा याचना गर ।

"भन्ते, मैले प्रजापति गौतमीलाई भगवान्की मुमाको साखै बहिनी ठानेर भगवान्की मुमाको स्वर्गवास भएपछि प्रजापति गौतमीले नै उहाँलाई स्तनपान गराई पोषण गरिन् । त्यसलाई ठूलो उपकार ठानेर नारीहरूलाई तथागतको धर्मविनयमा प्रव्रजित गराउन प्रोत्साहन दिएँ । त्यसमा पनि मैले दुष्कृत्य देख्दिन । तथापि तपाईंहरूको वचनलाई शिरोधार्य गरी क्षमा प्रार्थना गर्दछु" ।[५]

"भन्ते, परिनिर्वाणको समयमा भगवान्ले मलाई भन्नु भएको छ कि-छन्न भिक्षुलाई ब्रह्मदण्ड देऊ" ।

---

[५] आनन्द स्थविरलाई दोषी गरेको विषयमा सर्वास्तिहरूको विनय 'दुल्वा' भन्ने तिब्बती पुस्तकमा आनन्द स्थविर अर्हत् हुनुअगावै नै उहाँलाई दोष लगायो भनी भनेका छन् – Life of the Buddha, by Rockhill (1907)

"अनि आनन्द, तिमीले तथागतसँग ब्रह्मदण्ड भनेको के हो भनेर सोध्यौ त" ?

"सोधेको छु भन्ते" !

"त्यसो भए छन्न भिक्षुलाई ब्रह्मदण्ड दिन तिमी नै जाऊ" । "म एकलै जान सक्तिन । भन्ते । छन्न भिक्षु बडो चण्डाल छ ।" "त्यसो भए अन्य भिक्षुहरू साथ लिएर जाऊ" ।

यस्तो कुरो सुनेपछि आनन्द स्थविर धेरै भिक्षुहरू साथ लिएर कौशाम्बी नगर गई त्यहाँ उदेन राजाले प्रसन्नतापूर्वक दिएका सयकडौ चीवर दान लिई घोषितारामका छन्न भिक्षुकहाँ गई छन्न भिक्षुलाई तथागतले ब्रह्मदण्ड दिनु भएको सबै कुरा बताई ब्रह्मदण्ड दिए । छन्न भिक्षु ब्रह्मदण्डको कुरा सुनेर निकै दुःखित भयो । उसले शोक गऱ्यो, पश्चात्ताप गऱ्यो । पश्चात्तापको कारणले उसले मन खिन्न गरी विरही भएर एकान्तमा बसी विदर्शना वृद्धि गरे । अन्तमा सबै चित्तमल नष्ट गरी ऊ अर्हत् भयो । अर्हत् भइसकेपछि ऊ ब्रह्मदण्डबाट मुक्त भयो ।

तथागतको परिनिर्वाणपछि सर्वप्रथम राजगृहको सप्तपर्णी गुफामा प्रथम सङ्गायना भएको कुरा उभयपाक्षिक–थेरवादी र महायानी–बौद्ध लोकले निर्विवाद स्वीकृत गर्छन् । सोही विचार प्रकट गर्दै विलियम गाइगर महाशयले आफ्नो महावंश अनुवादको भूमिकामा यस्तो भनेका छन् – The same is found in the later tradition among the Northern Buddhist Sources dealing with the first council. I mention the Mahavastu. Here in agreement with southern tradition Kashyap is given as the originator of the council the number of the Bhikkhus taking part in it is stated to be 500 and the place the Saptaparna grotto near Rajagriha"[६]

फाहियानले (४०० ई.) मा यसो भनेका छन् । केवल ह्वेन साँगले (६५० ई) मा मात्र सङ्गायनामा (१०००) एक हजार भिक्षुहरू छन् भनेर भनेका छन् भनी बिल महाशयको पुस्तकमा छ ।[७] यो प्रथम सङ्गायना निर्मल

---

६ The Mahavansa, by Wilhelm Gieger p. tiv

७ Beal's Buddhist Records, ipp. x-lxi 162, 164, Legge's records of Buddhistic Kingdoms 85



https://dhamma.digital

बुद्धधर्मको जरो हो, जग हो तथा मूल धर्मको भण्डार हो ।

१–भगवान् परिनिर्वाण हुनुभएको दिन, अथवा तिथि के हो ?

भगवान् परिनिर्वाण हुनुभएको तिथि वैशाख पूर्णिमा हो, अर्थात् सूर्यमास नक्षत्र क्रमको हिसाबले वैशाख महिनाको पन्ध्रौं दिनमा हो । यो धारणा बर्मा, श्रीलंका, थाईल्याण्ड, कम्बोडिया र भारत (वासी) सबै ठाउँमा छन् । तिब्बतमा पनि यस्तै छ । मूल पालि र संस्कृत बौद्ध वाङ्मयमा यसको प्रशस्त प्रमाण छ । शासनबंशमा त वारसमेत खुलेको छ । तद्नुसार वैशाख पूर्णिमा मङ्गलवार हो । समन्तपासादिकामा बैशाख पूर्णिमाको बिहान परिनिर्वाण हुनुभयो भन्ने धारणा छ ।[८]

जापानीहरूले फेब्रुअरी १५ तारिख मान्छन् ।

फ्लीट **(Fleet)**[९] महाशयको कुरो हेर्दा तथागतको जीवनमा वैशाख महिनाको नाउँ धेरै पटक आएकोले घटना शङ्कास्पद छ भन्ने आशय प्रकट गरिएको छ । यो फ्लीट महाशयको कमजोरी तर्क जस्तो लाग्छ । सम्भवतः उहाँको मनमा शङ्का उत्पन्न भएकोले त्यसो भएको हुन सक्छ, जसको कारण यसरी उहाँले प्रस्तुत गर्नुभयो – सर्वास्तिवादी हुयेन साँगले भगवान्को परिनिर्वाण आठौं महिनाको शुक्लपक्ष ८ का दिन भएको हो भनी बताएको छ अरे ।[१०] तदनुसार गन्दा यदि वर्ष गन्ने तरिका भारतमा जस्तै भएको हो भने कार्तिक शुक्ल ८ हुन आउँछ । किन्तु वर्ष गन्ने क्रमचाँही सबै ठाउँमा एकनासको छैन ।

अति सुदूर देशमा यो विषय अलि भिन्न भएमा पनि अखण्डरूपमा चलि आएको भारतीय आचार्यहरूको परम्परागत धारणानुसार तथा मूलपालिको प्रमाण अनुसार निर्वाण भएको दिन र तिथि बैशाख पूर्णिमा नै हो । यसर्थ महावंशमा भनिएको छः –

**"कुसिनारायं यमकसालानमन्तरे वरे ।**
**वेसाख पुण्णमायं सो वीपो लोकस्स निब्बुतो**[११] **॥**

---

८ बिसाख पुण्णमि दिवसे पच्चूससमये अनुपादिसेसाय निब्बान धातुया परिनिब्बुतो । – समन्तपासादिका

९ "The day on which Buddha died" J.R.A.S 1909.

१० Beal's Buddhist Records of the Western World ii P.33.

११ महावंश ३–२, दीपवंशमा पनि ५–१



https://dhamma.digital

भगवान् परिनिर्वाण हुनु भएको बखतमा बिम्बिसार राजा स्वर्गबास भएको आठ (८) बर्ष ब्यतीतभएको थियो । अजातशत्रुलाई अभिषेक प्राप्त भएको उतिनै वर्ष भयो ।[१२]

बिम्बिसार राजा भगवान्भन्दा पाँच वर्षको कान्छा थिए । पन्ध्र वर्षको छँदा उनलाई राज्य प्राप्त भयो ।

अभिषेक प्राप्त गरी १६ वर्षको उमेरमा राजा बुद्धको शरणमा गयो । त्यसपछि ३७ वर्षसम्म शासनगरी ६७ वर्षको उमेरमा उनको स्वर्गवास भयो ।[१३]

(२) कुन महिनामा, कुन तिथिमा सङ्गायनाको काम प्रारम्भ भयो र कति महिना ब्यतीत भयो ?

समन्तपासादिकादि ग्रन्थमा भगवान् परिनिर्वाण हुनु भई एक पक्षपछि[१४] धर्मसङ्गायना गर्न महाकाश्यप महास्थविरले लाखौं भिक्षुहरूबाट ५०० प्रतिसम्भिदालाभी अर्हत् भिक्षुहरू छानियो भनी भनेका छन् ।

यस विषयमा दीघनिकाय अर्थकथामा स्पष्ट रूपले प्रत्येक कुरो छुट्टाछुट्टै यसो भनेका छन्–

“भगवान् परिनिर्वाण भइसकेपछि एक सातासम्म उहाँको सुवर्ण देहलाई पूजा सत्कार गरे । एक सातासम्म चित्तामा आगो बल्यो । एक सातासम्म धातुपुजा गरे ।–यसरी तीन साता बिते[१५] ।

तीन साता बितेपछि एकाइसौं (२१) दिनमा ज्येष्ठ मूल शुक्लपक्षको पञ्चमीको दिन धातु बिभाजन गरे[१६] ।

सोही बेला महाकाश्यप महास्थविरले सुभद्र भिक्षुद्वारा प्रकाशित भएको कुरा प्रस्तुत गर्दै सङ्गायनाको निम्ति ५०० भिक्षुहरू रोज्नुभयो । भिक्षुहरू रोजिसकेपछि उहाँले यसो भन्नुभयो –

---

१२ अट्ठवस्साभिसित्तस्स सम्बुद्धो परिनिब्बुतो–(दीपवंश ३–३०, महावंश २–३२, समन्तपासादिका पृ. ४२)

१३ महावंश २–२६, ३० दीपवंश ३-५६, ५९

१४ परिनिब्बाणतो अड्ढमासो अतिक्कन्तो– समन्तपासादिका पृ. ५

१५ सुमङ्गलविलासिनि पृ. ५

१६ जेट्ठमूल सुक्कपक्ख पञ्चमीयं पन धातुयो भाजयिंसु सुमङ्गल बिलासिनी, पृ. ५



https://dhamma.digital

"आवुसो ! गृष्मऋतु[१७] डेढ महिना बाँकी छ। त्यस पछि वर्षावास बस्ने दिन भयो। यसर्थ सबै जना यथासमय राजगृह आइपुग्नुपर्छ[१८]।

यस सम्बन्धमा पनि दीघनिकाय अर्थकथाको निश्चयात्मक रूपमा बर्षावास बस्न चालीस दिन मात्र बाँकी छ भनी स्पष्टीकरण दिइएको छ।[१९]

समन्तपासादिकामा सामान्य व्यवहारमा भनियो। दीघनिकाय अर्थकथामा दिन गनेर निश्चित रूपमा भनियो। अतएव यथार्थ दिन बुझ्न पछिको कथानुसार निश्चित गर्नुपर्‍यो।

यहाँ महिनाको गन्तीको क्रम सूर्यमास क्रम हो। बुद्धशासनमा व्यवहार भइराखेको महिनाको हिसाब निम्नलिखित तालिकाअनुसार बुझ्नुपर्छ। पालि साहित्यमा शासनिक कार्यको थालनी तीन ऋतुमा मात्र प्रचलित छ।[२०]

प्रत्येक ऋतुमा चार महिना र आठ उपोसथ हुन्छन। प्रत्येक ऋतुको तृतीया र सप्तमी उपोसथ चातुद्दसी हुन्छ। बर्षा ऋतुको प्रथम दिनमा प्रथम बर्षावास गर्ने। द्वितीय बर्षावास गर्ने दिन बर्षा ऋतुको दोस्रो उपोसथको भोलिपल्ट हुन्छ। अर्थात् यहाँ देखाइएको तालिकाअनुसार शुभारम्भ श्रावण कृष्ण १ का दिन हुन्छ।

| **उपोसथ हेमन्त ऋतु** | **उपोसथ गृष्म ऋतु** | **उपोसथ बर्षा ऋतु** |
|---|---|---|
| १–कात्तिक कृष्ण–१५ | १–फागुण कृष्ण–१५ | १–आषाढ कृष्ण–१५ |
| २–मंगसीर शुक्ल–१५ | २–चैत शुक्ल–१५ | २–श्रावण शुक्ल–१५ |
| ३–मंगसीर कृष्ण–१४ | ३–चैत कृष्ण–१४ | ३–श्रावण कृष्ण–१४ |
| ४–पुष शुक्ल–१५ | ४–बैशाख शुक्ल–१५ | ४–भाद्र शुक्ल–१५ |
| ५–पुष कृष्ण–१५ | ५– बैशाख कृष्ण–१५ | ५–भाद्र कृष्ण–१५ |
| ६–माघ शुक्ल–१५ | ६–ज्येष्ठ शुक्ल–१५ | ६–असोज शुक्ल–१५ |
| ७–माघ कृष्ण–१४ | ७–ज्येष्ठ कृष्ण–१४ | ७–असोज कृष्ण–१४ |
| ८–फागुण शुक्ल–१५ | ८–आषाढ शुक्ल–१५ | ८–कार्तिक शुक्ल–१५ |

१७ फग्गुनस्स कालम्हा याव आसळ्हि पुण्णमा। गिह्म कालोति विञ्ञेय्य अट्ठ होन्ति उपोसथा।–विनयत्थ मञ्जुसा पृ. १३

१८ इदानि गिम्हानं दियड्ढो मासो उपकट्ठा च वस्सुपनायिकाति समन्तपासादिका पृ. ५

१९ आवुसो इदानि तुम्हाकं चत्तालीस दिवसो आकासो–सुमङ्गलविलासिनी पृ. ५

२० चतुरो चतुरो मासा, कत्तिक कालपक्खतो।
इमा हेमन्त, गिम्हान, वस्सान उतुयो। –अभिधानप्पदीपिका ७८



https://dhamma.digital

यसरी महापरिनिर्वाणको २१ सौँ दिन भिक्षुहरू रोजेर उनी महास्थविरहरू आफू आफ्ना बाटो लागे । क्रमशः सङ्गायनामा जानुपर्ने भिक्षुहरू सम्पूर्ण आषाढको शुक्लपक्षमा राजगृह गए ।[२१] अनि त्यहाँ महास्थविरहरू भेला भई आषाढ पूर्णिमाका दिन गृष्म ऋतुको अन्तिम दिन उपोसथ गरी त्यसको भोलिपल्ट आषाढ कृष्ण प्रतिपदाको दिन बर्षावास समादान गरिने भयो । यतिबेला महस्थविरहरूको बीचमा यस्तो सल्लाह भयो कि बर्षादको पहिलो महिनाभरि विहारप्रति संस्कारणादि गर्नुपर्ने काम गरी दोस्रो महिनामा धर्म सङ्गायना गरौं ।[२२]

एक महिनासम्म विहार प्रतिसंस्करण गरिसकेपछि स्थविरहरूले अजातशत्रु राजालाई सङ्गायना गर्ने ठाँउमा ५०० भिक्षुहरू बस्ने आसन तयार गर्नुपर्‍यो भनी सूचना दिए । त्यसकारण, समन्तपासादिकामा "**थेरो पठमं मासं सब्ब विहारं पटिसंखरापेत्वा रञ्ञो आरोचेसि**" भनेको हो[२३]। अजातशत्रु राजाले यथासमय सबै आसन तयार गराएपछि स्थविरहरूसँग निवेदन गरे । त्यसको भोलिपल्ट सबै महास्थविरहरू भोजन पश्चात् निर्धारित स्थानमा गई सङ्गायनाको कार्य प्रारम्भ गरे । त्यसकारण यसो भनेको छ :-

**"वस्सानं दुतिये मासे, दुतिये दिवसे पन ।**
**रुचिरे मण्डपे तस्मिं, थेरा सन्निपतिसु ते**[24] **।"**

अर्थात् वर्षाद्को दोस्रो महिनामा, दोस्रो दिनमा, भव्य मण्डपमा स्थविरहरू सङ्गायनामा भेला भए ।

दोस्रो महिना भनेको श्रावणमहिना हो । दोस्रो दिन भनेको के हो त ? त्यसो भन्नुको सम्पूर्ण के हो भने - अजातशत्रु राजाले सङ्गायना गर्न आसन तयार पारिसके भनी भनेको दिन स्थविरहरूले आनन्द स्थविरलाई यसो भने– "आवुसो, भोलि सङ्गायनाको कार्य प्रारम्भ हुने भयो । तिमी

---

२१ उपागुं महं, आसळ्हि सुक्कपक्खम्हि, सुक्कपक्ख ठितत्थिका । सम्पन्न चतु पच्चयं ॥ महावंश ३–१४

२२ हन्द मयं आवुसो पठमं मास खण्डफुल्ल पटिसंखरणं करोम, मज्झिम मासं सन्निपतित्वा धम्मं च विनयं च संगायिस्साम । –चूलवग्ग पृ. ४०६

२३ महावंशमा पनि- "वस्सानं पठमं मासं सब्बसेनासनेसुपि । कारेसुं पटिसंखारं वत्वानाजातसत्तु नो ३-१६ ॥

२४ महावंश ३-२६



https://dhamma.digital

भने शैक्ष सकरनिय नै छौं । शैक्षसमान भएर सम्मेलनमा जान योग्य छैन । अतएव अप्रमादी होऊ[२५]" स्थविरहरूको यस्तो वचनले आनन्द स्थविरलाई निकै उत्साहित गऱ्यो । उहाँले वीर्य गर्नुभयो । अन्तमा उहाँले अरहतफल साक्षात्कार गर्नुभयो । उहाँ अरहत् भएको भोलिपल्ट सङ्घहरू सङ्गायना गर्न भेला भए । त्यसकारण दोस्रो दिन भनेर भनेको हो ।

उपयुक्त कुराबाट यो स्पष्ट भयो कि सङ्गायनाको काम वर्षात् ऋतुको दोस्रो महिनामा अर्थात् श्रावणको कृष्णपक्षमा प्रारम्भ भयो । तिथि चाहिँ - श्रावण कृष्णको पञ्चमी हो । यो तिथिसम्बन्धी कुरा अन्य ग्रन्थहरूमा छैन । किन्तु त्यो दीघनिकायार्थकथामा देखिन्छ । त्यसमा यसो भनिएको छ :- "अनि स्थविर भिक्षुहरू दोस्रो दिन पक्षको पञ्चमीका दिन धर्मसभामा एकत्र भए [२६] ।

संगायनाको विषयमा दीपवंशमा पनि भगवान् परिनिर्वाण भएर तीन महिना ब्यतीत चार महिना लागेको भनेर भनिएको छ । यस हिसावले भाद्र महिनाको प्रारम्भ भनेर भन्न सकिन्छ । किन्तु त्यहाँ दोस्रो वर्षावास गर्ने समयमा भनी राखेको वर्षात्को दोस्रो महिनामा ठहर्न आउँछ [२७] । तीन महिना नाघेर चार महिना लागेको बेला भनेको समान्य व्यवहारको हिसाव हुन सक्छ ।[२८]

सङ्गायनाको काम कुरामा कति महिना बित्यो भन्ने विषयमा जहाँ पनि सात महिना बित्यो भन्ने गरिएका छन् । यथा : –

**"सत्तमासेहि निट्ठासि पठमो सङ्गहो अयं**
**एवं सत्तहि मासेहि धम्म सङ्गीति निट्ठिता**[२९]

---

[२५] स्वे आवुसो सन्निपातो त्वं च खो सेक्खो सकरणीयो तेन ते नयुत्त सन्निपात गन्तुं अप्पमत्तो होहीति - समन्तापासादिका पृ. ७

[२६] अथ थेरा भिक्खु दुतिय दिवसे पञ्चमीयं पक्खस्स कतभत्तकिच्चा पत्तचीवर पटिसपेत्वा धम्म सभायं सन्निपतिसु । - सुमंगलविलासिनी, पृ. ८सारार्थदीपनि विनय टीकामा पनि ' धम्म सभायं सन्निपतिता' भन्ने पदको अर्थ बताएको ठाँउमा 'पक्खस्स पञ्चमियं सन्निपतिसु' भनी लेखिएको छ - पृ. ५०

[२७] पाणिनं अनुकम्पाय, सासन दीघकालिकं,
अकासि धम्म संगाहं, तिण्णं मासानं अच्चये ।
सम्पत्ते चतुत्थेमासे, दुतिये वस्सूनायिके । दीपवंश ४-३४

[२८] साधारण व्यवहारमा भन्दा भाद्र महिनामा भने पनि फरक पर्दैन ।

[२९] सुमंगल विलासिनी पृ. ११, समन्त पासादिका पृ. १०



https://dhamma.digital

यहाँ विचार गरी हेर्दा फागुनको कृष्ण पक्षतिर सङ्गायनाको काम समाप्त भयो भन्ने कुरो बुझिन्छ ।

(३) त्यस सभामा अग्रस्थानप्राप्त भगवान्का मुख्य-मुख्य शिष्यहरू पनि छन् कि ? छन् ।

दीपवंशानुसार त्यस सभामा उपस्थित भएका अग्रस्थान[३०] प्राप्त भगवान्का प्रमुख शिष्यहरू ९ जना रहेको बुझिन्छ । यथा :–

१) "धुतंगमा अग्रस्थानप्राप्त महाकाश्यप महास्थविर,

२) बहुश्रुतमा अग्रस्थानप्राप्त आनन्द महास्थविर,

३) विनयमा अग्रस्थानप्राप्त उपालि महास्थविर,

४) दिव्यचक्षुमा अग्रस्थान प्राप्त अनुरुद्ध महास्थविर,

५) अवबोध हुनुमा (परिमाण) अग्रस्थानप्राप्त वंगीस महास्थविर,

६) धर्मोपदेश गर्नुमा अग्रस्थानप्राप्त पूर्ण महास्थविर,

७) विचित्र धर्मोपदेश गर्नुमा अग्रस्थानप्राप्त कुमारकाश्यप महास्थविर,

८) विभक्त भाषणमा अग्रस्थानप्राप्त कात्यायन महास्थविर,

९) प्रतिसम्भिदा[३१] चारमा अग्रस्थानप्राप्त कोष्ठित महास्थविर[३२] ।"

अन्य महास्थविरहरू सबै चतुप्रतिसम्भिदालाभी निक्लेशी अरहत्त हुन् । भगवान्का मुख्य श्रावकहरूसहित पाँच सय महास्थविरहरू जम्मा भएर सङ्ग्रह गरिएको धर्मसमूह हुँदा यसलाई थेरवाद भनियो । त्यसकारण भनिएको छ :-

**"थेरेहि कत सङ्गहो थेर वादोचि वुच्चति**[३३]

---

३० हेर, लेखकको सङ्क्षिप्त बुद्ध जीवनी पृ. १०२

३१ हेर, लेखको धम्मपदट्ठकथा परिशिष्ट ४४

३२ **धुतवादानं अग्गोसो कस्सपो जिनसासने**
**बहुस्सुतानं आनन्दो विनये उपालि पण्डितो ॥**
**दिब्बचक्खुम्हि अनुरुद्धो वंगीसो पटिभाणवा**
**पुन्ना च धम्म कथिकानं चित्रकथी कुमार कस्सपो ॥**
**विभज्जनम्हि कच्चानो कोट्ठितो पटिसम्भिदा ।**
**अञ्ञेपत्थि महाथेरा अग्गनिक्खितका बहु ॥**
-- (दीपवंश, ४-७-९)

३३ दीपवंश, ४-११



https://dhamma.digital

४) धर्म र विनयको सङ्ग्रह गऱ्यो भनेको मतलब के हो ?

विनयलाई छाडेर अन्य बाँकीरहेका सम्पूर्ण बुद्धवचन धर्म हुन् । धर्म भनिएकोलाई छाडेर बाँकीरहेको सम्पूर्ण बुद्धवचन विनय हुन् ।

विनय भनेको भिक्षु र भिक्षुणी, उपासक र उपासिकाहरूका विषयमा विधान, नियम, उपनियम, वारित्र शील सम्बन्धमा उपदेश गरी राखिएको तथागतको उपदेश हो । धर्म भनेको कुशल, कुशलदेखि निर्वाणसम्म अववोध गर्ने साधन भएको तथागतबाट उपदेश गरी राखिएको शील, समाधि तथा प्रज्ञा ज्ञानको समूह हो ।

सङ्गायनामा किन सर्वप्रथम विनय सङ्ग्रह गरेको ?

सबै सङ्घको सम्मतिले ।

कसरी ?

सङ्गायनाको कार्य प्रारम्भ गर्न सर्वप्रथम महाकाश्यप महास्थविरले सङ्घसभामा "सर्वप्रथम के सङ्ग्रह गर्नुपर्ला" ? भनी सोधनी गर्दा "सर्वप्रथम विनयको सङ्ग्रह गर्नुपर्ला" भन्ने उत्तर आयो । किनभने, **विनय नै शासनको आयु** सम्झिइन्छन् । विनय रहेमात्र शासन रहन्छ, विनय रहेन भने शासन पनि रहन सक्तैन[३४] । विनय सम्बन्धमा विचारधारा फरक पर्दैआएपछि तथागतको शासनमा अनेक शाखा प्रशाखाको प्रादुर्भाव भयो । कालान्तरपछि सरल विनय सूत्रादिको पनि रचना भयो । जुन कारणले गर्दा सम्भवतः थेरवादले आफ्नो मातृभूमि छिट्टै छाड्नुपऱ्यो । आजसम्म पनि थेरवादले के दियो भनी सारलाई एकातिर पन्छाई बाहिर-बाहिरको असार अर्थात् ब्रोक्रा मात्र पल्टाई यताउता छर्ने दिइने व्यक्तिहरू छन-- यो त संसारको स्वभावनै हो । फल फलेका वृक्षमा काम नलाग्ने पात, बोक्रा आदि पनि हुन्छन् । तथापि यो जाने देखिएको हो सो नभएदेखि कामै नलाग्ने त हुँदैन नि ।

त्यसकारण, विनय शासनको आयु हो । सङ्गायना गर्नुपर्ने मुख्य उद्योग नै शासन चिरस्थायी गर्नु हो । अतएव सर्वप्रथम विनयको नै सङ्गायना गर्न युक्ति युक्त ठहरियो । सर्वसङ्घको सम्मतिले महाकाश्यप महास्थविरले

३४ आवुसो किं पठमं संगायाम धम्मं वा विनयं वाति ? भिक्खु आहंसु -भन्ते महाकाश्यप, विनयो नाम बुद्ध सासनस्स आयु, विनये ठिते सासनं ठितं होति तस्मा पठमं विनयं संगायामाति -- (समन्त पासादिका पृ. ७)



https://dhamma.digital

शासन चिरस्थायी गर्ने दृष्टिले उपालि महास्थविरसँग विनय सम्बन्धी सबै प्रश्न सोध्नुभयो। तदनन्तर आनन्द स्थविरसँग धर्म र (सूत्राभिधर्म) सम्बन्धी प्रश्न गर्नुभयो।

यसरी दुई नामले मात्र धर्म सङ्गायना किन गर्नुपऱ्यो ?

सम्भवतः भगवान्ले परिनिर्वाण समयमा "आनन्द, म निर्वाण भइसकेपछि तिमीहरूले हाम्रा शास्ता रहेनन् भनी शोक गर्नु पर्दैन। मेरो शेषपछि मैले उपदेश गरेर प्रज्ञापित गरेको धर्म र विनय नै तिमीहरूको शास्ता हुनेछ, गुरु हुनेछ"[३५] भनी भन्नु भएकोले यसो गरेको हुन सक्छ।

धर्म र विनय भनेको के हो ?

धर्म भनेको सूत्रादि र धर्म दुवै हुन्। विनय भनेको सबै विनयपिटक हो। त्यसकारण, धर्म र विनयको विभाजन गरी देखाइराखेको ठाँउमा बुद्धघोष अर्थकथाचार्यले अवशेष बुद्ध-वचन सबैलाई धर्म भनी ठहऱ्याएको हुन्[३६]।

सङ्गायना भइसकेपछि आचार्यहरूले धर्मसङ्ग्रहमा रहेको विशेष धर्म, परमार्थ धर्म (चित्त चेतसिक) सबै एकत्र गरी अभिधर्म भनेर विभाजित गरे। यसरी धर्म सङ्ग्रह भनिएकोमा सूत्रपिटक र अभिधर्मपिटक दुबै अन्तर्गत भयो। त्यसकारण समन्तपासादिकामा, सङ्ग्रहित सबै धर्मविनयलाई तीन प्रकारले विभाजित गरी देखाइएकोमा विनयपिटकादि भनी भनेको हो[३७]। यसको विस्तारपूर्वक कुरा तीन पिटकको कुरामा आउँछ।

ल्हासाको दुल्वा भन्ने सर्वास्तिवादीहरूको विनय पुस्तकको दोस्रो भागमा उपयुक्त विषयमा यसो भनिएको छ - धर्मको कुरा आनन्द महास्थविरले भन्नुभयो। विनयको कुरा उपालि महास्थविरले भन्नुभयो। त्यस्तै, मात्रिका (मातिका) - अभिधर्म) यो कुरा महाकाश्यप महास्थविरले भन्नुभयो।[३८]

---

३५ यो खो आनन्द मया धम्मो च विनयो च देसितो पञ्ञत्तो सो वो ममच्चये सत्थाति - "महापरिनिव्वाण सुत्तं"

३६ कथं धम्मविनय वसेन दुविधं ? सब्बमेवेत धम्मो च विनयोचाति सं खं गच्छति। तत्थ विनयपिटकं विनयो, अवसेसं बुद्ध वचनं धम्मो समन्तपासादिका, पृ. ९

३७ कथं पिटकवसेन तिविधं ? सब्बम्पिहेतं विनय पिटकं, सुत्तन्त पिटकं, अभिधम्म पिटकंति तिप्पभेदं होति - समन्त पासादिका पृ. १०

३८ Rockhils life of the buddh (1907) p. 148



https://dhamma.digital

यस विषयमा फाहियानले उपर्युक्त कुरा समान र हुऐन साँगले निम्नलिखित कुरा समान अभिधर्म महाकाश्यप महास्थविरले सङ्ग्रह गरेको हुन् भनेर छन् ।[३९]

५. सङ्ग्रहीत धर्मविनय सम्पूर्ण कति पिटकमा छ ?

तीन पिटकमा छन्; यथा - (अ) विनयपटक (आ) सूत्रपिटक र (इ) अभिधर्मपिटक ।

(अ) [४०]दुई सयभन्दा बढी शिक्षापद भएको महाविभंग (पाराजिका पालि) र तीन सयभन्दा बढी शिक्षापद भएको भिक्षुणी विभंग (पाचित्तिय पालि) जम्मा (६४) चौंसट्ठी भाणवार भएको उभय विभंग पाराजिका-पाचित्तिय ) (८०) असी भाणवार र (२२) बाइस खन्धक भएको खन्धक (महावग्ग-चूलवग्ग तथा (२५) पच्चीस भाणवार र (१६) सोन्ह परिवार भएको परिवार पालि - यी जम्मा पाँच ग्रन्थहरूलाई विनयपिटक भनियो ।

(आ) (३) तीन वर्ग चवालीस (४४) सूत्र तथा चौसट्ठी (६४) भाणवार भएको दीघनिकाय[४१] , पन्ध्र वर्ग एक सय बाउन्न (१५२) सूत्र तथा असी (८०) भाणवार भएको मज्झिमनिकाय[४२], सात हजार सात सय बासट्ठी (७७६२) सूत्र र एक सय (१००) भाणवार भएको संयुक्तनिकाय[४३] अनि नौ हजार पाँच सय सन्ताउन्न (९५५७) सूत्र र दुई हजार (२०००) भाणवार भएको अंगुत्तरनिकाय[४४], खुद्दकपाठ, धम्मपद, उदान, इतिवुत्तक, सुत्तनिपात, विमानवत्थु, पेतवत्थु, थेरगाथा, थेरीगाथा, जातक, निद्देस, पटिसम्भिदा, अपदान बुद्धवंश र चरियापिटक आदि जम्मा पन्ध्र (१५) ग्रन्थ भएको खुद्दकनिकाय[४५]

---

३९ Beals Buddhist Records.

४० सुमंगलविलासिनी पृ. ९ समन्तपासादिका पृ. १० सारार्थ दीपनी, पृ. ५१

४१ **चतुत्तिसेव सुत्तन्ता तिवग्गो यस्स संगहो ।**
**यस दीघनिकायोति पठमो अनुलोमिका ॥**

४२ **दियड्ढ सत सुत्तन्ता द्वेच सुत्तानि यत्थ सो ।**
**निकायो मिज्झेमो पञ्चदसवग्ग परिग्गहो ॥**

४३ **सत्तसुत्त सहस्सानि सत्तसुत्त सतानि च ।**
**द्वासट्ठी चेव सुत्तान्ता एसो संयुत्त संगहो ॥**

४४ **नवसुत्तसहस्सानि पञ्चमुत्त सतानि च ।**
**सत्तपञ्ञास सुत्तानि संखा अंगुत्तरे अयं ॥**

४५ सारार्थ दीपनी ५४ पृष्ठमा बुद्धवंस र चरियापिटक छाडेर तेन्हौं ग्रन्थ मात्र



https://dhamma.digital

यसरी जम्मा पाँच निकायलाई सूत्रपिटक भनियो ।

(इ) सात (७) विभङ्गले युक्त धम्मसंगिणी, अठार (१८) विभक्तले युक्त विभंग, चौध (१४) विभागले युक्त धातुकथा, (६) प्रज्ञप्तिले युक्त पुग्गलपञ्ञत्ति, एक हजार (१०००) सूत्र भएको कथावत्थु, दश (१०) यमक भएको यमक तथा चौवीस (२४) प्रत्यय भएको पट्ठान-यति सात (७) महाग्रन्थलाई अभिधर्मपिटक भनियो ।

(६) कसरी धर्म र विनयलाई पाँच निकायमा विभाजित गरियो ?

दीघनिकाय आदि चार निकाय छाडेर अर्थात् ती बाहेक अन्य शेष रहेका विनय, अभिधर्म र पन्ध्र साना ग्रन्थसमेतलाई खुद्दकनिकाय अर्न्तगत राखियो । यसरी सम्पूर्ण धर्म र विनय पाँच निकाय समाविष्ट भएको हो । यसर्थ भनिएको छ–

**"ठपेत्वा चतुरो पेते निकायो दीघ आदिको**
**तदञ्ञं बुद्धवचनं निकायो खुद्दको मतोति" ।**[४६]

(७) धर्मस्कन्धहरू कति वटा छन ?

जम्मा ८४,००० (चौरासी हजार) धर्मस्कन्धहरू छन् । यसको विस्तार बुझ्ने इच्छुकले समन्तपासादिका हेर्नुपर्छ । यति धर्मस्कन्धमध्ये तथागतका तर्फबाट ८२००० (बयासी हजार) र श्रावकहरूबाट २००० (दुई हजार) गरी जम्मा चौरासी हजार धर्मस्कन्ध भयो । यसर्थ भनिएको छ –

**"द्वासीति बुद्धतो गण्हिं द्वेसहस्सानि भिक्खुतो**
**चतुरासीति सहस्सानि ये मे धम्मा पवत्तिनो"ति ।**[४७]

x x x

---

खुद्दकनिकायमा राखिएको छ । समन्तपासादिका पृ. १५

[४६] समन्तपासादिका पृ. १६

[४७] समन्तपासादिका पृ. १६



https://dhamma.digital

# द्वितीय सङ्गीति

## (राजावली)

देवदत्तको कुमन्त्रणा सुनेर अज्ञातशत्रु राजकुमारले पिता राजा विम्बिसारको हत्या निर्दयपूर्वक गरेर राज्य हस्तगत गरे। "जस्तो गरिन्छ उस्तै पाइछ" भन्ने लोकोक्तिअनुसार भगवान् परिनिर्वाण हुनुभएको २४ वर्षपछि सम्म शासन गरि सकेपछि राजा अज्ञातशत्रुको छोरो उदायिभद्र कुमारले पितृहत्या गरेर राज्य हत्याएपछि उनले १६ वर्षसम्म शासन गरे । उनका अनुरुद्ध र मुण्ड नाउँका दुई छोराहरू थिए । उनीहरूले पनि पितृहत्या गरेर राज्य हात पारे । अनुरुद्ध र मुण्ड दुई दाज्युभाइले आठ वर्षसम्म शासन गरे । त्यस बेला मुण्ड राजाको छोरा नागदास राजकुमारले आफ्ना पितालाई मारेर राज्य लिए । नागदासले (२४) वर्षसम्म शासन गरे ।

यसरी वंशअनुसार पितृहत्या गरी राज्य गरी आएका राजकुल भएको हुँदा त्यस कुललाई **'पितृघातकवंश'** पनि भनिन्छ। नागदास राजाको समयमा जनता र राजकर्मचारीहरूको मनमा निकै असन्तोष उत्पन्न भयो। नागदास राजाप्रति जनताको विश्वास र भक्ति पटक्कै रहेन। एक दिन नागरिकहरूले नागदासलाई पदच्युत गरेर सुसुनाग नामक गुणी र बुद्धिमान् मन्त्रीको राज्याभिषेक गरे । उनले प्रजावर्गको इच्छानुकूल १८ (अठार) वर्षसम्म शासन गरे। सुसुनाग राजाको स्वर्गारोहण भएपछि उनका छोरो कालाशोक राजकुमारलाई शासन प्राप्त भयो। कालाशोक राजाले २८ वर्षसम्म शासन गरे। भगवान् बुद्ध परिनिर्वाण हुनु भएको १०० (एक सय) वर्षपछि कालाशोक राजाको कायम भयो ।

### संघभेद हुनुमा उब्जेका दश कारकतत्व

त्यसबखत वैशाली नगरमा थुप्रै वृजिपुत्रक भिक्षुहरू थिए। उनीहरूले वैशाली नगरमा निम्न दश कुराहरूको प्रचार गरे –

(१) सिङ्गमा नून हुन्छ, (२) दुई अङ्गुल बिते पनि हुन्छ, (३) ग्रामान्तर हुन्छ, (४) आवास हुन्छ, (५) अनुमति हुन्छ, (६) गरिराखेझैं हुन्छ, (७) दही नजमेको हुन्छ, (८) रक्सी नभएको हुन्छ, (९)



https://dhamma.digital

संजाप नभएकोमा बस्नु हुन्छ, (१०) असर्फी रूपैयाँ हुन्छ" ।[४८]

त्यसबेला आयुष्मान् काकण्डपुत्र[४९] यश स्थविर बृजीदेशमा भ्रमण गर्दै वैशाली पुगेर महावनको कूटागार विहारमा बस्नुभयो । एकपल्ट उपोसथको दिन[५०] बृजीपुत्रक भिक्षुहरूले उपोसथागारमा[५१] भिक्षुसङ्घको माझमा पानी भरिएको काँसको भाँडो राखेर वैशालीनिवासी उपासकहरूलाई यसो भने-

"उपासक हो ! सङ्घलाई सुन, चाँदी रूपैंयाँपैसा के दिने इच्छा छ देऊ, एक रुपियाँ भए पनि देऊ, एक मोहर भए पनि देऊ, त्यसबाट एक सुका भएपनि देऊ, सङ्घहरूको परिष्कारादिका निम्ति उपकार हुनेछ" ।[५२] बृजीपुत्रक भिक्षुहरूको यो कुरो सुनेर आयुष्मान् काकण्डकपुत्र यश भिक्षुले उपस्थित उपासकहरूलाई यसो भने–

"उपासक हो ! सङ्घलाई कार्षापण (रुपियाँ) नदेऊ । श्रमण शाक्यपुत्रहरूलाई रुपियाँ पैसा दिनु हुँदैन । उनीहरू श्रमण शाक्यपुत्रहरूले न रुपियाँपैसा स्वीकार गर्लान्, न ग्रहण गर्लान् । उहाँहरू सुन चाँदी, रुपियाँपैसाको सबै थोक छाडेर आउनु भएको हो ।"[५३]

यस्तो भने तापनि बैशाली निवासी कुनै उपासकले सुन दियो ।

---

४८ १) कप्पति सिंगिलोणकप्पो, (२) कप्पति द्वंगुलकप्पो, (३) कप्पति गामन्तरकप्पो, (४) कप्पति आवासकप्पो, (५) कप्पति अनुमतिकप्पो, (६) कप्पति आचिण्णकप्पो, (७) कप्पति अमथितकप्पो, (८) कप्पति जलोगिंपातुं, (९) कप्पति अदसकं निसीदनं, (१०) कप्पति जातरूपरजतं । - चूलवग्ग

४९ आयुष्मान् काकण्डक पुत्र यश भिक्षु तथागतको दर्शन प्राप्त आनन्द महास्थविरको शिष्य हुन् । त्यसबखत आनन्द महास्थविरका शिष्यहरू यश भिक्षु सहित ६ जना थिए । यथाः- सर्वकामी, साल्ह, रेवत, खुज्जसोभित, यश तथा सम्भूत ।

अनुरुद्ध महास्थविरका शिष्यहरू दुईजना थिए । यथाः- वासभगामिक र सुमन । यिनी आठजना महास्थविरहरू भगवान दर्शन पाएका हुन् । - महावंश ४-५७ ५९

५० हेर्नुस लेखकको धम्मपदट्ठकथाको, बोधिनी पृ. १३

५१ भिक्षुहरूको विनयकर्म गर्न विशेष विधानपूर्वक बनाएर राखिएको स्थान

५२ देथावुसो अदथ संघस्स कहापणम्पि, अड्ढम्पि, पादम्पि, मासकरूपम्पि । भविस्सति संघस्स परिक्खारेन करणीयन्ति । - चूलवग्ग

५३ आवुसो अदथ संघस्स कहापणम्पि, अड्ढम्पि, पादम्पि, मासकरूपम्पि । न कप्पति समणानं सक्यपुत्तिकानं जातरूपरजनं । नपरिगण्हन्ति समाण सक्यपुत्तिका जातरूपरजतं । निक्खित्त मणिसुवण्णा सक्यापुत्तिका, अपेत जातरूपरजतन्ति -- चूलवग्ग



https://dhamma.digital

कुनैले पैसा दियो, कुनैले रूपैयाँ दिए, भोलिपल्ट बृजिपुत्रक भिक्षुहरूले प्राप्त भएको सुन, चाँदी रुपियाँपैसा जम्मै भाग लगाएर बाँडेर लिए । आयुष्मान् काकण्डकपुत्र यश भिक्षुलाई पनि 'आवुसो, लेऊ, यो तिम्रो भागमा परेको सुन' भनेर दिए । परन्तु उहाँले मलाई सुन चाँदी रुपियाँपैसा चाहिएको छैन, न म यस्ता वस्तु ग्रहण गर्छु, भनी स्वीकार गर्नु भएन । आयुष्मान् यश भिक्षुको कुरा सुनेर बृजिपुत्रक भिक्षुहरूको मनमा चोट (चिसो) पऱ्यो । अनि उनीहरूले यिनी आयुष्मान् यसले श्रद्धा सुप्रसन्न उपासकहरूलाई नचाहिने कुरा सुनाएर अप्रसन्न पारे । त्यसकारण, हामीहरूले यो भिक्षुहरूले यो भिक्षुलाई "प्रतिसारणीय कर्म[५४] (उपासकहरूसँग क्षमा याचना गराउने काम) गर" भनी आयुष्मान् यश भिक्षुलाई त्यसो भने । अनि आयुष्मान् यश भिक्षुले वृजिपुत्रक भिक्षुहरूलाई यसो भने –

"आवुसो, भगवान्‌ले प्रतिसारणीय कर्म याचना गरिरहेको भिक्षुलाई अनुदूत[५५] दिनुपर्छ भन्नु भएको छ; तसर्थ मलाई पनि एकजना अनुदूत भिक्षु देऊ" ।

बृजिपुत्रक भिक्षुहरूले सङ्घका तर्फबाट एक जना भिक्षुसित सहमत भएर अनुदूत दिए । आयुष्मान् यश भिक्षु अनुदूत भिक्षुसँगै बैशाली नगर गएर त्यहाँका उपासकहरूलाई यसो भने –

"भो उपासक हो, मैले तपाईंहरूलाई गाली गरें, तपाईंहरूको श्रद्धा दूषित गऱ्यो, जसले तपाईंहरूलाई अप्रसन्न तुल्यायो, जो म अधर्मलाई अधर्म, धर्मलाई धर्म, अविनयलाई अविनय, विनयलाइ विनय भन्ने हुँ ।"[५६]

त्यहाँ आयुष्मान् काकण्डकपुत्र यश भिक्षुले उपासकहरूलाई निम्न कुरा बताए –

उपासक हो, शाक्यमुनि बुद्ध श्रावस्ती जेतवन विहारमा विहार गर्नुभएको

---

५४ उपासक पक्षको श्रद्धा बिग्रिने काम अथवा कुरा तथा तिनीहरूलाई अप्रसन्न गर्ने भिक्षुलाई भिक्षुसङ्घहरूले, त्यो उपासक पक्षसंग क्षमा माग्न पठाउने विनयकर्मलाई प्रतिसारणीय कर्मपटिसारणीयकम्म भन्छन् ।

५५ क्षमा याचना गर्न जाने भिक्षुसंगै अर्को एकजना भिक्षु साथी पठाई दिनुपर्छ । त्यो साथ जाने भिक्षुलाई अनुदूत भन्दछन ।

५६ यो हं अधम्मो अधम्मोति वदामि, धम्मो धम्मोति वदामि, अविनयं अविनयोति वदामि, विनयोति वदामि -- चूलवग्ग



https://dhamma.digital

बेलामा एक दिन उहाँले भिक्षुहरूलाई यस्तो आज्ञा गर्नुभयो-- "भिक्षु हो, चार कारणबाट चन्द्र र सूर्यको रश्मि, तेज मलिन भइदिन्छ । यथा - बादल, हिउँ, धुवाँ र राहु । त्यसरी नै भिक्षु हो, श्रमण ब्राह्मणहरूको तेज, रश्मि मलिन हुने कारण पनि चार वटा छन्; यथा सुरापान, मैथुन धर्म, रुपियाँ पैसाको प्रतिग्रहण र मिथ्याजीविका" ।

एक समय भगवान् बुद्ध राजगृहमा बेलुवन कलन्दक निवापमा विहार गरिरहनु भएको थियो । त्यसबखत राजदरबारमा अनेक राजपुरुषहरू भेला भई श्रमण शाक्यपुत्रहरूलाई रुपियाँपैसा दिए हुन्छ, उनीहरूले रुपियाँपैसा ग्रहण गर्छन् स्वीकार गर्छन्, भनी कुरा गरी रहे । अनि मणिचूड ग्रामणी भन्ने द्वारेले त्यस परिषद्लाई यसो भन्यो – "आर्यहरू, त्यसो नभन्नुहोस् । श्रमण शाक्यपुत्रहरूसँग रुपियाँपैसा हुँदैन न उहाँहरूले रुपियाँ पैसा ग्रहण गर्नुहुन्छ, न स्वीकार नै गर्नुहुन्छ, उहाँहरूले सुन, चाँदी, रुपियाँ पैसाको मोह छाडीसक्नु भएको छ । यो कुरो राजपुरुषहरूले स्वीकार गरे ।

अनि मणिचूड ग्रामणी भगवान्कहाँ गई उहाँलाई वन्दना गरी एउटा छेउमा बसेर आफूले अन्तःपुरमा राजकुमारहरूले भनेको कुरा सबै बताई यसरी सोधियो–

"भन्ते, के मैले भगवान्को उपदेशानुसार भएको कुरा बताएँ ? तपाईंहरूको निन्दा हुने किसिमसँग त बताइएन ? अथवा तपाईंहरूले बताउनू है भनेर भन्नु भएको कुरा बताए कि" ?

"ठीक हो, मणिचूड ! तिमीले बताएको कुरो त्यसै हो । यसमा कुनै दोष छैन; तिमीले भगवान्को कुरा भन्यौ । ग्रामणी ! न श्रमण शाक्यपुत्रहरूलाई रुपियाँपैसा योग्य छ न उनीहरूले त्यो ग्रहण गर्लान् ग्रामणी, जसलाई रुपियाँपैसा योग्य छ, उसलाई पञ्चकामगुण पनि उपयुक्त छ[५७] । यो कुरो पनि तिमीले बुझिराख कि जसलाई पञ्चकामगुण योग्य छ, उसको अवश्य नै अश्रामण्य अशाक्यपुत्रीय हुनेछ । ग्रामणी, घाँस चाहिनेले घाँस नै खोज्नुपर्छ, पुरुषको चाहना गर्नेले पुरुष नै खोज्नुपर्छ, गाडाको खाँचो पर्नेले गाडा खोज्नुपर्छ भनी भन्छु । परन्तु ग्रामणी, कुनै तवरले पनि म रुपियाँपैसा ग्रहण गर्न योग्य, <u>रुपियाँपैसा खोज्नु</u> पर्छ भन्दिन ।"[५८]

[५७] यस्स खो गामणी जातरूपरजतं कप्पति पञ्चपि कामगुणा कप्पन्ति । - चूलवग्ग

[५८] नत्वेवाहं गामणी केनचि परियायेन जातरूपरजतं सादितब्बं परियेसितब्बन्ति वदामि ।



https://dhamma.digital

उपासक हो, यो कुरो पनि मलाई थाहा छ कि एकपल्ट भगवान् बुद्ध राजगृहमा बस्नु भएको बखतमा उपनन्द शाक्यपुत्रको कारण समन्तभद्रले रुपियाँपैसा ग्रहण गर्न नहुने शिक्षापद बनाउनुभयो ।

यस्तो कुरा बताउने म हुँ उपासक हो, जसले उपासकहरूलाई अप्रसन्न तुल्याऱ्यो - धर्मलाई धर्म, अधर्मलाई अधर्म, विनयलाई विनय, अविनयलाई अविनय भन्ने हो ।

आयुष्मान् काकण्डकपुत्र यश भिक्षुको यस्तो कुरो सुनेपछि बैशाली निवासी उपासकहरू सबै प्रसन्न भएर उनीहरूले यसो भने–

"एकमात्र आर्य काकण्डकपुत्र यश भिक्षु श्रमण शाक्यपुत्र हुन्, अन्य सबै अ-श्रमण अशाक्यपुत्रीय हुन् । भन्ते, तपाईं बैशालीमा बस्नु होस्, हामीहरू तपाईंलाई चतुप्रत्यय[५९]द्वारा उपस्थान गर्नेछौं ।

यसप्रकार बैशालीनिवासी उपासकहरूलाई सम्झाई आयुष्मान् काकण्डकपुत्र यश भिक्षु अनुदूत भिक्षुसँगै विहारतर्फ फर्की गए ।

अनि बृजिपुत्रक भिक्षुहरूले अनुदूत भिक्षुसँग यश भिक्षुले उपासकहरूसँग क्षमा माग्यो कि भनी सोधेपछि अनुदूत भिक्षुले यसो भने --

"कहाँ आयुष्मान् हो ! क्षमा माग्ने कुरा ! झन् उपासकहरूले हामी सबैलाई अ-श्रमण अशाक्यपुत्रीय तुल्याए, आयुष्मान् काकण्डकपुत्र यश भिक्षु मात्र एक जनालाई श्रमण शाक्यपुत्रीय गरी पठाए" ।

यो कुरो सुनेर वृजिपुत्रक भिक्षुहरूले आवुसो, यो आयुष्मान् यस भिक्षुले हाम्रो सम्मत्ति नलिई उपासकहरूलाई उपदेश दियो अतः हामी यसलाई उपखेपनीय कर्म[६०] गरौं भनी सल्लाह गरी सबै भिक्षुहरू सीमागृहमा भेला भए ।

आयुष्मान् काकण्डकपुत्र यश भिक्षु आकाश मार्गमा उडेर कौशाम्बीमा उपस्थित हुन गयो । त्यहाँ आयुष्मान् काकण्डकपुत्र यश भिक्षुले पावामा र दक्षिणापक्ष अवन्तिमा बस्ने भिक्षुहरूलाई यस्तो सूचना पठाए –

---

- चूलवग्ग

५९ हेर्नुस लेखकको धम्मपदट्ठकथा बोधिनी पृ. १७

६० संघसभाबाट बहिष्कार गर्ने विनयलाई उक्खेपनीय कर्म भन्दछन् ।



https://dhamma.digital

"अधर्म र अविनय प्रचारको हुनुभन्दा अगावै, धर्म र विनयको प्रतिक्षेप हुनुभन्दा अगावै धर्मवादी र विनयवादी दुर्वल हुनुअगावै - यो अधिकरण (विवाद झगडा) समाधान गर्न तपाईं आयुष्मान्हरू आउनु पर्‍यो ।"[६१]

त्यसबेला आयुष्मान् साणवासी सम्भूत स्थविर अहोगंगा पर्वतमा बस्नु भएको हुँदा आयुष्मान् यश भिक्षु त्यहाँ गई आयुष्मान् सम्भूत स्थविरलाई वन्दना गरी बैशाली निवासी भिक्षुहरूले भनी हिडेको, गरी हिडेको कुरा सबैलाई अधर्म र अविनय प्रचार हुनु भन्दा अगावै यो अधिकरण हामीहरूले छिन्नु पर्‍यो भनी निवेदन गरे । आयुष्मान् सम्भूतले 'हो' भनी उत्तर दिए ।

अनि त्यहाँ पावा बस्ने धुतांगधारी[६२] अर्हत्हरू[६३] ६० जना र दक्षिणापथ अवन्ति बस्ने ८० जना अर्हत् भिक्षुहरू आइपुगे । सबै निमन्त्रित भिक्षुहरू आइपुगेपछि भेला भई 'यो अधिकरण साह्रै जोडदार छ । अतएवं यो अधिकरण छिन्न कसको सहायता लिनुपर्ला ? कसो गर्नुपर्ला ? भन्नेबारे सल्लाह गरे ।

त्यसबखत आयुष्मान् रेवत महास्थविर सोरेय्यमा बस्नु भएको थियो । रेवत महास्थविर त्यसबेला भएका भिक्षुहरूमध्ये एक महान पण्डित, धर्मधर, विनयधर, मातृकाधर, प्रतिसम्भिदालाभी[६४] अर्हत् हुनुहुन्थ्यो । अतः स्थविर हरूको मनमा रेवत महास्थविरको सहायता लिने विचार उत्पन्न भयो । उता सोरेय्य बस्ने रेवत महास्थविरले अहोगंगा पर्वतमा बसेर स्थविरहरूले सल्लाह गरिरहेको कुरा दिव्य ध्यानले बुझेर 'यो विवाद साह्रै चर्को छ, यसमा अल्झिनु ठीक हुँदैन' भन्ने विचार आएपछि उहाँ रेवत महास्थविर सोरेय्यबाट संकाश्य जानुभयो । स्थविर भिक्षुहरू पनि सल्लाह गरी रेवत महास्थविरलाई भेट्न भनी अहोगंगा पर्वतबाट सोरेय्य गए । त्यहाँ उनलाई भेट्न नपाउँदा संकाश्य गए । रेवत महास्थविर त्यहाँबाट कान्यकुब्ज गएका छन् भने समाचार सुनेर

---

६१ आगच्छन्तु आयुस्मन्तो, इमं अधिकरणं आदियिस्साम पुरे अधम्मो दिप्पति धम्मो पटिवाहियति, अविनयो दिप्पति विनयो पटिवाहियति, पुरे अधम्मवादिनो बलवन्तो होन्ति धम्मवादिनो दुब्बला होन्ति, अविनयवादिनो बलबन्तो होन्ति, विनयवादिनो दुब्बला होन्ति । -चुलवग्ग

६२ हेर्नुस लेखकको धम्मपदट्ठकथा बोधिनी पृ. ३२

६३ हेर्नुस लेखकको धम्मपदट्ठकथा बोधिनी पृ. ४

६४ हेर्नुस् लेखकको धम्मपदट्ठकथा बोधिनी पृ. ४४



https://dhamma.digital

उनीहरू त्यहीँ गए । यसै गरी जाँदाजाँदा स्थविरहरूले रेवत महास्थविरलाई सहजातिमा भेट्टाए । अनि त्यहाँ साणबासी सम्भूत स्थविरले आयुष्मान् यश स्थविरलाई यसो भने :–

"आयुष्मान् ! उहाँ रेवत महास्थविर बहुश्रूत, धर्मधर, मातृकाधर र व्यक्त पण्डित हुनुहुन्छ । यदि हामीले उहाँसँग प्रश्न गऱ्यो भने एउटै प्रश्न बारम्बार दोहोऱ्याएर रात ब्यतीत गर्न सक्नुहुन्छ । यसर्थ उहाँको शिष्यलाई पढाउने काम सिद्धिनेबित्तिकै तिमी नै त्यो दश वस्तुको विषयमा प्रश्न गर ।'

"हवस् भन्ते !" भनी आयुष्मान् यश स्थविरले सम्भूत स्थविरलाई उत्तर दिए ।

पछि रेवत महास्थविरले आफ्नो शिष्यलाई पढाउने काम सिद्धिएपछि यश स्थविरले उनको वन्दना गरी यस्तो प्रश्न सोधे –

(१) सिङ्गमा नून हुन्छ कि भन्ते ?

यो के भनेको आवुसो ?

भन्ते ! नून नभएको ठाउँमा नून राखेर सिङ लैजान हुन्छ कि हुँदैन भनेर भनेको हो ।

हुँदैन, आवुसो ।

(२) दुई अङगुल बितेपछि हुन्छ कि भन्ते ?

यो के भनेको हो, आवुसो ?

भन्ते ! दुई अङगुल छाया लामो भएपछि मध्याह्नपछि खान हुन्छ कि हुँदैन भनेर भनेको ।

हुँदैन, आवुसो !

(३) ग्रामान्तर हुन्छ कि भन्ते ?

यो के भनेको हो, आवुसो ?

भन्ते ! "गाउँतर्फ जान्छु" भनेर भोजन गर्ने भिक्षुले अब 'पुग्यो' भनी आफूले प्रतिक्षेप गरिसकेको पदार्थ उपाय बेगर फेरी खान हुन्छ कि हुँदैन भनेर भनेको ।

हुँदैन, आवुसो ।



https://dhamma.digital

(४) आवास हुन्छ कि भन्ते ?

हो, यो के भनेको, आवुसो ?

भन्ते ! एकमात्र सीमागृह भएको ठाँउमा रहेको विभिन्न आवासिक भिक्षुहरूले छुट्टाछुट्टै अलग अगल उपोसथ[६५] गर्न हुन्छ कि हुँदैन भनेर भनेको ।

हुँदैन, आवुसो !

(५) अनुमति हुन्छ कि भन्ते ?

यो के भनेको हो, आवुसो ?

भन्ते ! पछि आउने भिक्षुहरूको अनुमति लिउँला भन्ने विचार मनमा राखी एउटा समूह भिन्न सङ्घहरूमा भेला भएर उपोसथ कर्म गर्न हुन्छ कि हुँदैन भनेर भनेको ।

हुँदैन्, आवुसो ।

(६) गरिराखेझैं हुन्छ कि भन्ते ?

यो के भनेको हो, आवुसो ?

भन्ते ! यो हाम्रा उपाध्ययहरूले गरिराखेका वा गरि आएका हुन् भनी आफूले पनि त्यही गर्न हुन्छ कि हुँदैन भनेको हो ।

कुनै हुन्छ, कुनै हुँदैन, आवुसो !

(७) दही नजमेको हुन्छ कि भन्ते ?

यो के भनेको हो, आवुसो ?

भन्ते ! भोजन गर्नेले दूध 'पुग्यो' भन्दै प्रतिक्षेप गरिसक्यो, पछि त्यो दूध दही नजम्दै पिउन हुन्छ कि हुँदैन भनेर भनेको हो ।

हुँदैन, आवुसो !

(८) रक्सी बन्न नपाएको हुन्छ कि भन्ते ?

हो, यो के भनेको, आवुसो ?

भन्ते ! रक्सी बनाउन भनी कट् आदि बनाइराखेको, साँचै नै रक्सी हुन नपाएको जाँड आदि तथा अन्य पनि फलफूलबाट बनाइराखेको निस्सा भएको

६५ हेर, लेखकको धम्मपदत्थकथा बोधिनी पृ. १३ ।



https://dhamma.digital

पदार्थ पिउन हुन्छ कि हुँदैन भनेर भनेको हो ।

हुँदैन, आवुसो !

(९) किनारा नभएको हुन्छ कि भन्ते ?

यो के भनेको हो, आवुसो ?

भन्ते ! किनारा (सन्जाप) नभएको लम्पटमा बस्न हुन्छ कि हुँदैन भनेर भनेको हो ।

हुँदैन, आवुसो ।

(१०) असर्फी रुपियाँ हुन्छ कि भन्ते ?[६६]

यो के भनेको आवुसो ?

भन्ते ! बैशालीनिवासी वृजिपुत्रक भिक्षुहरूले उपर्युक्त दस कुरा हुन्छ भनी प्रचार गर्दैछन् । अधर्म र अविनयको प्रचार हुनुभन्दाअगावै हामीले यो अधिकरण छिन्नुपऱ्यो, भन्ते !

हो, आवुसो, भनी रेवत महास्थविरले आयुष्मान् यश स्थविरलाई उत्तर दिए ।

xxx

उता वैशालीनिवासी बृजिपुत्तक भिक्षुहरूले आयुष्मान् काकण्डकपुत्त यश भिक्षुले यो अधिकरण निश्चित गर्न पक्ष खोज्दै हिडेको र पक्ष प्राप्त भएको कुरा सुन्ने । उनीहरूले पनि यस्तो मनमा विचार गरे । "यो अधिकरण

---

६६ दस कुराको विषयमा ल्हासाको पुस्तकमा यस्तो लेखिएको छ–
(१) विस्मय प्रकट गर्न अहो, आदि शब्दको घोषण गर्नु (२) धार्मिक कामकुरोमा हर्षित भएर चिच्याउनु (३) जमिन खनेर खेती गर्नु (४) यावजिवीकसमान भएको नून यावकालिन बस्तुसंग खानु (५) एक योजन अथवा आधा योजन गएर बाटोमा गइरहेका हौ भनी खानु (६) पुग्यो भनी प्रतिक्षेप गरिसकेको वस्तु दुई औँलाले टिपेर खानु (७) जुकाले रगत पिएझैं विरामी भन्दै रक्सी जाँड पिँउनु (८) जति दुध छ त्यति नै मोही मिसाएर विकालमा पिउनु (९) पुरानो लेपटमा रहेको लुगा तथागतको हातले एक बित्ता जति नलिई नयाँ लम्पट बनाउने (१०) सुन चाँदी ग्रहण गर्नुपूर्व दस कुरा हुन्छन् । -बौद्ध लमया १३-७



https://dhamma.digital

सारै चर्को छ। हामीले पनि कुनैको पक्ष प्राप्त गर्नुपर्ला, जसबाट हाम्रो पक्ष सबल होस्।"

यति मनमा गुनेर उनीहरूले यस्तो सल्लाह गरे - "रेवत महास्थविर हिजोआज महाविद्वान भएका हुन्। उनी धर्मधर, विनयधर पनि हुन् यसर्थ यदि हामी उहाँको पक्ष प्राप्त गर्न सक्यो भने हाम्रो पक्ष बलियो हुनेछ"।

यस्तो सल्लाह गरी उनीहरूले रेवत महास्थविरलाई लोभ देखाउन श्रमणहरूलाई चाहिने चीवरादि अनेक परिष्कारको सङ्ग्रह गरी रेवत महास्थविरकहाँ जान भनी उनीहरू डुङ्गामा बसेर सहजातितर्फ गए।

त्यसबेला सहजातिमा महास्थविर बस्नु भएको थियो। एक दिन एकान्तमा बस्नु भएको बेलामा उहाँले बैशालीमा बस्नेहरूको विवादको कुरा सुनेर "यिनीहरूमध्ये कुनचाँहि धर्मवादी रहेछ", भनी धर्म र विनयको कुरा दाँजेर राम्ररी विचार गरी हेर्दा "पावामा बस्ने भिक्षुहरू धर्मवादी" हुन् भन्ने निश्चय गरेछन्।

बैशाली निवासी बृजिपुत्तक भिक्षुहरूले श्रमण परिष्कार प्राप्त गरेपछि रेवत महास्थविरकहाँ गएर उहाँलाई दण्डवत् गरी यसो भने :-

"भन्ते ! लिनुहोस् तपाईंलाई आवश्यक परेको परिष्कार चाहे सङ्घाटि चाहे उत्तरासँग छ"।

रेवत महास्थविरले "मसँग सबै थोक छ, आवुसो ! मलाई अरू थोक केही चाँहिन्न भनी कुनै परिष्कार लिनुभएन।

त्यसबेला रेवत महास्थविरकहाँ उहाँलाई उपस्थान गर्ने उपसम्पदा वर्ष २० भएको एउटा भिक्षु थियो। महास्थविरले कुनै परिष्कार ग्रहण नगरेपछि वृजिपुत्तक भिक्षुहरूले आयुष्मान् उत्तरकहाँ गएर यसो भने–

"आयुष्मान् उत्तर ! आफूलाई चाहिने परिष्कार लिनुहोस्।" परन्तु उत्तर स्थविरले पनि केही ग्रहण नगर्नाले बृजिपुत्तक भिक्षुहरूले यसो भने –

"आयुष्मान्, भगवान्का पालामा भगवान्लाई कसैले परिष्कार चढाउँदा यदि भगवान्ले स्वीकार गर्नु भएन भने मानिसहरूलाई आनन्द स्थविरकहाँ "भन्ते, यो परिष्कार भगवान्लाई भनेर ल्याएको परन्तु उहाँले स्वीकार गरी लिनु भएन, यसर्थ तपाईंले स्वीकार गर्नुहोस् जसबाट भगवान्मा सो चढाएझैं



https://dhamma.digital

हुनेछ” भनी आनन्द स्थविरलाई सो चढाउँछन् । त्यसकारण तपाईंले पनि ग्रहण गर्नुहोस्, जसबाट हाम्रो मनमा महास्थविरले नै ग्रहण गर्नु भए सरह हुनेछ” भनि अनेक पटक जिद्दी गरे । निकै जिद्दी गरेको हुँदा उत्तर स्थविरले उत्तरासँग एउटा लिएर पछि किन ? कुन कारणले गर्दा आयौ भनेर सोध्नुभयो । अरू त केही होइन आयुष्मान्, महास्थविर रेवतलाई तपाईंले एक पटक मात्र “पूर्वतर्फ तथागतहरूको जन्म हुन्छन् । यसर्थ पूर्वतर्फका भिक्षुहरू धर्मवादी, तर पावानिवासी भिक्षुहरू अधर्मवादी हुन् भनी भिक्षुसङ्घ सभामा भनिदिनु होस् भने” यति कुरा सुनाई दिनुहोस् । ‘हुन्छ’ भनी रेवत महास्थविरकहाँ गई उत्तर स्थविरले त्यसो भने । रेवत महास्थविरले “मलाई यस्तो कुरा भन्न आउने ? आफू त्यतिले अधर्मी भएर नपुगी मलाई पनि अधर्ममा राख्न चाहेको होइन् ?” भनी आफ्नो शिष्य उत्तर भिक्षुलाई निकाला गरिदिए । पृजिपुत्तक भिक्षुहरूले उत्तर भिक्षुसँग रेवत महास्थविरले के भन्नुभयो भनी सोधेपछि आयुष्मान् उत्तरले यस्तो उत्तर दिए –

“धत्तेरी, आवुसो ! तिमीहरू मात्र अधर्मवादी भएर सो नपुगेर मलाई पनि अधर्मवादी गर्न चाहेको ? – भनी मलाई रेवत महास्थविरले निकाला गरिदिनुभयो” ।

“होइन, आयुष्मान् ! तपाईं उपसम्पदाबाट २० वर्ष पुग्नु भएका महास्थविर होइन त” ?

“हो ! तैपनि हामीले गौरवशील आफ्ना आचार्यहरूको आश्रय छाडेनौं” ।

यति कुरा सुनी बृजिपुत्तक भिक्षुहरू सबै असन्तुष्ट भएर रेवत महास्थविरको पक्ष लिन नसकी निराश भएर बैशालीतर्फ फर्कीगए ।

त्यसबेला कालाशोक राजाले विशेष गरी बृजिपुत्तक भिक्षुहरूको कुरा सुन्नुपर्ने थियो । त्यसकारण, बृजिपुत्तक भिक्षुहरूले राजालाई यसरी चुक्ली लगाए :-

“महाराजा, हामीले रक्षा गरी राखेको महावनमा रहेको गन्धकुटी विहार दखल गर्न भनी ग्रामवासी भिक्षुहरू आइरहेका छन् । कृपया उनीहरूलाई रोक्नुहोस्” ।

राजाले यो कुरो सुनेपछि आवश्यक कार्बाही गरे । त्यस दिनको रातमा



https://dhamma.digital

राजाले निकै डरलाग्दो सपना देखे। राजा भयभीत भएर उठे। उठेपछि मनमा विचार गरे--

"यो कस्तो सपना हो, कुन्नि मलाई के हुनेहोला !"

त्यसबेला राजाकी बहिनी नन्दाथेरी - अरहत्नी आएर राजालाई धैर्य दिलाउँदै यसो भने-[६७]

महाराजा, नडराउनुहोस्, यो अरू केही होइन, कुसङ्गतको फल हो। तपाईंले जुन भिक्षुहरूको पक्ष लिनु भएको थियो, ती भिक्षुहरू धर्मवादी विनयवादी होइनन्। यसर्थ धर्मवादी विनयवादी भिक्षुहरूका सामु क्षमायाचना गरेर उहाँहरूलाई सहायता दिई तथागतको शासन रक्षा गर्नुहोस्।"

बहिनी नन्दा अरहत्नीको कुरा सुनेपछि राजाले पछि त्यसै गरे।

XXX

उता सहजातिमा भेला भइरहेका भिक्षुहरूमध्ये ज्येष्ठ महास्थविरले सबैलाई यस्तो भने--

"आवुसो, यदि हामीहरूले यो अधिकरण यहीँबाट छिनेर निर्णय गर्‍यौं भने सम्भवतः कारणी भिक्षुहरूले पछि यो कुरो उप्काएर विवाद गर्न सक्दछ। यसर्थ जुन ठाउँबाट विवाद उत्पन्न भएको छ, सोही ठाउँ बैशाली गएर यो कुरोको निर्णय गर्नु वेस ठर्हछ।"

रेवत महास्थविरका यस्ता कुरा सुनेपछि भिक्षुहरू सबै बैशालीतिर प्रस्थान गरे। त्यसबेला जम्बुदीपका सबै भिक्षुहरूमध्ये ज्येष्ठ, भगवान् बुद्धको दर्शन पाएका, धर्मधर विनयधर भएका, उपसम्पदा वर्षमा एक सय बीस (१२०) वर्ष भएका आनन्द महास्थविरका शिष्य सर्वकामी[६८] महास्थविर बैशालीमा बस्नु भएको थियो, त्यसकारण, बैशाली पुगेर आयुष्मान् रेवत

६७ अतिभीतो अहुराजा तमस्सासेतुमागमाः,
भागिनी नन्दथेरी तु अकासेन अनासवा।
भरियं त कतं कम्मं धम्मिकेय्य खमापय,
पक्खो तेसं भवित्वा त्वं कुन सासन संगहं। -महावंश ४-३९,४०

६८ सब्बकामी पुथुविया संघत्थेरी तदा अहु,
सो वीसं वस्ससतिको तदासि उपसम्पदा।-- महावंश ४-५६



https://dhamma.digital

महास्थविरले आयुष्मान् सम्भूत महास्थविरलाई यसो भने-

"आवुसो, म सर्वकामी महास्थविर बस्नु भएको विहारतर्फ जान्छु । तिमी पनि त्यहाँ यथासमय आएर सर्बकामी महास्थविरसँग यी दश कुराको विषयमा प्रश्न गर ।"

"हवस्" भनी सम्भूत स्थविरले रेवत महास्थविरलाई उत्तर दिए ।

यसो भनेर रेवत महास्थविर सर्बकामी महास्थविर बस्नु भएको विहारतर्फ गए । सम्भूत स्थविर पनि यथासमय सर्बकामी महास्थविर बस्नुभएको विहारमा आइपुगेपछि उहाँको वन्दना गरी बैशालीमा बस्ने बृजिपुत्रक भिक्षुहरूले गरिहिडेका भनीहिँडेको कुरा सबै बताई उनले महास्थविरसँग यस्तो प्रश्न गरे–

"भन्ते, तपाईंले आनन्द महास्थविरसँग निकै धर्म र विनय सिकेर जान्नु भएको छ । तपाईंले जान्नु भएको धर्म र विनयसँग दाँजेर हेर्दा यी भिक्षुहरूमध्ये कुनचाहिँ धर्मवादी जस्तो लाग्छ ?"

"तिमीले पनि आवुसो उपाध्यायसँग निकै सिकेका जानेका छौ । तिम्रो विचारमा कस्तो लाग्छ" ?

"मेरो विचारमा त भन्ते, पूर्वतिर बस्ने भिक्षुहरू अधर्मवादी, पावामा बस्ने भिक्षुहरू धर्मवादी छन् जस्तो लाग्छ । किन्तु जबसम्म सङ्घसभाले सम्मत भएर मसँग सोधिन्न, तबसम्म म विनिश्चय दिन सक्दैन" ।

"मेरो विचारमा पनि त्यस्तै हो, आवुसो ! तर जबसम्म सङ्घ सभाले सम्मत गरेर मसँग सोधिदैन् तबसम्म मैले पनि यसको विनिश्चय दिन सक्दैन ।"

यसरी सर्बकामी महास्थविरसँग सोधिसकेपछि बैशाली निवासी र अरू ठाँउबाट आएका सबै भिक्षुहरू जम्मा भएर यो विवादको विनिश्चय गर्न छलफल गरे । यस सभामा हजारौं भिक्षुहरू थिए । यस छलफल सभामा कोलाहल शब्द ज्यादा भएको हुँदा कुनै कुरा राम्रोसँग निश्चय हुन नसकेपछि आयुष्मान् रेवत महास्थविरले सङ्घसभामा यसरी प्रस्ताव राखे--

"भन्ते सङ्घ, जुन विवादको विनिश्चय गर्न भनी हामीहरूले यो महासभामा कुरा गर्‍यौं, गर्न भनी हामीहरूले यी महासभामा विनिश्चय कुरा



https://dhamma.digital

गर्‍यौं, त्यस विनिश्चय यस महासभामा हुन गाह्रो होला। कोलाहल शब्द ज्यादा भएकोले कसले के भन्यो भन्ने कुरा राम्रोसंग बुझ्न सकिएन । त्यसकारण, तपाईं सङ्घहरूको स्वीकृति वा अनुमति भए, हामीहरूले यो अधिकरणको विनिश्चयलाई उद्वाहिय कर्म (Select Commettee) द्वारा अर्थात् प्रवर समितिद्वारा गर्नुपर्‍यो । त्यो प्रचार समिति यस्तो हुनुपर्छ : चार जाना पूर्वतर्फका, चार जना पावा तर्फका" ।

यो प्रस्ताव सर्वसमितिबाट स्वीकृत भयो । अनि यसरी भिक्षुहरू निर्वाचित भए –

पूर्वतर्फका भिक्षुहरू चार जनामध्ये क्रमशः (१) आयुष्मान् सर्वकामी महास्थविर, (२) आयुष्मान् साल्ह महास्थविर (३) आयुष्मान् खुज्जसोभित महास्थविर र (४) आयुष्मान् वासव गामिक महास्थविर ।

पावातर्फका भिक्षुहरू चार जनामा क्रमशः (१) आयुष्मान् रेवत महास्थविर, (२) आयुष्मान् साणवासी सम्भूत महास्थविर, (३) आयुष्मान् काकण्डकपुत्र यश महास्थविर (४) आयुष्मान् सुमन महास्थविर ।

आठ जना भिक्षुहरू रोजेपछि आयुष्मान् रेवत महास्थविरले सबै सङ्घको सम्मति लिनुभयो । प्रतिनिधिहरूका विषयमा सबैले चित्त बुझेपछि रेवत महास्थविरले सङ्घसभामा बैधानिक रूपले (कर्मवाचा पढेर) यसरी प्रस्ताव प्रस्तुत गरे :–

"भन्ते सङ्घ, यदि तपाईंहरूको अनुमति र स्वीकृति छ भने पूर्वतर्फ र पावातर्फ बस्ने चार-चार भिक्षुहरू (जम्मा) आठ जना भिक्षुहरू भेला भएर यस अधिकरणको विनिश्चय गरौं । यसमा जसको चित्त बुझ्छ उहाँ चुप लाग्नुहो्स, जसको चित्त बुझ्दैन उहाँ बोल्नुहोस्" यो ज्ञप्ति भयो ।

यसरी सूचना दिँदा कसैले केही नभनेपछि सर्वसम्मतिबाट प्रस्ताव पारित भएको ठहरियो । सबै सङ्घहरूले अधिकरण विनिश्चय गर्ने भार निर्वाचित आठ जना सङ्घ सभालाई (Select Committee) दिइयो ।

सो भएपछि उहाँहरूले यो अधिकरणको विनिश्चय कुन ठाउँमा गर्नु पर्ला भन्ने विचार गरी वालुकाराम[६९] मा घोष आदि कम देखि त्यहाँ सबै भेला हुन गए ।

[६९] महावंश ४-६३



https://dhamma.digital

त्यस सभामा रेवत महास्थविरले सर्वकामी महास्थविरसँग विनयसम्बन्धी प्रश्न गर्ने सम्मति भयो ।

अनि आयुष्मान् रेवत महास्थविरले सर्वकामी महास्थविरसँग यसरी प्रश्न गरे –

(१) भन्ते ! सिङमा नून रहन्छ ?

सिङमा नून रहन्छ भनेको के हो, आवुसो ?

भन्ते ! नून नभएको ठाउँमा खान सिङ्गमा नून लागेर लैजान हुन्छ कि हुँदैन भनेर भनेको ।

“हुँदैन” आवुसो ।

कुन ठाउँमा हुँदैन भनेर भनेको छ भन्ते ?

श्रावस्तीमा, सूत्रविभङ्गमा[७०] आवुसो ।

के कस्तो आपत्ति (=दोष) हुन्छ भन्ते ?

**“सन्निधिकारक भोजने पाचित्तियं”** भन्ने आपत्ति हुन्छ ।

यसरी सोधिसकेपछि रेवत महास्थविरले सङ्घलाई यसरी विनिश्चय दिनुभयो–

“सुन्नुहोस् भन्ते सङ्घ ! प्रथम अधिकरणको विनिश्चय सङ्घले यसरी गऱ्यो–‘सिङ्गमा नून हुन्छ’ भन्ने कुरा अधर्मयुक्त, अविनययुक्त र तथागतको वचनबाट पृथक् भएको हुँदा ‘सिङ्गमा नून हुँदैन’ भन्ने निर्णय भयो । यो प्रथम विनिश्चय भयो । यो एउटा दियालो झिकें ।

(२) भन्ते ! दुई अङ्गुल बितेपछि हुन्छ कि ?

दुई अङ्गुल बितेपछि भनेको के नि, आवुसो ?

भन्ते ! दुई अङ्गुल छायाँ लामो भएपछि मध्याह्नपछि खान हुन्छ कि हुँदैन भनेको हो ।

हुँदैन, आवुसो ।

---

७० प्रातिमोक्ष सुत्तको प्राचीन व्याख्या भएको भिक्षु भिक्षुणी विभङ्गलाई नै सुत्तविभङ्ग भन्छन् । हेर लेखकको धर्मविनय ।



https://dhamma.digital

कुन ठाँउमा हुँदैन भनी भनेको छ भन्ते ?

राजगृहमा, सूत्रविभङ्गमा ।

(खायो भने) के हुन्छ भन्ते ?

**विकाल भोजने पाचित्तियं** भन्ने आपत्ति हुन्छ ।

यसरी सोधिसकेपछि रेवत महास्थविरले सङ्घलाई यसरी विनिश्चय दिनुभयो–

"सुन्नुहोस्, भन्ते सङ्घ ! द्वितीय अधिकरणको विनिश्चय सङ्घले यसरी गऱ्यो– 'दुई अङ्गुल बितेपछि हुन्छ' भन्ने कुरा अधर्मयुक्त, अविनययुक्त र तथागतको वचनबाट बाहिर भएको हुँदा 'दुई अङ्गुल बितेपछि हुँदैन' भन्ने निर्णय भयो । यो दोस्रो विनिश्चय भयो । यो दोस्रो दियालो झिकें ।"

(३) ग्रामान्तर हुन्छ कि भन्ते ?

ग्रामान्तर हुन्छ कि भनेको के आवुसो ?

गाउँमा जान्छु भनेर भोजन गर्ने भिक्षुले 'पुग्यो' भनी आफूले प्रतिक्षेप गरिसकेको भोज्य पदार्थ बिनाउपायद्वारा फेरि खान हुन्छ कि हुँदैन भनेको हो ।

हुँदैन, आवुसो ।

कहाँ हुँदैन भनेर भनेको छ, भन्ते ?

श्रावस्तीमा, सूत्रविभङ्गमा ।

(खायो भने) के हुन्छन् भन्ते ?

**अतिकं भोजने पाचित्तियं** भन्ने आपत्ति हुन्छ ।

यसरी सोधिसकेपछि रेवत महास्थविरले सङ्घलाई यसरी विनिश्चय दिनुभयो–

"सुन्नुहोस् भन्ते सङ्घ ! तेस्रो अधिकरणको विनिश्चय सङ्घले यसरी गऱ्यो–'ग्रामान्तर हुन्छ' भन्ने कुरा अधर्मयुक्त, अविनययुक्त र तथागतको वचनबाट बाहिर भएको हुँदा 'ग्रामानन्तर हुँदैन' भन्ने निर्णय भयो । यो तेस्रो विनिश्चय भयो । यो तेस्रो दियालो झिकें" ।

(४) आवास हुन्छ कि भन्ते ?



https://dhamma.digital

आवास हुन्छकि भनेको के ?

भन्ते ! एकमात्र सीमा-गृह भएको ठाउँमा बस्ने विभिन्न आवासिक भिक्षुहरूले भिन्न भिन्न (सङ्घ) उपोसथ गर्न हुन्छ कि हुँदैन भनेको हो ।

हुँदैन, आवुसो !

कहाँ हुँदैन भनी भनेको छ ?

राजगृहमा, उपोसथ संयुक्तमा ।

(उपोसथ गरे) के आपत्ति हुन्छ ?

**विनयातिसारे दुक्कटं** भन्ने आपत्ति हुन्छ ।

यसरी सोधिसकेपछि रेवत महास्थविरले सङ्घलाई यसरी विनिश्चय दिनुभयो–

"सुन्नुहोस् भन्ते सङ्घ ! चौथो अधिकरणको विनिश्चय सङ्घले यसरी गऱ्यो–'आवास हुन्छ' भन्ने कुरा अधर्मयुक्त, अविनययुक्त र तथागतको वचन विपरीत बाहिर भएको हुँदा 'आवास हुँदैन' भन्ने निर्णय भयो । यो चौथो विनिश्चय भयो । यो चौथो दियालो झिकेँ ।"

(५) अनुमति हुन्छ कि भन्ते ?

अनुमति हुन्छ कि भनेको के हो ?

पछि आउने भिक्षुहरूको अनुमति लिउँला भनेर मनमा राखी छुट्टै एउटा समूह सङ्घहरू भेला भएर (सङ्घ) उपोसथ गर्न हुन्छकि हुँदैन भनेको हो ।

हुँदैन, आवुसो ।

कहाँ हुँदैन भनी भनेको छ भन्ते ?

चम्पेय्यक विनयवस्तुमा ।

(त्यसो गऱ्यो भने) के आपत्ति हुन्छ ?

**विनयातिसारे दुक्कटं** भन्ने आपत्ति हुन्छ ।

यसरी सोधिसकेपछि रेवत महास्थविरले सङ्घलाई यसरी विनिश्चय दिनुभयो–

"सुन्नुहोस् भन्ते सङ्घ ! पाँचौं अधिकरणको विनिश्चय सङ्घले यसरी



https://dhamma.digital

गऱ्यो–'अनुमति हुन्छ' भन्ने कुरा अधर्मयुक्त, अविनययुक्त र तथागतको वचनभन्दा बाहिर भएको हुँदा 'अनुमति हुँदैन' भन्ने निर्णय भयो । यो पाँचौ विनिश्चय भयो । यो पाँचौ दियालो झिकें ।"

(६) गरिराखेझैं हुन्छ कि भन्ते ?

गरिराखेझैं हुन्छ कि भनेको के हो ?

भन्ते ! यो हाम्रा आचार्यहरूले गरिराखेका, यो हाम्रा उपाध्यायहरूले वा गरेका आएका भनेर आफूले पनि त्यस्तै गर्न हुन्छ कि हुँदैन भनेको हो ।

कुनै हुन्छ कुनै हुँदैन आवुसो !

यसरी सोधिसकेपछि रेवत महास्थविरले सङ्घलाई यसरी विनिश्चय दिनुभयो–

"सुन्नुहोस् भन्ते सङ्घ ! छैटौं अधिकरणको विनिश्चय सङ्घले यसरी गऱ्यो–'गरिराखे झैं हुन्छ' भन्ने कुरा अधर्मयुक्त, अविनययुक्त र तथागतको वचनभन्दा बाहिर पर्छ अतएवः 'गरिराखे झैं कुनै हुन्छ कुनै हुन्दैन' भन्ने निर्णय भयो । यो छैटौं विनिश्चय भयो । यो छैठो दियालो झिकें" ।

(७) दही नजमेको हुन्छ कि भन्ते ?

दही नजमेको हुन्छ कि भनेको के हो ?

भोजन गर्नेले जुन दूध "पुग्यो" भनी प्रतिक्षेप गरिसकेको फेरी सोही दूध दही नजम्दै पिउन हुन्छ कि हुँदैन भनेको हो ।

हुँदैन, आवुसो !

कहाँ हुँदैन भनिएको छ, भन्ते ?

श्रावस्तीमा, सूत्रविभङ्गमा ।

(पियो भने) के आपत्ति हुन्छ भन्ते ?

**अतिरेक भोजने पाचित्तियं** भन्ने आपत्ति हुन्छ ।

यसरी सोधिसकेपछि रेवत महास्थविरले सङ्घलाई यसरी विनिश्चय दिनुभयो–

"सुन्नुहोस् भन्ते सङ्घ ! सातौं अधिकरणको विनिश्चय सङ्घले यसरी



https://dhamma.digital

गऱ्यो–'दही नजमेको हुन्छ' भन्ने कुरा अधर्मयुक्त, अविनययुक्त र तथागतको वचनदेखि बाहिर पर्छ, अतएवः 'दही नजमेको हुँदैन' भन्ने निर्णय भयो । यो सातौं विनिश्चय भयो । यो सातौं दियालो झिकें ।"

(८) रक्सी नभएको हुन्छ कि भन्ते ?

रक्सी नभएको हुन्छ कि भनेको के हो ?

भन्ते ! रक्सी बनाउन भनेर कट् आदि बनाइराखेको, साँच्चिकै रक्सी नबनेको जाँड आदि र अन्य फलफूलबाट बनाइएको मात लाग्ने पदार्थ पिउन हुन्छ कि हुँदैन भनेको ।

हुँदैन, आवुसो !

कहाँ हुँदैन भनिएको छ भन्ते ?

कौशाम्बीमा, सूत्रविभङ्गमा ।

(पियो भने) के आपत्ति हुन्छ भन्ते ?

**सुरामेरय पाने पाचितियं** भन्ने आपत्ति हुन्छ ।

यसरी सोधिसकेपछि रेवत महास्थविरले सङ्घलाई यसरी विनिश्चय दिनुभयो–

"सुन्नुहोस्, भन्ते सङ्घ ! आठौं अधिकरणको विनिश्चय सङ्घले यसरी दियो–'रक्सी नबनेको हुन्छ' भन्ने कुरा अधर्मयुक्त, अविनययुक्त र तथागतको वचनबाट बाहिर पर्छ, अतएव 'रक्सी नभएको पनि हुँदैन' भन्ने निर्णय भयो । यो आठौं विनिश्चय भयो । यो आठौं दियालो झिकें ।"

(९) संजाप नभएको (लम्पट)मा बस्नुहुन्छ कि भन्ते ?

हुँदैन, आवुसो !

कहाँ हुँदैन भनेर भनिएको छ भन्ते ?

श्रावस्तीको, सूत्रविभङ्गमा ।

(बस्यो भने) के आपत्ति हुन्छ भन्ते ?

**छेदनके पाचितियं** भन्ने आपत्ति हुन्छ ।

यसरी सोधिसकेपछि रेवत महास्थविरले सङ्घलाई यसरी विनिश्चय दिनुभयो–



https://dhamma.digital

"सुन्नुहोस्, भन्ते सङ्घ ! नवौं अधिकरणको विनिश्चय सङ्घले यसरी दियो–'संजाप नभएको हुन्छ' भन्ने कुरा अधर्मयुक्त, अविनययुक्त र तथागतको वचनभन्दा बाहिर पर्छ, अतएव 'संजाप नभएको हुँदैन' भन्ने निर्णय भयो । यो नवौं विनिश्चय भयो । यो नवौं दियालो झिकें ।"

(९) सुन र चाँदी (ग्रहण गर्न) हुन्छ कि हुँदैन भन्ते ?

हुँदैन आवुसो !

कहाँ हुँदैन भनेर भनिएको छ त ?

राजगृहमा, सूत्रविभङ्गमा ।

(लियो भने) के आपत्ति हुन्छ त ?

**जातरूप रजत पटिग्गहणे पाचित्तियं** भन्ने आपत्ति हुन्छ ।

यसरी सोधिसकेपछि रेवत महास्थविरले सङ्घलाई यसरी विनिश्चय दिनुभयो–

"सुन्नुहोस्, भन्ते सङ्घ ! दसौं अधिकरणको विनिश्चय सङ्घले यसरी दियो– 'सुन र चाँदि (ग्रहण गर्न) हुन्छ' भन्ने कुरा अधर्मयुक्त, अविनययुक्त र तथागतको वचनभन्दा बाहिर पर्छ, अतएव 'सुन र चाँदि (ग्रहण गर्न) हुँदैन' भन्ने निर्णय भयो । यो दसौं विनिश्चय भयो । यो दसौं दियालो झिकें ।"

यसप्रकार प्रत्येक अधिकरणको विनिश्चय भइसकेपछि सकल वैशालीनिवासी भिक्षुभिक्षुणी र उपासक उपासिकाहरूलाई पनि यी विनिश्चयको कुरा सुनाउन सङ्घहरूले एउटा सर्वसाधारण अधिवेशन डाकी पहिलेझैं दश अधिकरणको विषयमा प्रश्न र उत्तर सुनाए ।

अनि ७०० प्रतिसम्भिदालाभी अर्हत्‌हरू भेला भएर वैशालीको[७१] को बालुकाराममा कालाशोक राजाको संरक्षणमा प्रथम सङ्गायनामा महाकाश्यप महास्थविरहरूले झैं धर्मसङ्गायना गरे । श्रावण पूर्णिमाका दिन सङ्गायनाको कार्य प्रारम्भ भयो । आठ महिना भएपछि समाप्त भयो । यस सङ्गायनामा रेवत महास्थविरले प्रश्न गर्नुभयो । सर्बकामी महास्थवीरले उत्तर दिनुभयो । सातशय भिक्षुहरू भएका हुनाले यस द्वितीय सङ्गायनालाई **सत्तसतिक** पनि भनिन्छ ।

---

[७१] कुनै ठाउँमा कोशम्बि छ ।



https://dhamma.digital

## द्वितीय सङ्गीतिपछि

दस वस्तुक विनयसम्बन्धी झगडा छिनेर थेरवादी महास्थविर भिक्षुहरूले सङ्गायना गरेपछि विपक्षी भएका वृजिपुत्रक भिक्षुहरू मूल स्थविरवादी भिक्षुसङ्घबाट छुट्टिएर निस्के । निस्केर आफ्ना पक्षका सबै भिक्षुहरूलाई भेला गराई प्रत्यन्त देशतिर गए । पछि यो विपक्षी भिक्षुहरूलाई धर्म-विनयको कुरा राम्रोसँग नजान्ने मण्डली भन्ने राजाको सहायता प्राप्त भयो । वही राजाको संरक्षणमा वृजिपुत्रक भिक्षुहरूले धर्मसङ्गायना गरे । अनेक तरहका भिक्षुहरू दस हजारजति एकै ठाउँमा भेला भएर सङ्गायना भएको यस सङ्गायनालाई **महासांघिक** अथवा **महासंगिक** भनेर भनियो[७२] ।

यस सङ्गायनामा वृजिपुत्रक भिक्षुहरूले तथागतले देशना गर्नुभएको, अर्थात् त्यस बेलासम्म महास्थविर परम्परा चली आएको त्रिपिटक ग्रन्थलाई उल्टापाल्टो गरे । प्रथम सङ्गीतिमा सङ्ग्रह गरेर राखिएको सूत्रहरूमध्ये कुनै यता कुनै उता राखे । कुनै कुरा झिके कुनै कुरा थपे । सूत्रको नाम पनि फेर्दै वर्गको नाम पनि बदले । विस्तृत गरिराखेको कुरालाई संक्षिप्त पारे, सङ्क्षिप्त पारिएको कुरा विस्तृत गरियो । पर्य्याय देशित धर्मलाई निष्पर्य्याय देषित पारे, निष्पर्य्याय देषित धर्मलाई पर्य्याय देशित गरे । नीतार्थलाई नेर्य्याय पारे, नेर्य्यायलाई नीतार्थ गरे । त्यसकारण दीपवंश पञ्चम परिच्छेदमा यसो भनिएको छ–

**"महासङ्गीतिका भिक्खु विलोमकंसु सासनं ।**
**भिन्दित्वा मूल सङ्ग्रहं अञ्ञं अकंसु सङ्गहं ॥**

**अञ्ञत्र सङ्गहितं सुत्तं अञ्ञत्र अकरिंसुते ।**
**अत्थं धम्मं च भिन्दिंसु निकायेसु च पञ्चसु ॥**

**परियाय देसितं चापि अथो निप्परियायदेसितं ।**
**नीत्थंचेव नेय्यत्थं अञ्ञानित्वान भिक्खवो ॥**

**अञ्ञं सन्धाय भणितं अञ्ञं अत्थं ठपयिंसुते ।**
**व्यञ्जनच्छाया ते भिक्खु बहुं अत्थं विनासयुं ॥**

---

७२ सद्धर्म रत्नाकर परिच्छेद १२



https://dhamma.digital

**छड्डेत्वा एकदेसं सुत्तं विनय गम्भिरं ।**
**पतिरूपं सुत्तविनयं तञ्च अञ्ञं करिंसुते ॥**

**परिवारं अत्थुद्धारं अभिधम्मं छप्पकरणं ।**
**पटिसम्भिदञ्च निद्देसं एकदेसञ्च जातकं ॥**

**एत्तकं विस्सज्जेत्वान अञ्ञानि अकरिंसुते ।**
**नामंलिङ्ग परिक्खारं आकप्पकरणीयानि च ॥**

**एकतिभावं जहेत्वा तन्त्र अञ्ञं अकंसुते ॥**

तथागतको परिनिर्वाणदेखि एक सय वर्षसम्म निष्कलङ्क चलि आएको निर्मल स्थविरवादी भिक्षुसङ्घमा यसरी आचार्य मतको कारणबाट तथागतको परिनिर्वाणबाट एक सय वर्षपछि भेद निस्कयो । अतएव बुद्धवर्ष एक सय वर्षपछि बुद्धधर्ममा दुई समूह रह्यो । मूल थेरवादी र त्यसबाट छुट्टिएर भएर निस्केको महासांघिक ।

यो वृजिपुत्रक भिक्षुसङ्घको माझमा आचार्यमत निकाल्ने कुनचाहिं हो भन्ने कुरा पालि साहित्यमा स्पष्ट देखिन्न । महासंघिकहरूले गरेका सङ्गायनामा को प्रधान भयो भन्ने विषयबारे पनि केही थाहा छैन । वसुमित्र महास्थविरको अनूदित चिनियाँ भाषाको पुस्तकमा एउटा कारण देखिन्छ । त्यो यस्तो छ–

कनिष्क अधिराज्यको समयमा भएको वसुमित्र महास्थविरले रचना गरेका 'निकायवलम्बन शास्त्र' भन्ने ग्रन्थको वर्णन लेख्ने परमार्थ महास्थविरले आफ्नो ग्रन्थमा महासङ्गीतिको पक्षमा प्रधान भिक्षु महादेव स्थविर हुन् भनी र उनै स्थविरले 'अवतंसक' र 'प्रज्ञापारमिता' नामक सुत्तको पनि रचना गरे, जसको कारणमूल स्थविरवादी निकायबाट छुटेर महासांघिक निकाय अस्तित्वमा आयो भनेर भनेका छन्[७३] ।

यस सम्बन्धमा हुयेनसाङ्गको यात्रा पुस्तकबाट पनि केही कारण देखिन्छ । त्यस्तोमा यसरी लेखिएको छ :–

परिनिर्वाणको एक सय वर्षपछि महादेव भन्ने स्थविरले अर्हत् स्थविर हरूले स्वीकृत नगरेका ग्रन्थको रचना गऱ्यो । यसकारण, महासांघिक दल

[७३] भारतीय बौद्धाचार्य, पृ. १-बुद्धदत्त महास्थविर



https://dhamma.digital

अस्तित्वमा आयो । जापानको किमुरा पण्डितले 'महासांघिक निकायको मूल भिक्षु महादेव स्थविर हो' भनी भने ।

महासांघिक निकाय निस्कनु विवादको कारण भएको कुरा महादेव स्थविरले निम्न पाँच कारण देखाएको छ भनी नलिनाक्षदत्त पण्डितले आफ्नो पुस्तकमा[७४] यसो भनेका छन् :–

(१) अरहत् भिक्षु स्वयम्ले नजानीकन पनि पापकर्म गर्न सक्छ,

(२) अरहत् भइसकेपछि पनि आफू अरहत् भएको थाहा नपाउन सक्छ,

(३) धर्मसम्बन्धी कुनै कुरामा अरहत्हरूको पनि शङ्का हुन सक्छ,

(४) आचार्यको सहयोग प्राप्त नभइ अरहत हुन सकिन्न,

(५) ध्यान भावना गरिरहँदा 'अहोदुःख !' भनेर भन्नुपर्छ" ।

यी पाँच कारणहरू नलिनाक्ष दत्तजीले भव्य, वसुमित्त, विनितदेव आदि पूर्वाचार्यहरूको चीनी भाषानुदित पुस्तकबाट उद्धृत गरिलिएको हो । यस्ता पाँच कुराहरू ई. जे. थोमस् महाशयले केही फरक रूपमा लेखेका छन्[७५] ।

स्थविरवादी महास्थविरहरूको पालि ग्रन्थमा यस कुरोको उल्लेख किन भएन भन्ने विषयमा नलिनाक्ष दत्त पण्डितजीले यसो भनेका छन्– "स्थविरवादी भिक्षुहरू विनयगरुक भएका हुँदा विनयसम्बन्धी रहेको मतभेद मात्र लिएका होलानन्, महासांघिक भिक्षुहरू धर्मगरुक भएका हुँदा धर्मसम्बन्धी रहेका वाद-विवादका कुरा मात्र लिएको हुन सक्छ" । सम्भवतः यो कुरो पनि त्यस्तै भएको हुन सक्छ । परन्तु यी पाँच कुराहरू चिनियाँ भाषाका ग्रन्थहरूमा मात्र रहेका छन् ।

ल्हासाको ग्रन्थमा त विनयसम्बन्धी दश वटा देखिएको कुरोको उल्लेख माथि भइसकेको छ । चाहे विनय, चाहे धर्म-जुनसुकै विषयको मतभेद रहेको होस्, मतभेद भएर मूल स्थविरवादी सङ्घबाट छुटेर महासांघिकवाद उत्पन्न भएको कुरा त निर्विवाद सिद्ध नै छ ।

समय बितेपछि उपर्युक्त महासांघिक निकायबाट पुनः अर्को 'गोकुलिक'

---

७४ Early History of the spread of Buddhism and the Buddhist schools P, 2-9

७५ Origin of Buddhist thought



https://dhamma.digital

र 'एकब्बोहारिक' भन्ने दुई आचार्य मत प्रकट भए ।

पुनः कालान्तरमा गोकुलिक दलबाट 'पञ्ञत्तिवाद' र 'बाहुलिक' भन्ने दुई दल निस्के । बाहुलिक अथवा बहुस्सतिक दलबाट पुनः 'चेतियवाद' भन्ने मत निस्क्यो । यसरी भगवान् परिनिर्वाण हुनु भएको दुई सय वर्षको अवधिमा महासांघिक निकायबाट पाँच दल निस्के ।

सोही दुई सय वर्षको माझमा थेरवादी भिक्षुसङ्घबाट 'महिंसासक' र 'वज्जिपुत्तक' भन्ने दुइ मत निस्के । पुनः वज्जिपुत्तक दलबाट 'धम्मुत्तरिय', ' भद्दयानिक', 'छन्नगारिक (छन्नागारिक)' र 'सम्मित्तीय' भन्ने चार थरी मत आए ।

महिंसासक तर्फबाट 'सब्बत्थिवादी' र 'धम्मगुत्तिक' भन्ने दुई थरी निस्के ।

फेरि सब्बत्थिवादीका तर्फबाट 'कस्सपिक' र 'संकन्तिक' भन्ने दुई थरी पनि निस्के ।

संकन्तिकका तर्फबाट 'सुत्तवादी' भन्ने एक थरी निस्के ।

यसप्रकार दुई सय वर्षको अवधिमा मूल थेरवादीका तर्फबाट एघार थरी निस्के ।

(१) महिंसासक (२) वज्जिपुत्तक (३) 'सब्बत्थिवादी (४) धम्मगुत्तिक (५) धम्मुत्तरिय (६) भद्दयानिक (७) छन्नागारिक (८) सम्मित्तिय (९) कस्सपिक (१०) संकन्तिक (११) सुत्तवादी

महासांघिक तर्फको पाँच :–

(१) गोकुलिक (२) एकब्बोहारिक (३) पञ्ञत्तिवादी (४) चेतियवादी (५) बहुस्सतिक

एघार र पाँच समेत १६ तथा मूल थेरवादी र महासांघिक गरी दुईसमेत जम्मा १८ निकाय भयो । यति निकाय तृतीय सङ्गायनाअगावै भइसकेको थियो । सो मध्ये १७ छुटेर गएका वाद भए भने एक नछुटेको मूल वाद भयो । तसर्थ दीपवंशमा भनिएको छ –

**"सत्तरस भिन्नवादा एकवादो अभिन्नको,**
**सब्बेवट्ठारस होन्ति भिन्न वादेन ते सह ।**
**निग्रोधाव महारूपखो थेरवादानमुत्तमो" ॥**



https://dhamma.digital

यी अठार निकायको विषयमा वसुमित्र स्थविर (इ. १००) को "निकायावलम्बन शास्त्रमा" यस्तो भनिएको छ :–

महासांघिकका तर्फबाट विच्छेद भएको आठ निकायहरू यी हुन् –

(१) व्यवहारिक (२) लोकोत्तरवादी (३) कौकुटिक (४) बहुश्रुतिय (५) प्रज्ञप्तिवादी (६) चैत्यशैल (७) अपर शैल (८) उत्तर शैल ।

स्थविरवादका तर्फबाट पृथक भएर निस्केको एघार निकाय यस प्रकारका छन्–

(१) सर्वास्तिवादी (२) उत्तरिय अर्थात् संकान्तिवादी (३) विभज्यवादी (४) हेतुवादी (५) वातसीपुत्तीय (६) धर्मोत्तरिय (७) भद्रवानीय (८) सम्मितीय (९) महिंसासक (१०) धर्मगुप्तिक (११) काश्यपीय अर्थात् सधर्म वर्षक [७६] ।

ल्हासामा इ १२९०–१३६४ का बीचमा भएको युडोन् रिम्पोछे स्थविरले रचना गरेर राखेका "भिक्षु वर्षाग्रपुच्छा" भन्ने ग्रन्थअनुसार अठार निकायहरू यस प्रकारका छन् –

**महासांघिक निकायका शाखा :–**

(१) पूर्वशैल (२) अपरशैल (३) हेमवत (४) लोकोत्तरवादी (५) प्रज्ञप्तिवादी

**सर्वास्ति निकायका शाखा :–**

(१) मूल सर्वास्तिवादी (२) काश्यपीय (३) महिंसासक (४) धर्मगुप्त (५) बहुश्रुतिय (६) ताम्रसाटीय (७) विभज्यवादी

**सम्मितीय महानिकायका शाखा :–**

(१) कौन कुल्लुक (२) आवन्तिक (३) वात्सीपुत्रीय

**स्थविरिय महानिकायको शाखा :–**

(१) महाविहारवासी (२) अभयगिरिवासी (३) जेतवनवासी ।[७७]

x x x

---

[७६] भारतीय बौद्धाचार्य पृ. ४०

[७७] भारतीय बौद्धाचार्य पृ. २०६



https://dhamma.digital

# तृतीय सङ्गीति

## राजावली

कालाशोक राजाले अट्ठाइस (२८) वर्षसम्म शासन गरिसकेपछि उनका दश जना छोराहरूले[७८] २२ वर्षसम्म शासन गरे । त्यसपछि नौ जना[७९] नन्द राजाहरूले क्रमशः २२ वर्ष राज्य गरे । त्यस बेला मगध देशका नन्दवंशीय राजाहरूको शक्ति क्रमशः क्षीण हुँदैगयो । पञ्जाबतर्फ ग्रीक जाति अलेक्जेन्डर पेल्दै गयो । यही मौकामा मौर्य राज्यस्थापक शाक्यवंशीय चन्द्रगुप्त राजाले चाणक्य ब्राह्मणको उपदेश मुताबिक नन्दवंशका अन्तिम राजा धननन्दलाई मारेर मगध राज्य लिए । पछि सबै ग्रीक शक्ति मासेर पठाइदिए । वैदेशिक शत्रुलाई इन्दुसतर्फ धपाई ख्याति प्राप्त गरेर चौंतिस (३४) वर्षसम्म चन्द्रगुप्त राजाले शासन चलाए । राजा स्वर्गवास भएपछि उनका छोरा बिन्दुसार राजालाई राज्य प्राप्त भयो । ती राजाले अट्ठाइस (२८) वर्षसम्म शासन गरे ।

## बिन्दुसारका छोराहरु

बिन्दुसार राजाका एक सय एक (१०१) छोराहरू थिए[८०] ।

उनीहरूमध्ये अशोककुमार र तिष्यकुमार दुबै एउटै आमाका छोरा हुन्[८१] । अन्य ९९ राजकुमारहरू सबै विभिन्न आमाहरूबाट जन्मेका छोराहरू थिए । यिनीहरूमध्ये अशोककुमार जेठो थियो । अशोकको आमा मौर्यवंशकी

---

७८ भद्दसेनो, कोरण्डवण्णो, मंकुरो, सब्बञ्जहो, जालिको, उभयको, सञ्जयो, कारेब्बो नन्दिवड्ढन्तो तथा पञ्चको यति कालाशोक राजाका छोराहरू ।–सारत्थदीपनी, पृ. १३४

७९ नौ नन्दवंशी राजाहरू–उग्गसेननन्दो, पण्डकनन्दो, पण्डगतिनन्दो, भूतपालोनन्दो, रट्ठपालोनन्दो, गोविसाननन्दो, सविन्धकनन्दो, केवट्टकनन्दो तथा धननन्दो । –सारत्थदीपनी, पृ. १३४

८० समन्त पासादिका– पृ. २४, महावंश– पृ. ५१९, सारत्थ दीपनी, पृ. १०३

८१ सारत्थ दीपनी, पृ. १०७



https://dhamma.digital

धर्मदेवी नामकी महारानी थिइन्[८२]। राजधानी पाटलिपुत्र, अर्थात् वर्तमान पटना थियो।

राज्य निकै विशाल थियो। बिन्दुसार राजाले राजकुमारहरूलाई विविध स्थानमा नियुक्त गरे। अशोककुमारलाई युवराज पद दिएर अवन्ति राज्यमा उज्जैन[८३] नगरमै बसोबास गराए।

## महेन्द्रको जन्म

एक दिन अशोक युवराज पाटलिपुत्रमा बिन्दुसार राजाको चाकरीमा गए। त्यसबखत बिन्दुसार राजाले युवराज अशोकलाई उज्जैन नगरमै बसेर त्यहाँको राजकाज राम्रोसँग चलाऊ भन्ने आदेश दिए। पिताको यस्ता वचन सुनेपछि अशोक युवराज अवन्ति फर्की आए। फर्कंदा बाटोमा बेदिए (वेदिए) गिरि[८४] भन्ने नगरमा देव (वेटिए) भन्ने सेठको घरमा बास बसेछ।

त्यहाँ सेठको अति सुन्दरी वेटिस गिरी अथवा वेटिस नामकी एक छोरी रहिछ। अशोककुमार उनै कुमारीप्रति आसक्त भए। पछि उनका आमाबाबुसँग अनुमति लिएर विवाह गरे। अनि गर्भ रहेपछि उज्जेन नगरमा उसलाई लगे। त्यहाँ छोरो जन्म्यो, जसको नाउँ महेन्द्र राखियो। महेन्द्र जन्मंदा भगवान् परिनिर्वाण भएर दुई सय चार (२०४) वर्ष व्यतीत भएको थियो[८५]। त्यसको दुई वर्षपछि अशोकलाई एउटी छोरी प्राप्त भयो। जसको नाउँ सङ्घमित्रा राखियो।

## अशोकको हिंसा

महेन्द्रकुमार दश वर्षको उमेरमा हुँदा पाटलिपुत्रमा बिन्दुसार राजा सिकिस्त बिरामी परे।

राजाले आफ्नो जेठो छोरा अशोक युवराज कहाँ त्यो समाचार पठाए। बुबा सिकिस्त हुनु भएको समाचार सुन्नेबित्तिकै युवराज अशोकले छोराछोरी

---

८२ सारत्थ दीपनी, पृ. १२९

८३ वर्तमान मध्य भारतमा ग्वालियर देशमा, पूर्व समयमा अवन्ति राजधानी

८४ वर्तमान भोपालदेखि २६ माइल जति पूर्वतिर रहेको भिलसा।

८५ दीपवंश ३/२१

र जहानलाई वेटिस गिरीमै छोडेर आफू एकलै उतिखेर पाटलिपुत्र आइ पुगे। युवराज अशोक आएका केही दिन मै बिन्दुसार राजाको स्वर्गवास भयो। युवराज अशोकले आवश्यक क्रियाकर्म गरे। ज्यानको माया मारेर आएका सुमन[८६] राजकुमार प्रमुख विभिन्न आमाका तर्फबाट जन्मेका उनान्सय (९९) राजकुमारहरूको हत्या गरी निष्कण्टक युवराज अशोकले पिता बिन्दुसार राजाको राज्य प्राप्त गरे[८७]।

अशोक राजाले राज्यको कारणले गर्दा आफ्नो यौवनावस्थामा अत्यन्त क्रूर हिंसा गरे। उनले आफ्नो शक्ति बलियो तुल्याउन अनेकानेक युद्ध गरे। जसमा निर्दयताले गर्दा अशोक राजालाई 'चण्डाशोक' पनि भनियो[८८]। यतिले तृप्त नभई अशोक राजाले उस बेलाको एउटा प्रबल राज्य कलिङ्गतिर पनि उनले आक्रमण गरे। कलिङ्ग जित्न अशोकलाई उति सजिलो थिएन। कलिङ्ग युद्धमा दुबै पक्षको असङ्ख्य जनधनको क्षति भयो। यस्तो प्राणी हिंसा देख्दा अशोक राजाको चित्त युद्धदेखि विरत भयो। हुनत, अशोक राजाले पहिलेदेखि नै बुद्धधर्मको कुरा श्रवण गरी नराखेको होइन, तर यो भीषण हत्या नदेखुञ्जेल अशोकले बुद्धधर्मलाई राम्रोसँग बुझ्न सकेन।

यो घटना देखेपछि अशोकको चित्त कसरी परिवर्तन भयो भने युद्धबलको ठाउँमा धर्मबल बढाउनतिर दृष्टि राखे। युद्धबाट पूर्णरूपले हटे[८९]। कलिङ्ग युद्धमा जय प्राप्त भएपछि अशोकले जहाँ पनि धर्मकै प्रचार गरेको कुरा मात्र अनेक शिलालेखद्वारा प्रमाणित भएको छ।

८६ सुमन भन्ने विन्दुसार राजाको विभिन्न रानीहरूको तर्फबाट जन्मेका उन्नान्सय राजकुमारहरू मध्ये जेठा राजकुमार।

८७ **वेमातिके भातरे सो हन्त्वा एकुन सतं।**
**सकले जम्बुद्वीपस्मिं एकरज्जमपापुणि।**
महावंश, ५/१०, सारत्थदीपनी, पृ. १३०

८८ "चण्डासोकोति ञायित्थ पुरे पापेन कम्मुना" -महावंश, ५/१९०

८९ अठवषा भिषितषा देवानपियक्ष प्रिदषिने लाजिने कलिग्या विजिता दियढमिते पानषतषहशे ये तफा अप बुढे शतषह्रष मिते तस हते हते बहुतावतके वा मते ततो पछा अधुना लधष कलिग्येषु तिवे धंमवाये धंमकामता धंमानुषथि चादेवानं पियष षे अथि अनुषये देवानं प्रियषा विजिनितु कालिग्यानि। अविजितंहि विजिनमने एतता वध वा मलने वा अपवहे वा जनषा वाढष वेदनियमुते गुलुमुते चा देवान पियषा। Corpus Inscriptionum Indicarum, Vol. I, P, 43-44- (प्रज्ञा कीर्ति स्थविरको आगमा हो समाज पृ. ११५



https://dhamma.digital

## अशोकको राज्याभिषेक

त्यसबखतको भारतका विभिन्न राज्यहरूलाई एउटै सूत्रमा बाँधी अशोक राजाले राज्याभिषेक बेगरै चार वर्षसम्म चलाए । त्यसपछि बुद्ध परिनिर्वाणपछि दुई सय अठार (२१८) बर्ष हुँदा सम्पूर्ण भारतमा एक छत्र राज्याभिषेक लिए[९०] । त्यसबखत महेन्द्रकुमार चौध वर्ष भएका थिए[९१] । अभिषेकको समयमा अशोक राजाको अग्रमहारानी असन्धिमित्रा थिइन्[९२] । असन्धिमित्रा महारानी स्वर्गवास भएको चार वर्षपछि अशोक राजाले तिश्यरक्षा नाउँकी कुमारी विवाह गरे । जसले बुद्धगयामा रहेको बोधिबृक्ष विनाश गरिन्[९३]। आफूले राज्याभिषेक प्राप्त गरिसकेपछि अशोक राजाले आफ्नो साक्खै भाई तिश्य राजकुमारलाई युवराज पदमा राखे[९४] ।

## अशोकको समय

यद्यपि अशोकको समयमा भिक्षुसङ्घमा धर्म विनय दर्शन तथा आचार्यमत आदिका कारणले मूल थेरवादी बाहेक सत्र १७ शाखा प्रशाखा भइसकेको थियो । तथापि, यसबेला सम्म पनि थेरवादी शासनको प्रतिष्ठा र प्रचार यथेष्ठ थियो ।

सर्वास्ति आदि अन्य निकायको प्रचार भएपछि यसको प्रतिस्था भएको थिएन । यतिमात्र होइन्, अशोकको राज्यकालमा बुद्धशासनमा अनेक उपद्रव र कलंक भइरह्यो। जसले गर्दा पछि तृतीय सङ्गीति गर्नुपऱ्यो ।

सम्राट अशोकको चित्त दिनपरदिन धर्मतिर आकर्षित हुँदै गयो । उनले सदाचार र परस्पर कर्तब्यपालन गर्ने विषयमा ध्यान दिन थाले । जीवनको महत्व बुझेर सत्य धर्मको गवेषणा गर्नथाले । सम्राट् अशोकका बाजे बुबाहरू बौद्ध थिएनन् । चन्द्रगुप्त राजाका उपदेशक ब्राह्मण भएको हुँदा तौर्थिकादि तपस्वीहरूलाई माने । अशोक राजाले पहिलेदेखि नै बौद्धहरूको

[९०] समन्तपासादिका-पृ. २४, महावंश-५/२१, दीपवंश ६/१

[९१] दीपवंश, ६/२३

[९२] समन्तपासादिनका-पृ. २४,

[९३] महावंश २०/२-५

[९४] "राजाभिसित्तो सोसोको कुमार तिस्ससन्हयं । कणिट्ठ संसोदरियं उपरज्जे भिसेचयि"-महावंश, ५/३५,



https://dhamma.digital

सङ्गत अलिअलि गरिराखेका हुँदा निग्रोध श्रामणेर भेटिसकेपछि खुल्लमखुल्ला बुद्धधर्म स्वीकार गरे[९५] । त्यसपछि सकेसम्म देश विदेशमा धर्मको प्रचार गर्न मानिसहरू पठाए[९६] । यो धर्मप्रचारको कार्यले गर्दा अशोकको नाउँ त्यस बेला मात्र होइन्, अहिलेसम्म पनि समुद्रपारका मुलुकमा समेत सम्म प्रचार हुँदैछ[९७] । समन्तपासादिका अनुसार अशोक राजाका पिता पुर्खाहरूले चलाइराखेको साठी हजार ब्राह्मण पाखण्डहरूलाई दिइने भोजनदान अशोकले पनि केही कालसम्म स्थायी तुल्याए ।

## अशोक र निग्रोध श्रामणेर

एक दिन अशोक राजाले मन्त्रीहरूलाई आफ्ना आफ्ना साधुफकीर हरूमध्ये ठूलठूला साधु र महात्माहरूलाई निमन्त्रित गरी ल्याऊ भनी आज्ञा दिए । उनीहरूले पासाण्डादि ब्राह्मण तपस्वीहरूलाई डाकेर ल्याए । राजाले तिनीहरूलाई आफ्नो आफ्नो योग्य आसनमा बस्नुहवस् भनेर निवेदन गरे । उनीहरूमध्ये कोही राम्रा खाटमा बसे, कोही फलेकमा बसे । उनीहरूको आचरण देख्नेबित्तिकै अशोक राजाले "यिनीहरूसँग कोही सार छ भने झैँ गरेनन्" भन्ने मनमा नै बुझी तद्नुसार भोजन गराई बिदा दिई पठाए ।

---

९५ Neither Chandragupta nor his son Bindusara were Buddhist; but third of the race, piyadasi, best known under the name of Ashoka (in Pali Asoka) openly adopted the now popular creed Buddhism,
(Buddhism, P. 221- Rhys David)

९६ अयि च मुखमुत विजये देवानंप्रियस यो धुम विजयो सो च पुन लधो देवनंप्रियस इह भवेषु च अंतेषु पियोजनशतेयु यत्त अंतियोको नम यो नरज परं च तेन अतियोकेन चतुरे रजनि तुरमये नम अंतिकिनि नम कम नम अलिकसुदरो नम निच चोड पड अव तंव पंणिय एवमेव हिद रजविषवस्पि योनकं योयेषु तभकन भितिन भोजपितिनिकेषु अंधु पलिदेषु सवत्र दैवेन प्रियस धुमनशस्ति अवुवटंति - Corpus Inscriptionum Indicarum, Vol. I, P, 66-67 (आगम हा समाज पृ. १२१)

९७ His (अशोक) name is honoured wherever the teachings of the Buddha have spread, and is reverenced from the Volga to Japan, from Ceylon and Siam to the borders of Mongolia and Siberia. If a man's fame; says Aoppen, can be measured by the number of hearts who rever him memory, by the number of lips who have mentioned and still mention him with honour, Ashoka is more famous than Carlemagne or Caeser? Buddhism, P. 221-222, Rhys David).



https://dhamma.digital

अशोक राजाले यसरी अनेक साधु र सन्तहरूलाई बारम्बार डाकेर धर्मको गवेषण र चर्चा गरे ।

एक दिन राजप्रासादको ठूलो झ्यालनिर बसेका अशोक राजाले दरवारको अगाडिबाट गइरहेको हिसिले युक्त, बालक भए पनि बालकपन नभएको, हात गोडा आँखा चञ्चल नभएको, अत्यन्त इन्द्रियसंयम भएको, साँच्चिकै भिक्षुको स्वभावले युक्त भएको, जन्मले सात वर्ष मात्र भएतापनि गम्भीरपन भएको, हात्ती लीलाले भिक्षा माग्दै गइरहेको निग्रोध श्रामणेरको वाहिरिक शीलाचारले आकर्षित गऱ्यो । श्रामणेरको गमन श्रमणसँग अवश्य नै सारधर्म ज्ञान हुन सक्छ; नत्र यत्ति सानो उमेरको बालक यति गम्भीर यति संयमित भएर हिड्न सक्ला र' ![९८] राजा निग्रोध श्रामणेरको आचरणदेखि निकै प्रसन्न भए अनि श्रामणेरलाई देखेपछि राजाको चित्तमा एउटा अद्‌भूत स्नेह उत्पन्न भयो ।

यद्यपि कुनै ग्रन्थमा पनि अशोक राजाको बैसबारे कुनै विषयमा केही कुरा प्रकाशित गरेर राखिएको बुझिन्न । तथापि उनको चिन्तनादि स्वभाव हेरेर हामी अनुमान गर्न सक्छौं कि उस बेला अशोक राजा कमसेकम बैंसका थिए होला । निग्रोध श्रामणेर देख्नेबित्तिकै राजाको चित्त किन ऊप्रति यत्तिको आकर्षित भएको हो भन्ने विषयमा हामी यसो भन्न सक्छौं कि राजाहरू विशेष गरी कौतुकी पनि हुनसक्छ त्यसैले त्यति सानो उमेरमा श्रामणेर देख्नेबित्तिकै उहाँको चित्त त्यसतर्फ आकर्षित भएको हो । राजा त के अन्य जोसुकै पनि आकर्षित हुन सक्छ । धर्मशास्त्रअनुसार विचार गर्दा पूर्वजन्ममा पनि सम्बन्ध भएको फेरि यस जन्ममा पनि सम्बन्ध भयो भने मनमा अकस्मात स्नेह उत्पन्न हुने कुरा त्रिपिटकमा वर्णित छ । निग्रोध श्रामणेर विषय पनि यस्तो कुराबाट मुक्त छैन । पूर्वजन्मको कुरा जस्तै भएपनि वर्तमान कुरा सम्झेर बिचार गरेमा पनि अशोकको मनमा स्नेह उत्पन्न हुन कुनै न कुनै कारण अवश्य छ । विन्दुसार राजा स्वर्गवास भएपछि अशोक राजाले राज्यका लागि आफ्ना उनान्सय दाज्युभाइहरूलाई मारेको कुरा पाठकवृन्दले नबुझेको होइन । अशोकले दाज्युभाइहरूको हत्या गर्दा सुमन कुमारकी जहान सुमना

---

९८ अयंजनो सब्बोपि विक्खित्तचितो भन्तमिग पटिभोग, अयंन दारको अविक्खितो अति विय आलोकित विलोकितं..............सोभति । अद्धा एतस्सब्भन्तरे लोकुत्तर धम्मो भविस्सतीति । -समन्तपासादिका, पृ. २६

भन्ने रानीको गर्भ रहेको थियो । ती रानीले त्यही रातमा आफ्नो प्राणरक्षाको लागि गुप्त भेषमा नगरबाहिर गई एक चण्डालको आधारमा वहरको रुखमुनि बसेर जीविका चलाइन् । पछि सुमना रानीले छोरो जन्माइन् । वहर वृक्षलाई पालि भाषामा निग्रोध भन्छन् । निग्रोध वृक्षमुनि जन्मेको बालक हुँदा त्यस कुमारलाई निग्रोध भन्ने गरियो । क्रमशः बालक सात वर्षको भयो ।

एक दिन महावरुण नामक अरहत् महास्थविरले निग्रोध कुमारको पुण्य संस्कार देखेपछि "यो बालकलाई प्रव्रजित गऱ्यो भने शासनको ठूलो सेवा हुनेछ" भनी विचार गरी सुमना रानीलाई भनेर सात वर्षीय निग्रोध राजकुमारको अभिभावकत्व आफूले लिई श्रामणेर गरे । निग्रोध कुमार श्रामणेर भएकै दिन आस्रव क्षय भई अरहत् भए ।

एक दिन निग्रोध श्रामणेर गुरुहरूलाई गर्नुपर्ने सेवाटहल गरेर सकेपछि आमा बसेको ठाउँमा जाने विचारले राम्ररी चीवर पहिरी विहारबाट हिडें । आमाकहाँ जानु परेमा नगरको दक्षिण द्वारबाट पसेर दरवारको अगिल्तिर गई नगरको पश्चिम द्वारबाट निस्कनु पर्थ्यो । यसरी गइरहेको बेलामा अशोक राजाले उनी श्रामणेरलाई देखे । अतः निग्रोध श्रामणेर अशोक राजाका भतिजा थियो । पूर्वजन्ममा यिनीहरू दाज्युभाइ भएको कुरा सारत्थदीपनी[९९] मा महव्यापारीको कुराबाट थाहा हुन्छ । इत्यादि कारणले अशोकको मनमा श्रामणेर देख्नेबित्तिकै स्नेह उत्पन्न भएको हो । यसर्थ भनिएको छ :-

**"पुब्बेव सन्निवसेन पच्चुप्पन्न हितेन वा ।**
**एवं तं जायते पेमं उप्पलंव यथोदके ।**

## अशोकको बुद्ध धर्ममा दीक्षा

अनि राजाले श्रामणेरलाई यथाशीघ्र लिएर दरबारमा फर्की आऊ, भनी दूत पठाए । चाँडै नआएको हुँदा राजाले दुई तीन पटक दूतहरू पठाए । श्रामणेर राजाले डाकेको हुन् भनी हतार नगरी उनी आफ्नो भिक्षुलीला अनुसार आइपुगे । दरवारमा भित्रिएपछि राजाले श्रामणेरलाई तपाईं योग्य आसनमा बस्नु हवस् भनेर भने । श्रामणेरले आफूले सम्मान गर्नुपर्ने अरू कोही नदेखी निर्भीक भएर सरासर राजाको सेतो छत्रले ओढाएको सिंहासन भएतर्फ गए ।

---

[९९] पृ. १०८, महावंशमा पनि ५/५१-६६



https://dhamma.digital

आफ्नो हातको पात्र राजालाई दिऊँ कि भनेझैँ ढाँचा गरेर देखाए । राजाले त्यो पात्र लिए । राजसिंहासनका सामु श्रामणेर आईपुग्ने बित्तिकै अशोक राजाले आज यी श्रामणेर यस घरका मालिक हुनेछन्[१००] भन्ने सोचे । श्रामणेर पनि राजाको हातमा पात्र दिएर सुहाउँदो रूपमा राजसिंहासनमा बसे । राजाले श्रामणेरलाई आफ्ना निम्ति तयार गरी राखिदिएका विविध व्यञ्जनसहित प्रणीत भोजन अर्पित गरे । श्रामणेर मात्रानुसार भोजन गर्नुभयो । भोजन पश्चात् राजाले श्रामणेरलाई यस्तो निवेदन गरे -

"भन्ते ! शास्ताले तपाईंलाई दिनु भएको उपदेश थाहा छ कि ?"

"अलिकति थाहा छ, महाराज" !

"त्यसो भए मलाई आज्ञा गर्नुहवस्" ।

"हुन्छ, महाराज" ! भन्दै श्रामणेरले राजालाई योग्य धम्मपद अप्पमाद वग्गको श्लोक पढेर अनुमोदन धर्मोपदेश गरे[१०१] ।

"अप्रमादि हुनु नै निर्वाण मार्ग हो, प्रमादी हुनु नै मृत्युको मार्ग हो" भन्ने श्लोकको प्रथम पदको अर्थ सुन्नेबित्तिकै अशोक राजाले श्रामणेरलाई "बुझें भन्ते ! समाप्त गर्नु हवस्" भनेर भने । अनुमोदन धर्मोपदेश सुनिसकेपछि राजाले यसो भने-"भन्ते ! म तपाईंलाई आजदेखी आठ भाग भोजन चढाउँछु" ।

"त्यसो भए, महाराज ! यो भोजन म आफ्ना उपाध्यायकहाँ पठाउँछु ।"

"उपाध्याय भनिने को हो, भन्ते" ?

"ठूलो अथवा सानो दोष देखेर सम्झाउने, भन्ने, दोषरहित गरिदिनेलाई उपाध्याय भन्छन्, महाराज" !

"साधु भन्ते ! अर्को आठ भाग भोजन चढाउँछु" ।

"महाराज ! यो भोजन म आचार्यकहाँ चढाउँछु" ।

---

१०० **"तस्मि पल्लङ्कमासन्ते राजा इति विचिन्तयि ।
ये अज्जाय सामणेरो घरे हेस्सति सामिको ॥"**
-महावंश ५/६६, समन्तपासादिका पृ. २७

१०१ Neither Chandragupta nor his son Bindusara were Buddhist; but third of the race, piyadasi, best known under the name of Ashoka (in Pali Ashoka) openly adopted the now popular creed Buddhism,
(Buddhism, P. 221- Rhys David)



https://dhamma.digital

"भन्ते ! आचार्य भनिने को हो नि" ?

"महाराज ! जसले यो शासनमा मलाई जान्नु बुझ्नु पर्ने सिकाई बुझाई 'यसो गर्ने उ त्यसो गर्ने' भनी आचरण विद्या सिकायो दियो, उनै मेरो आचार्य हुन् ।"

"साधु भन्ते ! अर्को आठ भाग भोजन चढाउँछु" ।

"महाराज ! यो भोजन म सङ्घलाई चढाउँछु" ।

"भन्ते ! सङ्घ भनेको के हो" ?

"महाराज ! जुन सङ्घले गर्दा मेरा आचार्य उपाध्यायहरूको र मेरो प्रव्रज्या तथा उपसम्पदा भयो, सोही तथागतको श्रावक भिक्षुहरू सङ्घ हुन्" ।

श्रामणेरको कुरा सुनेर राजा अत्यन्त प्रसन्न भए । राजाले फेरि अर्को आठ भाग भोजन पनि चढाए । श्रामणेरले त्यो स्वीकार गरे । भोलिपल्ट निग्रोध श्रामणेरसहित बत्तीस (३२) जना भिक्षुहरू आएर राजदरवारमा भोजन गरे ।

यसरी निग्रोथ श्रामणेरले सपरिवार अशोक राजालाई बुद्धधर्ममा दीक्षित गरेर त्रिशरणसहित पञ्चशील दिएर बुद्धधर्म र सङ्घप्रति पृथग्जन अचल श्रद्धा[१०२] भएको उपासक तुल्याए । सो समय राजालाई राज्याभिषेक प्राप्त भई तीन वर्ष नाघेर चार वर्ष लागेको थियो । अशोक राजाले प्रकट रूपमा बुद्धधर्म ग्रहण गरेर यथार्तत बुद्धोपासक भएपछि फेरि एक पटक मगध राज्यमा भिक्षुहरूको प्रचार बढायो । विशेष गरी थेरवादी पक्षको शासनशक्ति सम्पन्न भयो । जनता पनि क्रमशः बुद्धधर्ममा दीक्षित भयो । पाटलिपुत्रमा सयकडौं हजारौं भिक्षुहरूको केन्द्र स्थापित भयो । निग्रोध श्रामणेरको कारणबाट अशोकराजाको श्रद्धा दिनपरदिन बढ्दै गएपछि राजदरवारमा भोजन गर्ने भिक्षुहरूको सङ्ख्या पनि बढ्यो । अघि बिन्दुसार राजाका पालामा दिइएको साठी हजार (६००००) ब्राह्मण पासण्डहरूको नित्यदान अब साठी हजार भिक्षुहरूका लागि हुने भयो ।

अभिषिक्त भएपछि तीन वर्षमात्र अशोक राजाले बुद्धशासनभन्दा बाहिर

[१०२] हेर्नु होस् लेखकको धम्मपठ्ठकथा बोधिनी, प. १३



https://dhamma.digital

दान प्रदान गरे[१०३]। चार वर्ष लागेपछि बुद्धशासनमा दान प्रदान गरे[१०४]।

## अशोकको परित्याग

एक दिन अशोक राजाले हजारौं भिक्षुहरूलाई भोजन गराएपछि भिक्षुसङ्घसित यसरी प्रश्न गरे - "भन्ते ! भगवान्‌ले देशना गरि राख्नु भएको धर्म कति वटा छ" ?

"महाराज ! अङ्कको हिसावले नौ (९) छ[१०५] स्कन्धको हिसाबले चौरासी हजार (८४०००) छन्[१०६]" !

सङ्घको यस्तो कुरा सुनेपछि राजाले एक-एक धर्मस्कन्धका लागि एक-एक विहार बनाई पूजा गर्ने मनसाय गरे । एक दिन राजाले छयानब्बे करोड (९६,००,००,०००) धन पर सारेर मन्त्रीहरूलाई यस्तो आज्ञा दिए – चौरासी हजार नगरहरूमा विहार तयार पार । यति आज्ञा दिएपछि अशोक राजा स्वयंले पाटलिपुत्रमा अशोकाराम महाविहार बनाउन थाले । विहार बनाउने कार्यभार सङ्घका तर्फबाट महान् ऋद्धिवान् इन्द्रगुप्त क्षीणास्रव महास्थविरलाई सुम्पे । महास्थविरले आवश्यक परेको ठाउँमा आफ्नो ऋद्धिद्वारा पनि काम चलाए ।

तीन वर्षपछि सबै ठाउँमा आफ्नो विहार सम्पन्न भयो भन्ने बेहोराका पत्रहरू एकैचोटी प्राप्त भए । मन्त्रीले यो समाचार राजाकहाँ बिन्ती चढाए । राजा प्रसन्न भएर "त्यसो भए आजको आठ दिनमा सबै ठाउँमा विहारोत्सव हुनेछ । नगरभित्र र बाहिर बसेका सम्पूर्ण जनताले अष्टशील ग्रहण गरी भव्य रूपले उत्सव गर्नुपर्नेछ[१०७] भनेर झ्याली पिटाऊ" भनी आज्ञा गरे । आठौं

---

१०३ **"पिता सठ्ठी सहस्सानि ब्राह्मणे ब्रह्मा पक्खिके ।
भोजेसि सोपि ते येव तीनि वस्सान भोजये ॥"**- महावंश छ/३६

१०४ राजाकिर अभिसेकं पापुणित्वा तीनीयेव संवच्छरानि बाहिरंक पासण्डं परिगण्हि, चतुत्थे संवच्छरे बुद्ध सासने पसीदि । - समन्तपासादिका

१०५ हेर्नुहोस् लेखकको धम्मपदस्ककथा, बोधिनि पृ. ३५

१०६ चौरासी हजार धर्मस्कन्ध मध्ये अभिधर्म पिटकमा (४२०००), धर्मस्कन्ध सूत्र पिटकमा (२१०००), र विनयपिटकमा (२१०००) धर्मस्कन्ध छन् ।- त्रिपिटक परिक्षा पृ. १०

१०७ सब्बे अठ्ठसीलंगानि समादियित्वा अन्तो नगरे च बहि नगरे च विहारमह पटिपादेतूति ।- समन्तपासादिका पृ. २८



https://dhamma.digital

दिनमा त दिव्य लोकजस्तै सजाईएको पाटलिपुत्र नगरमा अष्टशील धारण गरेका सबै जनता जनार्दन अशोकाराम विहारमा भेला भए । भिक्षुहरू पनि लाखौंको सङ्ख्या सम्मिलित भए । क्षीणास्रव भिक्षुहरू मात्र एकलाख जति उपस्थित थिए[१०८] । अशोक राजा पनि राजपरिवार सहित चतुरङ्गिनी सेना[१०९] लिएर अशोकाराममा प्रस्थान भए ।

त्यो महासम्मेलन देखेपछि भिक्षुसङ्घको मनमा यस्तो बिचार उत्पन्न भयो "यदि यस बेला अशोक राजा स्वयम्ले गरेको महान कार्य देख्न पाए बुद्धशासनमा उनी निकै प्रसन्न हुनेछ" भन्ने विचार गरेर "लोकविवरण"[११०] भन्ने प्रातिहार्य देखाइदिए । अशोकाराममा बसेका राजाले सम्पूर्ण जम्बुद्वीपका चैत्य गुणस्मारक, पूजनीय विशद, कुनै मूर्ति नभएको, धानको रासको आकार र घण्टको आकार भएको चैत्यसहित मनोहर चौरासी हजार (८४,०००) भिक्षुहरू बस्ने विहार देखे । सबै ठाउँमा उत्सव भईरहेको पनि देखे । त्यस्तो अद्भुत दृश्य देखेपछि राजा निकै हर्षित भए । कतिसम्म प्रसन्न भए भने, बुद्धशासनमा म जस्तो विशाल धनसम्पत्तिको परित्याग अरू कसले गऱ्यो होला र भन्ने भावना उत्पन्न भयो । अनि राजाले सङ्घमा प्रश्न गरे – "भन्ते ! हे हाम्रा तथागतको शासनमा यसरी अपार धनको परित्याग गर्ने अरू कोही छ कि"?

उक्त प्रश्नको उत्तर दिने अभिभार त्यसबखत हजारौ सङ्घको नेता वयोबृद्ध, प्रतिसम्भिदालाभी, महाक्षीणास्रव मौद्गलिपुत्र तिष्य "मोग्गलिपुत तिस्स" महास्थविरलाई सुम्पियो । मौद्गलिपुत्र तिष्य महास्थविरका शिष्य परम्परादेखि नै विनयधरको शिष्य हुन् । उहाँको उपालि महास्थविर, आचार्य चन्दवज्जित महास्थविर हुनुहुन्छ । उपालि महास्थविरको परम्पराबाट आएका आचार्यहरू यसप्रकारका छन् –

भगवान्को शिष्य उपालि महास्थविर, उपालि महास्थविरको शिष्य दासक महास्थविर, दासक महास्थविरको शिष्य सोनक महास्थविर, सोनक महास्थविरको शिष्य सिग्गव र चन्दवज्जि महास्थविर, सिग्गव महास्थविरको शिष्य मोग्गलिपुत्त तिस्स महास्थविर हुन् । अतः भनिएको छ -

---

१०८ तत्थ खीणासव भिक्खू येव सतसहस्स संखा अहेसु । - समन्तपासादिका पृ. १७

१०९ हेर्नुहोस् लेखकको धम्मपदट्ठकथा, बोधिनि पृ. १७

११० सम्पूर्ण भूमि समान रूपले फैलिएर देखिने ऋद्धि ।- सारत्थदीपनि, पृ. ११२



https://dhamma.digital

**उपालि दासको चेव सोनको सिग्गवो तथा।**

**तिस्सो भोग्गलिपुत्तो च पञ्चेते विजि ताविनो॥**

**परम्परा विनयं दीपे जम्बु सिरिव्हये।**

**अच्छिज्जमानं आनेसु ततियो याव सँगहो**[१११] ॥

सङ्घको अनुमति प्राप्त भएपछि मौद्गलिपुत्र तिष्य महास्थविरले अशोक राजालाई यसो भने-"महाराजा, यथार्थमा बुद्धशासनका निम्ति तपाईंले गर्नुभएझैं धनको परित्याग बुद्धकालमा कसैले गरेको उदाहरण छैन"। महास्थविरको यस्तो उत्तर सुनेरपछि राजा अति प्रसन्न भए। साथै, राजाले मनमा यस्तो सोचे - "मैले जस्तो शासनको निम्ति धनै परित्याग अरू कसैले गरेको रहेनछ। मैले गरेको परित्याग महान छ। मेरो महान परित्यागद्वारा शासन चिरस्थायी हुनेछन्। तसर्थ म बुद्धको शासनको अंशियारी (दायाद प्राप्त गर्ने व्यक्ति) हुँ, अर्थात् म बुद्धशासनको नजिकको साखै आफन्त हुँ"।

यस्तो विचार गरेपछि अशोक राजाले आफ्नो मनको शङ्का निवारणार्थ भिक्षुसङ्घमा प्रश्न गरे–"भन्ते सङ्घ ! यस्तो स्थितिमा म शासनको अंशियारी (अंशभागी) भइन त"[११२] ?

"महाराज ! यथार्थमा भनूँ भने यत्तिले तपाईं शासनको अंशियारी हुनु भएको छैन तपाईं त एउटा प्रत्ययदायक मात्र हुनुहुन्छ। यति त के पृथ्वीदेखि ब्रह्मलोकसम्म प्रत्यय (दान द्रब्य) भनेर परित्याग गरेमा पनि कोही शासनको अंशियारी हुँदैन"।

यस्तो कुरा सुनेपछि राजाको मन खिन्न भयो। अनि राजाले सोधे "त्यसो भए कसो गरेमा म शासनको अंशियारी हुन पाउँला त" ?

"महाराज ! जसले आफ्नो औरसपुत्र (विवाहिता स्त्रीबाट जन्मेको छोरो; ठ्या छोरो) लाई शासनमा प्रव्रजित गर्छ, त्यही मानिस चाहे गरिब नै होस् चाहे धनी, शासनको अंशियारी हुनेछ[११३]। किनभने, सङ्घपरम्परा मात्र

---

१११ समन्तपासादिका पृ. १८

११२ "भवोमि नुखो अहं भन्ते सासनस्स दायादोति" – समन्तपासादिका पृ. २८

११३ यो हि कोचि महाराज अड्ढो वा दलिद्दो वा अन्ततो ओरसं पुत्तं पब्बाजेति, अयं वुच्चति महाराज दायको सासनस्सति। समन्तपासादिका पृ. २९



https://dhamma.digital

तथागतको शासन चिरस्थायी हुन्छ, सो सिवाय अन्यथा हुन सक्दैन, महाराज ! अतएव यस्तो मानिसलाई नै मात्र शासनको साक्खै आफन्त पनि भन्छन्, अंशियारी पनि भन्छन् ।

## महेन्द्र र सङ्घमित्राको प्रव्रज्या

मौद्गलिपुत्र तिष्य महास्थविरको यस्ता कुरा सुनेपछि अशोक राजाले विचार गरे कि अब कसलाई प्रव्रजित गरेर म शासनको अंशियारी हुन सकुंला । यस्तो विचार गरेर सभातिर हेर्दा महेन्द्र राजकुमारलाई देखेपछि उनैलाई प्रव्रजित गर्ने अठोट गरे । लगतै प्रश्न उपस्थित भयो कि तिष्य युवराज, आफ्नो भाइ हजारौँ महाजनहरूका साथ प्रव्रजित भएपछि महेन्द्र कुमारलाई युवराज पद दिने मनमा निश्चय गरेको खुलदुली । राजा एक घण्टा जति अन्योल भएपछि अन्तमा प्रियपुत्र महेन्द्र राजकुमारलाई युवराज पदमा राख्नुभन्दा भिक्षुभावमा राख्नु बेस होला भन्ने लाग्यो । उसमा महेन्द्रको अनुमति वाञ्छनीय भएको हुँदा राजाले पहिले सभाको मध्यमा आफ्ना सन्मुख बसेका भद्रमुखी राजकुमारसँग सोधे–

"प्रिय पुत्र ! के तिमी प्रव्रजित हुन सक्छौ" ?

महेन्द्र कुमार बालककालदेखि नै अहिंसक र सदाचार प्रेमी थिए । अशोकको हिंसादि क्रूर कार्य देखेपछि राज्यभोगमा उत्तिको चाख थिएन । आमा, काका तिष्य युवराज प्रव्रजित भएदेखि आफू पनि प्रव्रजित हुने उनको चाहाना थियो । अतएव पिता अशोक राजाको प्रश्न त उनलाई भोकाएको व्यक्तिलाई खाना जस्तै पो भयो । अनि के चाहियो ! महेन्द्रको मनमा कमल फुल्यो उनले पितालाई यस्तो उत्तर दिए –"किन नसक्नु, महाराज ! सक्छु । यदि हजुर राजी हुनु भएमा म आजै प्रव्रजित हुन्छु । मलाई प्रव्रजित गरेर हजुर शासनको अंशियारी हुनु हवस्" ।

राजालाई यो कुरा "ढुङ्गा खोज्दा देउता" पाएझैँ भयो । त्यस बेला सङ्घमित्राका स्वामी अग्नि ब्राह्मण नामक अशोक राजाका ज्वाइँ पनि तिष्य युवराजसँगै प्रव्रजित भइसकेको थिए[११४] अशोक राजाले आफ्ना सामु बसेकी

११४ अशोक अभिषेकले चौथो वर्षमा तिष्य युवराज प्रव्रजित भएको थियो ।–महावंश ५/१७३, समन्तपासादिका पृ. ३२



https://dhamma.digital

सङ्घमित्रालाई पनि "प्रव्रजित हुने इच्छा छ कि" भनी सोधे । सङ्घमित्राले पनि मेरो त्यस्तो इच्छा छ भनेर भनिन् । सङ्घमित्राको सुमन नामको एउटा छोरो थियो जो पछि प्रव्रजित भएर महेन्द्र महास्थविरसँगै धर्मको प्रचार गर्न लङ्कातर्फ गएका थिए[११५] ।

छोराछोरी दुबै जनाबाट सन्तोषजनक उत्तर सुनेपछि राजाले प्रसन्न भएर सङ्घमा निवेदन गर्दै भने– भन्ते सङ्घ ! करुणापूर्वक यी राजकुमार र राजकुमारीलाई प्रव्रज्या गरेर मलाई शासनको अंशियारी तुल्याई दिनु हवस्" ।

सङ्घसभाले राजाको प्रार्थना स्वीकार गरेर मोग्गलिपुत्र तिष्य महास्थविरको सानिध्यमा र महादेव महास्थविरको आचार्यत्वमा महेन्द्र राजकुमारलाई प्रव्रजित गरे । तदनन्तर मज्झन्तक महास्थविरको आचार्यत्वमा उपसम्पदा गरे[११६] । यस बेला महेन्द्र बीस (२०) वर्षको उमेर थिए[११७] महेन्द स्थविर उपसम्पदा भएको ठाउँमै प्रतिसम्भिदासहित अर्हत् भए[११८]। सङ्घमित्रालाई पनि आयुपाली "महास्थविरनीको उपाध्यायकत्वमा र धम्मपाली "महास्थविरनीको आचार्यत्वमा प्रव्रजित गरे । त्यस बेला सङ्घमित्रा अठार (१८) वर्षकी थिइन्[११९] । महेन्द्र र सङ्घमित्राहरू प्रव्रजित हुँदा अशोक राजालाई राज्यभिषेक प्राप्त भई ६ वर्ष पूरा भएको थियो[१२०] ।

उपसम्पदा भइसकेपछि महेन्द्र स्थविरले तीन वर्षसम्म आफ्ना उपाध्याय मोग्गलिपुत्त तिस्स महास्थविरकहाँ बसेर दुबै सङ्गीतिमा सङ्ग्रह गरिएको अर्थकथा (=भाष्य) सहित त्रिपिटक धर्म राम्ररी अध्ययन गरे । तीन वर्षभित्र त्रिपिटक धर्म पूरा गरिसकेपछि उनी स्थविर उपाध्यायका एक हजार शिष्यहरूका प्रधानाचार्य पनि भए । त्यस बेला अशोक राजाको अभिषेक भएको नौ (९) वर्ष व्यतीत भएको थियो[१२१] ।

११५ समन्तपासादिका पृ. २९, ३२, महावंश ५/१७०-७२

११६ ततो महिन्दो पब्बजितो मोग्गलिपुत्तस्स, सन्तिके, पब्बाजेसि महादेवो मज्झन्तो उपसम्पदा ॥ दीपवश ७/२५

११७ महावग्ग ५/२५

११८ सो तस्मिं येव उपसम्पदा मण्डले सहपटिसम्भिदाहि अरहन्त पापुणि। समन्तपासादिका पृ. २९

११९ महावंश ५/२०१, समन्तपासादिका पृ. २९

१२० महावंश ५/२११, समन्तपासादिका पृ. २९

१२१ समन्तपासादिका पृ. ३०



https://dhamma.digital

# शासनमा अर्बुद (कलंक-भेद)

अशोक राजाको अभिषेक भएको ८ वर्ष ब्यतीत हुँदा पाटलिपुत्रमा कुन्तयुत्ततिस्स नामक एक स्थविर विरामी भएर उपचार गर्न एक मुट्ठी घिउ भिक्षा प्राप्त नहुँदा पछि आकाशमा चढेर परिनिर्वाण भयो[१२२]। यो कुरा सुनेर राजालाई निकै दुःख लाग्यो । अहो ! यत्रो विशाल मेरो राज्यमा एक मुट्ठी घिउ भिक्षा प्राप्त भएन। परिनिर्वाण हुने भिक्षुलाई आवश्यकतानुसार सत्कार गरेपछि यही कारणमा अशोक राजाले 'मेरो देशमा कसैलाई उपचार गर्न चाहिने घिउ आदि पदार्थ दुर्लभ नहोस्' भनी नगरको चारै द्वारमा चतुमधु आदि अनेक औषधी द्रव्य परिपूर्ण गरी राख्न लगाएका थिए। यथार्थमा भनौं भने इतिहासमा सर्वप्रथम मानिसहरूको निम्ति र पशुहरूका निम्ति समेत चिकित्सालय (=अस्पताल) स्थापित गर्ने अशोक राजा नै पहिला हुन्[१२३]।

त्यसबखत अशोक राजाले बुद्ध, धर्म तथा सङ्घका विषयमा दिनको पाँच लाख रकम खर्च गरे। बुद्धशासनमा महान्-लाभ सत्कार प्राप्त भएको देखेपछि तीर्थिकहरूले सो सहन सकेनन्। लाभ सत्कारको लोभले उनीहरू ह्वारह्वार भिक्षुसङ्घमा प्रवेश गरे । प्रव्रज्या प्राप्त नभएकाहरू कुनैले आफैंले चीवर धारण गरेर आए। भिक्षुसङ्घमा प्रवेश भयो भन्दैमा उनीहरूले आफ्नो लब्धि छाडेनन्। झन् आ-आफ्ना लब्धि बुद्धधर्मको मुकुन्डो लगाएर प्रचार गरे।

भिक्षुसङ्घका उपोसथादि विनयकर्मआदिमा उनीहरू पनि सहभागी हुन गए। वास्तविक भिक्षुहरूले त्यस्ता तीर्थिकहरूसँग उपोसथ गरेनन्। गर्नु – पनि किन ? दृष्टि नै नमिलेपछि। यसकारण, भिक्षुसङ्घमा क्रमशः कलङ्क बढदै गयो। एक दिन मौद्गलिपुत्र तिष्य महास्थविरले "अब यहाँ बसेर भएन, सङ्घमा कलङ्क बढ्दै गयो, यो कलङ्क झन्झन् बढ्ने छन्, साम्य पार्न कठिन हुनेछ" भनी आफ्ना शिष्य-समूह सबै महेन्द्र स्थविरलाई सुम्पेर आफू यथासुख एकान्तवास गर्ने अभिप्राय लिई अहोगंगा नामक पहाडतर्फ जानुभयो। त्यहाँ उहाँ (७) सात वर्षसम्म बस्नुभयो[१२४]। तसर्थ महावंशमा भनिएको छ :–

---

१२२ समन्तपासादिका पृ. ३०, महावंश ५/२१३-२२९

१२३ He (अशोक) also established gardens and hospitals for man and beast, and published edicts throughout his empire, enjoining on all his subjects morality and justice. -[Buddhism P. 222, Rhys David]

१२४ समन्तपासादिका, पृ. ३०



https://dhamma.digital

**"पहीण लाभ सक्कारा तित्थिया लाभकारणा ।**

**सयं कासायमादाय वसिंसु सह भिक्खुहि ॥**

**यथा सकञ्च ते वादं बुद्धवादी ति दीपयुं ।**

**यथा सक्कच्च किरिया अकरिंसु यथारुचि ॥**

**ततो मोग्गलि पुत्तो सो थेरो थिरगुणोदयो ।**

**सासनब्बुदमुप्पन्नं दिस्वा तमति कक्खलं ॥**

**तस्सोपमने कालं दीघदस्सी अवेक्खिय ।**

**दत्वा अहिन्द थेरस्स महाभिक्खुगणं सकं ॥**

**उद्धं गंगाय एको व अहो गंगाम्हि पब्बते ।**

**विहासि सत्तवस्सानि विवेक मनुब्रूहयं ॥"**[१२५]

तीर्थिकादि मिथ्यादृष्टिहरूले गर्दा शासनमा मतभेद बढ्यो । मिथ्यादृष्टिहरूको सङ्ख्यामा वृद्धि हुँदै आएपछि दुर्वच, (कटुवचन) अनुशासनहीनता, अविनीतता तथा धर्माधर्म नजान्ने भिक्षुहरूको सङ्ख्या निकै बढ्यो । उनीहरूले धर्मधर विनयधरहरूको कुरामा वास्ता नगरी आफूले पहिले गरिआएको छाँटले कसैले सूर्यपूजा गरे, कसैले होम गरे, कसैले पञ्चाग्नि तपस्या गरे, कसैले बुद्धशासन नै नष्ट गर्न चाहे[१२६] । यसरी भिक्षुभावमा बसेर तीर्थिकहरूले अनेक उपद्रो मचाए । दमन गर्दा पनि त्यसलाई शमन गर्न सकिएन । उपदेशोवाद गरेर केही फाइदा भएन । यसो भएको हुँदा निर्मल भिक्षुसङ्घले पवारणादि उपोसथ कर्म गर्न छाडे । सात वर्षसम्म प्रातिमोक्ष[१२७] उद्देशण पनि भएन, जो शासनका लागि हानिकारक सम्झन आवश्यक थियो । तसर्थ भनेको–

---

१२५ ५/२३०-३५

१२६ केचि अग्गि परिचन्ति, केचि आदिच्चं अनुपरिवत्तन्ति
केचि धम्मं च विनयं च वोभिन्दिस्सामाति पग्गण्हिसु ।
–समन्तपासादिका, पृ. १३

१२७ हेर्नुस लेखकको धम्मपदट्ठकथा बोधिनी पृ. ३०



https://dhamma.digital

**“तित्थियानं बहुत्ताच दुब्बचत्ता च भिक्खवो ।**

**तेसं कातुं नसक्खिंसु धम्मेन पटिसेघनं ॥**

**तेनेव जम्बुदीपम्हि सब्बारामेसु भिक्खवो ।**

**सत्तवस्सानि नाकंसु उपोसथ पवारणं ॥**[१२८]

एक दिन अशोक राजाले सात वर्षदेखि भिक्षुसङ्घहरूको उपोसथादि विनय कर्म भएको छैन भन्नै विषयमा गम्भीर चर्चा गरेर एक जना मन्त्रीलाई डाकेर यसरी आज्ञा दिए–“जाऊ, भणे, विहारमा गएर भिक्षुहरूलाई भेला गरी झगडा छिनेर उनीहरूलाई मिलाई उपोसथ गराऊँ ।”

”कसरी झगडा छिनेर उपोसथ गराउने ?” भनी सोध्न सङ्कोच मानेर उनले ‘हवस्’ भनी मन्त्री राजाको खोपीबाट गएर अन्य भारदारहरूसँग राजाको आज्ञाका सम्बन्धमा सल्लाह गरे । सल्लाहमा यस्तो निश्चय भयो कि जसरी प्रत्यन्त गाउँमा झगडा छिन्दा विपक्षीहरूलाई मारेर कलह शान्त गर्ने हो, यो पनि त्यस्तै होला नि । यस्तो निश्चय गरेर मन्त्री अशोकाराममा गई विहारमा भएका सबै भिक्षुहरूलाई भेला गरेर “उपोसथ नगर्ने भिक्षुहरूलाई उपोसथ गराऊ” भनी मलाई आज्ञा दिएर पठाएको छ तसर्थ तपाईंहरूले ‘ उपोसथ गर्नुहवस्” भनेर भने ।

## तृतीय सङ्गीति

विनयधर भिक्षुहरूले ‘सङ्घ शुद्ध छैन र तसर्थ यस्ता तीर्थिकहरूसँग उपोसथ गर्न सकिन्न’ भन्ने उत्तर दिए । मन्त्रीले दुई तीन पटकसम्म नगरी हुँदैन भनेर भने किन्तु, भिक्षुहरूले यो कुरो मानेनन् । अनि त्यो मूर्ख मन्त्रीले माथिदेखि नमान्ने भिक्षुहरूको शिर छुट्याउन थाले । मन्त्रीको यस्तो निर्दयी कार्य देखेर सङ्घको माझमा बसेका क्षीणास्रव तिष्य महास्थविरले ‘अवश्यमेव राजाले भिक्षुहरूलाई मारेर अधिकरण साम्य गर भनी आज्ञा दिई पठाएका होइनन् होला, यो काम त्यही दुर्बुद्धि मन्त्रीको विचारले गरेको होला’ भन्ने सम्झी आफ्नो आसनबाट उठेर मन्त्रीका सामु नै परेको लाइनमा बस्न गए । उनी राजाको साखै भाइ तिष्य युवराज थिए । अरू जस्ता साधारण भिक्षु

---

१२८ महावंश ५/२३५-३७, समन्तपासादिका, पृ. १३

होइन। मन्त्रीले तिष्य स्थविरलाई चिनेर उनीउपर एकैचोटि प्रहार गर्न नसकी दगुर्दै राजाकहाँ गएर यस्तो बिन्ति गरे–

"महाराज ! उपोसथ गर्दिन भन्ने भिक्षुहरूलाई मैले त्यस्तो गरें, किन्तु हाम्रा तिष्य युवराजबारे के गर्ने" ?

मन्त्रीको यस्तो कुरा सुन्नेबित्तिकै राजालाई शरीरभरी तातो पानी खन्याएझैं भयो।

"अरे मूर्ख ! तिमीले यो के गरेको" ? भनेर उत्तिखेर राजा अशोकाराममा गएर आफूले मन्त्रीलाई भनी पठाएको कुरा बताई सङ्घमा क्षमा प्रार्थना गरे। राजाको त्रसित भाव देखेपछि भिक्षुसङ्घले उनलाई धैर्य गर्न भने। तर राजाको मनमा "अब यो पाप कसलाई लाग्ने हो" भन्ने मात्र विचार आउनाले चित्तमा अशान्ति उत्पन्न भएको हुँदा सङ्घहरूसँग उनले यसो भने – "भन्ते ! अब अर्को कुरा के भनूँ, यो पाप कसलाई लाग्ने हो" ?

यसमा कसैले "महाराज ! तपाईंको आज्ञाले गरेको हुँदा पाप तपाईंलाई नै लाग्छ भनेर भने – कसैले भने "महाराज ! तपाईंको मन नमिलेका भिक्षुहरूलाई मारोस् भन्ने विचार थियो कि" ? "छैन भन्ते !" "त्यसो भए यसको पाप तपाईंलाई लाग्दैन भने। कसैले दुबैलाई लाग्छ भनेर भने। निश्चयात्मक रूपले उत्तर सुन्ननपाउँदा राजाको मनमा शान्ति भएन। अनि उनले यसो भने–

"भन्ते ! मेरो मनको यो शङ्कालाई यथार्थ रूपले निवारण गरी दिनसक्ने कुनै भिक्षु छैन कि ?"

"छ महाराज" ![१२९]

१२९ **सब्बं पवत्तिं तं सुत्वा जात दाहो महीपति।**
**सीघं गन्त्वा भिक्खु संघं पुच्छि उब्बिग्ग मानसो॥**

**एवं कतेन कम्मेन कस्स पापं सिया इति।**
**तेसं अपण्डिता केचि पापं तुह्यंति केचितु॥**

**उभिन्न चाति आहंसु नत्थि तुह्यन्ति पण्डिता।**
**तं सुत्वा महाराजा समत्थो अत्थि भिक्खु नु॥**
**विमति मे विनोदेत्वा कातुं सासन पग्गहं।**
**अत्थि मोग्गलिपुत्तो सो तिस्सत्थेरो रथे सभा॥**
–महावंश ५२४४–४७



https://dhamma.digital

“को हो त्यो, भन्ते ?”

“मौद्गलिपुत्र तिष्य महास्थविर हुनुहुन्छ” ।

“उनी महास्थविर अहिले कहाँ हुनुहुन्छ” ?

“अहोगंगा नाउँको पर्वतमा” ।

“डाक्न पठाए आउनु हुन्छ होला कि भन्ते” ?

“आउनुहुन्छ, महाराज” !

यस्ता कुरा सुनेपछि राजाले सोही दिन चार जना धर्मधारी भिक्षुहरू र चार जना भारदारहरूसँग थुप्रै भिक्षु र सिपाहीहरू पठाएर मोद्गलिपुत्र तिष्य महास्थविरलाई डाक्न पठाए । दूतहरू त्यहाँ गएर “राजाले तपाईंलाई डाक्नु भएको छ” भनेर भने । महास्थविर आउनु भएन । फेरी अन्य दूतहरूलाई पठाइयो । तैपनि उहाँ आउनु भएन । तीन पटकसम्म दूतहरूलाई पठाए । तैपनि महास्थविर आउनु भएन । तीन पटकसम्म दूत पठाउँदा पनि महास्थविर नआउनु भएकोले राजा स्वयम् अशोकाराम गएर उनले भने – “भन्ते ! महास्थविर किन आउनु भएन ?” भनेर सङ्घसँग सोधे । सङ्घहरूले के भनेर डाक्न पठाउनु भएको हो, महाराज ?” भनी सोधेपछि राजाले यथार्थ कुरा बताए । “त्यसरी डाक्न पठाएर उहाँ आउनु हुन्न, शासनलाई अबको सङ्कत छ । यसर्थ पखाली शोधन गर्नुपर्‍यो । त्यसपछि आउनु हवस् भनेर डाक्न पठाउनुभयो भने उहाँ आउन सम्भावना छ” भन्ने उत्तर दिए । तद्नुसार राजाले खबर पठाए । उनी महास्थविर आफू बस्नु भएको एउटा आसन (चर्म) गुदुमुदु पारेर सैन्यहरूसँगै आइपुग्नुभयो ।

उहाँ महास्थविर गंगापारी एउटा पर्वतमा बस्नु भएको रहेछ । यसर्थ उनलाई डाकी ल्याउन राजाले आवश्यक सबै प्रबन्ध गरे । महास्थविर आइपुग्नुभयो भन्ने समाचार पाएपछि सपरिवार गङ्गाको तीरमा गएर डुङ्गामा बसेर आउनु भएका महास्थविरलाई स्वागत गर्न घुँडासम्म आएको पानीमा राजा सो ठाउँमा गए । गङ्गाको तीरमा आइपुगेपछि डुङ्गाबाट ओर्लनु भएका महास्थविरलाई राजाले स्वागत गरे । महास्थविर राजाको हात समाएर केही बेर यसरी झर्नुभयो । राजाको हात समाएको देखेपछि एकजना अङ्गरक्षक सिपाहीले महास्थविरको हत्या गर्न भनी तरवार झिके । राजाले छायाबाट घटनाको आशय बुझेर “अरे निर्बुद्धि, नगर ! जुन अपराधले गर्दा आज



https://dhamma.digital

यी महास्थविरलाई आमन्त्रित गरेको हुँ अहिले उहाँ विरुद्ध यस्तो कर्म गर्न आँट्दैछौ ?" भनेर रोके ।

राजाले महास्थविरलाई जनसमूहका साथ आफ्ना राजदरबारको भित्री उद्यानतर्फ लगे। उद्यानको बाहिर तीन घेरा सैन्यहरू राखेर उनले रक्षा गरे। उद्यानमा पुगेपछि राजाले महास्थविरको पाउ पखालेर तेल लगाइदिए। गमन पीडा शान्त भएपछि 'उत्पन्न सङ्घ-भेद आदि कलङ्क मेटेर शासन शुद्धि गर्दै मेरो मनमा रहेको शङ्का निवारण हुन सक्ला के' भन्ने विचारमा रुमलिई महास्थविरको परीक्षण गर्ने मनसायले राजाले सर्वप्रथम यस्तो निवेदन गरे–

"भन्ते ! ममा एउटा प्रातिहार्य हेर्ने इच्छा उत्पन्न भएको छ" ।

"कस्तो प्रातिहार्य, महाराज "?

"पृथ्वी कम्प हुने, भन्ते" ।

"महाराज ! सम्पूर्ण पृथ्वी कम्प हुने हो कि प्रादेशिक मात्र ?"

"यिनमा कुनचाहिं गाहारो छ" ?

"महाराज ! एउटा बाटामा पानी राखेर त्यसमा भएको सबै पानी चलाउन गाहारो छ कि एक भाग मात्र चलाउन गाहारो छ" ?

"एक भाग मात्र चलाउन गाहारो छ, भन्ते" !

"त्यसरी नै महाराज ! प्रादेशिक कम्प गर्नु गाहारो छ " ।

"त्यसो भए भन्ते ! प्रादेशिक कम्प हुने प्रातिहार्य हेर्छु ।"

"महाराज ! त्यसो भए पूर्व दिशातिर एक योजन पर सिमानाको भित्र बाहिर एक रथ राख्न लगाउनु हवस् । दक्षिण दिशातर्फमा पनि सिमाना भित्र बाहिर पारेर एउटा घोडालाई उभ्याउनु हवस् । पश्चिम दिशातर्फ पनि सिमाना भित्र बाहिर पारेर एउटा गोडाले टेकाएर एकजना मानिस राख्नु हवस् । उत्तर दिशातर्फ पनि सिमाना भित्र बाहिर पर्ने गरी एउटा बाँटामा पानी हालेर राख्नु हवस्" ।

राजाले त्यस्तै काम गराए । महास्थविरले अभिज्ञापादक चतुर्थध्यान गरेर "पृथ्वी कम्प होस्" भनी अधिष्ठान गर्नुभयो । पूर्वतिर सिमाना भित्र पर्ने रथको चक्का कम्प भयो तर बाहिरी भाग चलेन । पानी र भाँडोको पानीमा

पनि आधा कम्प भयो आधा चलेन । यस्तो अद्‌भुत प्रातिहार्य देखेपछि "यहाँले शासन परिशुद्ध गर्न सक्नु हुनेछ भन्ने ठानेर अशोक राजाले मौद्‌गलिपुत्र तिष्य महास्थविरसँग आफ्नो मनको शंका निवारण गर्न पहिले यसो भने–

"भन्ते ! मैले एक जना मन्त्रीलाई विहारमा गएर झगडा छिनेर भिक्षुसङ्घलाई उपोसथ गराऊ' भनी अह्राई विहारतर्फ पठाएँ किन्तु त्यो मन्त्रीले यस्तो गऱ्यो । अब यसको पाप कसलाई लाग्ला" ?

"महाराज ! यसरी पठाउँदा तपाईंको मनमा विहारमा गएर नमिलेका भिक्षुहरूलाई काट्नु पर्छ' भन्ने विचार थियो कि ?"

"छैन, भन्ते ।"

"यदि महाराज ! तपाईंको मनमा त्यस्तो चेतना विचार, नियत, चित्त थिएन भने, तपाईंलाई यसको पाप लाग्दैन" ।

यसो भनेर महास्थविरले **"चेतना"हं भिक्खवे कम्मं वदामि, चेतयित्वा कम्मं करोति कायेन वाचाय मनसाति**[१३०] भन्ने बुद्धभाषित सूत्रद्वारा अशोक राजालाई राम्रोसँग अवबोध गराउनुभयो ।

यस सूत्रको निदर्शन रूपमा तित्तिर जातकको कुरा पनि बताउनुभयो ।[१३१]

महास्थविरको –अभिधर्मानुसार चित्त, चेतसिक र कुशलाकुशलादिको हिसाबले राम्ररी देशना गर्नुभएको उपदेश शिक्षाद्वारा राजाको शङ्का निवारण भयो र बुद्धधर्मको तत्व पनि राम्ररी बुझियो ।

मौद्‌गलिपुत्र तिष्य महास्थविरले राजालाई राजोद्यानमा नै रहेर सातदिनसम्म अभिधर्मादि अनेक सूत्रसहित बुद्धधर्मको अध्ययन गराए । त्यसकारण भनेको छ–

**"वसन्तो तत्थ सत्ताह. राजुद्यानं मनोरमे ।**
**सिक्खापेसि महीपालं सम्बुद्ध समयं सुभ ।"**[१३२]

---

१३० "मनले सङ्कल्प गरेर काय वाक चित्तले काम गर्ने हुँदा भिक्षु हो ! मैले चेतना र (=सङ्कल्पविचार) लाई कर्म भन्ने ।"

१३१ **"थेरो बोधेसि राजानं वत्वातित्तिर जातकं"** -महावंश, ५/२६६

१३२ महावंश, ५/२६६-६७



https://dhamma.digital

# धर्म सङ्गीति

धर्मको अध्ययन गरेर सातौँ दिनमा धर्माशोक राजाले सम्पूर्ण नगरमा भएका सबै भिक्षुसङ्घहरूलाई भेला गराउन दूतहरू पठाए । दूतहरूले नगरभरिका भिक्षुहरूलाई भेला गरेर ल्याए । सम्पूर्ण जम्बुद्वीपका भिक्षुहरू एकत्र भए । सातौँ दिनमा राजा स्वयं अशोकाराम गएर त्यहाँका सम्पूर्ण भिक्षुहरूलाई भेला गराए[१३३] । आफ्ना आफ्ना दृष्टि (मत) मिल्ने भिक्षुहरूले पृथक पृथक समूह बनाए । राजा सहित मौद्गलिपुत्र तिष्य महास्थविर पर्दाभित्र बसेर समान विचार भएकालाई एकैपाली डाके । 'सम्यकसम्बुद्ध के वादी हुनुहुन्छ' ? भनी प्रश्न गरे । उनीहरूले आफ्नो आफ्नो बिचार अनुसार कसैले तथागतलाई 'शाश्वतवादी' भने[१३४] कसैले भने 'अन्तानन्तिक' भने, अन्यले 'अमराविक्षेप' आदि आदि भनेर भने[१३५] । राजाले मौद्गलिपुत्र तिष्य महास्थविरसँग पहिले नै आफ्नो समयबारे राम्ररी अध्ययन गरिसकेका हुँदा तीर्थिकहरूको उत्तर सुनेपछि 'यिनीहरू भगवान्का यथार्थ श्रावक सङ्घहरू होइनन्, यिनीहरू मिथ्यादृष्टिक तीर्थिकहरू हुन्' भनेर बुझेर तिनीहरूका लागि भकाभक चीवर छुट्ट्याई सेतो वस्त्र पहिर्‍याई भिक्षुसङ्घबाट निकाली गरिदिए[१३६] । यसरी भिक्षुसङ्घबाट निष्कासित अन्य लब्धिकहरू जम्मा साठी हजार (६०,०००) थिए[१३७] । त्यसपछि भिक्षुहरूलाई डाकेर 'तथागत के वादको हुनुहुन्छ' भनी सोधे । उनीहरूले "महाराज ! तथागत विभज्जवादी" भन्ने उत्तर दिए । राजाले महास्थविरसँग सोधे–"भन्ते ! के तथागत विभज्जवादी

Dhamma.Digital

---

१३३ **पेसेत्वा महियं भिक्खु असेसे सन्निपातयि**
**सत्त मे दिवसे गन्त्वा सकाराम मनोरमं**
**कारेसि भिक्खु संघस्स सन्निपात मसेसतो ।** महावंश, ५/२६८-६९

१३४ **'एकेक लद्धि के भिक्खु पक्कोसित्वान सन्तिकं**
**'किं वादि सुगतो भन्ते' इति पुच्छि महीपती**
**ते सस्सतादिकं दिट्ठि ब्याकरिंसु यथासकं ।"** महावंश, ५/२७०-७

१३५ विभिन्न दृष्टिको विषयमा हेर्नुस, दीघनिकाय ब्रह्मजाल सूत्र ।

१३६ **राजा पठम मेव सकसमयस्स उग्गहितत्ता न इमे भिक्खु अञ्ञ तित्थिया इमेति ञत्वा तेसं सेतकानि वत्थानि दत्वा उपब्बाजेसि । " तेमिच्छा दिट्ठिके सब्बे राजाउप्पब्बजापयि ।"** – समन्तपासादिका पृ. ३५, महावंश, ५/२७१

१३७ **'सब्बे सट्ठि सहस्सानि आसं उप्पब्बजापिता"** – महावंश, ५/२७२



https://dhamma.digital

हुनुहुन्छ" ? "हो, महाराज[१३८] ।"

अनि राजाले अब भने बल्ल सङ्घ परिशुद्ध भयो भनी मौद्गलिपुत्र तिष्य महास्थविरसँग यस्तो निवेदन गरे–

"भन्ते ! सङ्घ परिशुद्ध भयो होला, होइन त" ?

"भयो महाराज" !

"त्यसो भए भन्ते ! सङ्घहरू एकत्र भएर उपोसथ गर्नु हवस्" ।

यसो भनेर सङ्घलाई चाहिने सबै व्यवस्था मिलाई अशोक राजा नगरमा प्रवेश गरे । सबै सङ्घहरू पनि भेला भएर एक गोल भई उपोसथादि विनय कर्म गरे । यसरी सात वर्षपछि पुनः भिक्षुहरूको मेलमिलाप भयो । कलङ्क मेटियो । सम्पूर्ण सङ्घहरू एक मत भए ।

त्यस बेला त्यहाँ हजार भन्दा बढी भिक्षुहरू भेला भइसकेका थिए । अनि शासनलाई चिरस्थायी तुल्याउने मनसाय भएका सङ्घनायक हुनु भएका मौद्गलिपुत्र तिष्य महास्थविरले शासन-शुद्धि गरेर धर्मसङ्गायना गर्ने विषयमा सबै भिक्षुहरूलाई उत्साहित गर्दै सबैको अनुमति र राय मिलेपछि यथाविधि ज्ञप्ति आदि राखेर परापूर्वका महास्थविरहरूले झैं षडभिज्ञ र प्रतिसम्भिदालाभी क्षीणास्रव भिक्षुहरू एक हजार (१०००) निर्वाचित गर्नुभयो । यसरी रोजी सकेपछि ती एक हजार भिक्षुहरू सबै धर्माशोक राजाको संविधानको अधिपत्यमा अशोकाराम महाविहारमा पहिलेका महाकाश्यप र यश महास्थविरले झैं धर्म र विनयसम्बन्धी प्रश्नोत्तर गरेर शासनमा संशोधन गर्दै धर्म सङ्गायना गरे । त्यसैले भनिएको छ :–

**"अरहन्तानं सहस्सं उच्चिनित्वान नायको**
**वरं वरं गहेत्वान अकासि धम्म सङ्गहं ।**

**असोकाराम विहारम्हि धम्मराजेन कारिते ।"**[१३९]।

---

[१३८] **"अपुच्छि धम्मिके भिक्खु 'किं वादि सुगतो इति ।**
**विभज्जवादिताहंसु, तं थेरं पुच्छि भूपति ॥**
**विभज्जवादि सम्बुद्धो होति भन्ते हि आह सो ।**
**थेरो आमा'ति सुत्वा राजा तुट्ठमनो तदा ॥"**

– महावंश, ५/२७२-७४, समन्तपासादिका पृ. ३५

[१३९] दीपवंश, ७/५७, महावंश, ५/२७७-७८



https://dhamma.digital

त्यस बेला मौद्‌गलिपुत्र तिष्य महास्थविरले निक्लिरहेका अनेक वाद-विवाद र मतमतान्तरको खण्डन गर्दै बुद्ध-वचनानुसार सूत्रधर्म मिलाई विशाल प्रकरण भाषण गर्नुभयो[१४०] जसलाई 'कथावस्तु प्रकरण' भनियो ।

यस प्रकरणलाई संघनायक महास्थविरहरूले सर्वसम्मति लिएर त्रिपिटकको अभिधर्म पिटकान्तर्गत राखिदियो । यो सङ्गायना मौद्‌गलिपुत्र तिष्य महास्थविरको प्रधानतामा भएको हो । सङ्गायनाको काम नौ महिनामा पूर्ण भयो[१४१] । त्यो समय धर्माशोक राजाको अभिषेक वर्षदेखि सत्र (१७) वर्ष पूरा भएको थियो । मौद्‌गलिपुत्र तिष्य महास्थविर उपसम्पदा वर्षदेखि बहत्तर (७२) वर्ष पुगेको थियो[१४२] । महापवारणा[१४३] को दिन सङ्गायनाको काम सबै सम्पूर्ण भयो । शासनको निम्ति महान सेवा गरेको हुनाले अशोकराजालाई पछि ' धर्माशोक' भने[१४४] । एक हजार त्रिपिटकधारी क्षीणास्रव भिक्षुहरू भेला भएर गरेका सङ्गायना भएको हुँदा यी सङ्गीतिलाई **'सहश्रिक'** पनि भने । पहिले पनि दुई सङ्गीति भैसकेको हुँदा यसलाई 'तृतीय सङ्गीति' भनेर भनियो । यथा :–

**"कता भिक्खु सहस्सेन तस्मा सहस्सिका ति च ।**
**पुरिमा द्वे उपादाय ततियंति च वुच्चतीति[१४५] ।**

---

१४० "यथाते धम्म संगीति तिस्सथेरोपि तं तथा ।
कथावत्थुप्पकरण परवादत्पमद्दने ।
अभासि तिस्सथेरो च तस्मिं संगीति मण्डले"
५/२७९-८०, समन्तपासादिकामा यस प्रकरण संगायना गर्न भन्दा अगावै भाषण गऱ्यो भनेको छ । पृ. ३५

१४१ अयं नवहिं मासेहि धम्म संगीति निट्ठिता ।
रञ्ञो सत्तरसे वस्से द्वासत्ततिसमो इति ।
महापवारणायंसो संगीति ससमापयि ।
साधुकार ददन्तिव सासनट्ठिति कारणा ।
पुरिमा द्वे उपादाय ततियन्ति च वुच्चतीति ।
महावंश, ५/२८१-८२, दीपवंश, ७/५९

१४२ दीपवंश, ७/२५ को हिसाबले (७६) वर्ष हुन आउँछ ।

१४३ हेर्नुहोस् लेखकको धम्मपदट्ठकथा बोधिनी पृ.४२

१४४ "धम्मासोकोति पञ्ञायित्थ पच्छा पुञ्ञेन कम्मुना ।" - महावंश, ५/१९१

१४५ समन्तपासादिका पृ. ३५



https://dhamma.digital

# चतुर्थ संगायन

इस्वी पूर्व ७९ तिर श्रीलंकामा राजा वट्टगामिनी अभयको समयमा चतुर्थ संगायन भएको थियो । त्यतिबेला गुरु-शिष्य परम्पराअनुसार त्रिपिटक कण्ठस्थ रक्षा गर्ने गर्दथ्यो । राजा वट्टगामिनी अभय (इ.पू.१०१ - ७७) को पालोमा श्रीलंकामा भयंकर अनिकाल परेको थियो । यसरी दुर्भिक्ष हुँदा भिक्षान्नको अभावले गर्दा आचार्यहरुले बालुवाको थैली पेटमा राखेर भोक मेटाई शिष्यहरुलाई आबृति गराई त्रिपिटक रक्षा गरेको थियो । श्रीलंकाको शासन वंशमा उल्लेख भए अनुसार त्रिपिटक लुप्त हुनबाट बचाउन राजाले यसरी विचार गरे - यदि बुद्धवचनलाई ग्रन्थारूढ नगरे कुनै समय पछि सबै बुद्धवचन लुप्त भएर जानेछ । त्यसैले त्रिपिटक दीर्घकालसम्म संरक्षण गर्नको निमित्त राजाको संरक्षणमा भिक्षु रक्खित महास्थविरको सभापतित्वमा ५०० जना त्रिपिटकधारी स्थविरहरू एकत्र भएर श्रीलंकाको आलोक विहारमा चतुर्थ संगायन भयो । सम्पुर्ण पालि त्रिपिटक र अट्ठकथा ग्रन्थसहित लिपिबद्ध गरी ताडपत्रमा कुँडियो । यसका लागि सय पल्ट सम्म वाचन गरी त्रिपिटक शुद्ध गरिएको थियो । यस संगीतिलाई शासनवंशमा **"पोत्थकारोह संगीति"** अर्थात् पुस्तकारुढ संगायना भनी उल्लेख गरिएको छ । यी ताडपत्रमा कुँडिएको त्रिपिटक उक्त स्थानमा अझै सुरक्षित अवस्थामा छ ।

यसरी त्रिपिटक चौथो संगायनाको बेला सर्वप्रथम ताडपत्रमा लेखिएको त्रिपिटक नै आजको हाम्रो अगाडि मुख्य बौद्ध ग्रन्थको रूपमा छ ।

# पाँचौं संगायन

पाँचौ संगायन बर्माका राजा मिण्डोनको आश्रयमा बु.सं. २४१५ अर्थात् सन् १८७१ मा बर्माको मण्डले शहरमा सम्पन्न भयो । मांडलेस्थित राजदरबारमा ५ महिनासम्म चलेको उक्त संगायनामा २४०० त्रिपिटकमा धुरंधर विद्वान भिक्षुहरू सम्मिलित थिए । संगायनका विभिन्न चरणमा सभापतिहरू क्रमशः राजरभिवंश, नरिंदाभिधज र सुमंगलसामि थिए । यस संगायनमा बुद्धशासन चिरस्थायी गर्ने हेतुले पालि त्रिपिटकलाई मिलाएर



https://dhamma.digital

सम्पादन गरी सम्पूर्ण त्रिपिटक ७२९ वटा संगमरमरहरूमा कुडियो । यसैले उक्त संगायनलाई शिलाक्षरारोपन संगीति भनियो । जुन मांडले नजिकै कुथो दाच् विहारमा राखिएको छ ।

## छैठौ संगायन

छैठौ संगायन बर्माको राजधानी रंगूनमा सन् १९५४ मा भएको थियो । अभिधज महार गुरु भदन्त रेवतको सभापतित्वमा चलेको उक्त संगायनामा बर्मा देश र अन्य विभिन्न देशहरु (नेपाल, भारत, श्रीलंका, कम्बोडिया, थाईलैण्ड, लाओस, र पाकिस्तान) बाट जम्मा २५०० भिक्षुहरूले भाग लिएका थिए । दुई वर्ष (१७ मे १९५४ देखि २४ मे १९५६) सम्म चलेको सो संगायन बुद्धको महापरिनिर्वाण भएको बुद्ध सम्बत् २५०० बर्ष बुद्ध पूर्णिमाका दिन समापन भएको थियो । उक्त संगायनमा मुख्य प्रश्नकर्ता भिक्षु महाशि सयादो र उत्तरकर्ता भद्दन्त विचित्तसाराभिवंस थिए । यस संगायनमा बर्मावाट मात्र ५०० विज्ञ भिक्षुहरुलाई त्रिपिटक ग्रन्थहरु पुन परीक्षणको जिम्मा दिएको थियो । उक्त संगायनमा तात्कालिन बर्माका राष्ट्रपति बा ऊ र प्रधानमन्त्री ऊ नु ले संरक्षकत्वको भूमिका निभाएका थिए । यसै संगायनमा नेत्तिप्पकरण, पेतकोपदेस र मिलिन्द-प्रश्नलाई त्रिपिटकमा समावेश गरिएिका थिए ।

यसै संगायनलाई आधार मानेर नालन्दा विश्वविद्यालयद्वारा देवनागरी लिपिमा पूरै त्रिपिटक ग्रन्थ प्रकाशित गरीयो ।

बुद्धधर्मको इतिहासमा विभिन्न देशमा थुप्रै नै संगायनाहरू भएका थिए । तैपनि थेरवाद सम्प्रदायले मान्यता दिएका यी मुख्य ६ वटा संगायनाहरू मात्र छन् ।



https://dhamma.digital

**६ वटा संगायनको संक्षिप्त चार्टमा पनि प्रस्तुत गरिएको छ**[१४६] :

| संगायन | स्थान | संरक्षण | समय काल | जम्मा भिक्षुहरु | उपलब्धि |
|---|---|---|---|---|---|
| प्रथम | सप्तपर्णी गुफा (राजगृह) | राजा अजातशत्रु | बुद्ध परिनिर्वाणको ३ महिना पछि (ई.पू. ४८३) | ५०० | शासन स्थायित्व |
| दोस्रो | बालुकाराम विहार (वैशाली) | राजा कालाशोक | बुद्ध परिनिर्वाणको १०० वर्ष पछि (ई.पू. ३८३) | ७०० | शासन शुद्धि |
| तेस्रो | अशोकाराम विहार (पाटलीपुत्र) | सम्राट अशोक | ई.पू. २४८ | १००० | अन्तर्राष्ट्रिय स्तरमा बुद्धधर्मको प्रचार |
| चौंथो | आलोक विहार (श्रीलंका) | राजा वट्टगामिणी अभय | ई.पू. ७९ | ५०० | त्रिपिटक ताडपत्रमा कुडियो |
| पाँचौ | मांडले (बर्मा) | राजा मिण्डोन | सन् १८७१ | २४०० | त्रिपिटक संगमरमरमा कुडियो |
| छैठौं | रंगुन (बर्मा) | राष्ट्रपति बा ऊ | सन् १९५४ | २५०० | त्रिपिटक शोधन |

## सर्वास्तिवाद अन्तर्गतको चौथौं संगायन

संगायनको इतिहासमा बौद्ध निकायहरू थेरवाद र महायानमा आआप्‌नै मान्यता स्थापित भएको पाईन्छ । थेरवाद परम्पराको पालिसाहित्यमा अहिलेसम्म छ वटा संगायन भैसकेको उल्लेख छन् भने महायान परम्पराको संस्कृति बौद्ध साहित्यले चार वटा संगायनलाई मात्र मान्यता दिने परम्परा रहेको छ । ती चार वटामा पनि चौठौं संगायनको रूपमा कश्मीर वा जालन्धरमा भएको संगायनलाई अधिकारीक मान्छन् । थेरवाद अन्तर्गतको श्रीलंकामा भएको चौठौं संगायनलाई संस्कृत बौद्ध साहित्यले आधिकारिक

---

[१४६] १. प्रकाश बज्राचार्य, बौद्ध दर्पण (चौंथो संस्करण), काठमाण्डौं : धर्मकिर्ति बौद्ध अध्ययन गोष्ठी, वि.सं. २०६७ पृ. २०३ ।



https://dhamma.digital

मान्दैनन् । थेरवाद परम्परामा राजगृहमा भएको पहिलो संगायन, वैशालीमा भएको दोस्रो संगायन, पाटलीपुत्रमा भएको तेस्रो संगायन, श्रीलंकामा भएको चौठौं संगायन, बर्माको माण्डलेमा भएको पञ्चम संगायन र बर्माकै रंगूनमा भएको छैठौं संगायनलाई आधिकारिक मान्छन् । तर महायान परम्परामा माथि उल्लेखित पहिलो, दोस्रो र तेस्रोलाई मान्यता दिए पनि चौंठौं संगायनको रूपमा कश्मिरमा भएको संगायनलाई आधिकारिक मान्छन् र श्रीलंकामा भएको एकवटा र बर्मामा भएको दुईवटालाई मान्यता दिंदैनन् ।

संस्कृत बौद्ध साहित्य अनुसार चौठौं संगायन कनिष्कको संरक्षकत्वमा सन ७२ मा काश्मीरमा भएको थियो । उहाँ कुशान वंशका राजा थियो । पाश्र्व, अश्वघोष, वसुमित्र आीद बौद्ध आचार्यहरू उहाँको समकालीन थिए । उहाँकै संरक्षत्वमा काश्मीर वा जालन्धरको कुण्डलिनी विहारमा चौंठौ संगायन भएको थियो । काश्मीरको कुण्डलिनी विहारमा भएको यस संगायनमा संस्कृत भाषालाई बुद्ध वचनमा आरूढ गरेको थियो । त्यस संगायनमा अध्यक्ष, वसुमित्र, उपाध्यक्ष अश्वघोष र पाश्र्व निर्देशकको रूपमा रहेको थियो । यसलाई सर्वास्तिवादीहरूको संगायनको रूपमा लिईन्छ । यस संगायनमा बुद्धका वचनहरू जुन पालिमा मात्र संरक्षित थियो सर्वास्तिवादीहरूले त्यसलाई संस्कृतमा पनि उल्था गरेको थियो । संगायनको मुख्य कार्यको रूपमा त्रिपिटकका सूत्र, विनय र अभिधर्मका प्रत्येक पिटकको १।१ लाख गाथाहरू तामाका पत्रहरूमा संस्कृतमा उत्किर्ण गर्न लगाई तीनलाख गाथाहरू पत्थरको बाकसभित्र राखेर ठूलो चैत्य निर्माण गरिएको थियो ।

कनिष्क पनि अशोक जस्तै युद्धबाट विरक्तिएर बुद्ध शिक्षा ग्रहण गर्न पुगेका थिए । तर त्यसबेलाका भिक्षुहरूमा धर्मको बारेमा जानकारी एकरूप नभएकोले चौठौं संगायनको आयोजना गरिएको थियो । उहाँले कनिष्कपुर भनेर ठूलो शहर निर्माण गरी भिक्षु संघलाई दान दिएको थियो । कनिष्कपुर नै हालको काश्मीर भएको इतिहासकारहरू बताउँछन् । यस संगायनमा तीनलाख गाथाहरू प्रारम्भिक प्राकृत भाषाबाट संस्कृतमासंग्रह गरिएको थियो । संस्कृत भाषामा बुद्धवचन लेख्ने कार्य यसै संगायनबाट शुरूभएको थियो । ब्राम्हणहरूले देवभाषाको रूपमा लिने संस्कृत भाषामा बुद्धका वचनहरू पनि उल्था भएपछि संभ्रान्त वर्गहरूले पनि बुद्धको शिक्षाको



https://dhamma.digital

बारेमा जानकारी प्राप्त गर्ने वातावरण बनेको कुरा विज्ञजनहरू भन्ने गर्छन । महाविभाषा शास्त्रको रूपमा रहेको सर्वास्तिवादी अभिधर्मको लेखन यसैबेला भएको थियो। सर्वास्तिवादीहरूको ज्ञानप्रस्थान भन्ने अभिधर्म सम्बन्धि सूत्रलाई विश्लेषण गरी महाविभाषाको निर्माण यस संगायनको महत्वपूर्ण उपलब्धी थियो । यस संगायनले बौद्ध साहित्यलाई उपदेश शास्त्र र विभाषा शास्त्रमा विभाजन गरिएको थियो ।

संस्कृतमा बुद्धवचनलाई लेख्ने परम्पराको शुरूवात भएको यस संगायनपछि धेरै आचार्यहरूले बुद्धका उपदेशहरूलाई विश्लेषणात्मक रूपमा संस्कृतमा लेख्ने चलन बढ्दै गयो । विशेष गरी अश्वघोषको सौन्दरानन्द, नागार्जुनको मध्यमकारीका, असंगको महायान सूत्र, बसुबन्धुको अभिधर्मकोष, शान्तिदेवको बोधिचर्यावतार आदि महत्वपूर्ण पुस्तकहरू संस्कृतमा लेखियो । स्थानीय मागधि भाषामा सीमित बौद्ध साहित्यहरू संस्कृतमा उल्था हुने र त्यसमा विश्लेषण गर्ने कार्य पहिलो दोश्रो शताब्दीदेखि शुरू हुँदै गयो । कालान्तरमा धर्मकीर्ति, दिंगनाग, चन्द्रकीर्तिका संस्कृतमा अनुदित साहित्यले बुद्धधर्मको व्यापकताको लागि महत्वपूर्ण भूमिका निर्वाह गरिएको कुरा उल्लेख गरिएको छ ।

यसरी कनिष्कको कार्यकालमा बुद्धधर्म एकपटक फेरी प्रचारप्रसार भएको मानिन्छन् । पहिलो शताब्दीको अन्तमा भएको यस संगायनमा ५०० जना भिक्षुहरू सम्मिलित भएको थियो। ५०० जना अर्हत भिक्षुहरूका साथै ५०० बोधिसत्व र ५०० पण्डितहरूको सहभागिता थियो भनिन्छ। स्वतन्त्र चिन्तनलाई महत्व दिनुपर्छ भन्ने बुद्धको भनाई अनुसार विभिन्न १८ निकाय विकाश भएकोले सबै निकाय बुद्धवचनसित सम्बन्धित भएको कुरा यस संगायनले मान्यता दिएको थियो । संगायनको मुख्य उपलब्धिको रूपमा अशोकले विभिन्न ठाउँमा धर्मदूत मण्डल पठाए जस्तै उहाँले पनि उत्तर चीनमा धर्मप्रचारार्थ धर्मदूत मण्डल पठाउनु भएको थियो ।



https://dhamma.digital

https://dhamma.digital

# बौद्ध कला

**लेखक : डा. महेन्द्र रत्न शाक्य**

बौद्ध विहार निर्माण कला, बहा बही बास्तुकला, चैत्यबर्ग, बुद्धमुर्ति, बौद्ध चित्र (पौभा)

Dhamma.Digital

**एकाइ ३ : बौद्ध कला** **शिक्षण अवधि ३०**



https://dhamma.digital

# बौद्ध कला र वास्तुकलाको छोटो परिचय

## परिचय

कुनै पनि सीप वा दक्षता नै कला हो जसलाई अभ्यासद्वारा विकास गर्न सकिन्छ । कलालाई लैटिन भाषामा Ars भनिन्छ । आर्स्‌को अर्थ सीप वा शिल्प (skill) दक्षता हो । आर्स्‌को अंग्रेजी रुपान्तर आर्ट (Art) हो । यसरी कला शब्दको पहिलो अभिप्राय नै शिल्प वा सीप हो । कला अभिव्यक्ति (Expression) हो । चित्रण, मूर्तन, नर्तन, कीर्तनद्वारा मनको भाव व्यक्त गर्नुलाई नै कला भनिन्छ । चित्र लेखेर, मूर्ति बनाएर, नृत्य वा नाचेर, भजन गाएर गीत गाएर मनको भाव व्यक्त गर्नुलाई कला भनिन्छ । त्यसैले चित्रकला, मूर्तिकला, नृत्य, गीत संगीत सबै कला हुन् । वैदिक साहित्यमा कलालाई ईश्वरीय अनुकम्पा मानेको छ । कला शब्द संस्कृतको 'कं' धातुबाट बनेको छ । 'कं' को अर्थ सुख, आनन्द हो । कपिल वात्स्यायनको कलातत्वकोशमा ' कं आनन्दं सुखम् लाति इति कला ' भनी उल्लेख गरिएको छ । अर्थात् आनन्द सुख ल्याउने भएकोले कला भनिएको हो ।

कलाको सर्वमान्य परिभाषा छैन । समयको परिवर्तन सँगै कलाको परिभाषा पनि फरक हुँदै गएको देखिन्छ । अक्फोर्ड एड्भान्स लर्नर्स् डिक्सनरीले कलाको परिभाषा यसरी दिएको छ —कला मानवीय श्रृजनशील प्रतिभाको सादृश्य रूपमा गरिएको अभिव्यक्ति हो, जस्तै चित्रकला, मूर्तिकला । यो परिभाषा अनुसार कला मानवको श्रृजना हो । कुनै ईश्वरीय वा प्रकृतिको देन होइन भन्ने कुरा स्पष्ट छ । यसमा मानिसको श्रृजना गर्न सक्ने प्रतिभा लुकेको हुन्छ । जसरी हामी चित्र र मूर्तिलाई स्पष्ट रूपमा देख्न सक्छौं त्यसरी नै कला आफू र अर्ुले प्रत्यक्ष रूपमा देख्न सक्ने अथवा सादृश्य हुनुपर्छ । कला विज्ञान होइन, तर कला प्राज्ञिक रूपमा कलेजमा विश्वविद्यालयमा अध्ययन गर्न सकिन्छ । जस्तै स्नातक (*A Bachelor of Art or B.A.*), स्नातकोत्तर (*Master's of Art or M.A.*) आदि ।



https://dhamma.digital

## कलाको अवधारणा

पाषाणयुग वा ढुंगे युगदेखि नै मानिसले अनेक प्रकारका हातहतियार वा ज्यावलहरू बनाएर कलाको सुरुआत गरिएको देखिन्छ । त्यसबेलाका मानिस जनावर माथि आश्रित थिए । जनावरकै मासु खाने, छाला ओढ्ने गर्छन् । मानिहरू गुफामा बस्दथे । ती गुफामा जनावरहरूको विभिन्न चित्रहरू लेख्ने कुँदने गर्थ्यो । तर पाषाणयुगमा बनाइएका गुफाचित्रहरू कलाको निम्ति होइन । त्यसबेला कलाको अवधारणा र महत्व बेग्लै किसिमको थियो । गुफामा बनाइएका चित्रहरू हिसक जनावर माथि कब्जा पाउन बनाएको हुनुपर्ने अनुमान लगाएका छन् । चित्र बनाए पछि जनावर अधिनमा पर्छ, शिकार गर्न सजिलो हुन्छ भन्ने अवधारणाले नै तिनीहरूको चित्र बनाएको देखिन्छ । जनावरको चित्र मूर्ति कोरे पछि काबुमा लिन सजिलो हुने भएपछि कला जादू भयो । कलाकार जादूगर जस्तै भयो ।

मेसोपोटामिया र मिश्रको (Egypt) सभ्यतामा कलाको विकास भएको देखिन्छ । त्यहाँ राजा मरेपछि समाधि मन्दिर (पिरामिड Pyramid) बनाई लासलाई जोगाइ राख्ने चलन थियो । इजिप्सियनहरूको विश्वास थियो कि जब राजाको मृत्यु हुन्छ, त्यसपछि उसको आत्मा (Spirit )को केही भाग मृत शरीर सँगै हुन्छ । त्यो आत्मालाई उनीहरूले 'क' (Ka) भन्ने गरिन्छ । यो आत्माको रक्षाको निम्ति उनीहरूले राजाको मृत देहलाई ममी बनाएर जोगाएर राख्छन् । राजाले उपभोग गर्ने सबै सामानहरू पनि त्यो पिरामिड भित्र राख्ने गर्छन् । राजाको नोकर चाकर, रानी समेत जिउँदै समाधिमा राखिन्थ्यो । पछि गएर जिउँदो मानिसको सट्टा उनीहरूको चित्र मूर्ति बनाएर राखियो । यसरी ती सभ्यतामा चित्रकला र मूर्तिकलाको विकास भयो । राजाको ममी पनि सडेर गलेर नष्ट हुने भएकोले राजाको पनि मूर्ति नै बनाएर राख्न थाले । मूर्तिमा राजाको आत्मा बस्छन् भन्ने अवधारणा विकास भयो । यसरी राजाको मूर्तिमा आत्मा बस्छन् भन्ने अवधारणाले त्यहाँको कला मृत्यु पछिको जीवन जस्तै हुनगयो । कलाकार मृत्युपछिको जीवनदाता जस्तै हुनगयो ।

यसरी इतिहासको कालखण्डमा कलाको अवधारणा एकनाशको देखिंदैन । आजकल कलाको अवधारणा निक्कै विकसित भएको छ । कला कलाको



https://dhamma.digital

निम्ति, कला सौन्दर्यको निम्ति, कला उपयोगको निमित, कला उद्योग ब्यापारको निम्ति, कला सजावटको निम्ति हुनगएको छ । मानिसको आधार भूत आवश्यकता खाने, लाउने देखि बस्ने घरसम्म कलाले भरिएको छ । किनकि खाना पकाउनु पनि, लुगा सिउनु पनि, घर बनाउनु पनि कला नै हुन् ।

## ललितकला

फ्रान्समा सन् १६४८ मा फाइन आर्ट एकेडेमी स्थापना भयो ।१७ औं शताब्दीपछि यसले चित्रकला, मूर्तिकला र वास्तुकलालाई ललितकला वा फाइन आर्ट (Fine Art) को रूपमा प्रचार गरे । यहाँदेखि कलाका विविध पक्षमध्ये चित्रकला, मूर्तिकला र वास्तुकला यी तीन वटा विधा ”ललितकला” को रूपमा छुट्टिन गयो । आजकल चित्र, मूर्ति र वास्तुकला मात्र होइन संगीत, नाटक, फिल्म, नृत्य र अरू अभिनय, साहित्य र जनजीवनमा प्रभाव पार्ने अ¿ विषयहरू जस्तै पुस्तक, फोटोग्राफी, ग्राफिक्स्, एनिमेशन, भिडिओ, अडियो, कम्प्युटर कला, टेलिभिजन, भिडियो गेम्स्हरू पनि कलाको बृहत परिभाषामा समावेश गरिएका छन् ।

## कला मानव जीवनको अभिन्न अङ्ग

कला मानव जीवनको अभिन्न अङ्ग हो । आज कला विनाको जीवनको कल्पना नै गर्न सकिन्न । जीवनको हरेक पाइलामा कलाको महत्व बढ्न गएको छ मानिसको शीरदेखि पाउसम्म कलाले भरिएको हुन्छ । कपालको ढाँचा कसरी राख्ने, अनुहारमा कस्तो मेकअप सिंगार गर्ने भन्ने कुरा कलाकै विषय हो । कानमा, घाँटीमा गरगहना कस्तो लाउने, टोपी, चस्मा, लुगा, घडी, जुत्ता कस्तो लगाउने भन्ने विषय पनि कला अन्तर्गत नै पऱ्यो । यसरी नै घरमा प्रयोग गर्ने विभिन्न सरसामान भाँडाकुँडा, फर्निचरदेखि लिएर बस्ने कोठा, भान्छाकोठा, बाथरुम, बैठक कोठा, कार्यालय आदि सबै ठाउँ कलाले भरिपूर्ण हुन्छ । कला विनाको संसार भेटाउन सकिन्न । मेकअप वा सिंगार र फेसनले त मान्छेको मुहार नै फेरीदिन्छ । फोटो लिने एउटा कला हो । विभिन्न कोण र ढाँचामा लिएको फोटोले मानिसलाई मनमोहक बनाइ



https://dhamma.digital

दिन्छ। नराम्रो मान्छे पनि राम्रो देखिन्छ, आकर्षक देखिन्छ। वास्तवमा कलाले जीवनमा आनन्द दिन्छ, सुख दिन्छ, सन्तुष्टि दिन्छ, मन प्रशन्न र आनन्दित हुन्छ। एक कप चिया पनि साधारण ग्लासमा राखेर खानु भन्दा कलात्मक राम्रो सेरामिक कपमा राखेर खानुमा मज्जा नै अर्को हुन्छ।

## कलाको महत्व

कलाको धेरै महत्व छ। ती मध्ये केही यहाँ चर्चा गरिन्छ।

कलाले समकालीन इतिहास, धर्म र संस्कृतिको उजागर गरेको हुन्छ। जस्तै इजिप्टको पिरामिडमा रहेका चित्र, मूर्तिकलाले त्यसबेलाको इतिहासलाई उजागर गरेको छ। त्यसबेलाको इजिप्टको धर्म संस्कृतिलाई प्रकाशमा ल्याएको छ। त्यस्तै हाल मुस्लिम बाहुल्य रहेको इन्डोनेशियामा कुनै बेला बुद्धधर्मको निकै प्रचार प्रसार थियो भन्ने कुरा त्यहाँस्थित बोरोबुदुर चैत्यले देखाइरहेको छ। विभिन्न कालखण्डको कलामा प्रयोग भएका वेशभूषाले त्यसबेलाको संस्कृतिलाई जनाएको हुन्छ।

कला शिक्षाको माध्यमको रूपमा प्रयोग भएको छ। कला शिक्षाको एउटा सादृश्य (प्रत्यक्ष देख्नसक्ने) माध्यम हो। कयौं पटक पढेर नआएको कुरा एक पटक दृश्य हेरे पछि सम्झिने हुन्छ। विभिन्न देशको प्रसिद्ध बौद्धस्थलहरूमा कुँदिएका वा चित्रित गरिएका बुद्धजीवनी जातककथाहरूले अशिक्षितहरूलाई समेत बुद्धशिक्षा प्रदान गर्न मद्दत गरेको छ।

कलाले आत्मसम्मान बढाएको हुन्छ। नेपाललाई कलाको खुल्ला संग्रहालय जस्तै भएको धनी देश भनि विदेशीहरूले सम्मान दिने गर्छन्। कलाले सौन्दर्यको चेतना जगाएको हुन्छ। सांस्कृतिक जागरण ल्याएको हुन्छ र कलाकारको श्रृजनशील प्रतिभा झल्काएको हुन्छ।

कलाले सुख, शान्ति र संन्तुष्टि दिएको हुन्छ।

कला जीविकोपार्जनको साधन पनि हो।

कला मानव जीवनको अभिन्न अङ्ग हो। मानिसको शीरदेखि पाउसम्म कलाले भरिएको कुरा माथि चर्चा भएसक्यो।



https://dhamma.digital

# बौद्ध कला

बुद्धधर्मसित सम्बन्धित वा बुद्धधर्मबाट प्रभावित कलालाई बौद्धकला भनिन्छ । यसमा चित्रकला, मूर्तिकला, वास्तुकला, साहित्य, संगीत, नृत्य, ग्राफिक्स आदि कलाका विविध पक्षहरू समावेश छन् । पालि बौद्धसाहित्यमा कलासित मिल्ने शब्द सिप्प हुन् । सिप्प भनेको आफू र अरूलाई हानि नोक्सानी नहुने जुनसुकै हस्तसीप, हस्तकौशल हो भनिएको छ । सिप्पलाई संस्कृत भाषामा शिल्प भनिन्छ । यसरी बौद्ध साहित्यमा कलालाई कुनै पनि सीप वा शिल्प दक्षताको रूपमा लिइएको छ । तर बुद्धको समयमा चित्र, मूर्ति र वास्तुकलाको पनि निक्कै चर्चा छ । तसर्थ कलाको सामान्य परिचयसित बौद्धकलाको सामञ्जस्यता देखिन्छ ।

पालि साहित्यमा सिप्पको परिभाषा यसरी दिइएको छ– सिप्पंति यं किञ्चि हत्थ कोसल्लं, अर्थात् सीप भनेको हातले गरिने कुनै पनि हस्तशिल्प हस्तकौशल हो । खाना पकाउने, लुगा सिउने, कपडा बुन्ने, चीवर सिउने, रंगाउने, भिक्षापात्र बनाउने, चित्र बनाउने, मूर्ति बनाउने, घर बनाउने, चैत्य बनाउने आदि कुनै पनि काम शिल्प अन्तर्गत आउँथ्यो । यसरी कला मानवीय क्रियाकलापको विविध पक्ष हो ।

# पालि बौद्धसाहित्यमा सिप्पको प्रकार

पालि बौद्धसाहित्यमा अनेक प्रकारका शिल्पको वर्णन गरिएका छन् । ती सबै सीपलाई

१. अगारिक सिप्प र २. अनगारिक सिप्प भनी दुई प्रकारले विभाजन गरिएका छन् ।

अगारिक सिप्प भनेको अरूलाई हानी नहुने, अकुशल नभएको मणिकार सुवर्णकार आदि सीप हुन् भनि उल्लेख गरिएको छ । यो सीप गृहस्थी पुरुष र महिलाले गरिने शिल्प हुन् । अनगारिक सिप्प भनेको भिक्षु भिक्षुणी प्रव्रजितहरूले गरिने शिल्प हो भनिएको छ । यसमा चीवर सिउने, श्रमण परिष्कार बनाउने आदि पर्दछन् । यी बाहेक पालि त्रिपिटकमा अनेक ठाउँमा अनेक प्रकारका शिल्पको वर्णन आएको छ । उदाहरणको निम्ति दीघनिकायको



https://dhamma.digital

सामञ्ञफल सुत्तमा २४ भन्दा बढी शिल्पको चर्चा छ । यसमा माहुतेहरू, सारथीहरू, धनुषाचार्यहरू, भान्छेहरूदेखि लिएर मालाकार, नलकार, कुम्हाले, धोबीहरूको पनि चर्चा छ । त्यस्तै जातक अर्थकथामा सीपको प्रचुर मात्रामा उल्लेख भएका छन् । कुस जातकमा बोधिसत्व कुस राजले १०० वटा शिल्प जानेको उल्लेख छ ।

## सेनि (शिल्पकारहरूको संगठन)

शिल्पकारहरूको संगठन (Union) लाई 'सेनि' भनिन्छ । बुद्धकालमा शिल्पकारहरूको थुप्रै सेनिहरू थिए । उमग्गजातकमा बोधिसत्व महोसधले १८ प्रकारका शिल्प सेनिलाई आमन्त्रण गरेको उल्लेख छ । उक्त जातकमा केही सेनिहरूको नाम पनि दिइएका छन् । जस्तै–

१. वड्ढकि सेनि (सिकर्मीहरूको संगठन),

२. कम्मार सेनि (सुनारहरूको संगठन),

३. चम्मकार सेनि (छालाको काम गर्नेहरूको संगठन),

४. इत्थक सेनि (दकर्मीहरूको संगठन),

५. पाषाणकार सेनि (ढुङ्गाको काम गर्नेहरूको संगठन)

६. चित्तकार सेनि (चित्रकारहरूको संगठन) को नाम उल्लेख गरेको छ ।

Dhamma.Digital

## बुद्धकालीन समाजमा कलाको महत्व

बौद्ध साहित्यमा आएको वर्णन अनुसार बुद्धकालीन समाज सुखी र समृद्ध थियो । कृषि, उद्योग व्यापार, शिल्पकारी, नोकरी त्यसबेलाका मानिसहरूको मुख्य पेशा थियो । कलालाई सीप, शिल्प विद्या भनिने कुरा माथि उल्लेख भैसक्यो । यसलाई हस्तकौशल पनि भनिन्थ्यो । बुद्धकालील समाजमा कपडा बुन्ने, लुगा सिउने, खाना पकाउने, सिकर्मी, दकर्मी, हात्ती सवार, घोडसवार, रथ हाँक्ने, फूलमाला बनाउने, लुगा धुनु, कपडा रंगाउने, बाँसको काम गर्ने, माटाको भाँडाकुडा बनाउने, फलामको काम गर्ने, प्रस्तरको काम गर्ने, सिकर्मी, दकर्मी, हात्तीको दन्तको सामान बनाउने,



https://dhamma.digital

सुनको काम गर्ने, गरगहना बनाउर्ने आदि अनेक शिल्प दक्षता हासिल गरेका मानिसहरू थिए । गरगहनाकै चर्चा गर्नु पर्दा त्यसबेलाका महिलाहरूले कति मूल्यवान गहना लाउँछन् भन्ने कुरा विशाखा महाउपासिकाले लागाउने 'महालतापसाधन' नामक सुनको बहुमूल्य गहनाबाट थाहापाउन सकिन्छ । अंगुत्तरनिकाय अर्थकथामा दिएको विवरण अनुसार त्यसबेला नै त्यो गहनाको नौ करोड मूल्य र ज्याला एक लाख पर्दथ्यो ।

यसरी बुद्धको समयमा कलाको ठूलो महत्व र स्थान थियो । सीप जीविकाको एउटा महत्वपूर्ण साधन थियो । विना शिल्पले जीविका मुश्किल हुन्छ भन्ने अवधारणा थियो । साधारण मानिसको त कुरै छोडौं अभयराजकुमारद्वारा पालन पोषण गरिएका जीवक कुमारले समेत शिल्प विनाको जीवन कठिन हुन्छ भनेर तक्षशीलामा वैद्य शिल्प (वेज्जसिप्प) सिक्न गएको थियो । पछि उनी बुद्धलाई उपचार गर्ने महान वैद्य बने । बैद्यको कामलाई पनि यहाँ शिल्प अन्तर्गत नै राखिएको छ । शल्यचिकित्साको इतिहासमै उनले सर्वप्रथम टाउकोको चिरफार (अपरेशन) गरेर रोग निको पारिदिएको उल्लेख छ । त्यसैले उनको नाम आजसम्म पनि लिने गर्दछ । लोकनीतिमा भनिएको छ शिल्प समान धन अर्को छैन शिल्पलाई चोरले पनि चोरेर लान सक्दैन । यो लोकमा सीप मित्र समान हुन् भने परलोकमा पनि यसले सुख दिन्छ ।

छोरीको विवाह गरिदिन समेत केटोले शिल्प जानेको छ छैन भनी बुझेर मात्र दिने गर्छन् । थेरीगाथावण्णनामा आएको वर्णन अनुसार वङ्गहार जनपदको जेष्ठमिगलुद्दकले आफ्नो छोरी चापाको बिहे उपक आजीवकसँग गराउन उसले कुनै सीप जानेको छ छैन सोधेको थियो । सीप त जानेको छैन तर ससुरा बुबाकै काममा सघाइदिने शर्तमा छोरी दिएको उल्लेख छ । सिद्धार्थकुमारले समेत रंगमञ्चमा अनेक शिल्प प्रदर्शन गर्नुभएको उल्लेख छ । कोशलराज प्रसेनजितले पनि तक्षशीलामा शिल्प दक्षता हासिल गरेको वर्णन छ । त्यसबेला राजकुमारहरूलाई पनि शिल्प सिक्नु अनिवार्य थियो । बुद्धको सानी आमा कपिलवस्तुकी महारानी महाप्रजापति गौतमीले आफ्नै हातबाट धागो काटी, कपडा बुनी चीवर सियर बुद्धलाई दान दिएको प्रसङ्गबाट राजकुमारी, महारानीहरूले पनि शील्पलाई आदरपूर्वक सिकेको देखिन्छ । यसरी नै बुद्धको समयमा चित्रकला, मूर्तिकला र वास्तुकलाको पनि उत्तिकै महत्व थियो ।



https://dhamma.digital

# कलाको विषयमा बुद्धको विचार

भगवान बुद्ध कलाको पक्षधर हुनुहुन्छ भन्ने कुरा उहाँकै उपदेशबाट थाहापाउन सकिन्छ । यसका केही उदाहरण बुँदागत रूपमा तल प्रस्तुत गरिएको छ –

१. बुद्ध भन्नु हुन्छ 'सिप्पञ्च मङ्गल' शिल्प सिक्नु भनेको जीवनमा मङ्गल हुने कार्य हो । मङ्गलसुत्तको वर्णनमा आए अनुसार बुद्धकालमा अनेक छुकविछुक, शुभ अशुभ, मङ्गल अमङ्गलको कुरा राजगृहको संस्थागारबाट चर्चा भएको थियो । १२ वर्षसम्म चर्चा भएपछि केही टुंगो नलागी बुद्धसँग मङ्गल के हो भनी प्रश्न गरेको थियो । बुद्धले मानिसको जीवन सुखमय हुने, शुभ हुने, मङ्गल हुने ३८ प्रकारका मङ्गल धर्मका कुरा बताउनु भयो । तीमध्ये शिल्प सिक्नु पनि एउटा मङ्गल हो भनी बताउनु भएको छ ।

२. सिगालोवाद सुत्तमा बुद्धले छोराप्रति आमाबाबुले गर्नुपर्ने पाँचवटा कर्तव्य बताउनु भएको छ । ती हुन्– नराम्रो काम गर्नुबाट रोक्ने, राम्रो काममा लगाउँने, सीप सिकाइ दिने, योग्य कन्यासँग विवाह गरि दिने र समय आएपछि आफ्नो सम्पत्तिको अंशभाग दिने । यी पाँचवटा कर्तव्यमा शिल्पको कुरा पनि बताउनु भयो । छोराको भविष्य उज्वल पार्न, जीविका सहज गर्नको निम्ति कुनै न कुनै राम्रो सीप सिकाउनु आमाबाबुको कर्तव्य हो भनी बताउनु भएकोले आज पनि कयौं आमाबाबु आफ्नो पेट काटी बाटी भएपनि सन्तानलाई पढाइमा शिक्षामा खर्च जुटाइ रहेको हामी देख्छौं ।

३. छोरालाई मात्र होइन छोरीलाई पनि सीप सिकाउनु पर्ने कुरा बुद्धले अंगुत्तरनिकायको उग्गहसुत्तमा बताउनु भएको छ ।

४. जनसन्ध जातक देशनामा बुद्धले समयमै गर्नुपर्ने, समयमै नगरेमा पछि पछुताउनु पर्ने १० वटा कुरा बताउनु भएको छ । जस्तै योब्बन अवस्थामै धन कमाउनु पर्छ । योब्बन अवस्थामा यताउती दुलेर मोजमस्ती मात्र गरेर धन नकमाउनेले पछि बुढो भएपछि बृढ क्रोच नामक पंछी माछा नभएको जलाशयमा झुलेर बसेझैं पछुताउनु पर्ने हुन्छ । त्यस्तै आमाबाबुको सेवा पनि आमाबाबु जीवित छँदा नै गर्नुपर्छ । समयमा सेवा गरेन भने पछि आमाबाबु परलोक भएपछि सेवा गर्न पाएन भनी पछुताउनु पर्ने हुन्छ । त्यस्तै



https://dhamma.digital

अर्को कुरा हो समयमै सीप सिक्नु पर्छ। सिकिएन भने मैले पहिले सामर्थ्य भएको बेलामा कुनै सीप शिल्प सिकिएन। शिल्प विना जीवनवृत्ति कसरी चल्दछ भनी पश्चाताप हुनेछ। यसरी नै समयमै गर्नु पर्ने अरू कुराहरू उक्त जातक हेरेमा स्पष्ट हुन्छ।

५. बुद्धले भिक्षुहरूलाईसमेत सीप सिक्नु पर्ने बताउनु भएको छ। चीवर सिउने, रंगाउने आदि कार्य गर्नु पर्ने बताउनु भएको छ। त्यस्तै दीघनिकायको सङ्गीतिसुत्तमा बुद्धले भिक्षुहरू स्वावलम्बन बन्न सक्ने दसवटा नाथकरणीय धर्मको उपदेश दिनु भएको छ। यहाँ पनि बुद्धले भिक्षुहरूको सीपको कुरा बताउनु भएको छ र शिल्पलाई नाथकरणीय धर्मको रूपमा चर्चा गर्नु भएको छ। दश नाथकरणीय धर्ममध्ये भिक्षुहरूले सब्रम्हचारी (अरू भिक्षुहरू) प्रति गर्नुपर्ने सानो ठूलो सबै काममा दक्षता हासिल गर्नुपर्छ। निरालसी हुनुपर्छ उपाय कौशल हुनुपर्छ भनी बताइएको छ।

६. सालित जातकको देशना गर्नुहुँदै बुद्धले जसोतसो गरेर भएपनि सीप सिक्नु राम्रो हो भनी एउटा रोचक कथा बताउनु भएको छ। पूर्वकालमा बाराणसीमा ब्रम्हदत्तले राज्य गरेको थियो। त्यसबेला बोधिसत्व उनका मन्त्री थिए। राजाको एकजना पुरोहित धेरै कुरा गर्ने खालका थिए। दरवारको बैठकमा उनकै स्वर ठुलो हुन्थ्यो। राजालाई यो मनपराएको थिएन। एक दिन नगर परिक्रमा गर्ने सिलसिलामा राजा नगरमा प्रवेश गर्दा द्वारको नजिक रुखमनि खेलिरहेका बच्चाहरू सबै भागे। तर एक जना खुट्टा नचल्ने कुबडे भाग्न नसकी काँपेर बसेका थिए। उनी रुखको पातमा गुलेलीले हानेर प्वालप्वाल पारी हात्ती, घोडा, चराहरूको चित्र बनाई बालबालिकाहरूसँग खेलीरहेका थिए। घामको किरण रुखको प्वालबाट छिरेर जमीनमा पर्दा हात्ती घोडा चराहरूको आकार देखिन्थ्यो। कुबडेको गुलेली हान्ने सीप बारे बोधिसत्वले राजालाई बिन्ति चढाए। राजाले कुबडेको सीप प्रयोग गरी बढी कुरागर्ने पुरोहितको मुख बन्द गरी दिने विचार गरी उनलाई साथमा लिएर गयो। भोलिपल्ट राजसभामा कुबडेलाई एक कुनाम पर्दाभित्र राखे। पर्दाको एक छेउमा एउटा प्वाल राखे जुन पुरोहित बस्ने आसनको आमनेसामने थियो र पुरोहितको मुखतिर सोझो पारेको थियो। कुबडेलाई बाख्राको बिष्टा एक माना जति दिएर पुरोहितले बोल्यो भने उनको मुखमा सीधै पर्ने गरी



https://dhamma.digital

बिष्टा गुलेलीमा हाली हान्न लगायो । पुरोहितले सँधैंझै 'यसो गर्नुपर्छ उसो गर्नुपर्छ महाराज' भनी भाषण सुरु गर्न थाले । पुरोहितले मुख खोल्नासाथ कुबडेले घाँटीसम्म छिर्ने गरी बिष्टाले हान्दै गरे । तर घाँटीमा केही चिलाएको च्वास्सच्वास्स परेजस्तो लागे पनि कुराको शुरमा उनले धमाधम निल्दै गए । राजाको कर्तुत थाहा पाएन । एक माना विष्टा खाइसकेपछि राजाले पुरोहितसँग माफी मागी तपाईले सँधै धेरै बोल्नु भएकोले आज बाख्राको विष्टा एक माना खाइसक्नु भयो तैपनि चाल पाउनु भएन भनी पर्दाफास गरे । पुरोहित रिसाएर भोलिपल्टदेखि चाहिने कुरासमेत कसैलाई केही बोलेन । बल्ल आनन्द भयो, मलाई कर्णसुख प्राप्त भयो भनी राजाले कुबडेलाई चार दिशाका चार गाउँ नै बकस दिए । निर्धन कुबडे अब धनवान भए । त्यसबेला बोधिसत्व मन्त्रीले यो गाथा सुनाए –

**साधु खो सिप्पकं नाम अपि यादिस कीदिसं ।**
**पस्स खज्जप्पहारेन लद्धा गामा चतुदिसाति ।**

अर्थात् – जसो तसो गरेर भए पनि सीप सिक्नु राम्रो हो । हेर गुलेलीले हान्ने एउटा सीपले कुबडेले चार दिशाकै गाउँ प्राप्त गरे ।

यो कथा सुनाएर बुद्धले भिक्षुहरूलाई त्यही गाथा सुनाउनु भयो । यसरी बुद्ध कलाको पक्षधर समर्थक हुनुहुन्छ ।

## बुद्धकालमा चित्रकला

बुद्धको समयमा चित्रकलाको राम्रो विकास भएको कुरा पालि बौद्धग्रन्थ तिपिटकको विभिन्न सूत्र र विनयबाट स्पष्ट हुन्छ । सुत्तपिटक, विनयपिटकमा प्रसेनजित महाराजको चित्तागार, छवग्गीय भिक्षुहरूले विहारको भित्तामा लेखाएको चित्रकला आदि अनेक प्रसङ्ग छन् ।

एक पटक भगवान् श्रावस्ती जेतवनमा विहार गर्नुभएको थियो । त्यस बखत बुद्धले भिक्षुहरूलाई सोध्नु भयो – भिक्षुहरू ! यो संसार अनन्त छ । अविद्याको अन्धकारमा परेका, तृष्णाको बन्धनमा परेकाहरू तथा आवागमणको चक्रमा भत्केकाहरूले यो संसारको सुरु (आदि, पुब्बा कोटि) थाहा पाउन सकिंदैन । भिक्षुहरू ! जसरी खम्बामा बाँधिराखेको कुकुर उठ्न खोज्दा, बस्न



https://dhamma.digital

खोज्दा र हिड्न खोज्दा त्यही खम्बाको वरिपरि मात्र घुमिरहन्छन्, त्यसरी नै अश्रुतवान पृथग्जनले रूप, वेदना, संज्ञा, संस्कार र विज्ञानलाई 'यो मेरो हो, यो म हुँ, यो मेरो आत्मा हो' भनी सम्झन्छन्। उ उठ्न खोज्दा, बस्न खोज्दा र हिड्न खोज्दा त्यही पञ्चस्कन्धको वरिपरि मात्र घुमिरहन्छन्। त्यसैले भिक्षुहरू ! आफ्नो चित्तलाई निरन्तर रूपमा यसरी प्रत्यवेक्षणा गर्नु पर्दछ कि यो चित्त लामो समयदेखि राग, द्वेष र मोहले संकिष्ट (फोहर) भएको छ। चित्त मैलो भएपछि मानिस पनि मैलो हुन्छ। भिक्षुहरू, चित्त शुद्ध भएपछि मानिस पनि शुद्ध हुन्छ (चित्त संकिलेसा, भिक्खवे, सत्ता संकिलिस्सन्ति, चित्तओदाना सत्ता विसुज्झन्ति)।

त्यसपछि भगवानले भिक्षुहरूलाई सोध्नु भयो –

भिक्षुहरू, चरण नामको चित्रलाई देखेका छौं ?

देखेको छु भन्ते भनी भिक्षुहरूले जवाफ दिए।

भिक्षुहरू, त्यो चरण नामक चित्र पनि चित्तले नै चिन्तना गरेर चित्रित गरिएको हो। त्यसैले भिक्षुहरू, त्यो चित्रभन्दा पनि चित्त नै विचित्र छ।

यहाँ भगवान् बुद्धले चित्तको विचित्रता महानता देखाउन चरण चित्रको उदाहरण दिनुभएको देखिन्छ। चरण चित्र भनेको के हो र किन भनियो ? चरण चित्र भनेको विचरण चित्र हो। ठाउँठाउँमा लगेर देखाउन मिल्ने चित्र भएकोले चरण चित्र भनिएको हो। 'राम्रो काम गरेमा यस्तो फल पाउँछ, नराम्रो काम गरेमा यस्तो फल पाउँछ' भनी त्यसबेला स्वर्ग नर्क वा सुगति दुर्गतिको नाना प्रकारले सम्पत्ति विपत्ति चित्रण गरी कपडामा लेखिएको चित्र ठाउँठाउँमा लगी देखाउन लगिन्थ्यो। यसले मानिसलाई राम्रो काम गर्नु पर्दछ, नराम्रो काम गर्नु हुँदैन भन्ने सन्देश मिल्दछ। सायद त्यो चित्र मानिसले किनेर आआफ्नो घर आँगनमा कोठामा राखिन्थ्यो होला। यसरी यताउती विचरण हुने चित्र भएकाले चरणचित्र भनिएको हो। त्यस्ता चित्रहरू पक्कै पनि त्यसबेलाका ठूल्ठूला चित्रकारहरूले अत्यन्त मेहनत गरेर बनाइएको उत्कृष्ट एवं विचित्रको चित्र हुनुपर्दछ। त्यसैले भगवान् बुद्धलेसमेत त्यो चित्रको उपमा दिनु भयो र चरण चित्र जस्तो विचित्र चित्रभन्दा चित्त नै विचित्रको छ भनी भन्नुभएको छ। यस्तो चित्र अहिले काठमाडौंको बाहा



https://dhamma.digital

बहीमा विभिन्न चाड पर्वमा देखाइने लामो कपडामा लेखिएको पटचित्र जस्तै अथवा पौभाचित्र जस्तै चित्र हुनुपर्ने अनुमान हुन्छ । यसबाट बुद्धकालमा चित्रकलाको निक्कै विकास भएको देखिन्छ ।

यहाँ चित्रकारले प्रयोग गरिने विभिन्न रंग, चित्र फलक, भित्तेचित्र, दुस्सपट्ट (क्यानभास) आदि शब्द प्रयोग भएको छ । स्त्री पुरुषको सर्वाङ्गपूर्ण वा पूर्णकदको चित्र बनाउने कुरा पनि आएको छ । चित्रकलाको मात्र होइन चित्र बनाउन चाहिने सामग्री रंग, दुस्सपट्ट आदिको उल्लेखबाट पनि बुद्धकालमा चित्रकलाको विकास भएको पुष्टि हुन्छ ।

## सिद्धार्थको दरबारमा भित्तेचित्रहरू

कपिलवस्तुका राजा शुद्धोदन महाराजले सिद्धार्थ कुमारलाई हेमन्त ऋतुको प्रासाद, गृष्म ऋतुको प्रासाद र वर्षाद ऋतुको प्रासाद बनाइ दिएका थिए । बुद्धवंसमा ती तीन वटा दरबारहरूको नाम रम्म, सुरम्म र सुभक भनिएको छ । तीन वटै दरबारहरू समान उचाइका थिए । तर तलामा फरक थिए । हेमन्त ऋतु (जाडो महिना) को प्रासाद नौतले थियो । हावापानी मिलाउनको निम्ति घरका तल्लाहरू होचा होचा पारिएका थिए । भुइँमा ऊनका कम्बलहरू बिछ्याइएका थिए । खाटमा पनि ऊनकै बिछ्यौनाहरू लगाएका थिए । झ्यालका पर्दाहरू पनि बाक्ला थिए । भित्ताहरूमा ज्वाला निस्केका, आगो बलेका आदि गरम प्रकृतिको प्रभाव पार्ने खालका चित्रहरू चित्रित गरिएका थिए ।

गृष्म ऋतु (गर्मी महिना) को प्रासाद पाँचतले थियो । शीतल पार्नको निम्ति अग्लाअग्ला तला गरिएको थियो । झ्यालहरू अग्ला तथा ठूला थिए । खापामा जाली लगाइएका थिए । झ्यालहरू पनि धेरै थिए । फेटा बाँध्ने र लगाउने कपडा मसीना पातला उत्तम रेशमका थिए । पर्दाहरू पनि पातला थिए । भित्तामा रंगी विरंगी अनेक प्रकारका कमलको फूलहरू चित्रित थिए । झ्याल मुनि ढुंगाको द्रोणीमा सुगन्धित हिलो माटो पानी हाली पद्म फूलहरू फुलाई राखेका थिए । सिद्धार्थको खाट वरपर घडाहरूमा सुगन्धित पानी हाली नील उत्पल आदि फूलहरू सजाइएका थिए ।

वर्षाद ऋतुको प्रासाद साततले थियो । तलाहरू न अति अग्लो र न अति होचा थिए । यो प्रासादमा झ्याल र ढोकाहरू धेरै थिएनन् ।



https://dhamma.digital

ठीकमात्रामा थिए । भित्तामा केही ठाउँमा अग्नि ज्वालाका चित्रहरू र केही ठाउँमा तलाउका चित्रहरू बनाएका थिए । शीत र उष्णता अनुकूल हुने गरी बनाइएका थिए ।

यसरी सिद्धार्थको तीन वटै दरबारमा भित्तेचित्रहरू कोरिएको उल्लेख छ । यसबाट कपिलवस्तुका अरू महलहरूमा पनि भित्तेचित्र हुनुपर्ने अनुमान हुन्छ ।

## विहारमा भित्तेचित्र

विनयपिटकमा आएको वर्णन अनुसार एक पटक छवग्गीय भिक्षुहरूले विहारको भित्तामा स्त्री पुरुषहरूको चित्र बनाउन लगाएका थिए । मानिसहरू विहारमा आउँदा भिक्षुहरूले पनि कामभोगी गृहस्थहरूले जस्तो चित्र बनाउन लागेछ भनी हैरान हुन्थे । यो कुरा थाहापाई भगवान् बुद्धले छवग्गीय भिक्षुहरूलाई त्यस्तो चित्र नबनाउन भन्नुभयो । जसले बनाउन लगाउँछ उसलाई दुक्कट आपत्ति हुन्छ भन्नुभयो । दुक्कट आपत्ति भनेको नराम्रो काम वा दुष्कृत्य कर्म गरेको दोष हो । छवग्गीय भिक्षुहरू भनेको छजना मिल्ने भिक्षुहरूको समूह हुन् । उनीहरू अत्यन्त ठाँटबाँटले बस्नुपने भिक्षुहरू थिए । यिनै छवग्गीय भिक्षुहरूको कारणबाट बुद्धले धेरै नियमहरू बनाउनु भएको कुरा विनयपिटकमा उल्लेख छ । छवग्गीय भिक्षुहरूको नाम भिक्षु अस्सजि, भिक्षु भुम्मजक, भिक्षु पुनबसुक, भिक्षु पण्डुक, भिक्षु मेचिय र भिक्षु लोहितक हुन् ।

बुद्धले विहारको भित्तामा वा भिक्षु आवासको कोठामा माला, लता, मकरदन्त र पंचपट्टिकाको चित्र लेख्न सक्ने अनुमति दिनुभयो । (अनुजानामि, भिक्खवे, मालाकम्मं, लताकम्मं मकरदन्तकं पञ्चपटिक'न्ति ।) यहाँ मालाको अर्थ अनेक प्रकारका फूलमालाहरू र लताको अर्थ अनेक प्रकारका लतालहराहरू हुन् । मकरको विभिन्न अर्थ छन् । जस्तै मकर संक्रान्ति वा माघे संक्रान्ति, मकर राशि आदि । राहुल सांकृत्यायनले मकरदन्तको अर्थ खूँटी वा लकडीको (काठको) किला भनी अर्थ लगाएको छ । तर मकर भनेको एक प्रकारको समुद्री गोही जस्तो दरलाग्दो जन्तु हुन् । यसलाई नेपाल भाषामा 'मङ्ग', वा 'हिति मङ्ग' पनि भनिन्छ, जसको मुखबाट पानी निस्किरहेको देखाएको हुन्छ । नेपाली



https://dhamma.digital

ढुंगेधारामा यही जन्तुको मुखबाट पानी निस्किरहेको देखाएको छ । कलामा हालसम्म पनि यी जन्तुको निक्कै सुन्दर प्रयोग भएको छ । यो मकर जोडी पहिलो पटक गुप्तकलामा बुद्धमूर्तिको पछाडिको प्रभामण्डलमा प्रयोग भएको देखिन्छ । तोरणमा, द्वारमा, छानाको कुनामा, प्रभामण्डल आदिमा मकराकृति देख्न सकिन्छ । तर यहाँ मकराकृति नभनी मकरदन्त भनेकोले मकरको दाँत भन्ने बुझिन्छ । दाँतको चित्र लेखाउनुको अर्थ के हो अनुसन्धानकै विषय हुन आउँछ । तर एक ठाउँमा बुद्धले मकरदन्त काट्ने अनुमति दिनुभएकोले यो कुनै लटा लहराको नाम होकि जस्तो लाग्छ तर यसलाई पुष्टि गर्ने प्रमाण भने भेटिएको छैन । पञ्चपटिका भनेको के हो ? यसको अर्थ पनि स्पष्ट छैन । अभिधानप्पदीपिकामा पटिकाको अर्थ 'बुनेको सेतो आसन' भनिएको छ । बस्नको निम्ति चक्टी जस्तो गरी धागोको बुट्टेदार आसन बुनेको हुनुपर्दछ । सायद विभिन्न बुट्टा आकारका हातले बुनेका अनेक प्रकारका पटिका मध्ये पाँच प्रकारको प्रख्यात पटिकालाई पञ्चपटिका भनेको हुनसक्छ । यी विभिन्न बुट्टा भएका विभिन आकार भएका पटिकाहरूको चित्रले भित्ता शोभायमान हुनसक्छ । मकरको दाँत र पञ्चपटिकाको चित्र विहारको भित्तामा कोर्न बुद्धले किन अनुमति दिनुभयो यसमा के रहस्य लुकेको छ भन्ने विषय पनि अनुसन्धानकै विषय हुन् । तर यो वर्णनबाट बुद्धकालमा पनि विहारको भित्ता चित्रकलाले सजिएको हुन्छ भन्ने कुरा स्पष्ट छ ।

## प्रसेनजित महाराजको चित्रागार

भगवान् श्रावस्तीमा अनाथपिण्डिकको जेतवनाराममा बस्नु भएको थियो । त्यसबखत कोसलका राजा प्रसेनजितको उद्यानमा चित्रागार (Art Gallery) थियो । त्यो चित्रागारमा अनेक स्त्री पुरुषहरूको मनमोहक चित्रहरू सजाइएका थिए । धेरै मानिसहरू त्यो ग्यालरी हेर्न जाने गर्दथ्यो । केही भिक्षुणीहरू पनि हेर्न जाने गर्थ्यो । चित्रागारमा भिक्षुणीहरू हेर्न आएको देखेपछि मानिसहरूले उपहास गर्न थाल्यो । यी कस्ता भिक्षुणीहरू हुन् जो कामभोगी गृहिणीहरूझै चित्रागार हेर्न आउँछिन् । यो कुरा बुद्धले थाहा पाउनु भएपछि भिक्षुणीहरूले चित्रागार हेर्न नजाने नियम बनाउनु भयो । यसबाट बुद्धको समयमा राजा महाराजहरूको चित्रागार वा आर्ट ग्यालरी पनि थियो भन्ने कुराको ज्ञात हुन्छ ।

## बुद्धकालमा मूर्तिकला

बुद्धकालमा र त्योभन्दा पहिले जातककालमा मूर्तिकलाको पनि चर्चा पाइन्छ। भगवान् बुद्धको पूर्व जन्मको कुरालाई जातक भनिन्छ। बौद्धग्रन्थमा उल्लेख भए अनुसार चार असंख्येय र एक लाख कल्प पहिले लोकमा दीपङ्कर बुद्धको प्रादुर्भाव भएको थियो। त्यसबेला सुमेध नाम गरेको तपस्वीले दीपङ्कर बुद्धको सामु आफू पनि उहाँ जस्तै सम्यक्सम्बुद्ध बन्ने अभिनिहार वा संकल्प गर्नुभएको थियो । उनको क्षमता विचार गरेर दीपङ्कर बुद्धले उनलाई चार असंख्येय र एक लाख कल्प पछि गौतम बुद्ध बन्ने भविष्यवाणी गर्नुभयो । बुद्धको भविष्यवाणी खेर जाँदैन, मैले भविष्यमा बुद्ध बन्न पारमिता धर्मको अभ्यास गर्नुपर्छ भनी त्यो जन्मदेखि नै बोधिसत्व सुमेधले अभ्यास गर्नुभयो। त्यसबेलादेखि अनगिन्ति जन्ममा पारमिता धर्म पूर्ण गर्नुभयो । बोधिसत्वको अन्तिम जन्म वेस्सन्तर थियो । सुमेधको जन्मदेखि वेस्सन्तरको जन्मसम्म जातककाल मान्नु पर्दछ। त्यसपछि उहाँ तुसित देवलोकमा सन्तुसित देवराज हुनु भयो । त्यहाँ लामो समयसम्म दिब्यसुख अनुभव गर्नुभई त्यहाँबाट च्यूत भई कपिलवस्तुमा शुद्धोदन महाराज र रानी मायादेवीको कोखमा प्रतिसन्धि लिनुभयो ।

## जातक कालमा बोधिसत्व पनि मूर्तिकार

पूर्वजन्ममा बोधिसत्वले मूर्ति बनाएको प्रशंग पनि जातकमा उल्लेख छ। बोधिसत्व मूर्तिकार भएका जातकहरू मध्ये कुस जातक पनि एउटा हो। मल्ल राष्ट्र कुसावती राजधानीमा ओक्काक राजाको कुलमा बोधिसत्व कुस कुमारको जन्म भएको थियो। बोधिसत्वको रूप लावण्य सुन्दर थिएन। कुस राजकुमार कुरूप भएकै कारणले उनलाई विवाह गर्ने इच्छा थिएन । तर आमाबाबुले निकै कर गरे पछि केही उपाय नलागेर स्वर्णकार (कम्मार) लाई बोलाई धेरै सुवर्ण दिएर एउटा स्त्रीरूप बनाउन लगाए। आफू स्वयंले पनि एउटी काल्पनिक नारीको सुन्दर स्वर्णमूर्ति बनाए । **(सो कम्मारजेट्ठकं पक्कोसापेत्वा बहुं सुवण्णं दत्वा 'एकं इत्थिरूपकं करोही' ति उय्योजेत्वा तस्मिं पक्कन्ते अञ्ञं सुवण्णं गहेत्वा सयम्पि इत्थिरूपकं अकासि ।)**

कुस राजकुमारले बनाएको सुनको मूर्ति आफ्नै कोठाको खाटमा



https://dhamma.digital

सुताइ राखेको थियो । सुवर्णकारले पनि मूर्ति बनाएर ल्याए । तर त्यो मूर्ति त्यत्तिको चित्त बुझ्ेन । त्यसैले आफैले बनाएको मूर्ति कोठामा गएर लिएर आउ भनी सुवर्णकारलाई पठाए । उनी राजकुमारको कोठामा गएर हेरे पछि एउटी परी सुतिरहेको देखी लजाएर बाहिर आए । कुस राजकुमारले 'त्यो परी होइन मूर्ति हो लिएर आउ' भनेपछि फेरी कोठामा गई मूर्ति उठाएर ल्याए । एक जना कालाकार सुवर्णकार नै झुक्किने गरी बोधिसत्वले कति सुन्दर मूर्ति बनाएको होला भनी अनुमान गर्न सकिन्छ । त्यसपछि राजकुमारले आमाबाबुलाई मूर्ति देखाइ 'यस्तो केटी पाएमा मात्र बिहे गर्छुÚ भनी भने । आमाले त्यो मूर्ति रथमा राख्न लगाई मन्त्री भार्दारहरू लगाएर देशविदेश घुमाउन लगाई केटी खोज्न पठाए । तर संयोगवश त्यस्तै अनुहारकी तर त्यो भन्दा राम्री कन्या मद्द देशकी राजकुमारी प्रभावती (सुदर्शना) भेटिएकीले उनैसित विवाह गरि राज्याभिषेक गरीदिए । विवाह पछि प्रभावतीले आफ्नो पती कुरूप भएको थाहा पाई पतिलाई छोडी माइत गएको, कुसराजा उनको विरहमा राज्य छोडी गएको आदि कुराहरू जातकमा लामो वर्णन छ । त्यो कुरा यहाँ वर्णन गरिएको छैन । कुस राजकुमारले बनाएको मूर्तिको मात्र यहाँ चर्चा गरिएको हो । यो जातकमा कुस राजा मूर्ति बनाउन मात्र जान्ने होइन अरू सयवटा शिल्प जानेको वर्णन छ । यसरी बुद्ध स्वयं मूर्तिकार कलाकार भएर आएको कुरा जातकमा उल्लेख छ । त्यस्तै बुद्धकालमा पनि पिप्फलि मानव (भावी महाकाश्यप) ले आफ्नो बिहेको निम्ति एउटी काल्पनिक सुन्दरी केटीको मूर्ति बनाउन लगाएको थियो । त्यो मूर्ति भद्रकापिलानिसित मिल्दो जुल्दो भएकोले उनैसित बिहे गरेको प्रसङ्ग उल्लेख छ । तर पछि दुबै जना बुद्धको शासनमा भिक्षु भिक्षुणी भएर गए । पिप्फली मानव भिक्षु महाकाश्यप नामले प्रशिद्ध भए भने उनको पत्नी भद्राकापिलानि स्थविरा नामले प्रशिद्ध भए । यहाँ सुवर्ण प्रतिमाको कुरा आएको छ ।

## बौद्ध वास्तुकला

घर, विहार, चैत्य आदि वास्तु निर्माण गर्ने कलालाई æवास्तुकलाÆ भनिन्छ । अंग्रेजीमा आर्किटेक्चर (Architecture) भनिन्छ । वास्तु निर्माण गर्ने कलाकारलाई "वास्तुकार" अंग्रेजीमा आर्किटेक्ट (Architect) भनिन्छ । सन् १६४८मा पेरिसको ललितकला एकेडेमीले चित्रकला, मूर्तिकला,



https://dhamma.digital

र वास्तुकलालाई “ललितकला” फाइन आर्ट (Fine Art) भनी परिभाषित गरेका छन् । तसर्थ वास्तुकला ललितकला अन्तर्गत पर्दछ । बुद्धधर्मको प्रयोजनको निम्ति बनाईएका वास्तुकलालाई बौद्ध वास्तुकला भनिन्छ । बौद्ध वास्तुकला धरै प्रकारका छन् । ती मध्ये विहार वास्तुकला, स्तूप वा चैत्य वास्तुकला र चैत्यगृह वास्तुकला, मण्डप वास्तुकला आदि प्रमुख हुन् । यसमा विहार वास्तुकला र चैत्य वास्तुकलाको यहाँ चर्चा गरिएको छ ।

## विहार वास्तुकला

भगवान् बुद्ध र भिक्षु भिक्षुणीहरू बस्ने ठाउँलाई विहार भनिन्छ । विहार भिक्षुहरूको अवास हो । विहार र विहारले चर्चेको भूभागलाई नै विहार वत्थु वा विहार वास्तु भनिन्छ । भिक्षुजीवनको निम्ति चाहिने चार प्रत्ययहरू भोजन, चीवर, शयनासन, र गिलान प्रत्यय (औषधि) हुन् । खाना नखाई मान्छे बाँच्न सक्दैन । बाहिरको शीत, चीसो हावा आदिबाट बच्न लुगा चाहिन्छ । त्यस्तै बस्न र सुत्नको निम्ति आवास शयनाशन चाहियो । विरामी हुँदा औषधी सेवन गर्नुपऱ्यो । भिक्षुजीवनको निम्ति पनि अन्नपान, वस्त्र, शयनासन, औषधी नभई नहुने तत्व हुन् । यसैलाई चतुप्रत्यय भनिन्छ ।

तीमध्ये शयनासनको अर्थ बस्ने ठाउँ, आसन, बिछ्यौना, आवास आदि हो । तसर्थ शयनासन प्रत्यय अन्तर्गत भिक्षुहरूको आवास विहार पनि पर्दछ । भिक्षुहरू आराममा, कुटीमा, विहारमा बस्छन् । बौद्ध इतिहासमा सर्वप्रथम राजा बिम्बिसारले बुद्धलाई वेणुवनाराम विहार दान दिएको थियो ।

## पाँच प्रकारका लेनहरू (Five Types of Lenas)

विनयपिटक चूल्लवग्गमा उल्लेख भए अनुसार शुरु शुरुमा भगवान् बुद्धले भिक्षुहरूको बस्ने ठाउँ प्रज्ञप्त गर्नु भएको थिएन । त्यसबखत बुद्ध राजगृहको वेणुवन कलन्दकनिवापमा बस्नु भएको थियो । त्यसबखत भिक्षुहरूलाई बस्ने ठाउँ प्रज्ञप्त नभएकोले भिक्षुहरू यता उता जंगलमा वृक्षमुनि, पर्वत्मा, कन्दरामा, गिरिगुफामा, श्मशानमा, वनपथमा, खुल्ला आकाशमुनि तथा परालपुञ्जमा सुत्ने गर्थे । यो देखेर राजगृहको एकजना



https://dhamma.digital

श्रेष्ठीले भिक्षुहरूद्वारा भगवान्सँग अनुमति माग्न लगाई एकै पटक ६० वटा विहारहरू बनाइ दिएका थिए। भगवानसँग भिक्षुहरूले अनुमति माग्दा बुद्धले पाँच प्रकारका लेनहरूको अनुमति दिनुभयो। (अनुजानामि भिक्खवे, पञ्च लेणानि विहारं, अड्ढयोगं, पासादं, हम्मियं, गुह'न्ति।) लेणको शाब्दिक अर्थ निजी अवास हो। यो 'लि' बाट उत्पन्न भएको हो। जसको अर्थ लुक्ने ठाउँ हुन्छ। तर लेण भनेको भिक्षुहरूको आवास स्थान हो। निम्न पाँच प्रकारका भिक्षु आवासलाई नै लेण भनिएको छ। जस्तै विहार, अड्ढयोग, प्रासाद, हर्मिय र गुफा।

## विहार

"एवं मे सुत्तं एकं समयं भगवा सावत्थियं विहरति जेतवने अनाथपिण्डिकस्स आरामे" भनी पालि सूत्रहरूको प्रारम्भमा आउँछन्। यहाँ विहरतिको अर्थ विहार गर्नु हो, बस्नु हो। यही विहरति शब्दबाटै विहार शब्द बन्न गएको हो।

## कुन अर्थमा विहार भनिएको हो ?

विहार गर्नुहुन्छ त्यसैले विहार भनिएको हो। जहाँ आर्यहरू इरियापथ विहार, दिब्य विहार, ब्रम्ह विहार र आर्य विहार गरी चार प्रकारले विहार गर्नुहुन्छ त्यसैले विहार भनिएको हो। बस्नु, हिड्नु, सुत्नु, उभिनुलाई इरियापथ भनिन्छ। हामी कुनै न कुनै इरियापथमा रहेका हुन्छौं। कि त बसीरहेको, कि त उभिरहेको कि त हिंडिरहेको वा सुतेको लेटेको अवस्थामा हुन्छौं। तर यहाँ आर्यहरू स्मृतिप्रस्थान भावनामा बस्नुलाई नै इरियापथविहार भनिएको हो। श्रोतापत्ति, सकृदागामी, अनागामी, अर्हत् मार्ग र फलमा पुगेका व्यक्ति (पुद्गल) तथा प्रत्येकबुद्ध र सम्यक्सम्बुद्धलाई नै आर्य भनिन्छ। उहाँहरू उठ्दा, बस्दा, हिंड्डुल गर्दा, सुत्दा पनि सधैं होशपूर्वक बस्नुहुन्छ, स्मृतिप्रस्थान भावनामा बस्नुहुन्छ। त्यसैले इरियापथ विहार भनिएको हो। यसरी आर्यहरू बस्ने ठाउँ भएकोले विहार भनिएको हो। देवताहरूभ्कै आर्यहरू पनि दिब्यचक्षु, दिब्यश्रोत आदि लाभ गरी बस्नुलाई दिब्यविहार भनिन्छ। आर्यहरू ब्रम्हालेभ्कै मैत्री, करुणा, मुदिता, उपेक्षा भावना गरी बस्नुलाई ब्रम्हविहार भनिन्छ।



https://dhamma.digital

आर्यहरू मार्गफल प्राप्त गरी बस्नुलाई आर्यविहार भनिन्छ। आर्यहरू त्यसरी विहार गर्न बनाइएको आवासलाई नै विहार भनिन्छ।

## अड्ढयोग

अड्ढयोगोति दीघपासादो। गरुलसण्ठानपासादोति वदन्ति। अड्ढयोग ठूलो प्रासाद हो। गरुड आकारको प्रासाद हो। अड्ढयोगो एकपस्सच्छदनकसेनासनं तस्स किर एकपस्से भित्ति उच्चतरा होति। अड्ढयोग एकापट्टि छाना छाएको शयनासन हो, जसमा एकातर्फ अग्लो भित्ता हुन्छ। समन्तपासादिकामा आचार्य बुद्धघोषले अड्ढयोगलाई सुपण्णवङ्कगेह अर्थात् गरुडको प्वाँख जस्तै छाना मोडिएको गृह भनेको छ।

## पासाद (प्रासाद)

पासाद पालि शब्द हो। यसलाई संस्कृतमा प्रासाद भनिन्छ र नेपालीमा दरबार भनिन्छ। पासादोति दीघपासादो। पासादोति चतुरस्सपासादो। पासादो आयत्तचतुरस्स पासादो। प्रासाद ठूलो भवन हो। प्रासाद चारकुने वर्गाकार र आयत्ताकार दरबार हो। यसमा तल्लाहरू पनि धेरै हुन्छन्।

## हम्मिय (हर्मिय)

**हम्मियन्ति मुण्डच्छदनपासादो।** हर्मिय भनेको छाना सम्म रहेको प्रासाद हो। आजकल कौसी जस्तो। **हम्मियं ति उपरि आकासतले पतिट्ठितकूटागारो पासादोयेव।** हर्मिय भनेको प्रासादको माथिल्लो तल्लामा रहेको कुटागारशाला (कोठा) हो जसलाई प्रासाद नै भनिन्छ। सुकुमार दत्तकानुसार जनवरी १९४२ मा एकजना पुरातत्वविद् डा. दिक्षितले पश्चिम भारतको कोण्डने गुफामा एउटा अभिलेख देखेको थियो जसमा 'यो हम्म परकले दान दिएको' भनी उल्लेख थियो। दिक्षितले यो अभिलेख ५० ई.पू.को मानेको छ। वैशाली महावन कूटागारशाला यस्तै हम्मिय प्रकारको विहार हो जसको माथिल्लो तल्लामा एउटा गन्धकुटी थियो जहाँ भगवान् बस्नुहुन्थ्यो।



https://dhamma.digital

## गुहा (गुफा)

गुहाति पब्बतगुहा। गुहा भनेको पहाडी गुफा हो। शुरु शुरुमा भिक्षुहरू कन्दरामा, गिरिगुफामा, श्मशानमा, वनपथमा बस्ने गरेको कुरा माथि उल्लेख भैसक्यो । यहाँ पहाडी गुफालाई गिरिगुफा भनिएको हो । पहिलो संगायना राजगृहको सप्तपर्णी गुफामा भएको थियो । यसरी गुफा पनि भिक्षुहरूको निवास हो । बुद्धले भिक्षुहरूलाई गुफामा बस्न पनि अनुमति दिनुभएको कुरा पाँच प्रकारका लेन मध्ये गुफा पनि समावेश भएको उदाहरणबाट स्पष्ट हुन्छ। गुफा भनेको ईटाको गुफा, पत्थरको गुफा, काठको गुफा र झारपातको गुफा पनि हुन्छन् । (गुहा ति इट्ठकगुहा, सिलागुहा, दारुगुहा, पंसुगुहा) ।

## चैत्य वास्तुकला (Caitya Architecture)

बुद्धकालमा चैत्यको धेरै चर्चा छ। चैत्यलाई पालिमा चेतिय भनिन्छ। सिद्धार्थकुमारले गृहत्याग गरी अनोमा नदी पार गरी आफ्नो केश आफैले काटी चुल्ठो आकाशमा हुत्याइ दिंदा इन्द्रले टिपेर त्रयतिंश भुवनमा लगी **चूडामणि चैत्य** बनाएको उल्लेख छ । यसरी नै बुद्धत्व प्राप्ति पछि बोधिपलङ्कलाई निरन्तर रूपले सप्ताहभर हेर्नु भएको स्थानलाई **अनिमेष चैत्य** भनिन्छ । बुद्धत्व प्राप्तिको सातौं सप्ताहपछि तपुस्स र भल्लिकले बुद्धको केशधातु लगेर बनाएको **स्तूप** आदिले बुद्धको जीवनकालमै चैत्य र स्तूपको अस्तित्व रहेको प्रमाण मिल्दछ। बुद्धले बाहियदारुचिरिय, सारिपुत्र, मौद्गल्यायनको अस्थिधातु राखी स्तूप बनाउन लगाउनु भएको थियो। महापरिनिर्वाणसूत्रमा चापल चैत्य, गोतमक चैत्य आदिको उल्लेख छ। बुद्ध, प्रत्येकबुद्ध, चक्रवर्ती राजा र बुद्धका श्रावकहरूको अस्थिधातु राखी स्तूप बनाउने अनुमति बुद्धले दिनुभएको छ।

बुद्धको महापरिनिर्वाण पछि ८ धातुगर्भस्तूप, अंगारस्तूप, तुम्बस्तूप गरी दशवटा स्तूप बनेको उल्लेख छ । त्यस्तै सम्राट अशोकले ८४००० स्तूप निर्माण गरेको उल्लेख छ। बुद्धधर्मका १८ वटा प्रमुख निकायहरू मध्ये चैत्यलाई प्रधानता दिने एउटा छुट्टै निकाय चैत्यवादी निकाय पनि छ।

चैत्यलाई 'चित्तीकतत्थेन चेतियं, चयितब्बन्ति चेतियं' भनी परिभाषित गरिएको छ। **चित्तीकत**को अर्थ आदर गौरव तथा पूजा हो। आदर



https://dhamma.digital

गौरव तथा पूजा गर्ने अर्थमा चेतिय भनिएको हो । चाहे त्यो देवस्थान होस्, चाहे विहार होस् वा रुख होस् आदर गौरव राख्ने, पूजा गर्ने ठाउँलाई चेतिय भनिन्छ । बुद्धमूर्ति आदि पूजा गर्न योग्य वस्तु पनि चैत्य हो । बुद्ध पटिमा उद्देश्यिक चेतियं भनि उल्लेख गरिएको छ ।

**चयितब्बन्ति चेतियं** भन्ने परिभाषामा चयको अर्थ थुप्रो, रास हो । बुद्धको चिताको अवशेष हाड, खरानी आदि राखी बनाइएको थुप्रो, थुम्को, ढिस्को वा स्तूपलाई चेतिय भनिन्छ । बुद्धको अस्थिधातु राखी बनाइएकोलाई **धातुगर्भ स्तूप** पनि भनिन्छ । यसरी चेतियको दुईवटा अर्थ छन् –

१. पूजनीय स्थान वा वस्तु भनेको देवस्थान्, विहार, रुख बुद्धप्रतिमा आदि

२. अर्धगोलाकार स्तूप

महापरिनिर्वाण सूत्रमा बुद्धले आनन्दलाई बैशाली रमणीय छ, चापाल चेतिय रमणीय छ, गोतम चेतिय रमणीय छ, सारन्दद चेतिय रमणीय छ आदि भन्नु भएको थियो । ती स्थानहरूमा निर्मित विहारमा बुद्ध बस्नुभएको देखिन्छ । यहाँ गोतम चेतिय भनेको गोतम यक्षको स्थानमा बनाइएको विहार भनि उल्लेख छ (गोतमके चेतियति गोतमयक्खस्स चेतियट्ठाने कत विहारोति वुच्चति) । यहाँ चेतिय शब्दले विहारलाई जनाएको छ । नेपालभाषामा चैत्यलाई चिबाहा भनिन्छ जसको अर्थ (चि = सानो, बाहा = विहार) सानो विहार हो । यस अर्थमा पनि विहारलाई चैत्य भनिने कुरा स्पष्ट छ ।

रुखलाई पनि चेतिय भनेको छ । 'चेतियन्ति सम्मतं रुक्खं चेतियरुक्खं' यो चैत्यवृक्ष हो भनी सम्मत गरिएको मानिंदै आएको पूजिंदै आएको रुखलाई पनि चेतिय भनिन्छ । सुजाताले सिद्धार्थलाई वृक्षदेवता ठानी क्षीर भोजन दान दिएको थियो । त्यस्तै बोधिवृक्षलाई पनि चेतिय भनिन्छ । यसरी चेतिय शब्दले बुद्धकालीनसमयमा देखा परेका सार्वजनिक पूजास्थान वा देवस्थानलाई पनि जनाउँछ, चैत्यवृक्षलाई पनि जनाउँछ, विहारलाई पनि जनाउँछ र माथि उल्लेख भएझैं बुद्धप्रतिमालाई पनि जनाउँछ ।



https://dhamma.digital

## थूपको रूपमा चेतिय

थूप एक अर्धगोलाकार ढिस्को हो जसमाथि हर्मिका, छत्र हुन्छ । स्तूपलाई पालि भाषामा थूप भनिन्छ । अशोकको शिलालेखमा थुवे भनिएको छ । स्तूप शब्द मूल धातु 'स्तूप्' अथवा 'स्तु' बाट उत्पन्न भएको हो । 'स्तूप्' को अर्थ थुप्रो पार्नु हो भने 'स्तु' को अर्थ प्रार्थना, स्तुति, पूजा, आदर सत्कार हो । थूपमा अस्थिधातु निधान गरिएको हुन्छ । जंगली मुसाहरूले माटोको थुप्रो बनाएझै, किसानहरूले धानको थुप्रो राख्नेझै, बालुवाको राशि थुप्रो झै अर्धगोलाकार ढिस्कोको रूपमा स्तूप बनाइन्छ। थूपको संस्कृत शब्द 'स्तूप' हो जसको अर्थ ढिस्को, थुप्रो आदि हुन्छ। थूपलाई चैत्य वा चेतिय पनि भनिन्छ। 'थूपन्ति चेतियं' अर्थात् स्तूप भनेको चैत्य हो भनिएको छ। यस अर्थमा थूप र चेतिय पर्यायवाची शब्द भयो । तर थूप र चैत्यमा केही भिन्नता छ। चेतिय शब्दलाई बृहत अर्थमा लिएको छ । स्तूपलाई पनि चेतिय, बुद्धमूर्ति, विहार, रुख आदिलाई पनि चेतिय भनिएको छ । तर बुद्धमूर्ति, विहार, रुख आदिलाई स्तूप भनिंदैन। त्यसैले सबै प्रकारको स्तूप चेतिय हो तर सबै प्रकारको चेतिय थूप होइन । पेटी, वेदिका, गर्भगृह, हर्मिका र छत्रावली आदि राखि स्तूप वा चैत्य बनाइन्छ । सर्वसाधारणले थूप वा स्तूप भनेपछि ठूल्ठूला आकारका स्तूपलाई सम्झन्छन् । चैत्य भनेपछि ससाना आकर देखि ४।५ फिटका चैत्य सम्झन्छन् । तर चैत्य पनि ठूल्ठूला हुन्छन् । ठूल्ठूला चैत्यलाई महाचैत्य पनि भन्ने गरिन्छ । जस्तै स्वयम्भूमहाचैत्य आदि ।

Dhamma.Digital

## चार प्रकारका चैत्यहरू

पालिसाहित्यमा चार प्रकारका चैत्यहरूको वर्णन गरिएका छन्। चार प्रकारका चैत्यहरू यस प्रकार छन् –

१. शारीरिक चैत्य

२. पारिभोगिक चैत्य

३. उद्देश्य चैत्य

४. धर्म चैत्य



https://dhamma.digital

भगवान् बुद्धको अस्थिधातु धातु गर्भमा राखेर बनाएको चैत्यलाई शारीरिक चैत्य भनिन्छ । बुद्धको महापरिनिर्वाणपछि राजगृह, वैशाली, कपिलवस्तु, रामग्राम आदि ठाउँमा बुद्धको अस्थिधातु गर्भमा राखी बनाएका ८ प्रकारका स्तूपहरू शारीरिक चैत्य हुन् । यसरी नै बुद्धको केशधातु, दाँत आदि राखेर बनाएका चैत्यलाई पनि शारीरिक चैत्य नै भनिन्छ ।

बुद्धले आफ्नो जीवनकालमा उपयोग गर्नुभएका सामग्रीहरू चीवर, पात्र, कायबन्धन, पानी चाल्ने कपडा, लौरो आदि गर्भमा राखी बनाएको चैत्यलाई पारिभोगिक चैत्य भनिन्छ । बुद्धले परिभोग गर्नुभएको बोधिवृक्ष पनि पारिभोगिक चैत्य हो । आनन्दले बोधिवृक्षको हाँगा ल्याएर जेतवनमा रोपेको र उक्त वृक्षमुनि बुद्ध एक रात बस्नुभएको प्रसङ्ग पनि छ ।

उद्देश्य चैत्य भनेको बुद्धको नाममा बनाएका चैत्यहरू हुन् । बुद्ध प्रतिमालाई पनि उद्देश्य चैत्य वा उद्देश्यिक चैत्य भनिने कुरा माथि उल्लेख भैसक्यो । यो चैत्यलाई निमित्त चैत्य पनि भनिन्छ । शारीरिक, पारिभोगिक र धर्मचैत्य अन्तर्गत नपरेका चैत्यलाई वा स्मारकलाई उद्देश्य चैत्य अन्तर्गत राखिएको छ ।

धर्मचैत्य बुद्धको उपदेशहरू गर्भमा राखी बनाएको चैत्यलाई धर्मचैत्य भनिन्छ । प्रतीत्यसमुत्पाद आदि लेखेको पुस्तक निधान गरी बनाएको चैत्य धर्म चैत्य हो (पटिच्च समुप्पादादि लिखित पोत्थके निधाहित्वा कतं पन धम्म चैतियं) भनिएको छ । सम्पूर्ण बुद्ध वचन संग्रह गरिएको त्रिपिटक नै धर्म चैत्य हो । बर्मामा बुद्धवचन मार्वलको शिलापत्रमा लेखी एउटा एउटा मार्वल भित्र राखी चैत्य बनाइ प्रतिस्थापना गरिएका चैत्यहरू धर्म चैत्यको उदाहरणको रूपमा लिन सकिन्छ । अस्तु ।



https://dhamma.digital

# बौद्ध विश्वविद्यालयहरू

**एकाई ४ बौद्ध विश्वविद्यालयहरु** **शिक्षण अवधि : १०**

**डा. रश्मि राजकर्णिकार, उष्णीशतारा तुलाधर**

क) तक्षशीला,

ख) नालान्दा,

ग) विक्रमशीला,

घ) बल्लभी,

ङ) ओदान्तपुरी

च) जग्दल्ला महाविहार



https://dhamma.digital

# बुद्धधर्ममा शैक्षिक संस्थाहरूको विकास

प्राचीनकालदेखि नै संसारमा शिक्षालाई महत्व दिएकोदेखिन्छ । बुद्धधर्मको दृष्टिकोणबाट हेर्दा विहारबाट नै बौद्धशिक्षाको विस्तार भएको पाइन्छ। बुद्धको समयमा गृहत्याग गरी प्रव्रजित जीवन बिताइ धर्मको अभ्यास गर्ने भिक्षुभिक्षुणीहरू विहारमा बस्दथे । बुद्ध तथा भिक्षुसंघलाई विभिन्न व्यक्तिहरूले विभिन्न ठाउँमा विहार दान गरेका थिए । ती विहारहरूमा बुद्ध शिक्षाको बारेमा जानकारी दिईन्थ्यो, धार्मिक छलफल हुन्थे र त्यसको अभ्यास हुन्थे ।

प्रारम्भिक कालमा बौद्ध शिक्षा पद्धति श्रुतमय परम्परामा थियो । त्यसबेला लेखन परम्पराको विकास भएको थिएन । गुरूद्वारा बताइएका सम्पूर्ण बुद्धवचनहरू स्मरण गरेर राखिन्थे। इ.पू. प्रथम शताब्दीमा श्रीलंकाका राजा वट्टगामिनी अभयको पालामा मात्रै पालि त्रिपिटक लेख्ने कार्य भएको थियो । शुरूमा भिक्षु-भिक्षुणीहरूको आवास तथा प्रशिक्षण केन्द्रको रूपमा रहेको विहार विस्तारै बुद्ध धर्म दर्शनको विस्तारको केन्द्रको रूपमा विकास भएकोदेखिन्छ । त्यस विहारहरूमा धर्मको विषयमा छलफल, वादविवाद, शास्त्रार्थ खण्डन मण्डन, समालोचना, तर्क वितर्कको अभ्यास हुन्थे । विस्तारै ती विहारहरूमा अध्ययन अध्यापन गर्ने गुरू शिष्यहरू पनि वृद्धि हुँदै गए ।

कालान्तरमा विहारहरू विश्वविद्यालयको रूपमा परिणत भए । भारतवर्षमा ती विहारहरूमध्ये अग्रपंक्तिमा तक्षशिला, नालन्दा, विक्रमशीला, वल्लभी, ओदन्तपुरीलाई लिन सकिन्छ। त्यहाँ प्रसिद्ध आचार्यहरूले अध्यापन गर्दथे। आचार्य नार्गाजुन, शान्तरक्षित, पद्‌मसंभव, कमलशील, अतिशा दीपंकर आदि जस्ता प्रसिद्ध आचार्यहरूका साथै विद्वानहरूद्वारा त्यहाँ अध्यापन गर्दथे। ती विश्वविद्यालयहरू सातौं आठौं शताब्दीमा प्रसिद्धिको शिखरमा थिए। तर पछि बाऱ्हौं शताब्दीतिर विभिन्न कारणले यसको विघटन हुन पुगे । वर्तमान अवस्थामा यसको भग्नावशेष मात्र बाँकि रहेको छ, जुन अहिले संरक्षण गरी अवलोकन गर्न मिल्ने गरी व्यवस्थित तवरले राखिएको छ ।

बौद्ध बुद्धधर्ममा शिक्षाको विकास बारे जानकारी लिन इच्छुकहरूले प्राचीन विश्वविद्यालयहरूको अवस्था कस्तो थियो, यहाँ



https://dhamma.digital

कस्ता शिक्षाहरूको अध्यापन हुन्थे यसको बारेमा जानकारी लिन आवश्यक देखिन्छ । यस लेख प्राचीन तक्षशिला र बुद्धकालपछिका चारवटा विश्वविद्यालयहरूको विकास कसरी भयो भन्ने विषयमा केन्द्रित हुनेछ । ती विश्वविद्यालयहरू यस प्रकार छन् - तक्षशिला, नालन्दा, विक्रमशीला, वल्लभी तथा ओदान्तपुरी ।

## क) तक्षशिला

तक्षशिला इस्लामावाद र रावलपिण्डिको ३२ कि.मी. को दूरीमा उत्तर दक्षिणतिर अवस्थित छ। यो प्राचीन भारतको एक महत्वपूर्ण शहर थियो । हजार वर्ष अगाडिदेखि यसको अस्तित्व रहेको पाइन्छ। केहि तथ्य अनुसार तक्षशिलाको विश्वविद्यालय संसारकै प्राचीन विश्वविद्यालय रहेको अनुमान गरिन्छ। तक्षशिला बुद्धकालपूर्व नै एक प्रसिद्ध शहर थियो भन्ने विश्वास रहेको छ । पालि साहित्यमा तक्षशिला ज्ञानको केन्द्रको रूपमा उल्लेख गरिएको पाइन्छ। बौद्ध जातकहरूमा यस स्थलको नाम उल्लेख भएको पाइन्छ (तेलपत्त जातक : नं. ९६) । तक्षशिलाको सम्बन्ध वैदिक तथा जैन धर्मसित पनि जोडिएको छ। रामायणमा तक्षशिलाको उल्लेख भएको पाइन्छ। जैन परम्परा अनुसार तक्षशिलामा प्रथम तीर्थंकर ऋषभदेव आएको थियो । तक्षशिलाको सिरकापमा जैन मन्दिर पनि रहेको थियो। पाणिनीको शिक्षा पनि तक्षशिला मै भएको अनुमान गरिएको छ।

Dhamma.Digital

इ.पू. चौथौं शताब्दीमा तक्षशिला चन्द्रगुप्त मौर्यको अधिनमा थियो। उनका सल्लाहकार चाणक्यले पनि तक्षशिलामा अध्ययन गरेका थिए भनिन्छ। इ.पू. तेस्रो शताब्दी मौर्यकालमा सम्राट अशोकको शासनकालमा तक्षशिला एक ठूलो बौद्ध अध्ययन केन्द्रको रूपमा विकास भएको थियो। त्यहाँ आध्यात्मिक तथा व्यवहारिक जीवनसित सम्बन्धित शिक्षाहरू प्रदान गर्दथे । भारतका विभिन्न क्षेत्रहरू जस्तै बनारस, मिथिला, राजगृह, उज्जैनी आदि ठाउँहरूबाट यहाँ अध्ययन गर्न आउँथे । कोसल नरेश प्रसेनजित, लिच्छवीकुमार महालि, मल्लकुमार बन्धुल आदि बुद्धकालका व्यक्तित्वहरू तक्षशिलामा शिल्पविद्या सिक्न आएका थिए । यसको साथै ग्रीक, जापान, कोरिया आदि देशहरूबाट पनि शिक्षा ग्रहण गर्नको साथै दुर्लभ ग्रन्थहरू अध्ययन गर्न आउँथे । यसबाट



https://dhamma.digital

तक्षशिलाको प्रसिद्धि थाहा हुन्छ। प्रथम शताब्दीका कुषाण राजा कनिष्कको शासनकालमा यहाँ गान्धार कलाको प्रभाव परेको थियो। यस शैलीको मूर्ति तक्षशिलामा प्राप्त भएको थियो।

तक्षशिलाका प्रसिद्ध तथा महान् आचार्यहरूको कारण यस क्षेत्र प्रसिद्ध भएको थियो। यो एउटा उच्च शिक्षा हासिल गर्ने केन्द्रको रूपमा विकास भएको थियो। यहाँ १६ वर्ष पुगिसकेका विद्यार्थीलाई मात्र प्रवेश दिइन्थ्यो। विद्यार्थीले प्रवेशका लागि १००० सिक्का अग्रिम भुक्तानी दिनुपर्थ्यो। शुल्क तिर्न नसक्ने विद्यार्थीले आचार्यको सेवा गरी यसको भरपाई गर्दथे। त्यस क्षेत्रका बासिन्दाले गरीब विद्यार्थीलाई भोजन र पैसाद्वारा सहयोग गर्दथे। राज्यले पनि जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्दथे। विद्यार्थीहरू रात दिन विद्यालय मै बसेर शिक्षा ग्रहण गर्नुपर्ने अनिवार्य थिएन। कोही विद्यालयमै आवासीय विद्यार्थीको रूपमा रहन्थे भने कोही दिनभरीको पढाइ सकिएपछि घर फर्कन्थे। एक आचार्य अन्तर्गत २०/२५देखि ५०० सम्म विद्यार्थीहरू अध्ययन गर्थे। यहाँ विभिन्न वर्गका विद्यार्थीहरूलाई शिक्षा ग्रहण गर्न स्वतन्त्र थियो। ब्राह्मण क्षत्रियदेखि राजकुमार, व्यापारी आदिका छोराहरू पनि यहाँ अध्ययन गर्दथे तर चण्डालहरूलाई प्रवेशको अनुमति थिएन। यहाँ भित्र सबै विद्यार्थीहरूलाई समान व्यवहार थिए। अनुशासन कडाइका साथ पालन गर्नुपर्दथ्यो।

तक्षशिलामा बौद्धधर्मको अतिरिक्त तीन वेद १८ शिल्पविद्याको पनि शिक्षा दिइन्थ्यो। (१) हस्थि सूत्र (२) मन्त्र (३) मृतकलाई जीवन दिने (४) शिकार (५) पशुपंक्षीको बोली सिक्ने कला (६) तीरंदाजी (७) ज्योतिष विद्या (८)सम्मोहन कथा (९) शरीरको लक्षण हेरी पूर्वानुमान लगाउने (१०) चिकित्सा शास्त्र आदि। यसप्रकार तक्षशिला धर्मशास्त्रको साथै अन्य शिक्षा हासिल गर्न पनि प्रसिद्ध थियो।

एकताका प्रसिद्धि कमाएको तक्षशिलामा सातौं शताब्दीमा चिनिया यात्री व्हेनसांग आउँदा सबै संरचनाहरू खण्डहरमा परिणत भैसकेको थियो। सन् ४६० मा गोरा हूणहरूले यहाँका कलाकृति, संस्कृति सबै नष्ट बनाइदिएको थियो। आक्रमणको कारण विहार तथा स्तूपहरूको भग्नावशेष मात्र बाकि रह्यो। सन् १०१३ मा त्रिलोचनपाल नामका राजाले शासन गरे। तुर्क शासकले यस राजालाई हटाई आफूले शासन गरे तत्पश्चात् तक्षशिलाको



https://dhamma.digital

प्राचीन शिक्षाको केन्द्र संधैका लागि समाप्त भए ।

### तक्षशिलाका प्रमुख स्थलहरू :

**१. कलवन गुफा -** कलवन गुफा एक ठूलो बौद्ध संरचना थियो । यो धर्मराजिक स्तूपभन्दा २ कि.मी. को दूरीमा अवस्थित छ । यहाँ बौद्ध विहारहरू थिए । विहारभित्र साना साना स्तूपहरू भेटिएको थियो । मूलद्वार अगाडि यहाँको मौलिक वास्तुकलाद्वारा निर्माण गरिएको मूर्ति रहेको थियो ।

**२. धर्मराजिक स्तूप -** यस स्तूप तक्षशिलाको बौद्ध स्मारकहरूमध्ये महत्वपूर्ण मानिन्छ। यस स्तूप सम्राट अशोकद्वारा धर्मप्रचारको क्रममा बुद्धको स्तूप राखेर ८४ हजार स्तूपहरू निर्माण गरिएको मध्ये यो पनि एउटा मानिएको छ ।

**३. कुणाल स्तूप -** यो स्तूप तक्षशिलाको दक्षिण पूर्वी भागमा पर्दछ। अशोकको छोरा कुणालको नामबाट यस स्तूप अशोकले स्थापना गरेका थिए। सातौं शताब्दीमा चिनिया यात्री ह्वेनसांग आफ्नो यात्राको क्रममा यहाँ पुगेका थिए ।

तक्षशिलाको पुरातात्विक क्षेत्र वर्तमान तक्षशिलाको नजिक रावलपिण्डिको करिब ३५ कि.मी. उत्तर पश्चिमतिर पर्दछ । तक्षशिलालाई सन् १९८० मा UNESCO World Heritage Site मा राखिएको छ ।

## ख) नालन्दा

प्राचीन बौद्ध विश्वविद्यालय मध्ये नालन्दा एक महत्वपूर्ण विश्वविद्यालयको रूपमा लिइन्छ । यस महान बौद्ध केन्द्र पटनाको लगभग ९० कि.मी. दक्षिण पूर्व र राजगीरबाट १० कि.मी. उत्तरमा अवस्थित रहेको छ ।

यस क्षेत्र बुद्धको कालदेखि नै अस्तित्वमा रहेकोदेखिन्छ । बुद्धको अग्रश्रावक सारिपुत्रको जन्मस्थान र परिनिर्वाण पनि नालन्दामा भएको थियो । यहाँ बुद्धको समयमै सारिपुत्रको परिनिर्वाण पछि उनको सम्झनामा अस्थि राखी स्तूप निर्माण गरिएको थियो जुन अहिले पनि यस परिसरमा सारिपुत्र



https://dhamma.digital

स्तूप भनेर देख्न सकिन्छ । तिब्बती आचार्य तारानाथका अनुसार ई.पू. तेस्रो शताब्दीमा मौर्य सम्राट अशोकले सारिपुत्रको स्तूपमा पूजा गरेको थियो र उनले यहाँ एउटा मन्दिर पनि निर्माण गरेका थिए । दोस्रो/तेस्रो शताब्दी ताका महायानी दार्शनिकहरू नागार्जुन र आर्यदेव नालन्दाका शुरूका प्रमुख आचार्यहरू थिए । चौथौं शताब्दीमा चिनिया यात्री फाइयान आउँदा उनले यहाँ सारिपुत्रको स्तूप देखेका थिए । नालन्दा परिसरमा थुप्रै स्तूपहरू पनि देखेका थिए ।

नालन्दा विश्वविद्यालय बौद्ध विहार थियो । बौद्ध बुद्धधर्म प्रचारप्रसारका लागि नै यसको स्थापना भएको थियो । हजारौं बौद्ध भिक्षुहरू यहाँ अध्ययन गर्दथे । विश्वविद्यालयभित्र बुद्धधर्मका विषयहरू बाहेक चार वेद, हेतु विद्या, शब्द विद्या, चिकित्सा विद्या, सांख्य, योग, न्याय दर्शनको पनि अध्यापन हुन्थे । यहाँका प्रमुख आचार्यहरू नागार्जुन, आर्यदेव, असङ्ग, शीलभद्र, वसुबन्धु, दिंगनाग, धर्मपाल, चन्द्रपाल आदि थिए । टाढा टाढाबाट विद्यार्थीहरू ज्ञान आर्जनका लागि आउँथे । यस विश्वविद्यालयभित्र प्रवेश पाउन सजिलो थिएन । प्रवेश गर्नु अघि जाँच दिनु पर्दथ्यो जाँचमा १०० जनामा २० जना मात्र पास हुन्थे ।

यस विश्वविद्यालयको स्थापनामा पाँचौं शताब्दीका गुप्त शासक कुमार गुप्त प्रथमलाई श्रेय दिइएको पाइन्छ । नालन्दाबाट प्राप्त यसोवर्मनको शिलालेखमा यस विश्वविद्यालयको भव्यताको बारेमा चर्चा गरिएको पाइन्छ । व्हेनसाङ्गको यात्रा विवरणमा विश्वविद्यालय क्षेत्रलाई चारैतिर पर्खालले घेरिएको कुरा उल्लेख छ । उनी यहाँ दुई वर्ष अध्ययन गरेका थिए । उनका अनुसार गुप्त वंशका पाँच राजाहरूले पाँचवटा विहार निर्माण गरेका थिए । गुप्त शासक बालादित्यले पनि यहाँ एउटा मंदिर बनाएका थिए । त्यसपछि कनौजका राजा हर्षवर्द्धन र पाल शासकहरूले पनि यसको संरक्षण गरेको पाइन्छ । सातौं शताब्दीका राजा हर्षवर्द्धनले काँसको मंदिर निर्माण गरेका थिए । यसको साथै विश्वविद्यालय संरक्षणका लागि सय गाउँको कर पनि लिन पाउने गरी प्रबन्ध मिलाएका थिए । कनौजमा आयोजित धर्मसभामा नालंदाका एक हजार जति भिक्षुहरू उपस्थित भएका थिए । भनिन्छ यहाँ सयवटा जति कुर्सीहरू व्याख्यान तथा छलफलको लागि राख्दथे । यहाँ १०,००० विद्यार्थीहरू अध्ययन गर्दथे, १,५०० शिक्षकहरू थिए । सातौं शताब्दीको अन्ततिर इत्सिङ्ग यहाँ आउँदा



https://dhamma.digital

३,००० विद्यार्थीहरू थिए । सम्पूर्ण विश्वविद्यालयको प्रबन्ध भिक्षुहरूद्वारा निर्वाचित प्रमुख आचार्यले गर्दथे । प्रमुख आचार्यले विश्वविद्यालयको शिक्षा तथा पाठ्यक्रम सम्बन्धि र आर्थिक तथा प्रशासनिक कार्यको रेखदेख गर्दथे । राज्यद्वारा २०० गाउँ विश्वविद्यालयलाई दान दिएका थिए । यसबाट प्राप्त आय यहाँका विद्यार्थीहरूको भोजन, वस्त्र तथा आवासको लागि खर्च हुन्थे । त्यसैले विद्यार्थीहरूलाई कुनै पनि प्रकारको आर्थिक चिन्ता थिएन ।

विश्वविद्यालयभित्र तीन श्रेणीका आचार्य हुन्थे। आफ्नो योग्यताअनुसार प्रथम, द्वितीय र तृतीय श्रेणीका हुन्थे। प्रसिद्ध आचार्यहरूमा शीलभद्र, धर्मपाल, चन्द्रपाल, गुणमति र स्थिरमति प्रमुख थिए। सातौं शताब्दीमा व्हेनसाङ्ग यहाँ अध्ययन गर्न आउँदा शीलभद्र यहाँका प्रमुख थिए । महान् तथा विद्वान् आचार्यहरू नागार्जुन, असङ्ग, वसुबन्धु तथा धर्मकीर्तिद्वारा रचना गरिएका महायानी ग्रन्थहरू अध्ययन अध्यापन हुन्थे ।

पालकालमा पनि यसको विकास भएको थियो । राजकीय संरक्षण तथा प्रशस्त दानको कारण यस विश्वविद्यालय महायान, वज्रयान बुद्धधर्मको प्रमुख केन्द्र बन्न गयो। यहाँका भिक्षुहरूको ख्याति टाढा टाढा देश विदेशसम्म पनि फैलिएको थियो । चीन, तिब्बत, नेपालबाट पनि विद्यार्थीहरू अध्ययन गर्न आउँथे। नालन्दाका एकप्रतिभावान भिक्षु पद्मसंभवले तिब्बतमा बुद्धधर्म स्थापित गरेका थिए । सुमात्राका सैलेन्द्रवंशी राजा बालपुत्रदेवले नालंदामा विहार निर्माण गरेका थिए । नवौं शताब्दीका राजा देवपालले भिक्षुहरूको खर्च तथा ग्रन्थ लेखनको लागि पाँच गाउँ दान दिएका थिए । नालन्दाभित्र ठूलो धेरै तल्लाको पुस्तकालय भवनहरू पनि थियो । यहाँ तीन लाखभन्दा बढि पुस्तककोसंग्रह थियो । यस पुस्तकालयमा सबै विषयसित सम्बन्धित पुस्तकहरू थिए। रत्नरंजक, रत्नोदधि र रत्नसागर नाम गरेका तीन विशाल पुस्तकालय भवनहरू थिए । नौ तल्लाको रत्नोदधिमा दुर्लभ हस्तलिखित ग्रन्थहरूसंग्रहित थिए ।

यसप्रकार ख्याति प्राप्त विश्वविद्यालय १३ औं शताब्दीसम्म आइपुग्दा पूर्णरूपमा ध्वस्त भयो। मुस्लिम इतिहासकार मिनहाज र तिब्बती इतिहासकार तारानाथको वृत्तान्तअनुसार यस विश्वविद्यालय तुर्कको आक्रमणबाट क्षति पुगेको थियो। तारानाथका अनुसार तीर्थंकर र भिक्षुहरूको आपसी झगडाको



https://dhamma.digital

कारण विश्वविद्यालयको गरिमामा नोक्सान पुगेको थियो। अन्ततः सन् ११९३ तिर तुर्क आक्रमणकारी मुहम्मदबिन बख्तियार खिलजीद्वारा यसलाई पूर्णरूपमा नष्ट गरिदिए। सन् १२३५/३६ तिर तिब्बती भिक्षु धर्मस्वामी नालंदा आउँदा यस क्षेत्र पूर्णरूपमा ध्वस्त भैसकेको थियो। यहाँ ९० वर्षका आचार्य राहुल श्रीभद्र र ७० जना जति शिष्यहरू मात्र थिए। यसरी नालंदा विश्वविद्यालयको गरिमा समाप्त भयो।

पुरातत्वविद् Alexander Cunningham र Archaelogical Survey of India द्वारा व्यवस्थित ढंगले यसको अन्वेषण गरी वर्तमान अवस्थामा यस प्राचीन विश्वविद्यालय सबैको सामु पुनः उजागर भएको छ। नालन्दालाई वर्तमान समयमा UNESCO World Heritage Site मा राखिएको छ।

## ग) विक्रमशीला

विक्रमशीला विश्वविद्यालय नालन्दा जस्तै ख्याति प्राप्त विश्वविद्यालय थियो। यो विहार भागलपुर जिल्लामा अवस्थित छ। विक्रमशीला आठौं/नवौं शताब्दीका पाल राजा धर्मपालले स्थापना गरेकोदेखिन्छ। यसले चार वर्षसम्म ख्याति कमाएको पाइन्छ। यस विश्वविद्यालयको बारेमा तिब्बती भिक्षुहरू तारानाथ र सुम्पाद्वारा यहाँको विस्तृत अध्ययन गरेको छ। यो एक ठूलो विश्वविद्यालय थियो। प्रसिद्ध आचार्य दीपंकर श्रीज्ञान (सन् ९८०-१०५३) को कारण तिब्बतमा विक्रमशीलाको कीर्ति एवम् प्रसिद्धि फैलिएको थियो। उनी ओदन्तपुरीमा आफ्नो अध्ययन सकाइ विक्रमशील विश्वविद्यालयका प्रमुख भएका थिए। पछि उनी तिब्बती राजाको निमन्त्रणामा बौद्ध बुद्धधर्मलाई तिब्बतमा पुनः स्थापना गर्न जानुभएको थिए।

तिब्बती श्रोतअनुसार आचार्य बुद्धज्ञानले विक्रमशील महाविहार निर्माण गरेका थिए। यस विश्वविद्यालय चारैतिर पर्खालले घेरिएको थियो। विश्वविद्यालयभित्र पण्डितहरूको लागि १०८ वटा निवास थियो। पर्खाल बाहिर १०७ वटा मन्दिर थिए। विश्वविद्यालय प्रवेश गर्न ६ वटा द्वार थियो। प्रत्येक द्वारमा द्वार पण्डितको नियुक्ति राजाद्वारा हुन्थे। सन् १०८० मा राजा रामपालको शासनसकालमा अभयकर गुप्त यहाँका अध्यक्ष थिए।



https://dhamma.digital

यहाँ १६० जना पण्डित र १००० भिक्षुहरू बस्दथे । पछि यसको संख्या वृद्धि भई विद्यार्थीको संख्या १०,००० पुगेको थियो । आचार्य तारानाथका अनुसार दशौं शताब्दीका पाल राजा चनकको शासनकालमा विश्वविद्यालयको ६ वटा द्वारमा ६ जना द्वार पण्डित बस्दथे जसको नाम यसप्रकार छन् -

१) आचार्य रत्नाकरशान्ति - पूर्वीद्वार

२) बागीश्वरकीर्ति - पश्चिमद्वार

३) नारोपा - उत्तरीद्वार

४) प्रज्ञाकरमति - दक्षिणीद्वार

५) रत्नबज्र - प्रथम केन्द्रियद्वार

६) ज्ञानश्रीमित्र - द्वितीयद्वार

सबै द्वार पण्डितहरू श्रेष्ठ पण्डितको रूपमा लिइन्छ । बुद्धज्ञानपाद (संस्थापक, प्रथम अध्यक्ष), दीपंकर श्रीज्ञान, शाक्य श्रीभद्र आदि आचार्यहरू यस महाविहारमा अध्यक्ष भैसकेकाहरू थिए । विक्रमशीलका पण्डित महापण्डितमध्ये प्रमुख व्यक्तित्वहरूको चित्र महाविहारको भित्तामा सजाएर राखिएको थियो ।

राजा महिपालको शासनकालमा अध्यक्ष पदमा आचार्य दीपंकर श्रीज्ञान थिए जो अध्यक्ष भैसकेकाहरूमध्ये प्रमुख थिए । उनको महान्प्रतिभाशाली विद्वान तथा विलक्षणप्रतिभाका धनी थिए । उनी यस विहारमा अध्यक्ष बनेपछि यस विहारको अत्यन्त समृद्धि भयो । अध्ययन गर्ने विद्यार्थीहरूको लागि नयाँ निवासको व्यवस्था गरियो, नयाँ विषयहरूको पनि वृद्धि गरियो । यहाँको शिक्षामा गुणस्तर वृद्धि गरी नयाँ तरिकाबाट पठन पाठन अघि बढाइ नयाँ भिक्षुहरूलाई यहाँ अध्ययन गर्न आकर्षित तुल्याए । उनले तिब्बतमा पनि बुद्धधर्म विस्तार गर्न ठूलो भूमिका निर्वाह गरेका थिए । त्यहाँ बुद्धधर्मलाई प्राप्त राजकीय संरक्षण तथा समर्थनको कारण तथा दीपंकर श्रीज्ञानको विद्वताको कारण तिब्बतमा बुद्धधर्मलाई राजधर्मको रूपमाप्रतिष्ठापित गर्न पुगेका थिए ।

आचार्य सुम्पाका अनुसार यहाँ ४८ वटा संकायहरू थिए । विक्रमशील महाविहार बज्रयान र तान्त्रिक बौद्धधर्मको केन्द्रको रूपमा थियो । आचार्य



https://dhamma.digital

बुद्धज्ञानपादले मंत्र-बज्रयानको पढाइ अगाडि बढाएका थिए । उनले बज्रयान सम्बन्धि नौ वटा ग्रन्थ संस्कृतमा रचना गरेका थिए । यहाँ अध्ययन गरेका श्रीलंकाका भिक्षु जयभद्र चक्रसंवर तन्त्रका ज्ञाता थिए । यहाँ तर्कशास्त्र, तन्त्र मंत्र, व्याकरण, न्याय, तत्वज्ञान आदिको पनि अध्ययन अध्यापन हुन्थे । यहाँभित्र ६ वटा महाविद्यालय संचालित थिए । पछि यो विस्तारै विश्वविद्यालयको रूपमा रूपान्तरण भयो । यहाँ विदेशबाट पनि विद्या आर्जनको लागि आउँथे । शिक्षा समाप्तिपछि विद्यार्थीलाई उपाधि पनि दिने गर्दथे ।

यस विश्वविद्यालयभित्र थुप्रै मात्रामा ग्रन्थहरूको रचना भयो । पाण्डुलिपि सहित उच्च कोटिका पुस्तकहरूकोसंग्रह गरियो । ग्रन्थहरू अध्ययनको लागि तिब्बतबाट विद्वानव्दाहरूको आगमन हुन्थ्यो । श्रीलंका, जावा, सुमात्राबाट पनि अध्ययनका लागि आउँथे । यहाँका आचार्य तथा लेखकहरूको नाम तिब्बती ग्रन्थहरूमा यसप्रकार दिइएको छ -बुद्धज्ञानपाद, वैरोचन रक्षित, जेतारि, प्रज्ञाकरमति, बागीश्वरकीर्ति, रत्नबज्र, ज्ञानश्रीमित्र, रत्नाकर शान्ति, दीपंकर श्रीज्ञान, अभयाकर गुप्त, धर्मकीर्ति आदि ।

विश्वविद्यालयको लागि चाहिने व्यवस्था सबै अध्यक्षले गर्दथे । विहारभित्र गर्नुपर्ने काम अनुसार विभाग छुट्याएर कामहरू जिम्मा दिइएको हुन्थ्यो । श्रामणेरको प्रव्रज्या, भोजनको व्यवस्था, विहार सम्बन्धि क्रियाकलाप आदि विभिन्न कार्यहरू विभिन्न विभागहरूबाट हुने गर्थे । भिक्षु तथा आचार्यहरूको जीवनशैली सादा थियो । नालन्दा र विक्रमशील दुवैको रेखदेखको लागि संयुक्त समिति थियो । दुबै विश्वविद्यालयका विद्वानहरू दुबैतिरबाट आवतजावत हुन्थे । विक्रमशीलमा कुलपति राजा हुन्थे उनको आदेशद्वारा विश्वविद्यालयको क्रियाकलाप हुन्थे । कुलपति भएको हैसियतले राजाले विद्वानहरूलाई उपाधि, प्रमाणपत्र, पदक दिन्थे । यसकारण विक्रमशील विश्वविद्यालयलाई राजकीय विश्वविद्यालय पनि भनिन्थ्यो ।

यसरी १२ औं शताब्दीसम्म प्रसिद्धि कमाएको विश्वविद्यालय सन् १२०३ मा मुसलमानको आक्रमणद्वारा नालन्दा जस्तै पूर्णरूपमा नष्ट भयो । बख्तियार खिलाजीले यसलाई पनि नष्ट गरी छाडे । यसप्रकार एशियामा ख्याति प्राप्त यस विश्वविद्यालय खण्डहरमा परिणत भए ।



https://dhamma.digital

## घ) वल्लभी विश्वविद्यालय

वलभी विश्वविद्यालय पश्चिम भारतमा अवस्थित एक महत्वपूर्ण विश्वविद्यालयको रूपमा चिनिन्थ्यो । सन् ६००देखि १२००सम्म यस विश्वविद्यालयमा थेरवाद बौद्ध शिक्षाको अध्ययन अध्यापनका साथै थेरवाद बुद्धधर्म प्रचार प्रसार हुने गरेको उल्लेख पाईन्छ ।



सन् ४८० देखि ७७५सम्म वलभी मैत्रिका राज्यको राजधनीको रूपमा रहेको उल्लेख पाइन्छ । समुद्रको किनारमा अवस्थित यस वलभी शहरको वन्दरगाहले अन्तराष्ट्रिय व्यापार केन्द्रको रूपमा ख्याती प्राप्त गरेको उल्लेख पाइन्छ । उत्खननबाट भेटिएको ताम्रपत्र, शासकको लालमोहर जस्ता ऐतिहासिक बस्तुहरूले वलभी विश्वविद्यालय वर्तमान भारतको गुजरात प्रान्त, भावनगर जिल्लाको वल्लाभिपुरमा अवस्थित रहेको इतिहासकारहरूको मत रहेको पाइन्छ ।

वलभी विश्वविद्यालयको पाठ्यक्रममा बौद्ध शिक्षाको अलावा अन्य १८ विषयहरू– जस्तै नीति शास्त्र, कृषि विज्ञान, जनप्रशासन, अर्थशास्त्र, लेखा, कानून आदिको पनि समावेश गरिएको उल्लेख पाईन्छ । साथै यहाँ जैन परम्परा अनुसार पनि पठन पाठन हुने गरेको उल्लेख छ । यस विश्वविद्यालयका पण्डित (बौद्ध विद्वान)हरू गुणमति र स्थिरमतिले निकै ख्याति कमाएको उल्लेख छ । ह्वेङसाङको यात्रा वर्णन अनुसार सातौं शताब्दीमा यस विश्वविद्यालयमा ६,००० जना बौद्ध भिक्षुहरू अध्ययनरत रहेको र तिनीहरूको बसोबासको लागि १०० वटा विहारहरूको व्यवस्था गरिएको थियो । यसबाट के थाहा पाउन सकिन्छ भने यस विश्वविद्यालय तत्कालिन नालन्दा विश्वविद्यालय जस्तै उत्कृष्ट मानिन्थ्यो । यस तथ्यको कथासारितसंग्रहमासंग्रहित ब्राम्हणको कथामा ब्राम्हणले आफ्ना सन्तानहरूलाई नालन्दा वा बनारसमा अध्ययनको



https://dhamma.digital

लागि पठाउनु भन्दा वलभी विश्वविद्यालयमा पठाउने इच्छा जाहेर गरेको वर्णन पाइन्छ । यस विश्वविद्यालयबाट शिक्षा आर्जन गरेका विद्यार्थीहरूलाई राज्यस्तरमा सजिलै रोजगार उपलब्ध हुन्थ्यो ।

यस विश्वविद्यालयको संचालनमा मैत्रिका राज्यका नागरिक तथा दाताहरूको पूर्ण सहयोग रहने गरेको उल्लेख छ। मैत्रिका राज्यका शासकहरू यस विश्वविद्यालयका संरक्षक हुने गर्दथ्यो र आवश्यक आर्थिक अनुदान उपलब्ध गर्नुका साथै पुस्तकालयमा पुस्तक तथा अन्य सामग्री उपलब्ध गराउने गरेको उल्लेख छ । पछि सन् ७७५ मा अरवी मुसलमानहरूबाट यस शहरमा आक्रमण पश्चात मैत्रिका राज्यका शासकहरूको संरक्षकत्वमा अवरोध भएकोदेखिन्छ । तैपनि विश्वविद्यालयको पठन पाठनमा अवरोध आएकोदेखिदैन। बाह्रौं शताब्दीमा आएर यस विश्वविद्यालयको पठन पाठन र शैक्षिक कृयाकलापमा पूर्ण अवरोध आएको उल्लेख पाइन्छ ।

सन् २०१७ मा यस्ता धार्मिक एवं सांस्कृतिक महत्व बोकेका विश्वविद्यालयहरूको पुनः निर्माण गर्न भारत सरकारले प्रस्ताव अघि सारेकोदेखिन्छ ।

वल्लभी विश्वविद्यालय एक महत्वपूर्ण बौद्ध अध्ययनको केन्द्रको रूपमा विकास भएको थियो । यो सौराष्ट्रमा अवस्थित छ । वल्लभी थेरवादी बुद्धधर्मसित सम्बन्धित विश्वविद्यालय हो । यसको निर्माण पाँचौं शताब्दीतिर मैत्रेयक राजाहरूको शासनकालमा भएको थियो । आठौं शताब्दीसम्म यो उन्नत अवस्थामा थियो । मैत्रेयक राजाहरूद्वारा यस विश्वविद्यालयलाई पूर्ण सहयोग प्राप्त थिए । राजाहरूले बुद्धधर्मको पुस्तक संकलन गर्नको लागि पुस्तकालयको पनि व्यवस्था गरिदिएका थिए। बौद्ध संघ तथा टाढा टाढाबाट आउने भिक्षुहरूको लागि आवासको बन्दोबस्त, बुद्धमूर्ति पूजा गर्नको लागि, पुस्तकसंग्रह तथा त्यसको व्यवस्थापनको लागि खर्च जुटाउँथे ।

यस विहारको स्थापना शुरूमा सन् ५३५ मा ध्रुवसेन (प्रथम) को बहिनी दुड्डाद्वारा भएको थियो । विस्तारै यहाँ धेरै विहारहरू निर्माण भए । यसलाई 'दुड्डा विहार मण्डल' भनियो । थुप्रै विहारहरू एक समूहमासंगठित भई एक संस्थानको रूपमा विकास भई विश्वविद्यालयमा परिणत भए । यहाँ



https://dhamma.digital

राजकीय संरक्षण प्राप्त भएकोले वल्लभी महाविहार भन्न थालियो । यस विहार राज संस्थानको रूपमा रहेको थियो । ध्रुवसेनद्वारा विहारको मरम्मत संभार, पूजाको सामाग्री, भोजन दान, बिरामीको लागि औषधी, वस्त्र आदिको खर्च जुटाउनको लागि पिप्परूंकारी गाउँको कर दानको रूपमा दिएका थिए । गुहसेनले चार गाउँ नै विहारको लागि दान गरेका थिए । पछि राजाहरू धारासेन (तृतीय), धारासेन (चतुर्थ), शीलादित्य (तृतीय) द्वारा पनि विहारको लागि दान प्रदान गरेका थिए । यस महाविहार क्षेत्रभित्र दानद्वारा निर्मित विहारहरू यसप्रकार छन् ।

१. आचार्य बुद्धदासको नाममा बुद्धदास विहार, सन् ५३६
२. मिम्माद्वारा निर्मित अभ्यतरिक विहार, सन् ५६७
३. काका नामका व्यापारीद्वारा निर्मित काका विहार, सन् ५८७
४. गोहकद्वारा निर्मित विहार, सन् ६२७ - ४२
५. आचार्य विमलगुप्तद्वारा निर्मित विमलगुप्त विहार
६. स्थिरमतिद्वारा निर्मित स्थिरमति विहार

भिक्षुणीहरूको लागि पनि विहार निर्माण भएका थिए । जुन यसप्रकार छन् -

१. यक्षशूरद्वारा निर्मित यक्षशूर विहार, सन् ६०८
२. पूर्णत्रभट्टद्वारा निर्मित पूर्णात्रभट्ट विहार
३. अजित व्यापारीद्वारा निर्मित अजित विहार

यसको साथै वसंकत गाउँमा सन् ६०५ मा स्कन्ध भट्टद्वारा योधावक गाउँमा सन् ६४५ मा विहार निर्माण भएका थिए ।

मैत्रेयक राजाहरू ध्रुवसेन (प्रथम, द्वितीय, तृतीय), धारासेन (द्वितीय), गुहसेन, शीलादित्य (प्रथम, द्वितीय, तृतीय) द्वारा विहारहरूको संचालनमा यथेष्ट दान गरेका थिए । वल्लभी विहार मुख्यरूपमा थेरवादी भिक्षुहरूकै नियन्त्रणका थिए । यहाँ प्राप्त अभिलेखमा यहाँ बसोवास गर्ने भिक्षुहरूलाई ' आर्य भिक्षु संघ' भनी उल्लेख गरिएको पाइन्छ । गुहसेनद्वारा शाक्य आर्य भिक्षु संघको अठार निकायको लागि दान दिए भन्ने कुरा उल्लेख गरिएको पाइन्छ । ध्रुवसेन (द्वितीय) द्वारा योधावक गाउँको विहारको लागि दिइएको दानमा यहाँ बसोबास गर्ने संघलाई 'महानिकाय आर्य भिक्षु संघ' भनी उल्लेख गरिएको पाइन्छ ।



https://dhamma.digital

सातौं शताब्दीमा चिनिया यात्री व्हेनसाङ्ग यहाँ आउँदा उनले ६,००० भन्दा बढि भिक्षुहरू अध्ययनरत रहेको देखेका थिए। १०० वटा जति विहारहरू भिक्षुहरू बसोबास गर्नको लागि निर्माण गरिएका थिए । उनका अनुसार यहाँका धेरैजसो भिक्षुहरू सम्मितिय सम्प्रदाय परम्पराका थेरवादी थिए । वल्लभीका जनताहरू धरैजसो धनी तथा उदारशील भएकोले विहार संचालनको लागि दान दिन्थे। मैत्रेयक राजाहरू यस महाविहारका संरक्षक नै थिए। उनीहरूले यहाँ हुने क्रियाकलाप, पुस्तकालयको लागि जे जे चाहिन्छ चाहिने जति यथेष्ट दान प्रदान गर्दथे। ध्रुवसेन (द्वितीय) को शासनकालमा यस विश्वविद्यालयमा थेरवाद महायान दुबैको अध्यापन रहेको पाइन्छ । ज्ञान आर्जन गर्न इच्छुक सबैको लागि यस महाविहार खुल्ला थियो । नवौं शताब्दीमा बंगालको गौडदेशमा रचित मंजुश्री मूलकल्प ग्रन्थमा वल्लभीबारे उल्लेख गरेको पाइन्छ । वल्लभी क्षेत्र मैत्रेयक राजाहरूको शासनकालपछि राष्ट्रकूट वंशका राजा आए। यिनीहरूले पनि विहारहरू संरक्षणमा निरन्तरता दिए। राष्ट्रकूट राजाहरूमा दन्तिवर्मा र धारावर्माले विहारहरूलाई दान दिएको उल्लेख छ।

आठौं शताब्दीमा आएर अरबीमूलका मुसलमानहरूको आक्रमणद्वारा यस महाविहारलाई ध्वस्त बनाइदिए। विहारको साथै यस क्षेत्रको अस्तित्व नै विलिन हुन पुग्यो । विनासको ऐतिहासिक वर्णन प्राप्त भएको छैन । तर पनि विभिन्न श्रोतबाट प्राप्त कथन अनुसार यी विहारहरूको अन्त भएको जानकारी प्राप्त छ। यसप्रकार ज्ञानको प्रसिद्ध केन्द्र संधैका लागि विलिन भए।

## ङ) ओदन्तपुर महाविहार

ओदन्तपुर एक महत्वपूर्ण बौद्ध महाविहारको रूपमा चिनिन्थ्यो। आठौं शताब्दीमा गोपाला प्रथमले ओदन्तपुर महाविहार स्थापना गरेको मानिन्छ। यो महाविहार हाल भारतको विहार प्रान्तको मगध राज्यमा अवस्थित रहेको उल्लेख छ । यसलाई ओदन्तपुरा, उदन्तपुरा पनि भन्ने गरिन्छ । तिव्वती विद्वान सुम्पा खाम्पोको वर्णन अनुसार विहार शहरको पहाडी इलाकामा यस महाविहारको स्थापना गरिएको उल्लेख पाइन्छ। एस. सी. दासले उक्त वर्णनलाई अझ स्पष्ट गर्दै रेलमार्गबाट पटनादेखि राजगीर जाँदा विहारको सरिफ रेल्वे स्टेसन पर्दछ । यस रेल्वे स्टेसनबाट पश्चिम तर्फ हेर्दादेखिने पहाडको थुम्को नै ओदन्तपुर महाविहारको भग्नावशेष हो भन्ने वर्णन पाईन्छ।



https://dhamma.digital

सन् ७५० मा बंगाल राज्यको सिंहासनमा बसेका पालावंशका संस्थापक गोपालाले ओदन्तपुरको स्थापना गरेको मानिन्छ। तर तिब्बती बौद्ध नेता बुत्सन (Bu-ston) को भनाई अनुसार ओदन्तपुर महाविहार गोपालाको छोरा धर्मपालाले स्थापना गरेको उल्लेख पाईन्छ। ओदन्तपुर पूर्वी भारतको पाँचवटा महाविहार–नालन्दा, विक्रमशीला, सोमपुर र जगदल्लाको संजाल मध्ये एक भएको मानिन्छ। एघारौं सशताब्दीतिर नालन्दा विश्वविद्यालय अस्तित्वको संघर्षमा अल्झिएको बेला ओदन्तपुर महाविहार एकप्रतिस्पर्धीको रूपमा पाला शासकहरूको संरक्षकत्वमा संचालन भैराखेको थियो। शासकहरूको संरक्षकत्वको कारण ओदन्तपुर महाविहार बौद्ध अध्ययनको लागि उत्कृष्ठ थलो बन्दै गएको मानिन्छ। तिब्बति श्रोत अनुसार आठौं शताब्दीमा तिब्बतमा बनेको सामे गुम्वा ओदन्तपुर महाविहारको नमूनामा बनाएको उल्लेख छ।

सन् ११९३ ताका मोहमद् विन बख्तियार खाल्जी (Muhammad bin Bakhtiyar Khalji) टर्कीका मुसलमानको आक्रमणबाट यस ओदन्तपुर महाविहारको तहस नहस भएको मानिन्छ। किल्लाको रूपमा रहेको ओदन्तपुर महाविहार कब्जागरी लुटपाट मचाउने उद्देश्यले त्यहाँ अध्ययनरत ब्राम्हण तथा विद्धानहरूलाई समेत आक्रमण गरी हत्या गरिएको उल्लेख छ। तर, मुसलमानले त्यहाँ किताबको थुप्रो मात्र फेला पारेको र उक्त क्षेत्र किल्ला नभई विश्वविद्यालय रहेकोले भ्रममा परेको उल्लेख छ।



विहार सरिफ – ओदन्तपुर महाविहारको भग्नावशेष



https://dhamma.digital

सन् १८७० मा जोसेफ डेभिडले खिचेको विहार सरिफ – ओदन्तपुर महाविहारको भग्नावशेष र यसको वर्णनमा यस किल्ला जस्तो महाविहार ३१२ एकड जमिनमा फैलिएको उच्च जमिन (पहाड जस्तो) लाई १८ फिट चौडा र ३० फिट अग्लो पर्खालले घेरिएको र पर्खालको लम्बाई ८,५०० फिट रहेको उल्लेख छ।

तिब्बती तिर्थयात्री बौद्ध भिक्षु अनुसार त्यसबेला मगध देशका शासकले महाविहारको सुरक्षाको लागि सैनिकहरू तैनाथ गर्ने गरेको र सैनिकहरूले मुसलमानी आक्रान्ताहरूलाई धेरै पटक धपाएको उल्लेख छ। उक्त भारत भ्रमणको विवरणमा सन् १२३४देखि १२३६ तिर महाविहारलाई तहस नहस पारिए पछि ओदन्तपुर महाविहार परिशरलाई तुर्की सैनिकको मुख्यालयको रूपमा परिणत गरेको उल्लेख पाईन्छ।

## च) जग्दल्ला महाविहार

एघारौंदेखि बाह्रौं शताब्दीतिर जगद्ल्ला महाविहार बौद्ध शिक्षाको लागि प्रख्यात मानिन्थ्यो । जुन हालको बंगलादेशको उत्तर बंगालमा अवस्थित भएको मानिन्छ । पालाबंशका अन्तिम राजा रामपालाले सन् १०७७देखि ११२०सम्म शासन चलाएकोदेखिन्छ । भारतको पहारपुर गाउँको सिमाना नजिक अवस्थित यो महाविहार बारे अन्य महाविहारहरूको तुलनामा धेरै वर्षसम्म अनभिज्ञ रहेकोदेखिन्छ। पुरातत्वविज्ञ ए.के.एम.जकारिया (A.K.M. Zakaria) ले जग्दल्ला महाविहार निम्न पाँच स्थानहरू– पंचगढको राजशाही मल्डा क्षेत्र; ठाकुर गाउँको हरिपुर उपजिल्ला; दिनाजपुरको बाचागंज उपजिल्ला; नवगाउँको धर्मोरट उपजिल्ला वा माल्डाको बामनगोला (भारत) मध्ये कुनै एकमा अवस्थित हुनुपर्दछ भनी उल्लेख गरेको पाइन्छ। नवगाउँको धर्मोरट उपजिल्ला, जगदल भन्ने स्थानमा युनेस्कोले गरेको उत्खननबाट प्राप्त भग्नावशेषबाट जगद्ल्ला महाविहार यसै स्थानमा अवस्थित रहेको अनुमान गर्न सकिन्छ।

यस जगद्ल्ला महाविहार बज्रयान बौद्ध अध्ययनको लागि पनि प्रख्यात भएको मानिन्छ। तिब्बतिय बौद्ध ग्रन्थहरू – तङ्गुर र कङ्गुरहरू यस



https://dhamma.digital

महाविहारमा उपलब्ध भएका पुस्तकहरूकोप्रतिलिपि मानिन्छ । सन् १२०४ मा मुसलमानहरूको आक्रमण पछि, यस महाविहारका बौद्ध विद्वानहरू नेपालकोबाटो हुँदै तिब्बतमा पलायन भई बुद्धधर्म प्रचारप्रसार गरेको उल्लेख पाईन्छ । इतिहासकार सुकुमार दत्तका अनुसार सन् १२०७ मा जगद्दल्ला महाविहार पूर्णरूपमा तहसनहस भएको र यो नै तत्कालिन महाविहारहरू मध्ये पूर्णरूपमा तहसनहस भएको अन्तिम महाविहार रहेको देखिन्छ ।



यूनेस्कोले सन् १९९९ मा गरेको उत्खननबाट जगद्दल्ला महाविहारको भग्नावशेष

युनेस्कोले सन् १९९९ मा गरेको उत्खननबाट जगद्दल्ला महाविहारले १०५ मिटर लम्बाई र ८५ मिटर चौडाई स्थान ओगटेको थियो भन्ने उल्लेख पाईन्छ । यस स्थानमा बौद्ध विहारको अलावा अन्य मूर्तिहरू प्राप्त भएको विवरण उल्लेख पाइन्छ ।

ई.पू. छैठौं शताब्दी बुद्धको कालमा भिक्षु तथा भिक्षुणीहरू बसोबास तथा धर्म अभ्यास गर्नको लागि विहारहरू निर्माण भएकोदेखिन्छ । समयको कालक्रममा ती विहारहरू विश्वविद्यालयमा परिणत भए । त्यहाँ बौद्ध धर्मको साथै न्याय, व्याकरण, तत्वज्ञान, चिकित्सा शास्त्र आदिको पनि अध्यापन हुन्थे । बुद्धको कालदेखि विहारहरू विभिन्न राजाहरू जस्तै बिम्बिसार, कोसल राजाहरूले संरक्षण दिन्थे भने पछिल्लो समयमा पनि गुप्त, पाल, मैत्रेयक, सेन राजाहरूले विहार तथा विश्वविद्यालयहरूलाई संरक्षण दिइएको पाइन्छ । १२ औं शताब्दीमा आएपछि विभिन्न आन्तरिक तथा बाह्य कारणद्वारा यी शैक्षिक संस्थाहरू संधैका लागि विनाश भए । १९ औं शताब्दीमा आएर विभिन्न प्राचीन सम्पदाहरू उत्खनन् गरी अहिले संरक्षण गरी राखिएको छ ।



https://dhamma.digital

https://dhamma.digital

# थेरवाद बौद्ध संस्कृति

**एकाई ५ थेरवाद बौद्ध संस्कृति** **शिक्षण अवधि ४०**

**क) बौद्ध संस्कार पद्धति**
लेखकः धर्मरत्न शाक्य

**ख) नेपालमा थेरवाद बौद्ध संस्कृति बुद्धपूजा, कथिन, महापरित्राण, संघभोजन, अष्टपरिष्कार दान**
लेखक : डा. त्रिरत्न मानन्धर



https://dhamma.digital

# बौद्ध संस्कार पद्धति

## परिचय :

संस्कार सभ्य मानिसले गरिने एउटा पद्धति हो, जुन मानव समाजले अंगीकार गरेको हुन्छ । सामाजिक प्राणी भएको नाताले समाजमा प्रचलित चलन र संस्कारहरुबाट पृथक भएर बस्न नसक्ने भएतापनि संस्कारको नाममा कर्मकाण्डीय व्यवहारहरुलाई सोझै नअपनाइकन सम्यक् सम्बुद्धले देखाउनु भएको मार्गतर्फ अघि बढ्दै शील, आचरण र पद्धतिलाई संस्कारको रुपमा जीवन पद्धतिमा उतार्ने र व्यावहारिक आचरणमा लागू गर्न सक्यौं भने यो बढी व्यावहारिक र फलदायी हुने कुरामा कसैको पनि दुईमत हुन सक्दैन । यसै मूल उद्देश्यलाई आधार मानी हामी बुद्ध धर्ममा आस्था एवं श्रद्धा राख्नेले जन्मदेखि मृत्यु पर्यन्त गरिने सामाजिक संस्कारहरु शुद्ध बौद्ध परम्परा चरित्र अनुसार आ-आफू नै सक्षम भई कार्यहरु सम्पन्न गर्ने, त्यस्तै मितव्ययितालाई ख्याल राख्दै आफ्नो परम्परागत संस्कृतिमा समेत समयानुसार परिमार्जित र व्यावहारिक बनाई विभिन्न गाउँ ठाउँकका बौद्ध समुदायहरुसँग समेत पारस्परिक हित र मैत्रीपूर्ण सम्पर्क कायम गरी कल्याणकारी सभ्य समाज निर्माण गर्ने तर्फ लक्ष्योन्मुख हुनु परेको छ। अन्ध परम्परालाई त्यागेर सदाचारी समाज निर्माणतर्फ आजको समाजलाई डोऱ्याउनु परेको छ ।

विभिन्न बौद्ध देशहरुमा समेत प्रचलनमा रहँदै आएका विभिन्न संस्कारगत क्रियाकलापहरुलाई हाम्रो समाजले पनि अवलम्बन गर्दै आएको छ । ती प्रचलित संस्कारहरु समाजले निम्न प्रकारले संञ्चालन गर्ने निर्णय गरेको छ ।

हाल भोजपुर टक्सार शाक्य समाजले अवलम्बन गर्दै आएका प्रचलित संस्कारहरु :

१. गर्भ मंगल

२. नामकरण (न्वारन)

३. कर्ण भेद



https://dhamma.digital

४. अन्न प्राशन

५. विद्यारम्भ

६. प्रवज्या

७. विवाह मंगल

८. गृहमंगल पलिस्था

९. भीमरथारोहण/वृद्धपास्नी

१०. अन्त्यष्टि

गर्भ मंगल, गृहमंगल पलिस्था, विद्यारम्भ, कर्ण भेद, जन्म दिन जस्ता शुभ कार्यहरु प्रायः पारिवारिक सदस्यहरुको समुपस्थितिमा सम्पन्न गरिने भएको हुनाले बौद्ध आचरण अनुसार शुद्ध भई बुद्ध प्रतिमा सहित बुद्ध पूजा, परित्राण पाठ गरी रमाइलो वातावरणमा मान्यजनबाट शुभ आशीष लिई कार्य सम्पन्न गरिन्छ।

हामी बौद्धहरुले संस्कारको रुपमा आफ्ना घरपरिवार बाहेक आफन्त तथा टोल, छिमेक, इष्टमित्रहरुलाई समेत निमन्त्रणा गरी गरिने प्रचलनमा रहेका महत्वपूर्ण संस्कारहरु निम्न छन् -

१. नामकरण वा ब्यंकु

२. अन्नप्राशन/जंकु

३. प्रवज्या (चूडाकर्म) वा ऋषिनी (अनागारिका)

४. विवाह मंगल

५. वृद्धपास्नी/भीमरथारोहण

६. अन्त्यष्टि कर्म

## १. नामाकरण वा ब्यंकु -

बच्चा जन्मेपछि गरिने पहिलो संस्कार हो ब्यंकु। सामान्यतया छोरी भएमा चार दिनमा र छोरा भए ६ दिनमा गर्ने चलन रहेको छ। उक्त दिन बच्चा र आमा दुबैजना मनतातो पानीमा नुहाउनुको साथै घर समेत सफा एवं शुद्ध गर्नु पर्दछ।



https://dhamma.digital

भगवान् बुद्धको प्रतिमा सहित बुद्ध पूजा सामग्री सजाइएको स्थानमा नव बालक र आमालाई बुद्ध प्रतिमाको देब्रे छेउमा बस्न लगाई घरका सम्पूर्ण परिवार, दाजुभाई र चेलीहरुको समेत समुपस्थितिमा त्रिशरण सहित पञ्चशील ग्रहण गरी बुद्ध पूजा र परित्राण पाठ गर्नु पर्दछ।

**परित्राण सूत्रहरु -** आव्हान सूत्र, मंगल सूत्र, मेत्त सूत्र, महाजयमङ्गल सूत्र, पुब्बण्ह सूत्र पाठ गर्ने। पुञ्यानुमोदन गर्ने।

जान्ने र अनुभवी व्यक्तिबाट आमाले शिशु स्याहार गर्ने विधि र स्वास्थ्यबारे जानकारी लिनु, दिनु उपयोगी हुन्छ।

उक्त अवसरमा परिवारका सदस्यहरुमध्ये जेष्ठ मान्यजनबाट बच्चालाई नामकरण गराई आशीर्वाद लिनुको साथै परित्राण सूत्र धागो आमा तथा शिशुलाई बाँध्न लगाउने र उपस्थित सबैलाई पनि सूत्र धागो तथा जल दिई घरको कोठा चोटाहरुमा जल छर्केपछि सुतकबाट मुक्त भएको मानिन्छ।

आमन्त्रित सबैलाई शाकाहारी भोजन गराए पछि नामकरणको कार्यक्रम सम्पन्न हुन्छ।

## २. अन्नप्राशन वा मचा जंकु

प्राकृतिक धर्म अनुसार मानव मात्रको शरीर रक्षाको लागि जन्म भएको लगभग ५/६ महिनासम्म आमाबाट प्राप्त अमृत समान दुग्धपानबाट मात्र जीवन रक्षा भई आएकोमा शारीरिक एवं मानसिक विकासको लागि ठोस आहारको समेत आवश्यकता भए अनुरुप आफन्त साथै अन्य इष्टमित्रको समेत सहभागिता गराई सार्वजनिक रुपमा आयोजना गर्ने प्रचलनमा रहेको यो संस्कार हो अन्न प्राशन।

छोरा पाएको भए ६ महिनामा र छोरी भएमा ५ महिनामा गर्ने प्रचलन छ।

उक्त दिन आमा र बच्चा समेत नुहाई शुद्ध भई घर समेत सफा गर्नु पर्दछ।

बुद्ध प्रतिमा सहित बुद्ध पूजा सामाग्री साथै बच्चाको लुगाले सजाइएको स्थानमा देब्रे पट्टि आमाबुबा तथा बच्चालाई स्थान ग्रहण गराइन्छ।



https://dhamma.digital

घरका सम्पूर्ण परिवार साथै बच्चाको मावली परिवार समेतलाई आसन ग्रहण गराइन्छ ।

उपस्थित सबैले त्रिशरण सहित पञ्चशील प्रार्थना, बुद्ध पूजा, परित्राण पाठ र पुण्यानुमोदन गरिन्छ ।

आमा तथा बच्चाको सुस्वास्थ्य तथा दीर्घायुको कामना सहित जेष्ठ मान्यजनबाट परित्राण सूत्र बाँधि दिनु पर्दछ । उपस्थित सबैले सूत्र धागो बाँध्ने ।

बच्चालाई नयाँ लुगा, गहना लगाई दिने गरिन्छ ।

शुद्ध कचौरामा राखिएको खीर जेष्ठ मान्यजनबाट चम्चाले खुवाई अन्न प्राशन शुभारम्भ गराइन्छ ।

यस पछि मामालाई बच्चा बोक्न लगाई उपस्थित आफन्त सहित नजिकै रहेको बौद्ध मन्दिरहरुमा परिक्रमा गराए पश्चात् सगुन र उपहार दिने कार्य हुन्छ ।

उपस्थित सबैलाई शाकाहारी भोजन गराए पश्चात् उक्त दिनको शुभ कार्य सम्पन्न हुन्छ ।

## ३. चूडाकर्म र ऋषिणी प्रवज्या

शाक्य वंशका कुल पुत्रपुत्रीहरुलाई जीवनमा एक पटक अनिवार्य रुपमा चार दिन श्रामणेर तथा श्रृषिणी बनाई बुद्ध धर्म सम्बन्धी व्यावहारिक ज्ञान दिई जीवनलाई असल चरित्रवान् बनाउन सकोस् भन्ने उद्देश्य राखी यो कार्य गर्ने परम्परा रहि आएको छ ।

समाजको निर्णय अनुसार चुडाकर्म गर्ने दिन निश्चित भइ सकेपछि त्यसको एक दिन अगाडि चूडाकर्म गर्ने स्थान विहारमा प्रतिबद्धता एवं अग्रिम सूचना (ग्वेदाँ तयगु) कार्यक्रम (यस सम्बन्धी नियमावली समाजले २०५९ सालमा पारित गरि सकेको छ, जुन पछाडि पृष्ठमा पृष्ठमा संलग्न छ)

अन्तर्गत सबै आजुहरु, चूडाकर्म कमिटीका सदस्यहरु, कुलपुत्रपुत्रीहरु र वहाँका अभिभावकहरु उपस्थित हुनु पर्दछ ।

भोलिको कार्यक्रमको सुनिश्चितता एवं अवरोध रहित सुसम्पन्नको



https://dhamma.digital

लागि कुल पुत्रपुत्रीहरु प्रत्येकलाई किष्ली ढोगाई बुद्ध प्रतिमा अगाडि चढाई सबैले आशन ग्रहण गरी शील प्रार्थना गर्नु पर्दछ। भोलिको कार्यक्रम अवरोध रहित सुसम्पन्नको लागि सूचना टाँस गरी फर्कने गरिन्छ।

प्रवज्या तथा चूडाकर्म गर्ने दिन विहारमा सबेरै उपस्थित भई सरसफाई गरी बुद्ध प्रतिमा वा चैत्य र बुद्ध पूजाका सम्पूर्ण सामग्री सहित उक्त कार्य सम्पन्न गर्न आवश्यक विशेष सामग्रीहरु थाल, खोचा, रुमाल, पिण्डपात्र, चिवर, सिल्हाय्कू, खराउ, आजुहरुको गाः (पछ्यौरा) आहि यथास्थानमा सजाएर राख्नु पर्दछ।

कार्यक्रम सुरु गर्ने समय भएपछि कार्यक्रम संचालकले संघनायकहरुलाई सम्बोधन गरी बुद्ध प्रतिमाको देब्रेपट्टि निर्धारित स्थानमा क्रमैसँग आसन ग्रहणको लागि अनुरोध गरिन्छ। त्यस्तै क्वजी आजुहरुलाई पनि आसन ग्रहण गराइन्छ।

कुल पुत्र तथा पुत्रीहरुलाई पनि स्थान ग्रहण गराउने क्रममा परिचय दिंदै बुद्ध प्रतिमामा वन्दना गराई आजुहरुलाई अभिवादन गराई क्रमै संग बसाइन्छ।

सबैजना यथास्थानमा आसन ग्रहण गरी सकेपछि सामूहिक रुपमा पञ्चशील प्रार्थना गराइन्छ।

शील प्रार्थना गरी सकेपछि कुलपुत्रहरुलाई टुप्पी बाहेक केश, नङ काटी नुहाई शुद्ध हुने, काटेको कपाल भुइँमा खस्न नदिई निनीहरुले थालमा थापेर लिने र सेतो कपडा लगाई पुनः आसन ग्रहण गराइन्छ।

त्रिरत्न वन्दना सहित बुद्ध पूजा, परित्राण पाठ गरी सकेपछि कुल पुत्रपुत्रीहरुलाई आमाको सहयोगले चीवर दुई हातले लिन लगाई सामूहिक प्रार्थना गर्न लगाइन्छ।

कुलपुत्रहरु (सामूहिक) - "भो संघ स्थविरज्यू, यस दुःखमय संसारबाट मुक्त हुन मलाई चीवर प्रदान गरी चूडाकर्म गरी दिनु होस्।"

संघ नायक - "बाबुहरु ! यो त्यागमय जीवन बिताउनु त्यति सजिलो छैन। कठीन शील आचरणमा बस्नु पर्दछ। प्राणी हिंसा गर्नु हुँदैन, अर्काको



https://dhamma.digital

चीजवस्तु नदिइकन लिनु वा चोर्नु हुँदैन । रक्सी चुरोछ जस्ता लागू पदार्थ खानु हुँदैन । नाच, गान, टि.भी., मेला तमासा हेर्नु हुँदैन, उफ्रनु, झगडा गर्नु हुँदैन, सुगन्धित तेल, गहना लगाउनु र आफूले मान्नु पर्ने व्यक्तिभन्दा अग्लो आशनमा बस्नु हुँदैन । यस्तो शील पालन गर्न सक्छौ ?"

कुल पुत्रपुत्रीहरु - "भो आजुहरु ! अवश्य हामी यो शील पालन गरेर, बौद्ध आचरणमा रहेर यो अमूल्य मानव जीवनलाई चिनेर आफूलाई असल मानिस बनाएर राख्नेछु ।"

साधु !!! साधु !!! साधु !!! (सामूहिक)

संघ थकाली आजुबाट कुल पुत्रहरुको हातमा रहेको चीवर र पिण्डपात्र क्रमबद्ध रुपले राख्न लगाउनु हुन्छ र संघ थकालीले श्रामणेर हुने कुलपुत्रहरुको क्रमशः सुनको छुराबाट टुपी काट्ने भाव गरी मामा हुनेलाई टुप्पी छेदन गर्ने अनुमति दिनु हुन्छ र निनीले कासाको थालमा थापेर लिनु हुन्छ । उक्त अवसरमा संघ थकालीबाट तच पंचक वाक्यपाठ गर्नु हुनेछ । केसा (सं), लोमा (चिम्सं), नक्खा (नङ), दन्त (वा), तचो (छाला) । तचो, दन्त, नक्खा, लोमा, केसा । (३ पटक भन्ने) । उक्त थापेको कपाल निनीहरुले पछि शुद्ध स्थानमा सेलाउनु पर्छ ।

टुप्पी छेदन गर्ने कार्य सम्पन्न भइ सकेपछि क्रमशः ठूलोदेखि पालैपालो कमल लेखिएको (कोरिएको) ढुङ्गा वा काठको पिर्का वा फूलमा उभ्याएर इलाय् मुनि राखेर परित्राणको जल चारवटा कलशमा राखी श्रामणेर हुनेलाई आजुहरुले नुहाईदिनु हुन्छ । उपस्थित सबैले "सब्बे बुद्धा बलपच्चा पच्चेकानन्च यं बलं, अरहन्तानञ्च तेजेन रक्खं वन्दामि सब्बसो" पाठ गर्न पर्दछ ।

सफा रुमालले पुछि दिएर आ-आफ्नो स्थानमा आसन ग्रहण गराएर कुलपुत्रहरुलाई बिन्ती गराउन लगाई भन्न लगाइन्छ ।

सामुहिक - "भो भगवान् ! सांसारिक दुःखबाट मुक्त गराउन हामीलाई उक्त चीवर वस्त्र प्रदान गर्नुहोस् ।"

संघ थकालीबाट चूडाकर्म गर्ने कूलपुत्रहरुलाई क्रमशः पात्र, सिलाय्कु, चीवर प्रदान गर्नु हुनेछ । अजीहरु र आमाहरुले चीवर लगाउन मद्दत गर्ने । त्यसपछि पुनः आ-आफ्नो स्थानमा बस्न लगाइन्छ ।



https://dhamma.digital

(नामकरण गर्ने) बौद्ध नाम राख्न लगाइन्छ ।

अष्टशील प्रार्थना गर्न लगाइन्छ ।

पुण्यानुमोदन गर्न लगाएपछि शाक्य मुनि बुद्धलाई वन्दना गर्न लगाइन्छ।

श्रामणेरहरुलाई सातवटा फूलमा टेक्न लगाई पूर्व पट्टि गमन गराएर पिण्डपात्र समाउन लगाई भिक्षाटन गराउन लगाइन्छ। उपस्थित सबैले भिक्षा दान (पैसा बाहेक) गर्ने र विहार परिक्रमा गराउने काम सम्पन्न भएपछि उक्त अवसरमा सबैलाई शुद्ध शाकाहारी भोजन ग्रहण गर्ने र गर्न लगाइन्छ। विहार परिक्रमा गराउने क्रममा मामाले हात समाई दोहोऱ्याउने चलन छ।

चार दिनसम्म श्रामणेर जीवन बिताउने कुल पुत्रहरुले अष्टशील पालन गरेर नियम आचरणमा बस्नु पर्दछ । दोश्रो र तेश्रो दिन मिलेसम्म र भ्याएसम्म विहारमा सामूहिक रुपमा गई भिक्षुहरुबाट वा जान्ने उपासक धर्मगुरुहरुबाट ज्ञानका उपदेशहरु सुन्नु पर्दछ। साथै आजु वा आफन्तहरुकहाँ गएर भिक्षादान लिनु पर्दछ र फर्किंदा घर परिवारको थकालीले भिक्षादान दिई भित्राउनु पर्दछ।

तीन दिनसम्म श्रामणेर जीवन बिताई सकेपछि चौथो दिनमा पुनः सोही विहारमा गई समारोह गरी विसर्जन गराउनु पर्दछ।

## चूडाकर्म विसर्जन विधि

भगवान् बुद्धको मूर्ति अथवा चैत्य सहित बुद्ध पूजा सामग्रीले सजाएको स्थानमा संघ थकाली र आजुहरु सहित सकल उपस्थित स्थानमा श्रामणेर हरुलाई अगाडि राखी शील प्रार्थना, बुद्ध पूजा, परित्राण पाठ पछि कुलपुत्रहरुलाई सामूहिक रुपमा यस प्रकार प्रार्थना गर्न लगाइन्छ।

"भो संघ स्थविरज्यू, यस प्रवर्जित चर्या जीवन भर पालना गर्न हामीलाई कठिन भयो । त्यसैले गृहस्थमा बसेर पनि जीवनभर कल्याण हुने अरु ब्रत ज्ञान हामीलाई दिनुहोस् ।"

आजु - "त्यसो भए श्रामणेरहरु राम्रो ध्यान दिएर सुन, गृहस्थ जीवनमा बसेर पालना गर्नु पर्ने नियम र कर्तव्यहरु म भनेर ल्याउँछु ।"

श्रामणेरहरु - "हवस् ।"

गृहस्थ जीवनमा बस्न चाहने मानिसहरुका लागि भगवान् बुद्धले दिनु भएको उपदेशको नाम 'सिंगालोवाद सूत्र' अथवा 'गृह विनय' हो । गृहस्थी जीवनमा पालन गर्नु पर्ने नियम भएकोले नै यसलाई 'गृही विनय' भनेको हो । जुन व्यक्ति गृहस्थी जीवनमा बसेर पनि यस लोक र परलोक दुबै लोकलाई असल बनाउन यस गृह विनयलाई पढेर, बुझेर र मनन गरेर आत्म शान्त गर्दछ उही व्यक्तिलाई संसारले मान, सम्मान गर्न योग्य बनाउँछ र ऊ आकाशको तारा झैं चम्कि रहन्छ । जसले यस 'गृही विनय'को ज्ञान सुनेको हुँदैन, बुझेको हुँदैन, उस्ले कसरी यो गर्नु हुन्छ र गर्नु हुँदैन भनेर बुझेको हुन्छ ? उसले कसरी आफ्नो जीवन सुखी बनाउन सक्दछ र ? त्यसैले सुखी जीवन बिताउन र दुःखलाई हटाउने इच्छा छ भने 'गृही विनय' ध्यानपूर्वक अध्ययन मनन गरेर बुझेर काम गर्नु पर्दछ । तब मात्र हाम्रो मानव जीवनको सार्थकता रहन्छ । नभए हामी पृथ्वीको भार मात्रै हुन्छौं । गृह विनयमा उल्लेख भएका निम्न कुराहरु ध्यान दिएर सुन्न लगाउनु पर्दछ ।

सुखको चाहना गरी सबैबाट प्रशंसित हुन शुक्ल पक्षको चन्द्रमा जस्तै यश कीर्ति वृद्धि गर्ने मानिसले १४ प्रकारका खराब काम कुराहरुलाई त्यागी ६ दिशालाई नमस्कार, आदर सम्मान गर्न सिक्नु पर्दछ ।

## १४ प्रकारका पापहरू यी हुन् :–

- चार प्रकारका कर्म क्लेश त्याग गर्नु पर्दछ ।
- चार प्रकारका अकुशल कर्म त्याग गर्नु पर्दछ ।
- सम्पत्ति नाश हुने ६ प्रकारका कारणहरुलाई ग्रहण गर्नु हुँदैन ।

चार प्रकारका कर्म क्लेश भन्नाले :-

१. प्राणी हिंसा गर्नु ।

२. चोरी गर्नु ।

३. काम, रागको वशमा परी मिथ्या आचरण गर्नु ।

४. झूठो बोल्नु ।

यस्ता काम गर्नेहरुलाई कसैले पनि राम्रो मान्छे भन्दैन ।



https://dhamma.digital

चार प्रकारका अकुशल कर्म भन्नाले :-

१. प्रेमको वशमा परेर ।

२. क्रोधको वशमा परेर ।

३. भय वा डरको कारणले ।

४. मोह वा अज्ञानताको कारणले ।

यी चार स्वभावको वशमा परेर खराब (पाप) कर्म गर्ने मान्छे कृष्ण पक्षको चन्द्रमा जस्तै क्रमशः क्षीण हुँदै गएर उसको विनाश भएर जान्छ । त्यस कारण असल मान्छे भएर यस्ता चार प्रकारका अकुशल कर्मको वशमा परेर कर्म गर्नु हुँदैन ।

सम्पत्ति विनाश हुने ६ वटा कारणहरु

१. जाँड, रक्सी, चुरोट आदि अम्मल पदार्थको सेवन गर्नु ।

२. कुबेलामा घुम्न जानु ।

३. नाच, गाना, तमासामा धेरै भुल्नु ।

४. तास, जुवा, पासा आदि खेल्नु ।

५. खराब व्यक्तिहरुको संगतमा पर्नु ।

६. अल्छी हुनु ।

यी ६ प्रकारका कारणले सम्पत्ति नाश हुने भएकोले असल व्यक्तिहरुले यस्तो खराब आचरण त्याग गर्नु पर्दछ । असल मानिसहरु कहिले पनि यस्ता व्यक्तिहरुको संगतमा पर्दैनन् । भगवान् बुद्धले यस्ता १४ प्रकारका कार्यको व्याख्या गर्न भएर कस्तो व्यक्तिलाई असल साथी भन्दछ भनेर पनि व्याख्या गरिदिनु भएको छ ।

## चार प्रकारका अमित्रहरु

१. अर्काको चीज, वस्तु भने लिने इच्छा गर्ने, तर आफ्नो भने कसैलाई केही नदिने ।

२. कुराले मात्र ठिक्क पार्ने, कामले केही नगर्ने ।

३. मुख अगाडि प्रशंसा गर्ने, अनुहार पछाडि निन्दा गर्ने ।



https://dhamma.digital

४. खराब काममा मात्र सहयोग गर्ने र सल्लाह दिने ।

यस्ता चार प्रकारका मित्र भएपनि खराब मित्र भनी त्यस्ताको संगत नगरी त्याग गर्नु पर्दछ ।

## चार प्रकारका सत्मित्र

१. आफूलाई उपकार र सहयोग गर्ने मित्र ।

२. सुख वा दुःखमा पनि साथ दिने मित्र ।

३. धन सम्पत्ति, पढाइ र ज्ञानगुण वृद्धि हुने कुरामा सल्लाह दिने मित्र ।

४. दया, करुणा र माया गर्ने मित्र ।

यस्ता चार प्रकारका साथीहरुलाई अरल चित्त भएको कल्याणकारी मित्र भनी सम्पर्क राख्ने, संगत गर्ने र सेवा पनि गर्ने गर्नु पर्दछ ।

माथि उल्लेखित त्याग गर्नु पर्ने चौध प्रकारका काम, चार प्रकारका कुमित्रहरुलाई त्याग गरी, चार प्रकारका सत् मित्रहरुको मात्र संगत गरेर आफ्नो जीवन शुद्ध गरेर ६ दिशाको स्वरुप हुनु भएका व्यक्तिहरुबाट आउने भयलाई हटाएर वहाँहरुबाट प्राप्त हुने यशकीर्तिलाई संग्राह गर्नुपर्दछ ।

६ वटा दिशा सम्बन्धमा पनि भगवान् बुद्धले स्पष्ट व्याख्या गर्नु भएको छ ।

१. पूर्व दिशा - आमाबुवा (लोकमा पहिले जन्म/छोराछोरीको पहिले उपकार गर्ने ।

२. दक्षिण दिशा - आचार्य गुरुवर्गहरु ।

३. पश्चिम दिशा - हितैषी मित्र ।

४. उत्तर दिशा - हितैषी मित्र ।

५. तल दिशा - नोकर, चाकर र सहयोगीहरु ।

६. माथि दिशा - श्रवण, ब्राम्हण र गुरु ।

## छोरा छोरीको कर्तव्य :–

आमाबाबुको सेवा गर्नु, मद्दत गर्नु, आफ्नो कुल, वंश स्थीर गर्नु, आफ्नो भएको सम्पत्ति सबैको सहमतिमा बाँडी चुँडी लिनु र मातापिताको मृत्यु भएपछि दानपुण्य गर्नु छोराछोरीको कर्तव्य हो ।



https://dhamma.digital

## आमाबाबुको कर्तव्य :–

छोराछोरी खराब आचारणमा लागेको छ भने त्यसलाई रोक्नु, असल कार्यमा लगाउनु, आफूसँग भएको सीप सिकाउनुको साथै नयाँ नयाँ सीप सिकाउनु, उमेर भएका सन्तानको वैवाहिक जीवन बसाई दिनु साथै आवश्यक भएको बेला खर्च दिनु पनि आमाबाबुको कर्तव्य हो ।

## शिष्यको कर्तव्य :–

गुरुहरुलाई आदर, गौरव राख्नु, गुरुहरुको सेवा कार्य गर्नु, राम्ररी अध्ययन गर्नु, असल चरित्रवान् हुनु, सत्कारपूर्वक शिल्प विद्या सिक्नु विद्यार्थीको कर्तव्य हो ।

## आचार्य (गुरु) को कर्तय :–

सुशिक्षित हुने गरी शिक्षा दिनु, पढाएको कुरालाई राम्ररी बुझाई दिनु, विद्यार्थीहरुको गुणको असल गुणको प्रशंसा गर्नु र बाहिरी भयलाई रोक्नु गुरुको कर्तव्य हो ।

## श्रीमान्को कर्तव्य :–

वैवाहिक जीवन बिताई सकेपछि आफ्ना श्रीमतीलाई सम्मान पूर्ण व्यवहार गरेर खुसी र सुखी साथ राख्ने, अपमान नगर्ने, परस्त्रीसँग खराब सम्बन्ध नराख्ने, आफुसँग भएको सम्पत्ति विश्वास गरेर सुम्पने र क्षमता अनुसार आवश्यक वस्तुहरुको व्यवस्था गरी दिने ।

## श्रीमतीको कर्तव्य :–

ठीक समयमा आफूले गर्नुपर्ने कर्तव्य पूरा गर्ने, इष्ट मित्र र बन्धुहरु बढाउने, पतिव्रता धर्म पालना गर्ने, श्रीमान् र आफूले समेत कमाएको सम्पत्तिको रक्षा गर्ने र घरको काम समेत अल्छी नभई सम्पन्न गर्नु श्रीमतीको कर्तव्य हो ।

## कुलपुत्रले गर्नु पर्ने कर्तव्य :–

दान, त्याग गरेर सेवा गर्नु, प्रिय बचन बोल्नु, सबैको हित र सुख वृद्धि



https://dhamma.digital

हुने काम गर्नु, सत्य बचन बोल्नु र सबैलाई आफू समान देखी सोही अनुसार व्यवहार गर्नु कुलपुत्रको कर्तव्य हो ।

## मित्रको कर्तव्य :-

साथीहरु अस्वस्थ, बिरामी, दुःखमा परेको बेला सहयोग गर्ने, आपत, बिपदमा परी शरणमा आउदाँ हेला नगर्ने, मित्रका साथी संगतीहरुसँग उचित व्यवहार गर्नु मित्रको कर्तव्य हो ।

## मालिकको कर्तव्य :-

समस्यामा परी आफ्नो शरणमा आउनेलाई बुद्धि र बल अनुसारको काम दिने, उचित पारिश्रमिक दिने, अस्वस्थको बेला आरम दिने तथा औषधी उपचार गरी दिनु मालिकको कारिन्दाहरुप्रतिको कर्तव्य हो ।

## नोकरको कर्तव्य :-

अर्काको घरमा र कार्यालयमा काम गर्दा आफ्नै घरको जस्तो सम्झेर काम गर्नु पर्दछ । बेलामा सुत्ने, सबेरै उठ्ने, दिएको चिज मात्र लिने, दिएको जिम्मेवारी र कर्तव्यपूर्ण रुपमा पालना गर्ने, मालिकको प्रशंसा गर्नु र हित चिताउनु कारिन्दाको कर्तव्य हो ।

## श्रवणहरुलाई गर्नु पर्ने कर्तव्य :-

मैत्रीपूर्वक, होसपूर्वक काम गर्ने, मैत्रीपूर्वक बोल्ने, मैत्री चित्त राख्ने, श्रवणहरुको लागि सँधै घरको द्वार खुल्ला गरेर राख्ने, खान, पिउन र आवश्यक वस्तु प्रदान गरेर सेवा गर्ने ।

## श्रवणहरुको कर्तव्य :-

अरुलाई पाप कर्म गर्नबाट रोक्ने, असल कार्यमा लगाउने, सुन्न नपाएका उपदेशहरु, ज्ञान गुणका कुराहरु सुनाउने, असल बाटो देखाउने र दया करुणा राख्नु श्रवणको कर्तव्य हो ।

उपरोक्त अनुसार ६ वटा दिशा समान भएका आमा, बुबा, गुरु, श्रीमती, बालबच्चा, कल्याण मित्र, नोकर चाकर श्रवणहरुबाट एक आपसमा कुनै



https://dhamma.digital

निन्दा भय, अपमान नगरी कर्तव्य पालन गर्नु नै ६ वटा दिशालाई नमस्कार गर्नु हो भन्ने ज्ञान गृहस्थहरुले पालना गर्नु पर्दछ। यो नै गार्हस्थय धर्म हो। यस प्रकार भगवान् बुद्धले 'गृह विनय' पुस्तकमा सिंयाल पुत्रलाई दिनु भएको उपदेश सम्बन्धी ज्ञानलाई मनन गरेर हामी सबैले आफ्नो जीवनलाई सफल बनाउन सक्नु पर्दछ।

भवतु सब्ब मङ्गलम्।

साधु !!! साधु !!! साधु !!! (सामूहिक)

## विवाह मङ्गल कार्य विधि (छोरीचेलीको विवाह)

(छोराको विवाह कार्यमा आवश्यक विधि मात्र प्रयोग गर्ने)

शुभ विवाह कार्य सम्पन्न गर्नको लागि पूजा स्थलमा बुद्ध प्रतिमा वा चैत्य प्रतिस्थापन गरी पूजा सामग्री सहित सजाएर राख्नु पर्दछ।

१. जन्ती आउँदा सबै जना आफ्नो स्थानबाट उठी स्वागत गर्ने।

२. दुलाहालाई स्वागत गरी भित्राई सबैलाई आशन ग्रहण गराउने।

३. दुलहीलाई धर्म हलमा ल्याईसकेपछि दुलाहा, दुलही दुबैलाई दीप प्रज्वलन गर्न लगाई भगवान् बुद्धको प्रतिमा अगाडि फूल धूप चढाई वन्दना गर्न लगाउने।

कार्यक्रम संञ्चालकाबाट स्वागत मन्तव्य सहित कार्यक्रमबारे जानकारी दिई सुचारु गर्नु पर्दछ।

४. शील ग्रहण :- दुलाहा, दुलही सहित सकल उपस्थित व्यक्तिहरुबाट सामूहिक

क) शील प्रार्थना।

ख) बुद्ध पूजा।

ग) परित्राण - आव्हान सूत्र, मंगल सूत्र, मैत्री सूत्र, अष्ट जयमङ्गल गाथा, महाजयमङ्गल सूत्र पाठ।

- पुञ्यानुमोदन,
- परित्राण सूत्र



https://dhamma.digital

- जल वितरण ।

- दुलाहा, दुलहीलाई मान्यजनबाट परित्राण धागो बाँधी दिने ।

## ४. विवाह मङ्गल कार्य विधि (छोरी)

### क. कन्याको आमाबुवाको तर्फबात कन्यादान गर्ने (आमाबुबाको तर्फबाट शुभेच्छा बचन भन्न लगाउने)

बुद्ध, धर्म र संघ सहित त्रिरत्नको पवित्र अनुस्मरणको भावना राखी उपस्थित हुनु भएका समूहलाई साछी राखेर मेरो छोरी ........................................................ लाई हजुरहरुको बुहारीको रुपमा प्रदान गर्दैछु । आजदेखि मेरी छोरीको सुखदुःख अनि आमाबुबा समान भएर स्याहार र संरक्षण दिने उत्तरदायित्व हजुरहरुलाइ हस्तान्तरण गर्दैछु । हामीलाई आशा मात्र होइन विश्वास समेत छ कि हाम्रो यो सम्बन्ध सुमधुर अनि दुई परिवार बिच सुख समृद्धिको बलियो कडी साबित हुनेछ ।

साधु !!! साधु !!! साधु !!! (सामूहिक)

### ख. दुलाहाको आमाबुबाको तर्फबाट अनुमोदन (आमाबुबालाई बचन दिन लगाउने)

बुद्ध, धर्म र संघ त्रिरत्नको पवित्र अनुस्मरण भावना गरी उपस्थित हुनु भउका समूहलाई साक्षी राखेर हजुरहरुले सुम्पनु भएको उत्तरदायित्वलाई हमीले सहर्ष स्वीकारेका छौं । त्यस्तै बचन दिन चाहान्छु कि हाम्री दुलहीको सुख, संरक्षणमा पूरा ध्यान दिएर ख्याल राख्नेछौं । हामीलाई पनि आशा एवं विश्वास छ कि हाम्रो यो सम्बन्ध सुमधुर अनि दुई परिवार बिचको सुख समृद्धि बृद्धि हुने कडी हुनेछ ।

साधु !!! साधु !!! साधु !!! (सामूहिक)

### १. दुलाहाको तर्फबाट प्रतिज्ञा बचन पढेर सुनाउने

त्रिरत्न शरणको पवित्र गुणको अनुस्मरण सहित भावना गर्दै उपस्थित हुनु भएका समूहहरुलाई साक्षी राख्दै म स्वयं आफूले सुश्री ................................................ लाई श्रीमतीको रुपमा सहर्ष ग्रहण गर्दैछु । अनि

यस सुकन्यालाई जीवन साथी श्रीमतीको रुपमा स्वीकार गर्दै आजीवन यिनै कन्यासँग जीवन बिताउने प्रतिज्ञा गर्दछु ।

साधु !!! साधु !!! साधु !!!

## दुलाहाले गर्नु पर्ने प्रतिज्ञा

त्रिरत्नको पवित्र अनुस्मरण र भाविता गर्दै उपस्थित हुनु भएका समूहलाई साक्षी राख्दै म यो प्रतिज्ञा गर्दछु ।

क) म आफ्नो जीवन साथीलाई सम्मान गर्नेछु ।

ख) म आफ्नो जीवन साथीको अपमान नगर्ने प्रतिज्ञा गर्दछु ।

ग) श्रीमतीको विश्वासिलो भई रहने प्रतिज्ञा गर्दछु । म खराब आचरण गर्ने छैन ।

घ) म आफ्नी श्रीमतीलाई असल आजीविकाद्वारा आर्जित सम्पत्ति सुम्पी सन्तुष्ट बनाई राख्ने प्रतिज्ञा गर्दछु ।

ङ) म आफ्नी श्रीमतीलाई समाजमा सुहाउँदो व्यवहार गरी राख्ने प्रतिज्ञा गर्दछु । यसरी यी ५ वटा प्रतिज्ञालाई राम्ररी पूरा गर्ने वाचा गर्दछु ।

# २. दुलहीको तर्फबाट प्रतिज्ञा बचन भन्न लगाउने :–

त्रिरत्नको पवित्र अनुस्मरणसँगै उपस्थित हुनु भएका परिषद्हरुलाई साक्षी राख्दै आफूलाई श्री .................................................. को जीवन साथी श्रीमतीको रुपमा अर्पण गर्दछु । यसरी वहाँलाई पतिको रुपमा स्वीकार्दै आजीवन वहाँसंग जीवन व्यतीत गर्ने प्रण गर्दछु ।

साधु !!! साधु !!! साधु !!!

## दुलहीबाट गरिने प्रतिज्ञा

त्रिरत्नको पवित्र अनुस्मरण र भाविता गर्दै उपस्थित हुनु भएका परिषद् हरुलाई साक्षी राख्दै म यो प्रण गर्दछु -

क) म आफ्नो घरका सम्पूर्ण कार्यहरु राम्ररी सम्पन्न गर्नेछु ।

ख) म छरछिमेकी र परिवारका सम्पूर्ण सदस्यहरुको राम्ररी हेरविचार गर्नेछु ।



https://dhamma.digital

ग) म अतिचारिणी नभै श्रीमान्‌को विश्वासिलो हुनेछु ।

घ) म आफ्नो श्रीमान्‌ले असल आजीविकाद्वारा कमाएर ल्याएको सम्पत्तिको समेत रक्षा गर्नेछु ।

ङ) आफ्नो घरको साथै बाहिरको सम्पूर्ण कार्य दक्ष र निपुण भई अल्छी नगरी सम्पन्न गर्नेछु ।

## ३. प्रतिज्ञा बचन कार्य सम्पन्न भै सकेपछि –

दुलाहा दुलही दुबै जना उठेर दुलहीले दुलाहालाई ३ पटक परिक्रमा गरी फूलमाला पहिऱ्याई दिने र दुलाहाले दुलहीलाई माला वा व्यवस्था भए अनुसार गहना लगाई दिनु पर्दछ ।

(सब्बे बुद्धा बल पच्चा पच्चेकानञ्च यं बलं ................ पाठ गर्ने ।

## ४. संक्षिप्त धर्म देशना :–

बुद्ध कालीन घटना अनुसार अनाथ पिण्डिक महाजनले आफ्नो छोरी चूल सुभद्रालाई आफ्ना मित्र उग्गसेंठका छोरासँग विवाह हुने निश्चित भएपछि आफ्नो छोरी चूल सुभद्रालाई आफ्ना मित्र उग्गसेंठका छोरासँग विवाह हुने निश्चित भएपछि आफ्नी छोरीलाई कन्यादान दिएको दिन दिनु भएको उपदेश आज पनि त्यत्तिकै सान्दर्भिक भएकोले छोटकरीमा यहाँ उल्लेख गरिन्छ ।

गृहिणी भएर बस्ने महिलाले -

१) घरको आगो बाहिर दिनु हुँदैन ।

२) बाहिरको आगो घर भित्र ल्याउनु हुँदैन ।

३) दिनेलाई मात्र दिनु पर्दछ ।

४) नदिनेलाई दिनु हुँदैन ।

५) दिनेलाई पनि नदिनेलाई पनि दिनु पर्दछ ।

६) राम्ररी बस्नु पर्दछ ।

७) राम्ररी खानु पर्दछ ।

८) राम्ररी सुत्नु पर्दछ ।



https://dhamma.digital

९) अग्नि सत्कार गर्नु पर्दछ ।

१०. अभ्यन्तर देवताहरुलाई सम्मान गर्नु पर्दछ ।

१) घरको आगो बाहिर दिनु हुँदैन भन्नुको मतलब साँच्चै चुलो अथवा मकलको आगो बाहिर लानु हुँदैन भनेको होइन । यसको मतलब हो घर परिवारको कुनै पनि गुण, दोषका कुराहरुलाई बाहिरको मानिसहरुसँग नगर्नु भनेको हो । यसले कलहको बिउ उत्पन्न गराई आगोले झैं घरलाई भस्मिभूत पारि दिन सक्छ ।

२) त्यसै गरी बाहिरको आगो घरभित्र ल्याउनु हुँदैन भन्नुको अर्थ हो बाहिरका कुनै विश्वासिलो व्यक्तिले कसैलाई नसुनाउनु भनी सुनाएका उनीहरुको कलहका कुराहरु घरमा सुनाउनु वा गर्नु हुँदैन त्यसले उनीहरुको घरमा कलह पुऱ्याई गृहस्थी जीवन ध्वस्त पार्न सक्दछ ।

३) दिनेलाई मात्र दिनु पर्दछ भनेको मतलब पैंचो लिएर गएपछि पुनः फर्काउनेलाई मात्र दिनु योग्य हुन्छ भनेको हो ।

४) नदिनेलाई दिनु हुन्न भन्नुको अर्थ हो पैंचो लिएर फेरि फर्काइ नदिने वा गरेको सहयोगको मतलब वा प्रतिक्रिया नजनाउनेलाई दिनु उचित छैन भनेको हो ।

५) दिनेलाई पनि नदिनेलाई पनि दिनु पर्दछ भन्नाले कुनै गरिब गुरुवा अथवा श्रमण, ब्राम्हण भिक्षु तथा ञाति बन्धुहरुलाई आफ्नो गच्छे अनुसार उनीहरुबाट कुनै फलको आशा नगरी दान वा सहयोग गर्नु पर्दछ ।

६) राम्ररी बस्नु पर्दछ भनेको अर्थ हो आफ्ना सासू, ससुरा, पति वा आफ्ना आदरणीय व्यक्तिहरु उठ्दा वा बस्दा वहाँहरुको अनुसरण गर्नु पर्दछ ।

७) राम्ररी खानु पर्दछ भन्नुको मतलब सासु, ससुरा, पति वा आफूले मान्नु पर्ने व्यक्तिलाई खुवाई सकेपछि मात्र आफूले खाने गर्नु पर्दछ वा सँगै खाएको छ भने मान्नु पर्ने व्यक्ति खाइसकेर उठेपछि मात्र आफू उठ्नु पर्दछ । समय अनुसार काममा जानु पर्ने दुलहीले भए अनुमति लिएर अगाडि पनि खान सकिन्छ ।

८) राम्ररी सुत्नु पर्दछ भन्नुको अर्थ हो आदरणीय व्यक्तिहरु सबै सुति सकेपछि मात्रै आफू सुत्नु पर्दछ भनेको हो ।



https://dhamma.digital

९) अग्नि सत्कार गर्नु पर्दछ भनेको मतलब सासु, ससुरा तथा आफ्नो स्वामीलाई अग्निको ज्वाला तथा नागराज समान सम्झी आदर गर्नु पर्दछ । अन्यथा आगोको ज्वाला तथा नागराजलाई छुँदा अनर्थ भएझैं यिनीहरु उपर अनादर गऱ्यो भने अनर्थ हुन्छ तथा पाप लाग्दछ ।

१०) अभ्यन्तर देवताहरुलाई नमस्कार गर्नु पर्दछ भनेको अर्थ हो सासू, ससुरा तथा आफ्ना स्वामीलाई देवता समान ठानी आदर सत्कार गरी बस्नु पर्दछ भनेको हो । यस प्रकारको आदर्श नारी भएको घर कलह बिनाको शान्ति र सुखमय आदर्श परिवार रहनेमा कुनै सन्देह रहने छैन ।

यस पछि घरपरिवारका बाँकि सबैलाई सुपाडी प्रदान गरिने कार्य सम्पन्न गरिन्छ ।

दुलाहा दुलहीलाई पाहाँ (बिदाइ भोज) गराइन्छ । उता जन्तीलाई मसला वितरण गर्ने कार्य, जलपान कार्य सम्पन्न भैसकेको हुनु पर्दछ ।

## त्यसपछि दुलही अन्माउने कार्य – कन्यादान

दुलाहाको हात माथिबाट दुलहीको हात राख्न लगाएर दुलहीको अभिभावकले कलशले पानी राख्न लगाइन्छ । तल एउटा भाँडामा पानी थापी राखिएको हुन्छ । दुलहीको हातमा खन्याएको पानी दुलाहाको हातमा परी थापेको भाँडामा पर्दछ । त्यसबेला सबैले पाठ गर्नु पर्दछ -

भवतु सब्व मङ्गलं रक्खन्तु सब्ब देवता
सब्ब बुद्धानुभावेन सदा सोत्थी भवन्तु ते ॥
भवतु सब्व मङ्गलं रक्खन्तु सब्ब देवता
सब्ब धम्मानुभावेन सदा सोत्थी भवन्तु ते ॥
भवतु सब्व मङ्गल सक्खन्तु सब्ब देवता
सब्ब संघानुभावेन सदा सोत्थी भवन्तु ते ॥
इच्छितं पथितं तुम्हयं खिप्पमेवं समिज्झतु ।
सका पुरेन्तु चित्तं सङ्कापा चन्दो पन्नरसो यथा ॥

जन्ती बिदाइ पछि शुभ-विवाह कार्य सम्पन्न हुन्छ ।



https://dhamma.digital

## ५. वृद्ध पास्नी (जंकु)

हामी बौद्धहरुको विभिन्न उमेरमा बिभिन्न संस्कारका कार्यहरु सम्पन्न गर्ने गराउने चलन एवं परम्परा रही आए अनुसार आफ्नो उमेर ७७ वर्ष ७ महिना ७ दिन पूरा भएको दिन जंकु वा भीमरथारोहण गर्ने प्रचलन रहँदै आएको छ ।

वृद्ध जन्कु गरिने एकदिन अगाडि नजिकको परिवार सहयोगी समेतलाइ बोलाई भोलिपल्टको कार्यक्रमबारे सरसल्लाह गरिने चलन छ । उक्त दिन समुपस्थित व्यक्तिहरुबाट पञ्चशील प्रार्थना, गिलान पूजा र इच्छानुसार ज्ञानमाला भजन वा दाफा भजन वा दाफा भजन समेत गरी उक्त दिनको कार्यक्रम (धुसः) सम्पन्न गरिनेछ ।

भीमरथारोहणको दिन आफन्त र परिवारका सदस्यहरुका साथै स्वेच्छानुसार समाजका सदस्यहरु समेतको समुपस्थितिमा बुद्ध प्रतिमा सहित पूजाका सामग्रीहरु सजाएर राखेको स्थलमा सबै जना समुपस्थित भई समारोह शुभारम्भ गरिन्छ ।

सुरुमा आजु, अजी (भीमरथारोहण गर्ने व्यक्ति) लाई बुद्ध प्रतिमाको बायाँ पट्टि सजाएर राखिएको रथमा आरोहण गराइन्छ । धुप, दिप बालिन्छ । सम्पूर्ण उपस्थित समूहबाट सामूहिक "भवतु सब्ब मङ्गलम् रखखन्तु सब्ब देवता, सब्ब बुद्धानुभावेन सदा सुखी भवन्तु ते" पाठ गर्ने । (उपस्थित सबैबाट सामूहिक पञ्चशील प्रार्थना गरी त्रिरत्न सहित बुद्ध) परित्राण पाठ (आव्हान सुत्त, मंगल सुत्त, मेत्त सुत्त, पुब्बाण्ह सुत्त, जयमङ्गल गाथा, महाजयमङ्गल गाथा र पुण्यानुमोदन साथ पूजाको कार्यक्रम समाप्त हुनेछ ।

परिवारका क्रमशः सानो उमेर क्रमदेखि हात, गोडा धुवाउने कार्य साथै आजु, अजीबाट आशीर्वाद प्रदान फेत्ता बाँध्ने कार्य हुनेछ । सो कार्य सम्पन्न भैसकेपछि रथयात्रा कार्य शुभारम्भ हुनेछ । रथ प्रायः नातिहरुले बोक्ने चलन छ । रथयात्राको उपलब्ध भएमा वा स्वेच्छाले बाजा, गाजा सहित शोभा यात्रा गरी खुसीयाली मनाउन सकिनेछ । शोभायात्रा सम्पन्न भै फर्केपछि मूलद्वारको दायाँ, बायाँ पानसमा दीप बाली स्वागत गरिन्छ । घर भित्र प्रवेश गराएर अशन ग्रहण गराइन्छ । परिवार जनसहित उपस्थित सकल बन्धु बान्धवहरुबाट शुद्ध मिठाई, दही, फलफूलको सगुन उपहार प्रदान गरी, शुभ कामना आदान प्रदान गरी शुद्ध शाकाहारी भोजन ग्रहण गरी शुभ कार्य



https://dhamma.digital

सु-सम्पन्न गरिन्छ ।

दोश्रो बुद्ध जंकु - देव रथारोहण स्थान र जाति अनुसार फरक उमेरमा गरिएको विभिन्न पुस्तकरुमा उल्लेख गरिएको पाइए अनुसार ८१ वर्ष १ महिना १ दिन अथवा ८२ वर्षमा गरिने चलन छ भने तेस्रो जंकु महारथारोहण ८८ वर्ष ८ महिना ८ दिन र ९२ वर्षमा पनि गरिने चलन छ । जे होस् बृद्ध भएर शारीरिक अस्वस्थताको कारणबाट हुने रोगलाई परिवार तथा आफन्तजनलाई कठिनाइ र समस्या हुने भए तापनि आफ्ना आदरणीय व्यक्तित्वप्रति गर्नु पर्ने कर्तव्य बोध गराउने उद्देश्यले गरिराखेका यी महत्वपूर्ण संस्कारहरु हुन् भन्ने भावनालाई महसुस गर्नु हामी मानव मात्रको प्रमुख दायित्व हो । प्रथम पटकको जन्कुमा गरिए अनुसार नै समाजका सदस्य वा आफन्त जनको समुपस्थितिमा वा समय र परिस्थितिलाई ख्याल राखेर परिवारजनको मात्र समुपस्थितिमा पनि सोही विधि अनुसार शुद्ध बौद्ध परम्परा र आचरण अनुसार शाकाहारी भोज गरी सम्पन्न गर्न सकिन्छ ।

## ६. मृत्यु संस्कार विधि

समाजका कुनै पनि सदस्यहरुको घर परिवारमा कसैको मृत्यु भएको अवस्थामा मृत्यु शैयाबाट उचाली शुद्ध गरी पुछेको भुईंमा शुद्ध कपडामा सुताई सेतो कपडाले ढाकी सियो छातीमा राखी दिनु पर्दछ । लासको सिरान पट्टि र पाउ पट्टि दीयो बाली राख्नु पर्दछ । नातेदार एवं समाजका पदाधिकारी सदस्यहरुलाई खबर गरी सकेपछि समाजका (सदस्यहरुले पनि सबैलाई जानकारी गराई) सबै जना यथाशिघ्र छिटो उपस्थित हुनु पर्दछ । निर्धारित म्हेताहरुले पनि आफ्नो कर्तव्य सम्झी लास उठाउने प्रारम्भिक कार्य सुरु गर्नु पर्नेछ ।

मृत्यु संस्कार सम्पन्न गर्नको लागि आवश्यक सामग्रीहरु (सेतो कपडा तीन मिटर, पिताम्बर, धूप, अबिर, लाभा, धान, खुद्रा पैसा, चामल, फूल, कपुर, श्रीखण्ड, सियो, कौडा रिट्ठा २ वटा, चिना, माटोको गाप्चा सानो र ठूलो २ वटा खटको लागि हरियो बाँस, काँचो धागो) व्यवस्था गर्नु पर्दछ ।

मृतकको लुगा फेरी दिने, मुख धुवाई तेल अबिर लगाई दिने, चिना निधारमा बाँधि दिने । (थलाय् कुलाय् गर्ने)

(उपस्थित सबैले सामूहिक परित्राण पाठ गर्ने)

पिः ख्वय्‌गु, छ्वासः वाय्‌गु गर्ने (अवस्था अनुसार यी सम्पूर्ण कार्य घाटमा पनि गर्न सकिन्छ)।

खटमा राखिएको लासलाई आँगनमा राखी घाटमा नजाने परिवारजनहरुबाट फूल, लाभा, अबिर, खुद्रा पैसा चढाई ३ पल्ट परिक्रमा गरी अन्तिम बिदाइ स्वरुप श्रद्धाञ्जली चढाइन्छ ।

सबैजनाबाट सामूहिक पाठ - अनिच्चावत सन्नारा उप्पादव्य धम्मिनो - पाठ गर्दै लास घाटमा लगिन्छ । निर्धारित व्यक्तिहरु पहिला नै घाट गई चिताको व्यवस्था गरी राख्नु पर्दछ ।

लास घाटमा पुऱ्याई सकेपछि पुनः मरणानुस्मृति पाठ गरिन्छ । लासलाई चितामा राखी सकेपछि म्हेथाहरुद्वारा लासलाई जल खुवाउने । आफन्तहरुबाट पनि ३ पल्ट जल खुवाउँदै परिक्रमा गरिन्छ। अन्तमा (सन्तानहरुले सामूहिक, आफन्त सन्तान कोही नभएको अवस्थामा समाज सामूहिक) दागबत्ती दिने कार्य हुन्छ ।

लास जलाउने कार्य सम्पन्न भइसकेपछि पानी ल्याई आगो निभाई उक्त स्थानमा मानव आकृति बनाई, पुण्यानुमोदन, पूजा गरी पानी ल्याई सेलाई दिने र बालुवाको चैत्यको आकृति बनाई पूजा गरी धुप बाली छोडेर नुहाई घर फर्कन्छन् ।

मलामीहरु घर फर्केपछि प्रवेशद्वारमा ईःका, पःका, च्वकाबजीले ३ पटक परिशुद्ध गरी आगोमा हाली फलाम (चाबी) छुवाई अदुवाको बास्ना सुँघ्न लगाई हात पखाली घर भित्राउने ।

आएका मलामीहरुलाई आफन्त चेलीबेटीहरुले ल्याएको कौला, बजी (चिउरा, नुन, अदुवा, चिनी वा फलफूल) खान दिइन्छ ।

भोलिपल्ट देखि हरेक दिन बिहान सातौं दिनसम्म समाजका सदस्यहरु उपस्थित भई परित्राण पाठ गर्नेछन् । आवश्यकतानुसार बेलुकी पालै पालो सुत्ने व्यवस्था पनि गर्न सक्नेछन् ।

६ दिनसम्म चेलीबेटीहरुबाट मृतकको नाममा प्रत्येक दिन बिहान कौला राख्ने चलन छ । कौला भन्नाले - चिउरा, फलफूल, मिठाई, दूध आदि ।

पाँचौ दिनमा चेलीबेटी, आफन्त र समाजका सदस्यहरु फलफूल लिएर बिचाः जाने चलन छ। छैठौं दिनमा आफ्ना दाजुभाइहरुलाई चेलीबेटीहरुबाट



https://dhamma.digital

सुर्यास्त अगाडि लोचा खुवाउने चलन छ।

सातौं दिनमा सबैजना उपस्थित भई नुवाइ धुवाइ गरी, घर लिपी, चोख्याई परिशुद्ध गर्ने चलन छ।

उक्त दिन कार्यक्रम संचालकद्वारा उपस्थित हुनाको कारण सहित कार्यक्रम संचालन गरिन्छ।

पञ्चशील प्रार्थना, त्रिरत्न वन्दना सहित बुद्ध पूजा, परित्राण पाठ (क) आव्हान सुत्त (ख) मेत्त सुत्त (ग) रतन सुत्त (घ) पुब्बण्ह सुत्त (ङ) मरणानुस्मृति (च) पुण्यानुमोदन।

जल छर्की घर चोख्याउने, परित्राणको धागो बाँधि दिने, पानी खुवाएका म्हेथा र दाजुभाइहरुले देवामा हात सेकाई शुद्ध हुने।

शुद्ध शाकाहारी भोज गर्ने।

तेह्रौं दिनकमा पनि सबैजना उपस्थित भई पञ्चशील, बुद्ध पूजा, परित्राण पाठ गरी परिशुद्ध हुने र शोक बार्ने परिवारजनहरुलाई समाजका थकाली आजु, अजीबाट बारेको तेल, टोपी फुकाई दिने।

शोक बार्ने सम्बन्धमा समय परिस्थिति र अनुकूलता हेरी १३ दिन, ६ महिना वा वर्ष दिनमा शोक फुकाउन सकिनेछ।

मृत्युपछि मृतकप्रति श्रद्धा र सेवा भक्ति भाव अभिव्यक्ति गर्नुभन्दा जीवित छँदा नै आफूले गर्नु पर्ने सेवा, श्रद्धा र कर्तव्यप्रति समर्पित भई लागी पर्न सजग हुनु पर्ने मानवोचित गुणलाई हृदयंगम गरिनु अनिवार्य छ।

यी सम्पूर्ण कार्य सम्पन्न गर्दा मंश, मदिरा पूर्ण रुपमा निषेध गरिएको छ।

## निष्कर्ष :–

यसरी हामी बौद्ध मार्गीहरुले हाम्रो बौद्ध संस्कार पद्धतिलाई आत्मसात गरी व्यवहारमा उतार्ने हो भने मात्र हाम्रो आफ्नो मौलिक संस्कारको पहिचान र स्थायित्व हुन सक्छ हाम्रो संस्कार हामीले नै बचाइ राख्नु पर्दछ तब भावी सन्ततिलाई मार्गदर्शन हुन सक्छ। समय परिस्थिति अनुसार संस्कार पद्धतिमा परिवर्तन भए तापनि हामीले हाम्रो मौलिक संस्कारलाई सकेसम्म जोगाई राख्नु हामी सबैको कर्तव्य हुन आउँछ।



https://dhamma.digital

# नेपालमा थेरवाद बौद्ध संस्कृति

## बुद्धपूजा

बुद्धलाई पूजागर्ने परम्परा नेपालमा धेरै अगाडीदेखि नै शुरूभएको थियो । पूजाको रूपमा विभिन्न देवदेवताहरूलाई फुल, अक्षता चढाई गरिने परम्परा जस्तै बुद्धको मूर्तिमा पनि जल, फूल, अक्षता, अबिरले मात्र पूजा गर्ने चलन थियो । तर बुद्धका विभिन्न गुणहरूको वाचनगरी व्यक्तिगत वा सामूहिक रूपमा बुद्धपूजागर्ने चलन थेरवाद बुद्धधर्मको पुनर्जागरण पछि मात्र शुरूवात भएको थियो । थेरवाद बुद्धधर्मको पुनर्जागरणको शुरूवातसंगसंगै पहिलो बौद्ध गतिविधिको रूपमा सामूहिक रूपमा बुद्धपूजाागर्ने चलनको थालनी भएको थियो । विहारमा दैनिक रूपमा बुद्धपूजा गर्ने परम्पराको अलावा विभिन्न टोल टोलमा बुद्धपूजा गर्ने परम्परालाई उपासक उपासिकाहरूले मनपराएको कारणले श्रद्धालुहरूको आयोजनामा भिक्षुसंघ र अनागारिका तथा उपासक उपासिकहरूलाई निमन्त्रणा गरी टोल टोलमा बुद्धपूजाको कार्यक्रम शुरूभएको थियो । यसरी बुद्धपूजाबाट थेरवाद बुद्धशासन अभिवृद्धि गर्न मद्दद्धत पुगेको थियो ।

टोल टोलमा बुद्धपूजा गर्ने चलनको शुरूवातट सन् १९६०बाट भएको थियो । बुद्धका विभिन्न ज्ञानहरूको भजन गर्ने ज्ञानमाला भजन खलः भन्ने संस्थाको स्थापना पश्चात विभिन्न ठाउँहरूमा भजनको कार्यक्रमसंगै बुद्धपूजाको चलन पनि शुभारम्भ भएको मानिन्छन् । त्यसकारण बुद्धपूजा र ज्ञानमालालाई एक अर्काको पूरकको रूपमा पनि लिने गरेको छ। बुद्धपूजाको प्रत्येक कार्यक्रममा शुरूमा ज्ञानमाला भजन गर्ने चलन अद्यापि हुँदै आईरहेको छ ।

पूजाको रूपमा विभिन्न देवदेवताहरू तथा बुद्धको मूर्तिमा फुल, अक्षता, अबिरले मात्र पूजा गर्न जान्ने बौद्ध समुदायबीच बुद्ध, धर्म र संघका २४ वटा गुणहरू बाचन गर्ने र पूजाका थालीहरूमा फूल, धूप, जल, खाद्यपदार्थ आदि विभिन्न सामाग्रीहरू राखी उपासक उपासिकाहरू चारैतिर क्रमबद्ध रूपमा एकअर्कालेे ती थालीहरू हस्तान्तरण गरी बुद्धमूर्ति भएको स्थानमा पुऱ्याउने कार्यले बुद्ध, धर्म र संघप्रति अझ बढी श्रद्धा अभिव्यक्त हुनजाने विश्वासले यस परम्पराको निरन्तरता हुँदै गयो र हालसम्म बुद्ध पूजाको



https://dhamma.digital

रूपमा यही परम्पराको निरन्तरता भईरहेको छ ।

सामान्यतः बुद्धपूजा दैनिकरूपमा विहारमा गरिने दैनिककार्य हो । विहारका भिक्षु तथा अनागारिकहरूले यो नित्यपूजाको रूपमा गरिन्छन् । तर दाताहरूको विशेष आग्रहमा उनीहरूका विभिन्न महत्वपूर्ण दिनहरूमा आफन्तहरूलाई समेत निमन्त्रण गरी बुद्धपूजा गर्ने चलन रहिआएको छ । त्यसरी गरिने बुद्धपूजाामा भिक्षुहरू, अनागारिकाहरू तथा उपासक उपासिकहरूलाई निमन्त्रण गरी क्रमबद्ध रूपमा विभिन्न गतिविधिहरू गरिन्छन् । उपासक उपासिकहरूहरू विशेषगरी विहानको समयमा शुरू गरिने बुद्धपूजाको कार्यक्रममा शुरूवातमा उपस्थिति सबैलाई जलपान, त्यसपछि चारैतिर उपासक उपासिकाहरू क्रमबद्ध उभिएर बुद्धको नौ गुण, धर्मको छ गुण तथा संघको नौ गुणहरू वाचन गरेर पूजाका विभिन्न सामाग्रीहरू भएको थाली वा किस्तिहरूलाई एकले अर्कालाई हस्तान्तरण गरी बुद्धमूर्ति भएको स्थानमा पुऱ्याउने कार्य हुन्छन् । यसलाई त्रिरत्नवन्दना भनिन्छ ।

त्रिरत्न वन्दनामा वाचन गरिने बुद्धका नौ, धर्मका छ तथा संघका नौ गुणहरू यसप्रकारका छन् -

## बुद्धका नौ गुणहरू:

अरहं,सम्मासम्बुद्धो, विज्जाचरण सम्पण्णो, सुगतो, लोकविदू, अनुत्तरो पुरिसदम्म सारथी, सत्था देवमनुस्सानं, बुद्धो, भगवा ।

## धर्मका छ गुणहरू :

स्वाक्खातो भगवता धम्मो, सन्दिट्ठिको, अकालिको, एहिपस्सिको, ओपनेय्यिको, पच्चतं वेदितब्बो विञ्ञूहि ।

## संघका नौ गुणहरू :

सुप्पटिपन्नो, उजुप्पटिपन्नो, ञायप्पटिपन्नो, सामीचिपटिपन्नो, यदिदं चत्तारी ....... आहुनेय्य, पाहुनेय्य, दक्खिनेय्य अञ्जलीकरणीय, अनुत्तरं पुञ्ञक्खेत्तं लोकस्स ।

यसरी बुद्ध, धर्म र संघका २४ वटा गुणहरू वाचन गर्दै सम्पन्न गर्ने त्रिरत्न वन्दना पश्चात सबै उपासक उपासिकहरू यथास्थानमा बसेर



https://dhamma.digital

पालि भाषाबाट कामना गर्ने कार्य शुरूवात हुन्छन् । यस अन्तर्गत बुद्धमूर्तिको अगाडी चढाईरहेका विभिन्न सामाग्रीहरूलाई वचनद्वारा अर्पण गर्ने हेतुले तलका विभिन्न गाथाहरू पाठ गर्छन । यसलाई विविध पूजा पनि भनिन्छ ।

विविध जल पूजा अन्तर्गत, जलअर्पण, खाद्यवस्तु अर्पण, भोजन अर्पण, ब्यञ्जन अर्पण, फलफूल अर्पण, औषधि अर्पण, सर्वत अर्पण, पुष्प अर्पण, धूप अर्पण तथा प्रदीप अर्पण गरिन्छ । त्यसपछि चैत्य वन्दना, क्षमा याचना, आशिका र पटिपत्ति पूजा र कामना गरिन्छन् ।

त्यसपछि उपस्थितहरू मध्ये ज्येष्ठ भिक्षुबाट पञ्चशील प्रदान, धर्मदेशना, पुण्यानुमोदन गरी बुद्धपूजाको कार्य सम्पन्न गरिन्छन् । अन्तमा सबै भिक्षुहरू, अनागारिकाहरूलाई श्रद्धाअनुसार गच्छेअनुसार दानप्रदान गरी भिक्षु तथा अनागारिकहरू र उपस्थिति उपासक उपासिकहरूमा भोजन गराउने चलन पनि रहेको छ ।

बुद्धपूजाको यस कार्यक्रमले उपस्थिति उपासक उपासिकहरूमा बुद्धधर्मप्रति श्रद्धा उत्पन्न गराउने, उपस्थिति सबैप्रति मंगल मैत्री अभिवृद्धि हुने, धर्मदेशनाको कारणले बुद्धका शिक्षाहरूको बारेमा जानकारी प्राप्त भै बौद्धिकता वृद्धि हुने, पंचशील पालन गर्नको लागि अभिप्रेरित गर्ने र बुद्धशासनको निरन्तरताको लागि महत्वपूर्ण योगदान हुनेदेखिन्छ । विभिन्न ठाउँहरूमा हुने बुद्धपूजाको निमन्त्रणामा जाँदा उपासक उपासिकहरूको भिक्षु तथा अनागारिकाहरूसंग सामिप्यता बढ्ने र विभिन्न ठाउँका उपासक उपासिकहरूबीच चिरपरिचित हुँदै मित्रता बढन जाने भई बुद्धशासन अभिवृद्धिमा महत्वपूर्ण योगदान हुने हुन्छ ।

बुद्धपूजा बौद्धहरूको एक महत्वपूर्ण परम्परा हो । यस परम्पराको शुरूवात बुद्धकालीन समयदेखिनै शुरू भएको उल्लेख गरिएको छ । राजा विम्बिसारले आफ्नो मित्र पक्कुसलाई लोकमा बुद्ध उत्पन्न भयो, धर्म उत्पन्न भयो तथा संघ उत्पन्न भयो भनेर बुद्ध, धर्म र संघका गुणहरूको प्रकाश गरी पत्र पठाएको कुरा उल्लेख छ । यसरी त्रिरत्नका २४ गुणहरूको वाचन गर्ने परम्परा कालान्तरमा बुद्धपूजाको रूपमा शुरू हुन गएको भन्न सकिन्छ ।

बुद्धपूजा भन्नाले कुनै व्यक्ति पूजा नभईकन गुणको पूजा हो । बुद्धमा भएका गुणहरू आफूमा पनि विकास गर्ने प्रेरणा प्राप्त गर्न, धर्मको स्वभाव थाहा पाउन तथा संघहरूप्रति कृतज्ञता जनाउने तवरले बुद्धपूजामा २४



https://dhamma.digital

वटा गुणहरूको वाचन गरिन्छन् । बुद्ध, धर्म र संघप्रति कृतज्ञता ज्ञापन गर्ने हिसाबले ती गुणहरू वाचन गर्ने परम्परा शुरू भएको हो । बुद्धले आफूलाई पूजा गर भनेको नभएता पनि उहाँको गुणको अनुस्मरण गर्दा पुण्य प्राप्त हुने कुरा अनुपिटकको एउटा ग्रन्थ मिलिन्द प्रश्नमा समेत उल्लेख गरेको छ ।

## अष्टपरिष्कार दान

भिक्षुसंघलाई आवश्यक आठवटा आधारभूत विषयहरूलाई अष्टपरिष्कार भनिन्छ । भिक्षु जीवनको लागि आवश्यक ती वस्तुहरूको दानलाई अष्टपरिष्कार दान भनिन्छ । एकजना गृहस्थ भिक्षु बन्नको लागि ती आठ परिष्कारहरूको व्यवस्थापन आवश्यक हुन्छ । ती आठवटा वस्तुहरू यसप्रकारका हुन् :

त्रिचीवर : यसमा संघाटी, उत्तरासंग र अन्तरवासक हुन्छन् ।

भिक्षापात्र, कपाल खौरने छुरी, सियो धागो, कायबन्धन, पानी छान्ने कपडा ।

यी वस्तुहरू संघलाई दान दिनुलाई अष्टपरिष्कार दान भनिन्छ । भिक्षु जीवनको लागि आधारभूत यी वस्तुहरू भिक्षुसंघलाई निमन्त्रणा गरी घरमा वा विहारमा दान दिन सकिन्छ ।

अष्टपरिष्कारको दानको समयमा आफन्त र परिवारलाई निमन्त्रणा गर्दा तिनिहरूपनि यस पुण्यबाट लाभान्वित हुन सक्ने भई उनीहरूले पनि यस्ता पुण्यकार्य गर्न प्रेरित हुनपुग्छन् र शासनलाई टेवा दिएको सरह हुनजान्छ । संघदान दिए जस्तै अष्टपरिष्कारको दानमा पनि बुद्ध, धर्म, संघको शरण पश्चात पंचशील लिइन्छ । त्यसपछि अष्टपरिष्कारको दान दिईन्छ । दान दिने बेलामा भिक्षुले उच्चारण गरेजस्तै यी वाक्यहरू उच्चारण गरिन्छन् ।

इमं भिक्खं अट्ठपरिक्खारं भिक्षु संघस्स देम । इदम्मे पुञ्ञं आसवक्खया वहं होतु । इदम्मे पुञ्ञं निब्बानस्स पच्चयो होतु, इदम्मे पुञ्ञं सब्बे सत्ता अनुमोदन्तु । अर्थात यी आठ वटा वस्तुहरू भिक्षुसंघलाई प्रदान गर्दछु । यस पुण्यको प्रभावले निर्वाण प्राप्तिको लाभ होस् । यो पुण्य सबै सत्व प्राणीहरुले अनुमोदन गरुन् । यस पुण्यको प्रभावले सबै प्राणीहरू सुखी होउन् । यसरी गाथा वाचन पछि दाताहरूबाट सबै वस्तुहरू एक एक गरी दान दिने कार्य सम्पन्न गरिन्छ । अन्तमा पुण्यानुमोदन पछि कार्यक्रम समापन हुन्छ । त्यस



https://dhamma.digital

पछि भोजन र आमन्त्रित सबैलाई पनि भोजन दान दिने चलन रहेको छ ।

## अष्ट परिष्कारको आनिसंस

अष्ट परिष्कारको उपलव्धताको कारणले बुद्धशासनको निरन्तरता हुने भएकोले यसका विभिन्न आनिशंसहरू उल्लेख भएको पाईन्छ ।

त्रिचीवरको दानले संसारमा विचरण गरून्जेलसम्म त्यस व्यक्तिमा कहिले पनि वस्त्रको अभाव नहुने हुन्छ । आवश्यक समयमा ऋतु अनुसारको वस्त्र सर्वसुलभ हुने हुन्छ ।

पिण्डपात्रको दानले संसार चक्रमा घुमुन्जेल कुनै वस्तुको अभाव नभई समृद्धिपूर्वक जीवन यापन गर्न सकिने हुन्छ ।

कपाल खौरने अस्तराको दानले प्रज्ञापुष्टि गर्न मद्धद्दत गर्दछ ।

सियो र धागोको दानले बौद्धिकता वृद्धि हुन्छ ।

कायवन्धन दानले दीर्घजीवि बन्न मद्धत गर्दछ । र

पानी छान्ने कपडाको दानले भयरहित र निरोगी जीवन जिउनको लागि आधार हुन्छ ।

यसरी मानिसहरूले जीवनमा एकपटक भएपनि अष्टपरिष्कार दान दिनु आवश्यक भएको कुरा बौद्ध साहित्यमा उल्लेख रहेको छ ।

Dhamma.Digital

## कथिनोत्सव (कथिन चीवर दान)

थेरवाद परम्पराको महत्वपूर्ण उत्सवको रूपमा कथिन चीवर दानको परम्परा पनि एक हो । नेपालमा थेरवाद बुद्धशासन पुनर्स्थापनापछि भएका विभिन्न बौद्ध गतिविधिहरूमध्ये बर्तमान अवस्थामा अत्याधिक लोकप्रिय उत्सवको रूपमा कथिनदान, कथिन चीवर दान वा कथिनोत्सवलाई लिन सकिन्छ । भिक्षुहरूको विनय अनुसार आषाढ पूर्णिमादेखि आश्विन पूर्णिमासम्म वर्षा हुने, बाटोमा हिलो हुने आदि एक ठाउँबाट अरू ठाउँमा विचरण गर्दा हुने विभिन्न असुविधाको कारणले तीन महिनासम्म कतै नगई विहार भित्रनै गुणधर्म पालन गर्ने र उपासक उपासिकाहरूलाई धर्मदेशनादि कार्यद्वारासंग्रह गर्ने कार्य गर्दछन् । तेस्रो महिनाको अन्तमा आश्विन पुर्णिमाको



https://dhamma.digital

दिन सबै भिक्षुहरू एकत्रित भएर पवारणा कार्य गर्दछन् । पवारणा कार्य समापन भएको एक महिना भित्र वा सकिमिला पूर्णिमा भित्रमा उपासक उपासिकाहरूबाट वर्षावास बस्नुभएका भिक्षुहरूलाई कृतज्ञता स्वरूप चीवर दान कार्य गर्दछन् । यसलाई नै कथिन चीवर दान भनिन्छ । त्यस दिन भिक्षुहरू, अनागारिका गुरूमाहरू, उपासक तथा उपासिकाहरूलाई निमन्त्रणा गरी मनाउने उत्सवलाई कथिनोत्सव भनिन्छ ।

वि.सं १९८० पछिको थेरवाद बुद्धशासन पुनर्जागरण पश्चात नेपालका उपासक उपासिकाहरू यस उत्सवसित परिचितहुने सौभाग्य प्राप्त भएको थियो । थेरवाद पुनर्जागरण पछि सबभन्दा पहिला कुन विहारमा कथिन दान भन्ने विषय स्पष्ट नभएतापनि उत्सवको रूपमा कथिन दानको शुरूवात शाक्यसिंह विहारबाट भएको थियो ।

यसरी आश्विन शुक्ल पूर्णिमा अथवा कतिंपुन्हीदेखि सकिमिला पुन्हीसम्म एक महिनाभित्र विभिन्न विहारहरूमा मनाउने यस पुण्यकार्यलाई बुद्धधर्मका अनुयायीहरूले दान दिने महिनाको रूपमा श्रद्धापूर्वक मनाउँदै आईरहेको छ । उपत्यकाका भिक्षु, अनागारिका, उपासक उपसिकाहरू यस महिनामा वेफुर्सति भई विभिन्न विहारहरूमा उपस्थिति भई दानादि पुण्यकार्यमा भाग लिने चलन भईरहेको छ ।

## कथिन चीवर दानको शुरूवात

कथिन चीवर दानको परम्परा भगवान बुद्धको जीवमानकालमै शुरूभएको थियो । एकपटक एक समूह भिक्षुहरू वर्षावास समापन पछि भगवान बुद्धलाई भेट्नको लागि आईरहँदा बेस्सरी पानी परेर सबै भिक्षुहरूको चीवर भिजेर निथ्रुक्क भएको थियो । भिक्षुहरू निथ्रुक्क भएको चीवरसहित बुद्धलाई भेटन पुगे । बुद्धले कुशलक्षेमको बारेमा सोध्दा उनीहरूले अरू त सबै ठीक छ तर भगवानलाई दर्शन गर्न आउँदाबाटोमा पानी परेकोले चीवर वस्त्रहरू सबै भिजेर असजिलो भएको कुरा बिन्ति गरे । भगवान बुद्धले समय परिस्थितिलाई बुझेर बर्षावास बस्ने भिक्षुहरूको लागि त्रिचीवर बाहेक एक चीवर जगेडाको रूपमा राख्न पाउने नियम बनाउनु भयो । यसरी बर्षावास बस्ने भिक्षुहरूको लागि चीवर दान दिने परम्परा शुरूवात भएको थियो । प्रत्येक विहारमा एक जोर मात्र दिन सकिने यस कथिन चीवर साँघिक रूपमा



https://dhamma.digital

दान दिन सकिने र भिक्षु संघले आवश्यक भिक्षुहरूलाई दिन सक्ने नियम प्रचलित हुन गयो ।

## कथिन चीवर दान किन नामाकरण भएको ?

यस उत्सवलाई कथिन चीवर दान भन्नुको कारण सामान्यत भिक्षुहरू तीन महिनासम्म वर्षावासमा बसेर गुणधर्म पालन गर्ने र उहाँहरूलाई प्रदान गरिने त्यस चीवरको पुण्य महान हुने उल्लेख भए अनुसार यस चीवरलाई कथिन भनिएको हो । जसरी सुमेरू पर्वतलाई ठुलठुला आँधीबेहेरीहरूले पनि भत्काउन सक्दैन वा भत्काउन कथिन हुने जस्तै यस पुण्यकार्यद्वारा सत्वप्राणीहरू अपायगतिमा जाने विषयलाई कठिन गरिदिने भएको र जहिले पनि सुगति परायणको लागि सहयोग गर्ने भएकोले कथिन चीवर दान भनिएको भन्ने उल्लेख गरिएको छ ।

## कथिन चीवर दानले संघदानको महत्वको महत्वपूर्ण सन्देश बोकेको छ ।

कथिन चीवर दान सांघिक दान हो । संघलाई दान दिनु व्यक्तिलाई दान दिनु भन्दा महत्फल रहेको बुद्धको वचन अनुसार यस परम्परा अगाडी बढेकोदेखिन्छ । सबभन्दा पहिला संघलाई दिईसकेपछि आवश्यक भिक्षुलाई संघबाट प्रदान गर्ने कार्य हुन्छ। सांघिकदानलाई महत्वमहत्व दिने यस कथिन चीवर दान महाप्रजापति गौतमीको चीवर दानसंग पनि सम्बन्धित गर्न सकिन्छ। एक पटक भगवान बुद्धको सानीआमा महाप्रजापति गौतमी भगवान बुद्ध कपिलवस्तुको न्यग्रोधाराम विहारमा बस्नुभएको बेलामा भगवान बुद्धलाई भनेर आफैले कपास काढेर, धागो बनाई तानमा आफैले कपडा निर्माण गरी रंगाउने कार्य पनि आफैले गरी चीवर तयार गरेर बुद्धलाई भनेर दान दिन ल्याउँदा भगवानले उक्त चीवरलाई व्यक्तिगत रूपले ग्रहण नगरी संघलाई दिन लगाई संघको महत्व बढी भएको सन्देश दिनुभएको थियो। यहि सांघिक दानको महत्वलाई निरन्तरता दिने हेतुले यस कथिन चीवर पनि व्यक्तिगत रूपमा नभई संघलाई दिने चलन आएको भन्न सकिन्छ ।



https://dhamma.digital

## कीर्तिपुरमा ऐतिहासिक कथिन चीवन दान

नेपालमा कथिन चीवर दानको अभ्यासको क्रममा एक महत्वपूर्ण कार्य २०३१ सालमा कीर्तिपुरमा भएको थियो । महाप्रजापति गौतमीले आफैले कपास काढेर धागो बनाई, त्यसबाट कपडा बनाई, कपडालाई रंगाई चीवर दान दिएको घटनालाई अनुशरण गरी नगर मण्डप श्रीकीर्ति विहार, कीर्तिपुरमा भिक्षु सुदर्शन महास्थविरको निर्देशनमा कथिन चीवर दान भएको थियो । थेरवादको पुनर्जागरणकालमा कथिन चीवर दानको परम्परा त्यति थिएन, तर भिक्षु सुदर्शन महास्थविरबाट कीर्तिपुरमा गरिएको यस ऐतिहासिक कथिनउत्सवबाट यसको महत्व सबैले बुझ्न मौका प्राप्त भएको र त्यस ऐतिहासिक कथिनदानपछि उपत्यकाका विहार तथा उपत्यका बाहिरको विहारहरूमा महत्वपूर्ण उत्सवको रूपमा मनाउने चलन चल्यो । यसलाई ऐतिहासिक कथिन चीवर दानको रूपमा लिन सकिन्छ ।

## कथिन चीवन दान र बौद्ध देशहरूसंग मैत्रीपूर्ण सम्बन्ध

कथिन चीवर दानलाई महोत्सवको रूपमा मनाउने कार्यले विभिन्न बौद्ध देशहरूसंग मैत्रीपूर्ण सम्बन्ध स्थापना गर्न पनि महत्वपूर्ण भूमिका निभाउने काम भएको छ । विशेष गरी थेरवाद बौद्ध देशहरू को साथै भिक्षुहरु वर्षावास बस्नु भएको विभिन्न देशहरु श्रीलंका, म्यानमार, थाईलैण्ड, कम्बोडिया, लाओस, भारत, हंगकंग, मलेशिया, सिंगापुर, भियतनाम आदि देशहरूमा पनि कथिन चीवर दानदिने चलन भएको र ती देशहरूका उपासक उपासिकाहरू कथिन चीवर दाताको रूपमा कथिनोत्सवमा भागलिन आउने परम्परा शुरू भैरहेको छ। विशेषगरी नेपालमा केही बर्ष अघिदेखि थाईलैण्डका संघराजबाट कथिन चीवर पठाई दानदिने चलन भैरहेको छ। त्यस्तै मलेशिया देशका उपासक उपासिकाहरूबाट पनि कथिनोत्सवमा भाग लिन आउने कार्य निरन्तर भईरहेको छ । यसरी कथिनोत्सवले नेपालका छिमेकी देशहरूसित पनि सम्बन्ध मजबुत गर्ने काम भईरहको छ ।



https://dhamma.digital

# नेपालमा परित्राणको परम्परा

परित्राण बुद्धवचनको संग्रह हुन् जसको पाठ गर्दा चारैतिरबाट आउन सक्ने विभिन्न प्रकारका भय, विध्न बाधा र अन्तरायहरू हटेर जाने विश्वास लिईन्छ। बुद्धको जीवमान कालमै परित्राण पाठ गर्ने चलन शुरू भएको थियो। बैशालीमा रोग, अमनुष्य भय र दुर्भिक्ष (अनिकाल) उत्पन्न हुँदा भगवान बुद्धको निर्देशन अनुसार भिक्षु आनन्दले रत्न सूत्रको पाठ गर्नुभएको थियो। जसको पाठ लगत्तै ती विभिन्न भय र अन्तरायहरू हटेर गएको उल्लेख गरिएको छ। उक्त सूत्रमा त्रिरत्नको आनुभाव व्दद्वारा विभिन्न प्रकारका भय विध्न बाधाहरू हटेर गएको थियो।

भगवान बुद्धद्वारा परित्त वा परित्राण शव्दको पहिलो प्रयोग विनय पिटकको चुलवग्गको खन्ध परित्तमा गर्नु भएको थियो। पहिलो परित्राण सूत्र सूत्रको रूपमा वैशालीमा वाचन गरिएको रत्न सूत्र थियो। त्यसपछि विभिन्न समय समयमा परित्राणको पाठ निरन्तर रूपमा हुँदै गयो। धम्मपद अट्ठकथा अनुसार मृत्यु हुन लागेको आयुवद्ढन कुमारको आयु सात दिन सात रातसम्म परित्राण पाठ गरेर मृत्यु हुन लागेको आयुवद्ढन कुमारको आयु १२० वर्ष भएको उल्लेख गरिएको छ। दीघनिकायको पाथिक वग्गमा भगवान बुद्धले आटानाटिय सूत्र पाठको महत्व बताउनु भएको थियो।

नेपालमा परित्राण सूत्रको पाठको सुरूवात थेरवाद बुद्धधर्मको पुनर्जागरण पश्चात भएको थियो। वर्तमान अवस्थामा परित्राण पाठ धेरै लोकप्रिय भैसकेको छ। साधारणतः भिक्षु संघबाट बुद्धपूजाको दौरानमा, भोजन कार्यक्रम भन्दा अघि एघार सूत्रहरू मध्येबाट केही सूत्रहरू पाठ गर्नु लाई परित्राण भनिन्छ भने भिक्षु महासंघ, अनागारिका गुरूमाहरू, उपासक तथा उपासिकाहरूलाई आमन्त्रण गरी विशेष कार्यक्रमको रूपमा मण्डप बनाएर ३० वटा सूत्रहरूको वाचन गर्ने परम्परालाई महापरित्राण भनिन्छ। महापरित्राण पाठको अवधि ६देखि ७ घण्टा लाग्ने गर्दछ। सुरूवातका दिनमा महापरित्राण पाठ रात्रीमा गरिन्थ्यो भने अब आएर दिनमा गर्ने चलन भएको छ। यस बाहेक साप्ताहिक रूपमा महापरित्राण गर्ने चलन पनि नेपालमा रहँदै आएको छ। साप्ताहिक महापरित्राणमा प्रत्येक दिन केही सूत्रहरूको वाचन र धर्मदेशना गरी सात दिनमा समापन गर्ने चलन रहेको छ। परित्राणको अन्तमा सूत्र धागो र जलको वितरण गर्दै परित्राण समापन हुने गर्दछ।



https://dhamma.digital

## परित्राण पाठको लागि बुद्धको निर्देशन

एक पटक केही भिक्षुहरू जंगलमा ध्यान गर्नको लागि जाँदा विभिन्न अमनुष्यहरूले बाधा पुऱ्याएको कारणले फर्कनु परेको थियो । उनीहरूलाई भगवानले मैत्री सूत्रको पाठ गर्न सिकाउनु भएको थियो । यसरी परित्राणपाठ धर्म अभ्यासको लागि आवश्यक गतिविधिको रूपमा रहन गयो । भगवान बुद्धको परिनिर्वाण पश्चात परित्राणको परम्परा निरन्तर हुँदै गयो । पालि साहित्यको अनुपिटक मध्येमा सबभन्दा लोकप्रिय ग्रन्थ मिलिन्दप्रश्नमा राजा मिलिन्दले परित्राणको बैधताको बारेमा प्रश्न उठाउनु भएको थियो । भिक्षु नागसेनले विभिन्न प्रसंगहरू दिएर परित्राणको बैधताको बारेमा महत्वपूर्ण तर्कहरू दिनुभएको थियो ।

परित्राणको परम्परा बुद्धधर्मका सबै १८ निकाय, बुद्धधर्मका चार दार्शनिक वादहरू र तीन यान सबैले स्वीकार गरेको देखिन्छ । नेपालमा बज्रयान बौद्धहरू बीच पञ्चरक्षा सूत्र पाठको परम्परा लोकप्रिय छन् । मध्यकालमा पञ्चरक्षा सूत्रको पुस्तक घर घरमा राख्ने र वाचन गर्ने परम्परा लोकप्रिय रहेको थियो । थेरवाद पुनर्जारण पश्चात परित्राण पाठको परम्परा लोकप्रिय हुनुमा पनि परम्परागत रूपमा पञ्चरक्षा सूत्र जस्तो रक्षा सूत्र पाठ गर्ने परम्पराको पनि महत्वपूर्ण योगदान रहेको छ ।

## परित्राण प्रभावकारी हुनको लागि वाचन गर्ने र सुन्नेमा विशेष गुणहरू विद्यमान हुनु पर्दछ ।

परित्राणबाट चारैतिरबाट आउन सक्ने भय अन्तराय हटाउनको लागि गरिन्छ । तर परित्राण फलदायी हुनको लागि केही विषयहरूको आवश्यक हुन्छ । त्यसको प्रभावकारीता हुनको लागि दीघनिकायको पथिक वग्गमा वर्णन भए अनुसार परित्राण वाचन गर्ने र सुन्ने दुबैमा केही गुणहरू हुनु पर्दछ ।

### वाचनकर्तामा हुनुपर्ने आवश्यक गुणहरू

परित्राण पाठ शुद्ध र स्पष्ट रूपमा हुनुपर्दछ

श्रद्धापूर्वक वाचन हुनु पर्दछ



https://dhamma.digital

उसले सूत्रको अर्थको बारेमा जानकार भएको र एकाग्र चित्तले वाचन हुनु पर्दछ ।

श्रोताहरूप्रति मैत्री करूणा हुनु पर्दछ ।

**परित्राण श्रोताहरूमा हुनुपर्ने गुणहरू**

पञ्चमहापाप नगरेको हुनु पर्दछ ।

मिथ्यादृष्टि युक्त हुनु हुँदैन

शील पालन गरिरहेको हुनु पर्दछ

परित्राणप्रति विश्वास भएको हुनु पर्दछ ।

परित्राणमा भएका सूत्रहरू बुद्धवचन हुन् । यो अन्धविश्वाससंग सम्बन्धित छैन । यो कुनै तन्त्र, मन्त्र वा कर्मकाण्ड नभईकन बुद्धद्वारा देशित शिक्षाहरू हुन् । जसको श्रवण गर्दा चित्त शान्त र एकाग्र हुने र मानिसहरूलाई कुशल कर्मतिर प्रवृत गराउने हुन्छन् । विभिन्न सत्य वचनको प्रभावले कल्याण होस् भन्ने कामना गर्ने विषयहरू यसमा अन्तर्निहित रहेका हुन्छन् ।

## नेपालमा परित्राण पाठको ऐतिहासिकता

नेपालमण्डलमा परित्राण सूत्रको पाठ बुद्धकालीन समयदेखि नै प्रचलन थियो । बुद्धकालीन समयमा भिक्षु आनन्द नेपाल मण्डलमा पटक पटक आउनु भएको थियो । शाक्यहरूलाई विडुडभले कपिलवस्तुबाट लखेटेपछि विभिन्न ठाउँहरूमा जाने क्रममा नेपालमा पनि आउनु भएको र भिक्षु आनन्द आफ्नो नातेदारहरूको संग्रह गर्नकोलागि नेपालमा पटक पटक आउनु भएको कुरा सर्वास्तिवाद मूलविनयमा उल्लेख रहेको छ । उहाँ आउनु हुँदा विभिन्न धर्मदेशनाहरू दिने क्रममा परित्राणको वाचन पनि गर्नु भएको र परित्राण वाचनको परम्परा उहाँबाट नै शुरूभएको भन्न सकिने अवस्था छ । किनभने भगवान बुद्धले वैशालीमा दुर्भिक्ष हुँदा भिक्षु आनन्दलाई रतन सूत्रको वाचन गर्नको लागि निर्देशन दिनु भएको थियो । यसरी परित्राण पाठको शुरूवात गर्नु हुने उहाँबाटै नेपालमा परित्राण भित्रिएको भन्न सकिन्छ । चिनीया यात्री



https://dhamma.digital

व्हेनसांगको भ्रमण डायरी अनुसार पनि नेपालमा उहाँ आउनु हुँदा दुबै निकायका भिक्षुहरूसंगै बसेर धर्मको अभ्यास गरिरहेको कुरा वर्णन गर्नुभएको थियो । त्यस अनुसार पनि थेरवादी भिक्षुहरूले परित्राण पाठको निरन्तरता दिईरहेको विषयमा कुनै शंका नहुने कुरामा स्पष्ट छ ।

नेपालमा थेरवादको पुनर्जागरण साल सम्बत् पश्चात परित्राण गर्ने परम्पराको शुरूवात भएको थियो । नेपालका प्रथम संघनायक प्रज्ञानन्द महास्थविरलाई परित्राणलाई महत्व दिएर यसको विकासको रूपमा अगाडी सार्ने भिक्षुको रूपमा लिन सकिन्छ । वि.सं १९९८ मा उहाँले किम्डोल विहारमा परित्राण पाठ गर्ने परम्परा शुरू गर्नुभयो । परित्राण सुनेर श्रोताहरू लाभान्वित भएको कारणले यस परम्परा छोटो समयमै लोकप्रिय हुनपुग्यो । उहाँ पछि भिक्षु महाप्रज्ञा, भिक्षु धम्मालोक, भिक्षु अमृतानन्द आदिबाट पनि परित्राण पाठलाई अगाडी बढाउन योगदान गरेको थियो । उहाँ भिक्षुहरूको नेतृत्वमा विहारको दैनिक गतिविधिमा, विभिन्न पुण्यकार्यमा परित्राण पाठ गर्ने परम्पराको शुरूवात गर्नु भएको थियो ।

## परित्राण र महापरित्राण

सामान्य अवसरमा विहारमा, विभिन्न दानादि धर्मकार्यमा, भोजन दान आदिको समयमा विभिन्न ११ देखि १५ सूत्रहरू मध्येबाट केही सूत्र वाचन गर्नुलाई परित्राण पाठ भनिन्छ भने विशेष आयोजना सहित भिक्षु, अनागारिका, उपासक तथा उपासिकहरूलाई आमन्त्रण गरी चतुभाणवार पालि अन्तर्गतका लामो सूत्रहरूको पाठलाई महापरित्राण भनिन्छ । यसको लागि परित्राण मण्डप बनाएर, मण्डपभित्र बुद्धमूर्तिलाई सजाएर, पानीको घडा राखेर बुद्धमूर्तिका साथै परित्राणका पुस्तकहरू आयोजक उपासक उपासिकहरूले शीरमा राखेर मण्डपमा प्रवेश गरी भिक्षु महासंघबाट सूत्रहरू पाठ शुरू गर्दछन् । महापरित्राण पाठगर्दा शुरूमा सामूहिक रूपमा ११ वटा सूत्रहरूको वाचन गरिन्छन् भने दुई दुई जनाको यूगल भिक्षहरूबाट ३० सूत्रहरू पाठ गरिन्छन् ।

महापरित्राण परम्पराको शुरूवातको श्रेय भिक्षु अमृतानन्दलाई दिन सकिन्छ । उहाँको नेतृत्वमा सबभन्दा पहिला स्वयम्भू पर्व स्थानमा पहिलो पटक महापरित्राणको आयोजना भएको थियो । तत्पश्चात विभिन्न दाताहरूको प्रायोजनमा विभिन्न विहार तथा टोल टोलमा महापरित्राण



https://dhamma.digital

पाठको आयोजना हुँदै गयो । साँझको समयमा शुरू गरी विहान सकाउने तवरले अहोरात्र महापरित्राण पाठको परम्परा उपत्यका तथा बाहिर धेरै लोकप्रिय भयो । उपत्यकाका साथै उपत्यकाको नजिक काभ्रेमा पनि शुरूवातको समयमा महापरित्राणको आयोजना धेरै पटक भएको थियो । बौद्ध उपासक उपासिकमात्र नभई तत्कालीन राजाहरूबाट पनि परित्राणप्रति श्रद्धा जगाएर परित्राणको आयोजना गर्नु भएको थियो । नारायणहिटी दरवारमा राजा त्रिभुवनको प्रायोजनमा २००८ सालमा महापरित्राणको पाठ भएको थियो । तत्पश्चात राजाहरूको जन्मदिनमा महापरित्राण पाठगर्ने परम्परा आनन्दकुटीमा शुरूभयो । राजपरिवारका सदस्यहरू समेत शरीकहुने यस महापरित्राणको निरन्तरता राजा ज्ञानेन्द्रको पालासम्म निरन्तरता पाएको थियो ।

## परित्राण र महापरित्राणमा पाठ गरिने सूत्रहरू

सामान्य अवसरहरू जस्तै जन्मदिन, गृहप्रवेश आदि मंगलकार्यको उपलक्ष्यमा भिक्षुहरू तथा अनागारिकाहरूलाई भोजन निमन्त्रणा गर्दा, विरामी हुँदा, मृत्यु संस्कार आदि समयमा उपयुक्तता अनुसार परिस्थिति सुहाँउदो तवरले परित्राणहरू पाठ गरिन्छन् भने त्यसलाई मात्र परित्राण पाठ भनिन्छन् । मंगल कार्यहरूमा मंगल सूत्र, विरामी हुँदा बोज्झंग सूत्रको पाठ, मृत्यु हुँदा मरणानुस्मृतिको पाठहरू गर्ने चलन रहेको छ । सामान्य रूपमा गरिने यस्ता परित्राण पाठहरू संख्याको हिसाबले यति नै सूत्र पाठ गर्नुपर्छ भन्ने कुनै अनिवार्यता छैन । उपलब्ध समयको आधारमा गरिने यस्ता पाठहरूको संख्या एउटा, दुईटादेखि दश, बाह्रवटा पनि हुन सक्दछ । सामान्य अवसरहरूमा तल उल्लेखित परित्राणको पाठगर्ने चलन रहेको छ ।

**आह्वान सूत्र** : समस्त चक्रवालका देवताहरूलाई आह्वान गरिएको सूत्र ।

**मंगल सूत्र :** यस सूत्रमा मानिसहरूको जीवनलाई सुखी र समृद्धि वनाउने ३८ वटा मंगलहरूको वाचन गरिन्छ ।

**रत्न सूत्र :** यस अन्तर्गत भिक्षु आनन्द द्वारा वैशालीमा दुर्भिक्ष (रोग,



https://dhamma.digital

अनिकाल र अमनुष्य भय) उत्पन्न हुँदा वाचन गरिएको बुद्ध, धर्म तथा संघको महत्वलाई सर्वोपरि राखी त्रिरत्नको प्रभावले सत्यवचनको प्रभावले स्वस्ति होस् भन्ने कामना गरिएको छ। यस सूत्रमा विशेष रूपले अमनुष्यहरूबाट मनुष्यहरूको रक्षा होस् भन्ने आग्रह गरिएको छ।

**मैत्री सूत्र** : मैत्रीको गुणले भरिएको यस सूत्र मानिसहरू शान्त र सुखपूर्वक जिउनको तथा सबैसित मित्रताको भाव बढाउनको लागि पाठ गरिने सूत्र।

खन्ध सूत्र **: साना ठूला सर्पादि जीवजन्तुहरुलाई मैत्री राखेर तिनीहरुबाट** विघ्नबाधा नआओस् भनी पाठ गरिने सूत्र।

**मयूर सूत्र** :अरूहरूले जीवन हरणगर्न नसकोस् भनेर पाठ गरिने सूत्र। यात्राको कममा विघ्नबाधा नआओस् भनी पाठ गरिने सूत्र।

**बट्टाई सूत्र :** आगलागीबाट बच्नको लागि पाठ गरिने सूत्र।

**ध्वजाग्र सूत्र** : यक्ष तथा चोरहरूबाट कुनै पनि किसिमले विघ्नवाधा नपुऱ्याओस् भनेर पाठ गरिने सूत्र।

**आटानाटिय सूत्र** : अमनुष्यहरूबाट कुनै पनि किसिमले विघ्नबाधा नपुऱ्याओस् भनेर पाठ गरिने सूत्र।

**अंगुलिमाल सूत्र** : प्रसवपीडा कमहोस् र सहजरूपले बच्चा जन्मोस् भनेर पाठ गरिने सूत्र।

**बोध्यंग सूत्र** : विभिन्न प्रकारका रोगहरू निको होस् भनेर पाठ गरिने सूत्र।

**पूर्वाण्ह सूत्र** : खराब निमित्त, अमंगल तथा विघ्नबाधा नहोस् भनेर वाचन गरिने सूत्र।

**मरणानुस्मृति** : सत्वप्राणीहरू एकदिन मर्नुपर्दछ भनेर मृत्युप्रति सहज भई भयबाट त्राण पाउन पाठ गरिने सूत्र।

**अट्ठवीसति गाथा** : यसमा २८ जना बुद्धहरूको नामहरूको वाचन गरिन्छन्। २८ जना बुद्धहरू यस प्रकारका छन् : तण्हंकर, मेधंकर, शरणंकर,



https://dhamma.digital

दीपंकर, कोण्डन्य, मंगल, सुमन, रेवत, सोभित, अनोमदस्सी, पदुम, सुमेध, सुजात, पियदस्सी, अट्ठदस्सी, धम्मदस्सी, सिद्धत्थ, तिस्स, फुस्स, विपस्सी, शिखी, वेस्सभू, ककुसन्ध, कोनागमन, कस्सप र गौतम ।

**अट्ठसंवेगवत्थु** : आठवटा विभिन्न संवेगहरू वर्णन गरिएको गाथा ।

**जिनपञ्जर गाथा** : यस सूत्रमा २८ बुद्धहरू र बुद्धकालका भिक्षुसंघहरू स्मरणगरी उनीहरूबाट आशिर्वाद लिन वाचन गरिन्छ। बुद्ध तथा बुद्धकालका भिक्षुहरूलाई आफ्नो शरीरमा प्रतिष्ठित गराई तिनीहरूबाट आफ्नो रक्षा होस् भन्ने कामना सहित गरिने पाठ ।

**महाजयमंगल गाथा** : यस गाथामा त्रिरत्नलाई संसारका सबभन्दा मुल्यवान रत्न सरह मानेर तिनीहरूबाट विभिन्न बाधा, भय तथा रोगहरूको निवारणको कामना गरिन्छ। यसरी त्रिरत्नानुभावले विभिन्न प्रकार दुःख, भय र रोगहरू निवारण होस् भन्ने कामना गरी पाठ गरिने सूत्र ।

**जयमंगल गाथा :** यस गाथामा भगवान बुद्धले अनुचित मार्गमा लागेका मनुष्य, देव, मार तथा यक्षहरूलाई मैत्री तथा प्रज्ञाको शक्तिद्वारा उचितमार्गमा पदार्पण गराएको विषय समेटिएको छ। यस सूत्रको वाचनले स्वस्ति मुक्तिको कामना गरिन्छ। यस गाथामा बुद्धले आफ्नो जीवमानकालमा विभिन्न विषम परिस्थितिलाई कसरी जित्नुभयो भन्ने विषय समेटिएको छ ।

## महापरित्राण पाठ :

विशेष परिस्थितिमा भिक्षुमहासंघ तथा अनागारिकाहरू, उपासक तथा उपासिकाहरूलाई निमन्त्रणा गरी अहोरात्र वा दिनमा गरिने महापरित्राणको सूरूवातमा सबै भिक्षुहरूले सामुहिकरूपमा ११ वटा सूत्रहरू वाचन गर्दछन् र त्यसपछि दुई दुई जना युगल भिक्षुहरूद्वारा ३० वटा सूत्रहरू वाचन गर्दछन् । युगल वाचन पछि अन्तमा फेरी एकपटक ११ वटा सूत्रहरू वाचन गरी महापरित्राण समापन गर्दछन् ।



https://dhamma.digital

**शुरू र अन्तमा वाचन गरिने ११ सूत्रहरू यस प्रकारका छन् ।**

आह्वान गाथा,

त्रिरत्नगुण,

महामंगल सूत्र,

रत्न सूत्र,

करणीय मैत्री सूत्र,

अट्ठवीसति बुद्ध गाथा,

जिनपञ्जर गाथा,

महाजयमंगल गाथा,

जयमंगल गाथा,

आह्वान सूत्र,

पुब्बण्ह सूत्र

**युगलरूपमा वाचन गरिने ३० सूत्रहरू यस प्रकारका छन्**

१. शरणागमन
२. दशशिक्षापद
३. श्रामणेर प्रश्न
४. द्वतिंसाकार
५. प्रत्येवेक्षण
६. दशधर्म सूत्र
७. महामंगल सूत्र
८. रत्न सूत्र
९. करणीय मैत्री सूत्र
१०.स्कन्ध सूत्र
११. मैत्री सूत्र
१२. मैत्रआनिसंस सूत्र,
१३. मयूर सूत्र,
१४. चन्द्र सूत्र,
१५. सूर्य सूत्र,
१६. ध्वजा सूत्र,
१७. महाकाश्यप बोध्यंग सूत्र,



https://dhamma.digital

१८. महामौद्गल्यायन थेर बोध्यंग सूत्र,
१९. महाचुन्दथेर बोध्यंग सूत्र
२०. बोध्यंग सूत्र,
२०. गिरिमानन्द सूत्र,
२१. ऋषिगिलि सूत्र,
२२. धर्मचक्रप्रवर्तन सूत्र,
२३. महासमय सूत्र,
२४. आलवक सूत्र,
२५. कृषिभारद्वाज सूत्र,
२६. पराभव सूत्र,
२७. वसल सूत्र,
२८. सत्यविभंग सूत्र,
२९. आटानाटिय सूत्र (क), र
३०. आटानाटिय सूत्र (ख)

## संघ भोजन

जिगच्छा परमा रोगा अर्थात भोक ठूलो रोग हो भन्ने सन्देश बुद्धले दिनु भएको थियो। सब्बे सत्ता आहारट्ठितिका अथवा सबै प्राणीहरू आहारमा निर्भर रहन्छन् भन्ने विषयलाई अगाडी सार्दै भगवान बुद्धले विभिन्न सूत्रहरू देशना गर्नुभएको छ। सत्वप्राणीहरूको उत्पत्ति र उनीहरूको निरन्तरताको लागि खाना आवश्यक हुने कुरा बुद्धले दीघनिकायको अगञ्ञसूत्रमा देशना गर्नु भएको छ। मानिस लगाएत प्राणीहरूको लागि आहार नभई नहुने वस्तु हो। आहारको अभावमा प्राणीहरूको अस्तित्व हुन नसक्ने कुरा सबैले महशुस गरेकै विषय हुन्। यसकारण सबभन्दा पहिला दान दिने कुरा आउँदा खानेकुरा दानको विषय अगाडी आउँछन्। खानेकुराको दान पछि मात्र अन्य विषयहरू दान दिनुको औचित्य रहने कुरा बौद्ध साहित्यमा उल्लेख छन्। बुद्धमूर्ति अगाडी बसेर बुद्धपूजा गर्दा पनि सबभन्दा पहिला पानी, खाद्यपदार्थ र भोजन चढाउने गाथाहरू पहिला वाचन गरिन्छन्।

बुद्धशासनमा त्रिरत्न भन्नाले बुद्ध धर्म र संघलाई लिईन्छ। बुद्धले देशना गर्नु भएको धर्मलाई संघ वा भिक्षु संघले नै निरन्तरता दिईरहेको कुरा



https://dhamma.digital

इतिहासले प्रष्ट पारेको छ । भिक्षुसंघ भन्नाले नौ वटा गुणले पूर्ण बुद्धका श्रावक संघहरू हुन् । उनीहरू धर्मको प्रतिपालनको साथै धर्मलाई निरन्तरता दिनको लागि जीवनभर प्रयत्नशील रहन्छन् । काषाय्वस्त्र धारण गरी गृहत्याग गरी धर्मलाई अगाडी बढाउने कार्य भिक्षु संघले नै गर्दै आईरहेको कुरा बौद्ध इतिहासको अध्ययनबाट थाहापाउन सकिन्छ ।

त्यसकारण धर्मलाई राम्ररी अभ्यास गर्ने, त्यसलाई जीवन्त राख्ने र त्यसको निरन्तरतालाई परन्तुसम्म टिकाउने हो भने भिक्षु संघलाई जीवन यापनको लागि आवश्यक भोजन दान दिनु अत्यन्त आवश्यक छ । चतुपरिषदमा भिक्षु, भिक्षुणी, उपासक, उपासिकाहरू हुन्छन् भने उपासक उपासिकाहरूबाट भिक्षु संघलाई निमन्त्रणा गर्नु उनीहरूलाई भिक्षादान दिनुलाई दशपुण्य क्रियामध्ये पहिलो महत्वपूर्ण विषयको रूपमा लिन सकिन्छ ।

भगवान बुद्धले दान दिनुलाई महत्वदिनु भएको छ भने संघलाई दान दिनु अझ बढी महत्व भएको कुरा महाप्रजापति गौतमीबाट बुद्धलाई भनेर दान दिन आउनु भएको चीवरलाई संघलाई उद्देश्य गरेर दान दिन लगाएको कुराले स्पष्ट पारेको छ । संघ वा भिक्षु संघलाई दानु दिनु सांघिक दान हो तर संघ दान दिनु भन्नाले चार वा त्यो भन्दाबढीलाई दान दिनुको अर्थमा पनि लिन सकिन्छ । बौद्ध साहित्य अनुसार भोजन दान दिनु भनेको भोक मेटाउनको लागि मात्र नभई आयु, वर्ण, सुख, बल तथा प्रज्ञा दान दिनु हो कुरा उल्लेख गरेको छ । उचित भोजनको अभावमा गुणधर्म पनि राम्ररी पालन गर्न नसकिने कुरा बुद्धकालीन समयका विभिन्न घटनाहरूले पुष्टि गरेको छ । यसरी उचित भोजन प्राप्त भएपछि मात्र मार्गफल प्राप्त गर्न सकेको यस प्रसंगबाट बुद्धशासनलाई जीवन्त राख्नको लागि भोजनको कति महत्व छन् भन्ने बारेमा स्पष्ट पार्दछ ।

नेपालमा भिक्षुहरूलाई आफ्नो घरमा निमन्त्रण गरी भोजन दानदिनु, विभिन्न विहारमा गएर भोजन गराउने चलन थेरवाद बुद्धशासनको पुनर्जागरणसंगै शुरूभएको थियो । विशेष गरी विभिन्न उपलक्ष्यहरू जस्तै जन्मदिनको अवसरमा, पितृहरूको सम्झनामा गर्ने श्राद्धको सट्टा भिक्षु संघलाई भोजन दान दिने चलन रहेको अवस्था छ । त्यस्तै विवाह मंगल, नयाँ घर निर्माण पछिको पहिलो गृह प्रवेशको समयमा भिक्षु संघलाई भोजन निमन्त्रणा गर्ने चलन भईरहेको अवस्था छ ।



https://dhamma.digital

भोजन कार्यक्रम अगाडी भिक्षु वा अनागारिका गुरूमाहरूबाट त्रिशरण र पंचशील प्रदान गरी, छोटो उपदेश, परित्राण र पुण्यानुमोदन र दान प्रदानको कार्यक्रम हुनेगर्दछ। त्यसपछि केही भोजनका परिकारहरू पात्र वा थालमा पस्केर दाताहरूलाई अनुमोदन गराउने चलन रहेको छ । यस अन्तर्गत भिक्षुले भनेजस्तै दाताहरूले पालिभाषामा निम्न गाथाहरू वाचन गर्दछन् ।

**इमं भिक्खं ससूप व्यञ्जनं भिक्षु संघस्स देम । ३ पटक**
**इमिना पुञ्ञ कम्मेन मा मे बाल समागमो,**
**सतं समागमो होतु, याव निब्बाण पत्तिया ।** भनेर वाचन गराईन्छ ।

त्यसपछि भिक्षु संघले सामूहिक रूपमा
**अभिवादन सीलिस्स निच्चं वुड्ढापचायनो,**
**चत्तारो धम्मावड्ढन्ति आयु वण्णो सुखं बलं ।** भनेर गाथा वाचन गर्दछन् ।

**सन्दर्भ ग्रन्थहरूः**


- अनागारिका अग्गञाणी, (पालि भाषाबाट नेपालीमा अनुः), **बुद्धवंस**, रुपन्देहीः लुम्बिनी बौद्ध विश्वविद्यालय, बु.सं.२५६५ ।
- आचार्य डा. भिक्षु अमृतानन्द, बुद्ध शासनको संक्षिप्त इतिहास, बुद्धकालीन नेपाली विश्वकोष-२७, वीर-पूर्ण पुस्तक संग्रहालय, गाःबहाल, ललितपुर ।
- धर्म रत्न शाक्य, **बौद्ध संस्कार पद्धति**
- भिक्षु सुदर्शन, बौद्ध संस्कृति
- भुवनलाल प्रधान,(नेपालभाषामा अनुः), **बुद्धवंस,** काठमाण्डौः ज्ञान ज्योति कंसाकार, बु.सं.२५४४ ।
- भिक्षु अमृतानन्द, **बुद्ध शासनको इतिहास**, काठमाण्डौः घर्मकीर्ति अध्ययन गोष्ठि, बु.सं. २५१९।
- भिक्षु सुदर्शन महास्थविर, **नेपाली विहारया विशेषता**, नेपाल बौद्ध परियत्ति शिक्षा, बु.सं.२५३८ ।
- रत्न सुन्दर शाक्य, अतीतका गौरव-नालन्दा, २०६७




https://dhamma.digital